कलियुगको
आदित्य ज्योतिपथ



बालज्ञानी गुरु आदित्य

सप्रेम उपहार ।



बालज्ञानी गुरु आदित्य

सप्रेम उपहार।

OM ADI FOUNDATION
2014

कलियुगको
आदित्य ज्योतिपथ

सर्वाधिकार	:	ॐ आदि फाउन्डेसन (आदित्य संरक्षण प्रतिष्ठान)
प्रकाशक	:	ॐ आदि फाउन्डेसन (आदित्य संरक्षण प्रतिष्ठान, मिति २०७५/९/१५ मा नाम परिवर्तन) का.म.न.पा ७, ॐ आदिकुञ्ज, गौरीनगर, काठमाडौं
पहिलो प्रकाशन मिति	:	साउन ५, २०७५
प्रकाशित प्रति	:	५,००० प्रति
पुनःमुद्रण मिति	:	चैत्र ३०, २०७५
प्रकाशित प्रति	:	५,००० प्रति
मूल्य	:	१५०/-
ISBN	:	978-9937-0-4498-1
Email	:	info@omadi.org.np
URL	:	www.omadi.org.np

यो पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइनेछैन । त्यसो गरेमा प्रतिलिपि अधिकार ऐनकानुनअन्तर्गत कारबाही गरिनेछ ।

आध्यात्मिकतामा डुबुल्की मार्ने यो आदित्य

"म यो भूमिमै किन जन्मेँ हुँला ? चार वर्ष यतादेखि किन म आफूलाई यही अवस्थामै स्विकार्दै आएको छु होला ? किन यी चल्दै नचल्ने हातलाई कलम समाउन बाध्य बनाउँदै आएको छु होला ? अनगिन्ती प्रश्न छन् । तर उत्तरबिनाका । मसँग केही छैन दिनलाई, सिवाय ज्ञानरस । म यहाँहरू सबैलाई एक प्रश्न गर्छु, उत्तर आफ्नै आत्मालाई दिनू, मलाई पर्दैन ।

के यहाँहरूलाई मप्रति प्रेम जाग्दैन ? मेरो अवस्थाप्रति दया जाग्दैन ? खस्किँदो स्वास्थ्यप्रति निभ्न आँटेको यो आदित्यप्रति कुनै दायित्व बन्दैन ?

यदि यहाँहरूमा सकारात्मक विचारलाई मात्र स्थान दिने परिपाटी, अरूलाई नराम्रो, गलत नसोच्ने सोच, सहनशीलता, मौनता, धैर्यता, शान्त बस्ने स्वभाव, बिनाप्रतिफल सेवा गर्ने भाव, सरल जीवन जिउने अभिप्राय, भगवान् र गुरुवरप्रति समर्पणयुक्त भक्तिभाव आदि सद्‌गुणलाई गाँस, बास र कपासभन्दा एक तह माथि राखी पालना गर्न थाले मात्र म ठीक हुन थाल्नेछु ।

जति हजुरहरूमा साधना जागृत हुन्छ, त्यति नै बढी म साधक बनाउँदै लैजान्छु । मेरो जन्मको उद्देश्य पूरा गरी म पनि आनन्दले विश्राम लिनेछु । यहाँहरूले जति नकारात्मक सोच भित्र्याउनुहुन्छ, त्यसको प्रत्यक्ष असर मलाई पर्नेछ । किनकि सबैभन्दा नजिक हजुरहरूको आत्मामा म छु । सधैँभरि उत्सव मनाउने रहर मार्गें, केही समय अझै बाँची ज्ञानकुण्ड, ध्यानकुण्ड र मोक्षकुण्ड बनाउने इच्छा व्यक्त गरे । यहाँहरूको सोचमा सकारात्मक परिवर्तन आयो, मेरो एक मात्र वाणीलाई अनुसरण गर्न थाल्नुभयो भने अद्वितीय चमत्कार हुन्छ । म दुई खुट्टामा उभिन्छु ।"

"मेरा केही रहस्य छन् । सुन्दा अपत्यारिला तर सत्य । मेरो जन्म वत्स गोत्रमा भएको हो । मेरा केही सङ्कल्प थिए, जसकारण यस गोत्रबाट रूपान्तरित भए मात्र म निर्धारित समयभन्दा अझ

केही समय बढी रहने साथै यो ज्ञानकुण्डलाई जगत्भर उजागर गराउन सफल हुने थिएँ । सोही लक्ष्य प्राप्तिका लागि मेरा अति प्रिय व्यक्ति, जसलाई म पूजनीय ठूलो बुबा भन्ने गर्छु । उहाँकै गोत्रमा अर्थात् शाण्डिल्य गोत्रमा आफूलाई रूपान्तरित गरिसकेको छु । मैले विधिवत् अनुष्ठान लगाई ईश्वरलाई साक्षी राखी मैले उहाँलाई पितासमान स्विकारेको छु । यो आदित्यले समयसापेक्ष आफूलाई परिवर्तन गर्दै लैजान्छ । यस्तै आध्यात्मिक परिवर्तनका तत्व नै आज मलाई मेरा दृढसङ्कल्प पूरा गर्ने कोसेढुङ्गा सावित भएका छन् । माटोमा विलीन भए पनि आध्यात्मिक चेतनाको मार्गमा लाग्न मेरा अक्षर मार्गपथ बन्नेछन्, जसको प्रत्यक्ष नतिजास्वरूप यो पुस्तक हजुरहरूसामु प्रस्तुत गरेको छु ।"

"हजुरहरूले अरूलाई थुके मलाई लाग्छ ।"

"यो सत्यलाई अनुसरण गर्नू । मेरो जन्मलाई मूल्यवान् बनाइदिने या अर्थहीन बनाउने यहाँहरूको हातमा सुम्पिदिएँ ।"

आदित्य

प्रकाशकीय



द्रष्टाले साक्षात्कार गरेका ज्ञानसूत्र र भावानुभूतिहरू कृतिबद्ध या ग्रन्थबद्ध भएपछि नै त्यो अक्षय ज्ञानसम्पदामा रूपान्तरित हुन्छ । 'कलियुगको आदित्य ज्योतिपथ' अलौकिक व्यक्तित्व बालज्ञानी गुरु आदित्यले उपदेश गरेका, अभिव्यक्त गरेका र लिपिबद्ध गरेका ज्ञानराशिलाई कृतिबद्ध गरी जनसामान्यका लागि उपलब्ध गराइएको आत्मीय शब्दसौगात हो ।

"आदित्य सत्य हो, कुनै पनि कुरा बढाइचढाइ नगर्नू ।" पुस्तक प्रकाशनबारे छलफलका क्रममा बालगुरुले लेखिदिनुभएको यो मर्मबिन्दुलाई मार्गचित्र बनाएर यो कृति तयार गरिएको छ ।

पुस्तकको नामकरण बालगुरु स्वयम्को हो । नामकरणका अतिरिक्त पुस्तकको प्रारूप, खाका, रूपरङ्ग, आवरण, खण्ड विभाजनलगायत सम्पूर्ण परिकल्पना पनि उहाँकै हो । पुस्तक प्रकाशनार्थ तयारी भइरहँदा एक प्रसङ्गमा बालगुरुले लेख्नुभएको थियो, "पुस्तकद्वारा म थोरै परिचित हुनेछु । तर पाठकचाहिँ यो युगमै परिचय बनाएर जानेछन् ।"

हरेक व्यक्तिका लागि यो जीवन सञ्जीवनी हुनेमा हामी आशावादी छौँ । बालज्ञानी आदित्य स्वयम्को शब्दसङ्केतअनुसार यो कृति वर्तमान जनमानसलाई जति मात्रामा उपयोगी हुनेछ, सुदूर भविष्यका मानव पुस्तालाई योभन्दा सयौँ गुणा अधिक कल्याणकारी हुनेछ ।

बाटो भुलेकाहरूलाई सुपथमा फर्काउने, साधनमा रुमल्लिएकाहरूलाई साधनाको नयन दिने, द्रव्यध्यानमा निमग्नहरूलाई दिव्य ध्यानतर्फ डोऱ्याउने र भौतिकताको तापमा थिचिएकाहरूलाई अध्यात्मपथतर्फ हिँडाउने ध्येय र परिकल्पना यस पुस्तकको शाब्दिक



पहिचान हो । बालज्ञानी गुरूमा ज्ञान प्रकट भएको दिन २०७१ असार २५ गतेदेखि यताका प्रसङ्ग, संस्मरण र ज्ञानसारलाई समेटी पुस्तकले एक जीवन्त विवरण प्रस्तुत गरेको छ ।

पुस्तक सम्पादन एवम् प्रकाशनरूपी महायज्ञमा आहुति दिनुहुने सबै सहयोगी हातहरू धन्यवादका पात्र हुनुहुन्छ । यस पुस्तकको प्राण, जीवन र अन्तर्य यी सबैको मूलस्रोत बालगुरु आदित्यको ज्ञानधारा नै हो । आदित्य संरक्षण प्रतिष्ठानका संरक्षक, दिव्यद्रष्टा ब्रह्मज्ञानी बालगुरुप्रति सादर नमन ।

यस्ता युगचरित्र र ज्ञानका ज्योतिपुञ्ज पुत्ररत्नलाई जन्म दिने मातापिता ईश्वरा गुरागाईं एवम् शेषराज दाहालप्रति हृदयपूर्ण अभिनन्दन । बालगुरु आदित्यको व्यक्तित्व र कृतित्वलाई पुस्तकाकार दिने पावन कार्यको संयोजन गर्नुहुने लक्ष्मीप्रसाद प्रसाईं एवम् पुस्तक प्रकाशन समितिका सदस्य डा. राजु अधिकारी, सुशीला गौतम, ईश्वरा गुरागाईं, अनिता प्रसाईं र भोलानाथ रेग्मीलाई हार्दिक धन्यवाद । पुस्तक तयारीको व्यवस्थापनमा सहयोग पुऱ्याउनुहुने हेमराज कार्कीप्रति प्रतिष्ठान आभारी छ ।

पुस्तक तयारीको कार्यमा अहोरात्र खट्ने डा. राजु अधिकारीलाई धन्यवाद दिँदै पूज्य गुरुदेव लेख्नुहुन्छ- 'मेरो तर्फबाट स-धन्यवाद डा. राजुलाई, मेरा छरिएर रहेका अक्षरलाई एकै ठाउँमा समेट्न अहोरात्र खटिई यस पुस्तकमार्फत केही भाग ल्याउन सारथि सरह साथ दिने राजुप्रति आभार ।'

पुस्तक प्रकाशनार्थ टङ्कन कार्य, डिजाइनिङ, भाषाशुद्धि, भाषासम्पादन, कभर डिजाइन एवम् छपाइ जस्ता अपरिहार्य

कृत्यमा अमूल्य योगदान दिनुहुने सबैप्रति स्नेहपूर्ण धन्यवाद ज्ञापन गर्दछौँ । र, विशेष कृतज्ञता उहाँहरूलाई जान्छ, जसले बालज्ञानी गुरु आदित्यको सान्निध्यका क्रममा अनुभूत गरेका अनुभूतिहरूलाई शब्दाङ्कित गरी प्रकाशन कार्यलाई पूर्णता दिन योगदान दिनुभएको छ । अन्त्यमा, आत्मीय पाठकवृन्द एवम् शुभचिन्तकहरूमा हामी हृदयपूर्ण साधुवाद ज्ञापन गर्दछौँ ।

यो पुस्तकमा एकरूपताका लागि परम्परागत वर्णविन्यास उपयोग गरिएको छ । यसमा हुन सक्ने भाषिक तथा प्रस्तुतिगत त्रुटिका लागि सम्पादक मण्डल सम्पूर्ण पाठकवृन्दसँग क्षमाप्रार्थी छ । ॐ आदि ।

आदित्य संरक्षण प्रतिष्ठान

ॐ आदिकुञ्ज, काठमाडौँ

गुरु

गुरु ज्ञान हो
अन्धकार चिर्ने ज्योति हो
हर प्यासीको महासागर हो
हर कठिन प्रश्नको उत्तर हो ।

तिम्रो शरीरमा चल्ने
धड्कनको आवाजमा
तिम्रो गुरुको ध्वनि गुन्जिन्छ
गुरुको सान्निध्यमा
तिम्रा हर भावना र विचार
शून्य हुनुपर्छ ।

गुरुबिनाको व्यक्ति
प्राणपखेरु उडिसकेको मुर्दा सरह हो
गुरुसँगको नातामा
कुनै शङ्का छलकपट हुन्न
यस्तो नाता जसमा
शरीर छुट्टै तर प्राण एउटै हुन्छ ।

गुरुलाई सधैं रित्तो राख्न सक्ने कला
एक शिष्यमा हुनुपर्छ
गुरुको ज्ञानको मस्तिष्क खाली पारी
ज्ञान आफूले पिउन सक्ने शिष्य नै
गुरुको अधिक प्रिय हुन्छ ।

आदित्य

पृष्ठभूमि

'कलियुगको आदित्य ज्योतिपथ' ज्ञान र प्रेम अभिसिञ्चित गर्ने पावन ध्येयपूर्तिका लागि प्रकाशित गरिएको कृति हो । जुन कुरा भौतिक चक्षुले देख्दैनन्, त्यसलाई मनको आँखाले देख्न सक्नु दर्शन हो । दर्शन त्यो वैशिष्ट्य हो, जसले व्यक्तिलाई द्रष्टा बनाउँछ । यस दृष्टिले बालगुरु आदित्य एक दिव्य द्रष्टा र कलियुगीन दार्शनिक हुनुहुन्छ । हामी सामान्य जनले नदेख्ने कुरा उहाँ सुस्पष्ट रूपले देख्नुहुन्छ । त्यसैकारण उहाँले देखेका र लेखेका कतिपय शब्दसार अलौकिक र रहस्यात्मक छन् । बालज्ञानी गुरु आदित्य मानव हृदयको आवरण खोली अन्तर्बोधको ढोका उघार्न हामीबीच आउनुभएको छ ।

खाली आँखाले नदेख्ने सत्यतथ्य ज्ञानद्वारा ज्ञात हुन्छ । अलौकिक दुनियाँको ज्ञान र तर्कभन्दा पर ज्ञानानुभूतिद्वारा मात्रै हासिल हुन्छ । अलौकिक व्यक्तित्व बालज्ञानी गुरु आदित्यलाई जान्न र बुझ्न तर्कबुद्धिदेखि धेरै पर आत्मानुभूतिसम्म पुग्नुपर्छ । उहाँलाई जान्ने, बुझ्ने र महसुस गर्ने सर्वोत्तम साधन अन्तर्हृदय हो ।

सामान्य मानव प्रायः चेतन, अवचेतन र अचेतन यी तीन मनोदशाको सीमाभित्र बाँचेको हुन्छ । त्योभन्दा उच्च अर्को चैतन्य लोक पनि छ, जसलाई अतिचेतन भनिन्छ । गुरु आदित्य यही अतिचेतन नामक असामान्य लोकको ज्ञान र अनुभूति भएका अभूतपूर्व विभूति हुनुहुन्छ ।

भौतिक आँखाले भौतिक आवरण हेरी उहाँको अपूर्ण देहावस्था, अर्धसक्रिय हातगोडा र प्रसुप्त वाणीका आधारमा उहाँबारे धारणा बनाउनु न्यायपूर्ण हुँदैन । अतिचेतन सामर्थ्यका धनी बालज्ञानी जो अलौकिक ज्ञान आलोकित गर्न सक्ने क्षमता राख्नुहुन्छ, उहाँलाई पहिचान गर्ने एकमेव माध्यम उहाँको अद्वितीय लेखनकला हो । योभन्दा पर बालगुरुलाई अनुभूत गर्ने उपाय उहाँद्वारा लिखित ज्ञानगङ्गामा स्नान गर्नु नै हो । अतः प्रस्तुत ग्रन्थ ज्योतिपथ नै गुरु आदित्यको सर्वोपरि परिचय हो ।

बालगुरु आदित्यको भौतिक शरीर सानो र अपूर्ण छ तर उहाँभित्र चैतन्य ज्ञानको सजीव सागर छ । बालगुरुको शरीर जस्तै यो पुस्तकको आकार पनि सानो र पृष्ठहरू सीमित छन् तर यसभित्रको ज्ञानरहस्य गहन, विभु र अथाह छन् ।

> ईश्वरीय शक्ति प्रेमभावसहित अरूलाई प्रदान गर्ने सेवाभित्र लुकेको हुन्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

बालगुरु आदित्यको सम्पूर्ण ध्येय नै व्यक्तिभित्रको त्यो शाश्वत आत्मज्योतिलाई पुनः प्रकाशित गर्न अभिप्रेरित गर्ने हो । उहाँको यसै पवित्र ध्येय र यसको सारशिक्षणलाई पुस्तकले अनावरण गर्न प्रयत्न गरेको छ । यस पावन प्रयोजनका लागि गुरु आदित्यले दुई मार्ग अवलम्बन गर्नुभएको प्रतीत हुन्छ । पहिलो मार्ग, कलमद्वारा पथ प्रदर्शन । दोस्रो मार्ग, स्वप्रयोगद्वारा पथ प्रदर्शन ।

दुईमध्ये पहिलोलाई सैद्धान्तिक र दोस्रोलाई प्रयोगात्मक पथ भन्न सकिन्छ । सैद्धान्तिक ज्ञान मान्छेहरू चाँडै बिर्सन्छन् तर प्रयोगात्मक प्रशिक्षणद्वारा दिइने ध्यान, ज्ञान, साधना, योगका अमूल्य विधिहरूको प्रभाव अमिट हुन्छ । यसले दिने सन्देश, उत्प्रेरणा र ऊर्जा सुदीर्घ र प्रभावकारी हुन्छ । लेखनीले स्पर्श गर्न बाँकी मर्म र ज्ञान यसले सहजै स्पर्श गरिदिन्छ । यी दुवै पथको मनोहर मार्गचित्र पुस्तकको मूल विषय हो ।

सामान्य मान्छेभन्दा पृथक् बालगुरुको व्यक्तित्व अलौकिक, अद्भुत र अभूतपूर्व किसिमको हुँदाहुँदै पनि पूर्णतः सत्य हो । आध्यात्मिक सत्यता प्रमाणित गर्नेभन्दा पनि अनुभूति गर्ने विज्ञान हो । सत्यानुभूति आत्मगत विषय हो । तपाईंलाई कसैले सत्यको नजिक पुऱ्याइदिन मात्रै सक्छ । यसलाई अनुभूत गर्न र आत्मसात् गर्न स्वयम्भित्रको आत्मज्योति प्रज्ज्वलित हुनुपर्छ । यदाकदा तर्कशील मस्तिष्क र संशयशील हृदयले सत्य स्वीकार नगर्न पनि सक्छ । यसले सत्यानुभूतिसम्म पुग्नबाट वञ्चित पनि गर्न सक्छ । यसैलाई विडम्बना भनिन्छ । यो विकट विडम्बनालाई चिर्ने अखण्ड ज्योतिको

नाम नै आदित्य ज्योतिपथ हो ।

बालगुरु आदित्य सम्झाउनुहुन्छ- 'जबसम्म दुई खुट्टामा उभिएको तिम्रो शरीर उठ्दैन, म र मभित्रको ज्ञान जगाएर मात्र आदियुग भित्रिँदैन ।'

बालगुरु आदित्यको ज्ञान सम्प्रेषण कौशल असामान्य एवम् दिव्य किसिमको छ । अति साधारण र व्यावहारिक ज्ञानसूत्र एवम् ब्रह्मज्ञान बाँड्न उहाँ निपुण हुनुहुन्छ ।

- मृत्युलाई साधनाले जित्नुपर्छ ।
- ध्यानद्वारा ज्ञानको अग्निकुण्ड बन्छ, जहाँ नकारात्मक सोच स्वतः जल्छ र सकारात्मक रेमा परिवर्तन भई सबैमा फैलिन्छ ।



- प्रेमबाट ऊर्जा, ऊर्जाबाट शक्ति, शक्तिबाट दिव्य आत्माको जन्म अनि हुनेछ, आदियुगको प्रारम्भ ।

कुँदिएका शब्द, सुपरिष्कृत भाषा र सुस्पष्ट अभिव्यक्ति, उहाँको लेखनमा पाइने अनमोल विशेषता हुन् । जुनसुकै बेला जुनसुकै विषयमा लेख्न सक्ने उहाँभित्रको सुसामर्थ्य अद्वितीय छ । पुस्तकमा वर्णित गुरु आदित्यको लेखनशैली शीर्षकले यसबारे सचित्र विवेचन प्रस्तुत गरेको छ । यो आलेख पुस्तकको आत्मा हो ।

शब्द, भाषा र ज्ञान जस्तै गुरु आदित्यभित्रको अन्तर्भाव त्यत्तिकै अलौकिक र अपरिमेय छन् । उहाँले लेख्नुभएका अभिव्यक्तिहरूको सारसन्देशअनुसार उहाँ सुनिर्मल अन्तर्भावका सगरमाथा हुनुहुन्छ । उहाँका हर भाव सजल, सरस, स्नेही र सार्वभौम छन् । गुरु आदित्यले हालसम्म पस्केका भाव, अन्तर्भाव र दिव्य भावहरूलाई पुस्तकले तेस्रो खण्डमा समेटेको छ । तेस्रो खण्डको मनोयोगपूर्वक अध्ययन गरी त्यसलाई भावपूर्वक चिन्तन-मनन गरे जोकसैले यसको

अनुभूति गर्न सक्छ ।

सुख, शान्ति, ज्ञान, ध्यान र अध्यात्मपथका पथिक जिज्ञासुहरूलाई कलियुगको आदित्य ज्योतिपथ उहाँको पहिलो कोसेली हो । यसभित्र उहाँमा दिव्यज्ञान उद्घाटित भएपछिका विगत वर्षहरूमा उहाँद्वारा लिखित अथाह ज्ञान सामग्री सङ्गृहीत छन् । ध्यान, ज्ञान, साधना र योगद्वारा नै व्यक्ति र समाजमा दिगो परिवर्तन आउने अकाट्य सत्य हो । यस ध्रुवसत्यलाई दृष्टिगोचर गर्दै यी विषयहरूमा छुट्टाछुट्टै ग्रन्थ प्रकाशित गर्ने बालगुरुको सदिच्छा छ ।

> "महादेव त्रिकालदर्शी देवको छेउमा जन्मनु नै मेरो पूर्वजन्मको फल हो । जसको शक्तिले नयाँ युगको प्रारम्भसँगै आदियुग भित्रिने सुनिश्चित छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

आठ बर्से कलिलो बालवयका गुरु आदित्यलाई चिन्न, बुझ्न र अनुभूत गर्न सजिलो छैन । उहाँको अद्भुत लेखन सामर्थ्य मात्रै उहाँको परिचय होइन । उहाँभित्रको आदित्यज्योतिलाई चिन्न र महसुस गर्न उहाँको निर्मल प्रेमगाथा, दैवी हास्यभाव, सम्मोहनशील उपस्थिति र उहाँको प्रखर आभामण्डलबारे पनि परिचित हुनैपर्छ । उहाँका यस्ता तमाम अनुभूतिजन्य परिचयलाई प्रस्तुत गर्ने अनेकौं प्रामाणिक प्रसङ्ग पुस्तकभित्र सुशोभित छन् । तसर्थ यो पुस्तक गुरु आदित्यको परिचय ज्योति पनि हो ।

'नेपाल स्वर्गबाट आशीर्वाद प्राप्त महान् भूमि हो' भनी अभिव्यक्ति दिने बाल ज्ञान अगाध राष्ट्रभक्तिले ओतप्रोत व्यक्तित्व हुनुहुन्छ । जन्मभूमि नेपाललाई विश्वमा चिनाउने बालगुरुको प्रथम स्मारक हो, 'त्रिगजुर शिवालय ।' विश्वमै पहिलो र अद्वितीय संरचनायुक्त महादेव मन्दिरको सम्पूर्ण परिकल्पना र प्रारूप बालज्ञानीकै हो । एक प्रसङ्गमा लेख्नुभएको छ- 'विश्वको अलौकिक त्रिगजुर महादेव : नेपालमा ।'

सुन्नेहरूलाई अचम्मित पार्ने र देख्नेहरूलाई झन् आश्चर्यविभोर

पार्ने यो देवस्मारकले बालगुरूको चैतन्यको उचाइ प्रदर्शित गरेको छ । यो दिव्य मन्दिरको स्थापनापश्चात् अर्को भव्य मोक्षधाम स्थापना गर्ने सोच परिकल्पना परियोजनामा परिणत भइसकेको छ ।

बालगुरु आदित्यले चार वर्षको उमेरदेखि नै विशेष एवम् कठिन किसिमका ध्यान, समाधि र अज्ञातवास साधनाहरूको प्रयोग गर्दै उक्त ध्यानबाट प्राप्त अमृततुल्य वाणीहरू आफ्ना अनुयायीहरूलाई प्रदान गर्दै आउनुभएको छ ।

गुरु आदित्यका ध्यान प्रयोगबारे सुनिसकेपछि जोकसैको मनमा कौतूहल जाग्छ कि आखिर उहाँ किन गर्नुहुन्छ यस्ता क्लिष्ट र कठिन ध्यानप्रयोगहरू ? यस्तो बालसुलभ व्यक्तिले कसरी गर्ने होला ध्यान ? यी र यस्ता अनेकौं प्रश्नसहितका कौतूहलता शान्त पार्न बालगुरु स्वयम्को यो अभिव्यक्ति सान्दर्भिक हुनेछ- *ध्यान ईश्वरसमक्ष आफू प्रत्यक्ष प्रस्तुत हुने एउटा सुनिश्चित सुमार्ग हो ।'* जस्तो अभिव्यक्ति त्यस्तै



प्रयोगधर्ममा चुर्लुम्म डुब्नुभएका बालध्यानी आदित्यको ध्यानवान् व्यक्तित्वलाई पुस्तकले सविस्तार समेटेको छ । कलियुगले संव्याप्त वर्तमान मानवलाई ध्यान, ज्ञान, समाधि रुचिपूर्ण नहुन पनि सक्छ ।

'हजुरको प्रेम नै मेरो कष्टको मलम हो ।' यस्ता प्राञ्जल शब्द लेख्न अभ्यस्त गुरु आदित्य सजल प्रेमका प्रखर सागर हुनुहुन्छ । ज्ञान, प्रेम र शुभभावको त्रिवेणीतरङ्ग उहाँभित्र सतत छचल्किन्छ । त्यसैले गर्दा बालगुरुको सान्निध्यमा पुग्ने हरेक व्यक्ति मोहित भई प्रेमअमृत लिएर मात्रै फर्कन्छन् । अर्को घटकका रूपमा उहाँको यो प्रेममय गाथाको सङ्क्षिप्त चिनारी पस्कने जमर्को पनि पुस्तकले गरेको छ ।

बालज्ञानी गुरु आदित्यको आगमन जगत्को इतिहासमै दुर्लभ

उपलब्धि हो । यति सानो उमेरमा उहाँभित्र उर्लिंदो सर्वज्ञता, बहुभाषिक ज्ञान, असामान्य अतीन्द्रिय क्षमता आदि विशेषण शब्दमा प्रकट गर्न सकिने विषय रहेनछन् । यी नितान्त पृथक् र भावानुभूतिका विषय रहेछन् । सामुन्ने आइपुगेको प्रत्येक व्यक्तिको परिचय, प्रवृत्ति र अन्तर्मन जान्ने अपूर्व शक्तिको रहस्य के होला ? उहाँको रहस्यात्मक व्यक्तित्वभित्रको खास रहस्य के होला ? शब्दहरूलाई कुँद्ने, माझ्ने अनि कलमद्वारा मर्मभेदन गर्न सक्ने सामर्थ्य कसरी आयो होला ? यी विविध प्रश्नका आयामहरूलाई पुस्तकले केही मात्रामा स्पर्श गर्दै अघि बढेको छ । यसभित्रका बाँकी आयाम भविष्यमा क्रमशः उजागर हुँदै जानेछन् ।

गुरु र शिष्यबीचको पावन सम्बन्धबारे बालगुरु लेख्नुहुन्छ- *'शिष्यको सद्भाव, गुरुको अहोभाग्य ।'*

सत्यधर्मी गुरुहरूको बढ्दो खडेरीका बीच बालगुरुको यो उपस्थिति साधनानुरागी जिज्ञासुहरूलाई विधाताको अमूल्य कोसेली हो भन्नु अविवेकपूर्ण नहोला । बालगुरुले भन्नु पनि भएको छ- *'हर मानव शरीरभित्र आध्यात्मिक चेतना उजागर नभएसम्म यो शरीर ढल्ने छैन । समय पनि रोकिनेछ, मलाई स्थिर राख्न ।'*

यिनै भाव, सार, कथन र प्रसङ्गहरूको ज्योतिपुञ्ज हो, आदित्य ज्योतिपथ । यसलाई साकार रूप प्रदान गर्न चाहिने ऊर्जा, साधना, समर्पण, स्रोत र शक्ति सबैको मूल बालज्ञानी स्वयं हुनुहुन्छ ।

ॐ आदि ।

विषयसूची

खण्ड एक :	परिचय	१
	बालगुरु आदित्यको बाल्यावस्था	३
	ज्ञान अनावृत्त भएको अलौकिक क्षण	११
	अलौकिक लेखनशैली	२७
	ध्यान, योग, साधना र प्रयोग	४१
	गुरूदेवको विशेष मन्त्र र शिष्य	५५
	धार्मिक यात्रा एवम् अनुष्ठान	६३
	विशेष भेटघाट/दिशानिर्देश	७७
	शिवालय, साधना हल : सचित्र परिकल्पना	९३
	गुरु, उपदेश र निर्देशन	१०३
खण्ड दुई :	कलियुगको आदित्य ज्योतिपथ	१२८
खण्ड तीन :	आदित्यभित्रका स्ववचनरूपी अन्तर्भाव	१३९
खण्ड चार :	शिष्य एवम् विशिष्ट व्यक्तित्वका अनुभूति	१५८
खण्ड पाँच :	बालगुरुद्धारा स्व-लिखित अमृतवाणी	२२०

खण्ड एक

परिचय

बालगुरु आदित्यको बाल्यावस्था

बालगुरु आदित्यको बाल्यावस्था

"

अज्ञानताको भाइरसले अशान्ति फैलिएको बेला ज्ञानको भ्याक्सिन लगाई शान्तिको बिगुल फुकौं ।

- बालज्ञानी गुरु आदित्य



अज्ञानताको भाइरस
ले अशान्ति फैलिएको
बेला
ज्ञानको भ्याक्सिन
लगाई शान्तिको बिगुल
फुकौं ।

बालगुरु आदित्यको बाल्यावस्था

हरेक मातापिताका लागि सन्तानको जन्म एक उत्सव नै हो । २०६७ साल श्रावण ७ गते त्यही उत्सवमय खुसी छाएको थियो, शेषराज दाहाल र ईश्वरा गुरागाईंको अनुहारमा ।

झापा तोपगाछी निवासी भीमप्रसाद दाहाल र लोकमाया दाहालका सुपुत्र शेषराज तथा मोरङ सिजुवा निवासी हरिप्रसाद गुरागाईं र इन्दिरा गुरागाईंकी कान्छी सुपुत्री ईश्वराको कोखबाट आदित्यको जन्म भयो । पहिलो सन्तानलाई जन्म दिंदा संसारभरिको खुसी आफ्नै पोल्टामा समाहित भए जस्तै लागेको थियो, यी मातापितालाई । उहाँहरू छोराको उज्ज्वल भविष्यका अनेकौं सपना देख्न थालिसक्नुभएको थियो, त्यसै दिनदेखि ।

उहाँहरू दुवैलाई रहर थियो, आफ्ना औंला समात्न लगाएर सानो छोरालाई टुकुटुकु हिंडाउने । आफ्नो काखमा राखेर ममता

र वात्सल्यका सबै रसले बालकलाई सिञ्चित गर्ने । आफ्नो काँधमा उचालेर संसार चिनाउने । बालकलाई आफ्नै आँखाअगाडि लड्दै, हिँड्दै, उठेर दौडिँदै गरेको हेर्ने जस्ता अनेक खालका सपना बुनिरहेका थिए, मातापिताका आँखाले । त्यो सपना श्यामश्वेत थिएन, रङ्गीन थियो । त्यो सपना निदाएर होइन, जाग्रत अवस्थामै देखिएको थियो ।

मातापिताका साथमा बालज्ञानी गुरु

तर, प्रारब्धले अर्कै खेल खेलिरहेको रहेछ । त्यसले अर्कै योजना बुनिरहेको रहेछ । ईश्वराको कोखबाट एउटा साधारण बालकले होइन, एउटा असाधारण व्यक्तित्वको जन्म भएको थियो । नियतिले समयको रथलाई बिस्तारै अर्कै दिशातर्फ दौडाउँदै थियो ।

०००

जन्मँदा आदित्य एक स्वस्थ शिशु हुनुहुन्थ्यो । झन्डै आठ महिना पुगेपछि शिशु आदित्य बस्न थाल्नुभएको थियो । हुर्कँदै जाने क्रममा उहाँ आम शिशुजस्तै सर्न र उभिन थाल्नुभयो । यद्यपि उहाँ कहिल्यै बामे सर्नुभएन । बसेरै वरपर सर्नुहुन्थ्यो । १७ महिना कटेपछि उहाँ आफ्नै बलमा हिँड्न सक्ने हुनुभयो ।

शारीरिक विकाससँगै शिशुमा मानसिक विकास पनि क्रमशः हुँदै जान्छ । तोते भाकामा 'आमा, बाबा, पापा, दादा, मामा' जस्ता शब्द उच्चारित हुन थालेपछि शिशुको बोली फुटेछ भन्ने बुझिन्छ । त्यस्तो बेला शिशुको शब्दसौन्दर्य अवर्णनीय हुन्छ । ठीक यस्तै लक्षण बालक आदित्यमा पनि देखिन थाल्यो ।

उमेरअनुसार शब्दसामर्थ्य स्वाभाविक रूपले प्रस्फुटित हुँदै गयो । मातापिताको मनमा छोरालाई स्कूल भर्ना गर्ने सोच पनि पलाउन थालिसकेको थियो तर नसोचेको भइदियो ।

सहज रूपमा विकास भइरहेको बाल आदित्यको शारीरिक अवस्थामा

एकाएक असोचनीय परिवर्तन आउन थाल्यो । २०६९ माघ महिनाको कुरा हो । देब्रे खुट्टा अनायास अर्कोभन्दा छोटो देखियो । हिँड्दाहिँड्दै गल्ने, थचक्कै बस्ने र दुर्बल भएझैँ लाग्ने जस्ता लक्षण देखिन थाले । आफ्नो स्वस्थ सन्तानमा अचानक त्यस्तो परिवर्तन आउँदा मातापितामा स्वाभाविक चिन्ता उत्पन्न भयो ।

तर, त्यसरी कठोर शारीरिक परिवर्तन भइरहँदा पनि बालक आदित्यको मुखमण्डलमा भने रत्तिभर परिवर्तन थिएन । अनुहार चहकिलो र आँखाबाट अहिले नै कुनै ज्योति प्रस्फुटित भइहाल्छ कि जस्तो तेजस्वी थियो । बस्, खुट्टाको समस्याले मातापिताको मन कुटुकुटु खाइरहेको थियो । तर, अद्‌भुत कुरा के थियो भने बाहिरबाट हेर्दा दुईमध्ये एक खुट्टा छोटो देखिए पनि नाप्दा भने बराबरै हुन्थे ।

छोरालाई छिटोभन्दा छिटो स्वस्थ पार्ने मन कुन आमाबाबुलाई हुँदैन र ! बाल आदित्यलाई उपचारका लागि अस्पताल पुऱ्याउने क्रम सुरु भयो । एउटा होइन, देशका नाम चलेका सबैजसो अस्पताल लगियो, जँचाइयो, डाक्टरी परामर्श लिइयो तर वास्तविक रोग भने कसै गरी पनि पत्ता लाग्न सकेन । एउटा अस्पतालले 'मस्कूलर डिस्ट्रोफी' नामक रोग लागेको र बच्चाको भविष्य अनिश्चित भएको डरलाग्दो सङ्केत दियो । पछि अन्यत्र जचाउँदा भने कतैबाट पनि त्यो रोगको पुष्टि हुन सकेन ।

यसैबीच केही वरिष्ठ चिकित्सकको सल्लाहबमोजिम बालक आदित्यलाई उपचारार्थ भारतको नयाँ दिल्ली लैजाने योजना बन्यो । विषम आर्थिक परिस्थिति हुँदाहुँदै पनि बाल आदित्यलाई दिल्ली लगियो । अस्पतालमा परीक्षण प्रारम्भ भयो । त्यहाँ पुगेपछि 'मस्कूलर

> “ सन्तानका कारण मातापिताले बगाएका पश्चात्तापका पीडादायक दर्दनाक आँसु आँसु नभई श्राप हो जुन श्राप स्वयम् स्वइच्छाले आफैं स्विकारी सन्तानलाई खुसी दिने मातापिताप्रति मेरो नमन ।
>
> *-बालज्ञानी गुरु आदित्य*

ड्रिस्टोफी'को आशङ्का भने निराकरण भयो । अनेक परीक्षण गर्दा पनि आदित्यलाई लागेको रोगको पहिचान हुन सकेन ।

दिल्लीबाट फर्केपछि बनेपाको अपाङ्ग अस्पताल पुऱ्याइयो । त्यहाँ पनि सबै रिपोर्ट पूर्ववत् नै आयो । अझसम्म पनि आदित्यको शारीरिक अवस्था भने त्यस्तै थियो । सामान्य आँखाले हेर्दा एउटा खुट्टा छोटो देखिने तर परीक्षण गर्दा भने बराबर हुने । उक्त समस्याबाहेक बालकमा कुनै पनि रोगको लक्षण नदेखिनु आफैँमा अचम्मलाग्दो स्थिति थियो ।

> " प्रेमले विश्व जित्ने मेरो परिकल्पना तब पूरा हुन्छ, जब अदृश्य प्रेमको कोपिला पूर्ण रुपमा फक्रिन्छ । तिमी मात्र एउटा मन जित्न सफल बन, म जगत् नै तिम्रो झोलीमा भरिदिन्छु ।
>
> *–बालज्ञानी गुरु आदित्य*

अब बालकको रोग परीक्षणका लागि लैजाने ठाउँ नै बाँकी रहेन । मातापिता पनि निराश एवम् हतास भइसक्नुभएको थियो ।

केही समयपछि अर्को समस्या देखियो । परिपक्व एवम् स्पष्ट हुन थालिसकेको आदित्यको बोली बिस्तारै बन्द हुँदै जान थाल्यो । २०७१ वैशाखतिरबाट उहाँको बोली क्रमशः हराउँदै जान थाल्यो । त्यसपछि वाणी मात्रै हराएन कि जिब्रो चलाउनसमेत कठिन हुँदै गयो । जिब्रोलाई सजिलोसँग चलाउन नसक्ने कारणले गर्दा खाना चपाउन र निल्नसमेत गाह्रो हुँदै गयो ।

यस्तो किन भयो त ? यो प्रश्नको उत्तर कसैसँग पनि छैन । यसबारे न चिकित्सक जानकार छन्, न त अभिभावक नै ।

विचित्र किसिमको शारीरिक परिवर्तनसँगै बालक आदित्य अब पूर्ण रूपमा हिँड्डुल गर्न असमर्थ हुँदै जानुभयो । बोली झनै अस्पष्ट र दुर्बल हुँदै गयो । हात र हातका औँला स्वाभाविक ढङ्गमा क्रियाशील हुन असमर्थ हुँदै गए । झट्ट हेर्दा उहाँ आंशिक रूपमा पक्षाघात पीडित जस्तो देखिन थाल्नुभयो । शारीरिक स्थितिमा मात्रै

होइन, अब उहाँको मनोस्नायुगत स्थितिमा पनि परिवर्तनका सङ्केत देखिन थाले ।

मुखबाट न्याल चुहिन सुरु भयो । सबल, स्वस्थ एवम् सुन्दर सन्तान यस्तो स्थितिमा पुग्दा मातापितामा ठूलो वज्रपात पऱ्यो । त्यो पीडालाई चुपचाप सहनुबाहेक उहाँहरूका अगाडि कुनै विकल्प थिएन । यद्यपि, मातापिताले हरेस खानुभएन । छोरालाई सुयोग्य बनाइछाड्ने उहाँहरूको सपना अझै जीवन्त थियो ।

त्यही सपनालाई सार्थक तुल्याउन उहाँहरूले आदित्यलाई शिक्षादीक्षा दिने सोच बनाउनुभयो । स्कूल भर्ना गर्ने उमेर भइसकेको थियो । त्यसैले मातापिताहरू उचित विद्यालयको खोजीमा निस्किनुभयो । तर, दर्जनौँ विद्यालय चहार्दा र अनेक अनुनयविनय गर्दा पनि कुनै विद्यालयले आदित्यलाई भर्ना लिन तयार भएनन् । अन्ततः उहाँहरू लाचार हुनुभयो ।

यो हाम्रो समाज र हाम्रो शैक्षिक क्षेत्रको निरीह मानसिकताको सङ्केत पनि हो । आशा गरौँ, यस्तो प्रवृत्ति क्रमशः बदलिनेछ र भोलिका दिनमा शिक्षामा सबैको समान पहुँच पुग्नेछ, शारीरिक दुर्बलताका कारण कुनै बालबालिकाले शिक्षाको उज्यालो घामबाट वञ्चित हुनुपर्नेछैन ।

ॐ आदि ।

ज्ञान अनावृत्त भएको अलौकिक क्षण

"

सर्वश्रेष्ठ मानव चोला दिलाउने माताको
मातृत्वको मूल्य चुकाउन कहिल्यै
आफ्ना पाइला पछि नडगमगाऊँ।

-बालज्ञानी गुरु आदित्य



ज्ञान अनावृत्त भएको अलौकिक क्षण

आदित्यको तिथिअनुसार चौथो जन्मोत्सव आउन एकदिन मात्र बाँकी थियो । चौथो जन्मोत्सवका दिन वैदिक संस्कारअनुसार पूजापाठ गराउने योजना बनाइयो । आफन्तलाई पनि निमन्त्रणा गरियो । भोलिपल्ट लगाइने पूजापाठ केकसरी सम्पन्न गर्ने भन्नेमै आदित्यका मातापिताको चिन्ता केन्द्रित थियो ।

जन्मदिन मनाउँदा अष्ट चिरञ्जीवीको पूजा लगाउने वैदिक प्रचलन छ । यसैअनुरूप पूजाका लागि सबै सरजाम ठीक पारियो । भोलिको पूजाका लागि छुटफुट सामानसमेत लिएर फर्कने गरी आमा ईश्वरा कार्यालयतिर जानुभयो ।

पिता शेषराज पनि सधैँझैँ कार्यालय निस्किसक्नुभएको थियो । यता कोठामा बालक आदित्यसँग मामाकी छोरी सुष्मा मात्र थिइन् । आदित्य तीन महिनाको हुँदादेखि नै सुष्मा फुपूसँग बस्दै आएकी थिइन् ।

त्यस बखत सुष्मा आफ्नो स्नातक तह दोस्रो वर्षको परीक्षाको तयारीमा थिइन् । दिउँसो साढे दुई बजेतिर पढाइमा व्यस्त रहँदा बीचबीचमा आदित्यतिर ध्यान दिइरहेकी थिइन् उनी । त्यस दिन उनले आदित्यको व्यवहार अन्य दिनभन्दा निकै फरक पाइरहेकी थिइन् । आदित्य एकोहोरो किताबकापीतर्फ हेरिरहनुभएको थियो । यसरी हेर्ने क्रम घण्टौँसम्म चल्थ्यो । उहाँको हेराइ त्राटक जस्तै थियो । योगमा त्राटक क्रियाको वर्णन छ । त्राटकको अर्थ हो, लक्ष्यमा अविराम हेरिरहने साधना ।

" हजुरहरुको कोखको माध्यम लिई यो युगमा प्रवेश हुने सौभाग्य मिल्यो, केही समय भए पनि छोरा बन्ने अवसर पाएँ, अब म जगत्कै पुत्र हुँ । यो ज्ञान फैलाई विश्व बदल्न मलाई छुट्कारा दिनुहोला ।

–बालज्ञानी गुरु आदित्य

बालक आदित्यको 'पुस्तक-त्राटक' त्यस दिन अलौकिक किसिमको थियो । सुष्मालाई आभास भयो कि भाइको नेत्र र हाउभाउ केही लेख्न खोजेझैं व्यग्र भइरहेका छन् । उनको अन्तर्मनले भन्यो– "कलम र कपी दिएर हेर, भाइले केही लेख्न खोजेको छ ।" त्यसपछि सुष्मा पलैँटी मारेर बसिन् र आदित्यलाई काखमा लिइन् । उहाँको हातमा कलम राखिदिइन् र लेख्न सहज होस् भने आफूले कापी थामिदिइन् ।

कलिला हातका सुकोमल औँलामा कलम अड्याउँदै आदित्यले बिस्तारै लेख्नुभयो– अ, आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औ, अं, अः । सुष्मामा आश्चर्यको सीमा रहेन । कहिल्यै स्कूल नगएको, राम्रोसँग बस्न नसक्ने र बोलीसमेत बन्द भएको भाइले यसरी सरर लेख्नु उनका लागि विस्मयकारी एवम् असामान्य घटना थियो । उनलाई आफूले देखिरहेको कुरा वास्तविक हो या भ्रम भन्ने द्विविधा पनि भयो । यथार्थ हो या स्वप्न भन्ने संशय पनि भयो तर यो भ्रम थिएन, सपना पनि थिएन, यथार्थ थियो । यस्तो यथार्थ, जसले भविष्यमा

अध्यात्म, विज्ञान र दर्शनका क्षेत्रमा अभूतपूर्व विचार प्रवाहित गरेर समाजलाई आदित्यपथमा डोर्‍याउने सत्कर्म गर्नेछ ।

सुष्मालाई फेरि पनि लागिरहेको थियो, यस्तो आखिर भयो कसरी ? उनले आदित्यलाई सोधिन्– "मेरो नाम लेख्न सक्छौ ?"

'सुष्मा' – आदित्यले सहजै लेखिदिनुभयो ।

अब भने यो अद्‌भुत क्षण उनी एक्लैले थेग्न सकिनन् ।

संयोगवश सुष्माका दाजु अर्को कोठामा थिए । उनले दाजुलाई बोलाइन् र आदित्यले भर्खरै लेखेको देखाइन् । दाजु पनि आश्चर्यमा परे । उनले तत्काल आदित्यलाई सोधे– "मेरो नाम लेख्न सक्छौ ?"

'भविन'– आदित्यले तुरुन्तै लेखिदिनुभयो ।

उनले तुरुन्तै अर्को जिज्ञासा राखे– "मसँग भएको यो मोबाइल फोन कुन कम्पनीको हो ?"

बालक आदित्यले अङ्ग्रेजी अक्षरमा लेखिदिनुभयो- 'Nokia' ।

यो सबै देखेर दाजुबहिनीको अनुहारमा उदेकलाग्दो भाव प्रकट भयो ।

उनीहरू थप कुरा न सोच्न सकिरहेका थिए न कुनै निर्णय लिन ।

के आदित्यले गणितको सूत्र लेख्न सक्लान् त ? मनमा यस्तो प्रश्न उठेपछि उनीहरूले $(a-b)^2$ को सूत्र लेख्न लगाए । आदित्यले तुरुन्तै लेखिदिनुभयो : '$a^2 - 2ab + b^2$' ।

दाजुबहिनीले केही सोच्नै सकेनन् । दिदी ईश्वरालाई फोन गरेर यो कुरा भन्ने कि नभन्ने दोधार भयो । उनीहरूलाई लाग्यो, यो कुरा दिदीलाई पत्याउन गाह्रो हुनेछ । त्यसपछि उनीहरूले दिदी घर फर्किएपछि मात्र सुनाउने निश्चय गरे ।

दुवैको मन पारोझैँ उम्लिरहेको थियो । दिदी आउन्जेलसम्म यो कुरा कसैलाई नभन्ने धैर्य भएन

> "म तिम्रो हर कार्यमा साथ दिनेछु, जसको बदलामा केही भौतिक वस्तु चाहिँदैन, मात्र तिमीभित्रको त्यो सेवाभावमा कमी नआओस् ।
>
> *–बालज्ञानी गुरु आदित्य*

उनीहरूसित । सुष्माले कपननजिक बस्ने आफ्ना काका अर्थात् आदित्यका मामालाई फोन गरिन् । फोनमा कुरा हुनासाथ दुवै मामा कोठामा आइपुगे । मामाहरू आइपुग्नासाथ सुष्माले आदित्यलाई मामाहरूतर्फ इसारा गर्दै सोधिन्– "उहाँहरू को हुनुहुन्छ ?"

आदित्यले तुरुन्तै लेखिदिनुभयो– मामा शम्भु र जगदीश ।"

उहाँले मामासँगै माइजूहरूका नाम पनि लेखिदिनुभएको थियो । माता ईश्वरा र पिता शेषराज आइपुग्ने बेलासम्म सुष्मा, उनका दाजु र मामाहरू मिलेर बालक आदित्यलाई अरू धेरै कुरा लेख्न लगाइसकेका थिए । बालकका मातापितालाई यो कुरा सुनाउन उनीहरू हतारिरहेका थिए । उनीहरूले अफिसमा रहेकी ईश्वरालाई फोन पनि गरे । तर, उनलाई पटक्कै विश्वास भएन । भनिन्– "तिमीहरूले हात समातेर लेखायौ होला ।"

> "मेरा अनेक स्वरूप र चरित्र छन्, मेरो स्वभाव हेरेर छक्क नपर्नुहोला । म यस्तो समुद्र हुँ जसले मलाई बिर्सिनू या गाली गर्नू या मेरो वचन र शब्दलाई हावामै उडाउनू तर पनि मैले दिने र गर्ने प्रेम कहिल्यै परिवर्तन हुन्न ।
>
> *–बालज्ञानी गुरु आदित्य*

मुखले त्यसो भने पनि माता ईश्वराको मन थामिएन । यथार्थ बुझ्न उनी हतारहतार कार्यालयबाट घरतिर लागिन् । भोलि पूजा लगाउने दिन, नातागोतालाई बोलाइएको छ । पूजा आयोजनाको तनाव छँदै थियो । अब यो अर्को तरङ्ग थपियो । त्यही छटपटीको स्थितिमा उनी घर आइपुगिन् ।

सुस्मा छोराले यसरी लेख्न सक्ने कुरा उनलाई पटक्कै विश्वास लागेन । सुष्माहरूले लेखेका शब्द देखाए तैपनि पत्यार लागेन, उनलाई । आँखैअघि सुष्माले हातमा कलम च्यापिदिएर अगाडि कापी राखिदिएपछि उनले लेख्न लगाई भनिन्– "बाबु जगदीश लेख त ।"

आदित्यले तुरुन्तै लेखिदिनुभयो । उनले फेरि अर्को शब्द लेख्न

लगाइन्– "काठमाडौँ ।" उहाँले त्यो पनि सहजै लेखिदिनुभयो ।

त्यसपछि उनले अङ्ग्रेजीमा Argentina भन्ने शब्द लेख्न लगाइन् । यो पनि आदित्यले तुरुन्तै लेखिदिनुभयो । Argentina शब्द सोधिनुको कारण त्यसताका २०१४ को विश्वकप फुटबल चलिरहेको थियो ।

तत्क्षण माता ईश्वराको स्मृतिपटलमा विगत-अनुभूतिका प्रतिबिम्बहरू ब्यूँझिएर आए । उनले सम्झिइन्, अशक्त छोरालाई अक्षर चिनाउने र शिक्षित बनाउने चाहना लिएर दर्जनौँ स्कूल चहारेका ती क्षण । तर, कुनै विद्यालयले बालकलाई अक्षर चिनाउनेसम्मको साहस गरेन । बरु उल्टो हतोत्साहित गरियो उनीहरूलाई । उनीहरूको अखण्ड अनुनयविनय र प्रयत्न यसै खेर गएको थियो । पिठ्यूँमा झोला बोकेर टुकुटुकु हिँड्दै आफ्नो छोरा स्कूल गएको दृश्य आफ्नै आँखाबाट आँसु बनेर बगेको क्षणलाई पनि सम्झिइन् उनले ।

उनका ती सपना अधुरै रहे । बस्, छोराको किताब राख्न उनले किनेको झोला भने भित्तामा झुन्डिइरह्यो ।

आज विद्यालयको औपचारिक शिक्षा र गुरुको प्रत्यक्ष सिकाइबिनै छोराको हातबाट ज्ञानका विविध भाषामा अभिव्यक्त हुने अक्षर र शब्दहरू लेखिँदै जाँदा मातापिताको मनमा स्थापित त्यो खुसी संसारका सबै खुसीभन्दा श्रेष्ठ थियो । अतुलनीय र वर्णनातीत थियो ।

हो, त्यही दिन थियो, आदित्यमा ज्ञान अवतरित भएको । आषाढ शुक्ल द्वादशी, २०७१ साल असार २५ गते बुधबार, तदनुसार जुलाई महिनाको ९ तारिख, सन् २०१४ । यही दिनबाट उहाँ एउटा सामान्य बालकबाट बालज्ञानी गुरु आदित्यमा रूपान्तरित हुनुभयो ।

> "तिम्रो हाम्रो यो प्रेममय भेटघाट वर्तमानमा अभिशापतुल्य लागे पनि काल-कालान्तरमा वरदान सावित हुनेछ, वचन रह्यो ।
>
> *–बालज्ञानी गुरु आदित्य*

दिव्यज्ञान अनावृत्त भएको उक्त दिनबारे पछि गुरु आदित्यले लेख्नुभएको छ– "म ज्ञानमा ब्युँतिएको दिन । म निद्राबाट ब्युँझिएको दिन थियो, त्यो दिन ।"

> बाँचुन्जेल दुःख, कष्ट, पीडा लिने काम मेरो, त्यसको बदला अदृश्य प्रेमको कोपिला जीवित राख्ने काम हजुरको ।
>
> *–बालज्ञानी गुरु आदित्य*

०००

बालगुरु आदित्य जन्मिएको लगभग दुई महिनापछिको कुरा हो । जन्मकुण्डली बनाउने कुरा चल्दै थियो । एक दिन एक अपरिचित ज्योतिषी बालकको टिपन म बनाइदिन्छु भनी घरमै आइपुगे ।

बालक आदित्यका मावली हजुरबुबा हरिप्रसाद गुरागाईंले ती व्यक्ति कुशल ज्योतिषाचार्य भएको विश्वास गर्नुभयो र प्रिय नातिको जन्मकुण्डली बनाउने कुरामा सहमति दिनुभयो ।

केही दिनपछि जन्मकुण्डली दिँदै ती ज्योतिषीले भने– "शिशु अत्यन्तै विलक्षण छ । उसको यो जन्मकुण्डली चार वर्ष पुगेपछि मात्रै खोल्नू ।"

ज्योतिषीले भनेअनुसार जन्मकुण्डली नखोलेर सुरक्षित राखियो ।

सत्य र दिव्यज्ञानको अनावरण सधैँ विलक्षणता बोकेर आउँछ । यस पटक पनि यस्तै भयो । एक अलौकिक सत्पुरुषको आध्यात्मिक जन्म भएपछि मात्रै जन्मकुण्डली खोलिनुपर्ने रहेछ । सांसारिक दिमागले यस्तो कुरा कसरी बुझोस् ? बालक आदित्यको अभय हस्तबाट जब पवित्र ज्ञान प्रकट भयो, त्यस बेला मात्रै थाहा भयो कि उक्त जन्मकुण्डली उहाँको दिव्यताको प्रमाण दिने दस्तावेज पो रहेछ ।

बालक आदित्य तिथिले भोलि चार वर्ष टेक्नु । त्यसको अघिल्लो दिन उहाँबाट ज्ञानगङ्गा प्रवाहित हुनु र ज्योतिषीले भनेझैँ चार वर्षपछि उक्त जन्मपत्री अनावृत्त हुनु । यसलाई पूर्वनियोजित दैवी लीला नभनेर के भन्ने ?

जुन दिन कुण्डली उघारियो, त्यसै दिनदेखि बाल-विभूति आदित्य एक युगचरित्र बनेर ज्ञानदूतका रूपमा उदाउनुभएको कुरा स्पष्ट भयो । यसरी हठात् एक अप्रतिम सत्यको अरुणोदय भएको थियो ।

अमुक सन्तान अमुक मातापिताकै कोखमा किन जन्म लिन्छ ? यस प्रश्नको उत्तर पराभौतिकी अर्थात् अध्यात्म विज्ञान र ज्योतिष विज्ञानसँग मात्रै छ । वर्तमानमा जीवन जेजस्तो देखिन्छ, वास्तवमा यो त केवल स्व-अस्तित्वको लघु अंश मात्रै हो । मानव जीवनको आगत र विगत वर्तमानको तुलनामा धेरै नै रहस्यमयी हुन्छ । यसैलाई जीवनवेत्ता तत्वदर्शीहरूले जन्म-जन्मान्तर, जन्म-पुनर्जन्म, भाग्य-संस्कार, आयु-भोग आदिअन्तर्गत राखी व्याख्या गरेका छन् ।

यो पराभौतिक रहस्यको सत्यज्ञान र समाधान हामी साधारण मानवसँग हुँदैन । बालगुरु आदित्य जस्ता अलौकिक चेतनाका धनीसँग मात्रै यसको समाधान हुन्छ । यस विषयमा बालगुरु लेख्नुहुन्छ–

"नाता पूर्वजन्ममै तय भएको हुन्छ । केवल दृश्यमा रहेकालाई प्रत्यक्ष सम्बोधन गरिन्छ भने अदृश्य सम्बन्धलाई आत्मामा महसुस गरिन्छ । जुन अति नै प्रिय हुन्छन् र कहिल्यै मर्दैनन्, अमर रहन्छन् ।"

ooo

ज्ञान प्रकट हुनु अघिसम्म गुरु आदित्यको शैशवकाल साधारण बच्चाजस्तै सामान्य थियो । तथापि केही व्यवहार भने अद्भुत किसिमका थिए । आँखै नझिम्काई बत्ती हेर्ने बानी बडो अचम्मको थियो । अपलक, अविराम, दिनभरि, रातभरि पनि बलेको बत्ती हेरिरहनुहुन्थ्यो उहाँ । अहिले पनि प्रज्ज्वलित बत्ती देखेपछि गुरु आदित्य असाध्यै प्रसन्न हुनुहुन्छ ।

आमा ईश्वराको अनुभव पनि यस्तै

"जो मेरो सान्निध्यमा रहन्छ त्यसमा बिनाप्रतिफलको सेवाभाव र समर्पणसहितको भक्तिभाव हुनु नितान्त जरूरी छ।

–बालज्ञानी गुरु आदित्य

छ । उनकै शब्दमा– "मैले थाहा पाउँदादेखि उहाँले यसै गर्नुहुन्थ्यो । बलेको बत्ती निरन्तर हेरिरहँदा लाग्थ्यो, उहाँको चेतना नै उडेर सोही बत्तीभित्र समाहित भएको छ । लाग्थ्यो कि मनोचेतना उहाँको वर्तमान शरीरमै छैन ।"

> "क्रोध शान्त राख्न आवाजरूपी ध्वनिलाई मौनतामय वातावरणमा प्रस्फुटित पार्नुपर्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

यसरी प्रकाशपुञ्जमा एकोहोरो हेरिरहनु एकप्रकारको साधना हो । यस विधिलाई दृष्टि-साधना भनिन्छ । दृष्टि-साधना एक उच्च कोटिको साधना हो । मन वशीभूत गर्न र एकाग्रता अभिवर्द्धन गर्न यो साधना निकै प्रभावकारी मानिन्छ । यसले के सङ्केत गर्छ भने गुरु आदित्यसँग जन्मदेखि नै योगसाधनाप्रति प्रगाढ सिद्धि थियो ।

०००

बच्चाहरूका लागि रुनु-हाँस्नु अचम्मको कुरै होइन तर गुरु आदित्यको हास्य र रोदनशैली औधी अचम्मलाग्दो थियो । एक दिन, एक रात वा एकपटक होइन, सयौँ रात उहाँले असामान्य रोदनमा बिताउनुभएको छ ।

बालगुरु आदित्यमा ज्ञानोदय भएको तिथिभन्दा निकै अगाडिको कुरा हो । एकपटक उहाँ लगातार १२ घण्टासम्म अविराम रोइरहनुभयो । काखको छोरो त्यसरी डरलाग्दो तरिकाले रोइरहँदा आमाको मन अत्तालियो ।

जागिरको सिलसिलामा दाङ, तुलसीपुरमा काखे बच्चासँग एक्लै बस्नुपरेको बेलाका रातहरू सम्झँदै माता ईश्वरा सुनाउँछिन्– "एक रात उहाँ असाध्यै रूनुभयो । उहाँको रूवाइ कुनै पनि उपायले रोकिएन । रातिको बाह्र-एक बजेको समय थियो । एक्लै अस्पताल लगेँ । डाक्टरले इन्जेक्सन दिए, औषधोपचार गरे तर पनि उहाँको रोदन शान्त भएन । कति गर्दा पनि मैले त्यसरी रूनुको कारण पत्ता लगाउन सकिनँ । रून थालेपछि कसैको शब्दै सुन्नुहुन्न उहाँले ।

खाना या पानीतिर फर्केर पनि हेर्नुहुन्न । कता हेर्ने कता, आँखा पनि नजुधाउने । भर्खरै सास जाला जस्तो गरी रुने, रोएको बेला उहाँ यो दुनियाँमै नभए जस्तो लाग्थ्यो, चेतना उडेर अर्कै लोक पुगे जस्तो लाग्ने ।"

०००

गुरु आदित्यकी माताका लागि यो सामान्य तपस्या थिएन । सहनशीलताकी प्रतिमूर्ति ईश्वरालाई विधाताले बारम्बार साधुवाद दिइरहेको हुनुपर्छ ।

बालगुरु आदित्य बेलाबेलामा अहिले पनि त्यसै गरी रुने गर्नुहुन्छ । विश्वमा वा स्वदेशमा कतै कुनै पीडादायी घटना घट्यो भने त्यस अवधिमा उहाँ प्रायः यसरी रोदनपूर्ण अवस्थामा रहनुहुन्छ ।

गुरु आदित्य जसरी रुने गर्नुहुन्छ, त्यसरी नै हाँस्ने पनि गर्नुहुन्छ । कहिलेकाहीँ पूरै रात हाँसेको हाँस्यै गरेर बित्छ । कतिपय अवस्थामा सँगै रहने मातापिता र अरू पारिवारिक सदस्यलाई उहाँ हाँस्नुको कारण नै थाहा हुन्न । गुरु आदित्यको हाँसो अत्यन्तै दिव्य र मनमोहक किसिमको छ । उहाँको धवल मुखमण्डलमा हाँसो असाध्यै शोभनीय देखिन्छ । योगस्थ अवस्थामा विराजित योगीझैँ लाग्ने उहाँको हाँसोले जोसुकैलाई तुरुन्तै मोहित गर्छ ।

अनेकौँ रात गुरु आदित्यले अविच्छिन्न हास्ययोगमा व्यतित गर्नुभएको छ । आमाबाबु दुवै जनासँग त्यस्ता अनेकौँ स्मरण छन् । अहिले पनि बेलाबेलामा यस किसिमको हाँसो उहाँको मुखमण्डलमा देख्न पाइन्छ । आफ्नो हाँसो र रोदनबारे पछि आएर आदित्यले एक अभिव्यक्ति दिनुभएको छ–

"म हाँस्छु बस् तिम्रा लागि, म

> "धर्तीको धुलो-मैलोबीच सफा आकाशमा चम्कने तारासहित इन्द्रेणी रङ्ग बदलीबदली टहल्न थाले । कतै यो सुन्दर ध्वनिले नब्युँताएको आत्मा ब्युँतिने पो हो कि ? ।
>
> *–बालज्ञानी गुरु आदित्य*

रून्छु बस् आफ्ना लागि । किनकि तिम्रा हर कष्ट पिउँदापिउँदै म जिउनै भुलेँ ।"

गुरू आदित्यको निद्रा पनि विचित्रको छ । उहाँ कहिले महिनौँ सुत्नुहुन्न । त्यस्तो बेला रात्रिकालमा उहाँको आँखा चहकिलो भएर बलेको देखिन्छ । मध्यरातमा ब्युँझिएर छोरा के गर्दै होला भनेर हेर्दा पटकपटक यस्तो देखिएका अनेकौँ अनुभव छन्, मातापितासँग ।

> "समाधि ध्यानमै जीवन अन्त्य हुन्न, समाधि ध्यानबाट फर्किनु पुनर्जन्म पाए सरह हो, त्यसैले एकचोटि पुनर्जन्म भएर मात्र अन्त्य मार्गतर्फ जाऊँ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

गुरू आदित्यको शारीरिक अवस्था अहिले पनि असामान्य नै छ । अरूको सहाराबिना उहाँ उठ्न र बस्न पनि सक्नुहुन्न । हातहरू अत्यन्त अप्ठ्यारो गरी चल्छन् । लेख्नलाई कलम समात्ने काम पनि सजिलोसँग हुँदैन । कुर्सी या सोफामा बसाउनुपर्दा दायाँबायाँ सहारा दिएर राख्नुपर्छ । सिरानी पनि राखिदिनुपर्छ । उहाँका सम्पूर्ण नित्यकर्म अरूले नै गराइदिनुपर्छ ।

भारत र नेपालका अस्पतालहरूमा बाल आदित्यको रोग पत्ता नलागेपछि समयले साथ दियो भन्नुपर्छ, उहाँको उपचार गर्न नेपाल सरकारले सहयोग दिने कदम उठायो र अमेरिकाको क्यालिफोर्नियास्थित स्ट्यान्डफोर्ड हस्पिटलमा बाल आदित्यलाई उपचारार्थ मातापिताले लिएर जानुभयो ।

यात्रा नै स्वास्थ्योपचारका लागि थियो, त्यसैले बिना बिलम्ब बाल आदित्यलाई स्ट्यान्डफोर्ड हस्पिटलमा उपचारका लागि भर्ना गरियो । उपचारार्थ अस्पतालमा भर्ना भएकै दिनबाट स्वास्थ्य परीक्षण सुरु भयो । चिकित्सकहरूले बालक आदित्यको सम्पूर्ण शरीरको एक एक परीक्षण गरे ।

विश्वकै ठूलोमध्ये एक मानिएको अस्पतालमा अत्याधुनिक

प्रविधिबाट सबै उपायविधि प्रयोग गरिए । तर हालसम्म पत्ता लागेको कुनै पनि रोगको वर्गीकरणमा उहाँको बिमारी नपरेको रिपोर्ट प्राप्त भयो । चिकित्सकहरूका लागि यो असामान्य केस थियो । उनीहरूका लागि यो अर्को विस्मय थियो ।

चिकित्सकहरूले बाल आदित्यलाई मुखबाट खान गाह्रो भएको हुँदा पोषणको कमी भएकोले पेट वा घाँटीबाट प्वाल पारी फिडिङ पाइप राख्ने सल्लाह दिए । साथमै रहेका मातापिताले एकपटक बाल आदित्यलाई सोध्नुपर्ने हुन्छ भनी चिकित्सकलाई अनुरोध गर्नुभयो । यसले चिकित्सकहरू थप अचम्मित भए र बाल आदित्यलाई आफ्ना कुरा लेख्न आग्रह गरियो । त्यसपछि उहाँले लेख्नुभयो- "Not now, my mom tries her best, so wait and see for some weeks."

बाल आदित्यको लेखाइ, शब्द र भावबाट चिकित्सकहरू विस्मित बने । त्यसपछि चिकित्सकहरूको उहाँलाई हेर्ने दृष्टिकोण नै फरक भयो । यसपछि चिकित्सकहरूले बाल आदित्यलाई Happy Boy भनी सम्बोधन गर्न थाले ।

शारीरिक रूपले कष्टमा भए पनि बाल आदित्यको त्यो अनमोल मुस्कानले चिकित्सकहरूलाई झन् मोहित पार्दै लग्यो । यस किसिमको आत्मीयता बढिसकेपछि चिकित्सकहरूले अन्य थप अध्ययन जारी राखे । यसो गर्दा पनि रोग समस्या नदेखिएपछि जेनेटिक समस्या हो कि भनी मातापिताको समेत रगत परीक्षण गरियो तर रिपोर्ट नर्मल आयो ।

बाल आदित्यले अस्पतालभित्र सबैको मन जित्दै जानुभयो । उपचारमा संलग्न एकजना चिकित्सक त मोहित भई बाल आदित्यलाई आँखाको सहायताले चलाउन मिल्ने कम्प्युटर उपहारस्वरूप दिने प्रस्ताव नै राखे र लिएर आए । गुगल कम्पनीले बनाएको त्यो कम्प्यूटर उन्नत प्रविधि र सुविधाजडित थियो । तिनै चिकित्सकले त्यसलाई कसरी चलाइन्छ भनी बाल आदित्य र परिवारजन समेतलाई दुई तीन घण्टा खर्चिएर सिकाइदिए । निकै ध्यानपूर्वक बाल आदित्यले कम्प्युटर हेर्नु र सुन्नुभयो । सिकाएअनुसार खेल्नु पनि भयो । त्यति

बेला ती चिकित्सक छक्क परे जब बाल आदित्यले- 'यो त मेरा लागि खेलाउना समान हो, मेरा लागि यत्रो गर्नुभएकोमा धन्यवाद' भनी लेखिदिनुभयो ।

अस्पतालले दिएको रिपोर्टअनुसार फिजिकल थेरापीबाहेक अन्य कुनै उपाय बाँकी नरहेको जानकारी गराइयो । यहाँ उल्लेख्य कुरा यो छ कि पहिलो दिनको चेक जाँच-शुल्क बाहेक थप औषधी उपचारका लागि कुनै खर्च व्यहोर्नुपरेन । संसारकै नाम चलेको अस्पतालले समेत उहाँको जाँच गर्दा समस्या नदेखिनु एक रहस्यमय विषय हो । यसबारे आमा ईश्वराको अनुभव छ- "एक सबल बच्चा एकाएक यो अवस्थामा आउँदा पनि किन केही समस्या देखिँदैन । बाल आदित्यभित्र सन्निहित अथाह ज्ञानशक्ति खोज अनुसन्धानको विषय बन्न सक्छ ।"

हामी सांसारिक आँखाले हेर्नेहरूलाई उहाँको शरीर कमजोर, अशक्त या असामान्य लाग्नु स्वाभाविक हो । आध्यात्मिक दृष्टिले भने शरीर चेतनाको भौतिक उपकरण मात्र हो । दिव्य ज्ञान जस्तोसुकै शरीरमा अवतरित हुन सक्छ । यस सत्यको जीवन्त प्रमाणका रूपमा आज हामी सबैका सामु हुनुहुन्छ– बालज्ञानी गुरु आदित्य ।

०००

अहिले आठौँ वर्षमा हिँडिरहनुभएका गुरु आदित्यको दिनचर्या दिव्य किसिमको छ । उहाँको क्रियाकलाप हेर्दा उहाँ आफैँमा एक विषद् अध्ययनको समुद्र हुनुहुन्छ ।

बालगुरुले आफ्नो दैनिकीबारे दिनुभएको अभिव्यक्ति–

"अनगिन्ती सोच, असाधारण विचार भित्रिन्छ मभित्र, त्यसैलाई मनन गर्दागर्दै कहिले उठ्न बिर्सिन्छु, कहिले सुत्न बिर्सिन्छु । सामान्य रूपमा लिन सक्नुपर्छ, मेरा हर क्रियाकलाप । म सबैभन्दा भिन्न छु । सकिन्छ भने हर कार्यलाई स्वीकार, नभए एक सन्त हुँ, कि जङ्गलमा छाड कि जलमा बगाइदेऊ कि अग्निमा जलाइदिनू ।"

यो अभिव्यक्तिले अथाह अर्थ बोकेको छ । साथै बालगुरुको आफ्नो

वास्तविक स्वरूप र वर्तमान दिनचर्याको आंशिक रहस्यसमेत प्रस्ट पारेको छ ।

"मेरो दैनिक दिनचर्या यस्तै हो । मलाई बल्ल नजिकबाट चिन्दै छौ, तीन सय ६५ दिनमा १२ दिन मसँग रात बिताएर मेरा क्रियाकलापलाई नियाल्यौ भने सम्झ, सधैँ भोग्नेलाई कस्तो हुन्छ ।"

एकपटक बालगुरूलाई सोधियो– "हजुरलाई के गर्ने इच्छा हुन्छ ? हजुर केमा बढी रमाउनुहुन्छ ?"

"ध्यान, ध्यान, ध्यान, मात्र ध्यान, मात्र वातावरण चाहियो ।" ध्यान गुरु आदित्यले जिउने दिनचर्याको प्रमुख अङ्ग हो । उहाँ प्रायः दुई किसिमले ध्यान गर्नुहुन्छ । पहिलो, पूर्व तयारीसहित तिथि, मिति र समयसमेत तोकी तदनुरूप वातावरण बनाइदिने अनुरोध गरी ध्यान-प्रयोगमा डुब्नुहुन्छ । यस्तो ध्यान समय-समयमा गर्नुहुन्छ । कहिलेकाहीँ एकपछि अर्को लगातार पनि हुने गर्छ ।

दोस्रो, चेतन अवस्थामै रही अर्थात् आफ्ना दैनिक गतिविधिसँगसँगै गरिने जाग्रत ध्यान । यस किसिमको ध्यान अरूले हेर्दा थाहै हुन्न । उहाँका हात लेखिरहेका हुन्छन्, नयन खुलिरहेका हुन्छन्, मुखमण्डल मुस्कुराइरहेको हुन्छ तर भित्रभित्रै ध्यान चलिरहेको हुन्छ । एकप्रकारले उहाँ जाग्रत समाधिमा मग्न रहनुहुन्छ । त्यो बुझ्नेले मात्रै बुझ्छ । ध्यानको स्वाद नचाखेको व्यक्तिले यी कुरा पत्तै पाउन्न ।

बालज्ञानीको खानपान शैलीबारे कुरा गर्दा उहाँको निर्दिष्ट नियम छैन । भोजन थोरै मात्रामा लिनुहुन्छ । परिकारहरूमा परम्परागत खाना नै अधिक रुचाउनुहुन्छ । उहाँ पूर्णतः शाकाहारी हुनुहुन्छ र अरूलाई पनि अहिंसात्मक भोजनतर्फ लाग्न प्रेरित गर्नुहुन्छ, "*अन्तर्मनले मागेका सबै वस्तु खाऊ तर खाने बहानामा हत्या नै गरी अरूको आत्मा नखाऊ ।*"

उहाँ सामान्य खाना खानुहुन्छ तर ध्यान, साधना वा समाधिको अवधिमा भने जल, अन्न केही पनि लिनुहुन्न ।

कहिलेकाहीँ बालगुरु यस्तो पनि सङ्केत गर्नुहुन्छ कि "मैले

भोजन र पानीद्वारा जुन पोषकतत्व लिने हो, त्यो म सिधै पञ्चतत्व-प्रकृतिबाट लिन्छु । त्यसैले पनि मलाई यसबारे करबल नगर्नू ।"

जबर्जस्ती करकाप गरेमा यसरी प्रत्युत्तर दिनुहुन्छ– "म मेरो इच्छाबिना कसैले खानू भन्दैमा मेरो नियमविपरीत जान्नँ ।"

खानपान जस्तै उहाँको निद्राशैली पनि नितान्त भिन्न प्रकृतिको छ । यदाकदा उहाँका रातहरू झपक्कै नगरी पनि बित्छन् । प्रायः उहाँको निद्रा मध्यरातपछि मात्रै सुरु हुन्छ । घरमा रहेका बखत साँझको समय भेटघाट तथा पारिवारिक जमघटमा व्यतीत हुन्छ ।

जन्मदेखि नै गुरु आदित्यको निद्राको ढङ्ग विचित्र किसिमको छ । जन्म भएको दिनदेखि सात दिन, सात रात शिशु आदित्य एक निमेष पनि सुत्नुभएन । उपचारमा संलग्न डाक्टर-नर्सहरू तीनछक परेका थिए । त्यस्तै तीन वर्षको हुँदा कैयौँ रातसम्म सुत्नुभएन । यसरी अनेकौँ रात नसुत्ने बानी गुरु आदित्यमा अहिलेसम्म पनि छँदैछ ।

माता ईश्वरा भन्नुहुन्छ– "सन्तान नसुतेपछि आफू कसरी सुत्ने ? अब आठ पूरा हुन लाग्नुभयो । आजसम्म पनि कुनै रात मैले लामो निद्रामा बिताउन पाएको अनुभव छैन तर पनि खै के शक्तिले काम गरेको हो, मैले कहिल्यै पनि थाकेको वा निद्रा नपुगेको महसुस गर्नुपरेको छैन ।"

ॐ आदि ।

अलौकिक लेखनशैली

"

शिवकी पार्वतीलाई मात्र होइन, शिरकी गङ्गारूपी वाग्मतीलाई पनि पुजिन लायक बनाऔं।

-बालज्ञानी गुरु आदित्य



अलौकिक लेखनशैली

बालगुरु आदित्यको हातले सामान्य व्यक्तिको जस्तो सहजतापूर्वक लेख्न सक्दैनन् । बायाँ हातले माझी औंला र चोरी औंलाको बीचमा मुस्किलले कलम च्यापेर लेख्नुहुन्छ । बिनासहारा एक्लैले लेख्न सक्नुहुन्न ।

बालगुरुले केही लेख्न चाहेको बेला सङ्केत गर्नुहुन्छ, जुन उहाँका आमाबाबु र नजिकका केही व्यक्तिले मात्रै बुझ्छन् । लेखनलगायत अरू कार्य गर्न मन लाग्दा पनि उहाँ आफ्नो हाउभाउबाट सङ्केत दिने गर्नुहुन्छ । शौचालय जाने, पानी पिउने, लुगा लगाइदिने या खोलिदिने इसारा गर्नुहुन्छ । त्यसैले पनि एकजना व्यक्ति उहाँको सहयोगमा निरन्तर रहनुपर्ने हुन्छ । आफूले दिएको सङ्केत कसैले बुझेन भने उहाँ लेखेर संवाद गर्नुहुन्छ ।

कतिपय रात उहाँले लेखेरै पनि बिताउनुभएको छ । उहाँ

कुनै कुनै बेला अनायास लेख्ने सङ्केत दिनुहुन्छ र अद्भुत ज्ञानका कुरा लेख्नुहुन्छ ।

उहाँको लेखन कहिलेकाहीं विद्युतीय प्रवाह जस्तै हुने गर्छ । एकपछि अर्को र पहिलेको भन्दा अझ गहिराइमा पुगेर ज्ञान उद्घाटित गर्ने किसिमका वाणी आउन थाल्छन् ।

> “मेरो मस्तिष्कले सरल शब्दलाई नै कापीमा उतार्छ तर काँडा बनी ती शब्दले चुपे भने पनि पीर नमान, मेरो प्रेमले एक दिन मलम बनी निको पार्नेछ।
>
> *–बालज्ञानी गुरु आदित्य*

जब जब साधना, ध्यान, अध्यात्म तथा अन्तर्जगत्का विषयवस्तुमा उपस्थित साधक एवम् शिष्यका बीच चर्चा गहिरिन्छ, उहाँमा लेख्ने अभिरुचि अधिक जाग्छ । कहिलेकाहीँ घरायसी तथा व्यावहारिक विषयवस्तुबारे पनि उहाँ लेख्ने गर्नुहुन्छ । ख्यालठट्टा, हाँसो र दिल्लगीका कुरा पनि बालगुरु लेखिरहनुहुन्छ ।

शिष्य-साधक भेटघाटका अवसरमा अचानक बालगुरुले लेख्ने काम बन्द गर्नुभयो । त्यसबखत उहाँको शब्द यस्तो थियो– 'Pen down, physically साह्रै tired छु ।'

सर्वभाषी बालगुरुको लेखनशैलीमा विज्ञता स्पष्ट रूपले परिलक्षित हुन्छ । उहाँ अनेक भाषा बुझ्नुहुन्छ र लेख्नुहुन्छ । अहिलेसम्म सम्पर्कमा आएका विदेशी पाहुनाहरू गुरु आदित्यसँग दोहोरो संवाद गरेरै फर्किएका छन् ।

विषयविज्ञताका दृष्टिले भन्नुपर्दा हालसम्म बालाज्ञानीद्वारा लिखित विषयवस्तु जीवन र जगत्का सबैजसो क्षेत्र र विधामा फैलिएका छन् । अवसर, आवश्यकता र प्रसङ्गअनुसार उहाँको कलमले नछोएको कुनै क्षेत्र छैन ।

उहाँको लेखनीमा आधुनिक विज्ञानदेखि अनादिकालीन वैदिक चेतना र घरव्यवहारदेखि लिएर मनोविज्ञानसम्मका विषयवस्तु समेटिएका छन् । व्यापारकला होस् या प्रेमशैली, वास्तुकला होस्

या सौन्दर्यकला, इन्जिनियरिङ होस् या पाकशाला सबै कुरालाई गुरु आदित्यको कलमले निपुणताका साथ अभिव्यक्त गरेको छ ।

त्यसबाहेक कसलाई कसरी सम्बोधन गर्ने, कसलाई कुन शब्दले अभिनन्दन गर्ने, कसलाई कस्तो शब्दले ठाउँमा ल्याउने र कसलाई कसरी सकारात्मक बनाउने जस्ता कुरामा गुरु आदित्यको कलम सर्वसिद्ध साबित भएको छ । कहिलेकाहीँ त उहाँले त्यस्ता शब्द र भाषाको प्रयोग गर्नुहुन्छ, जसले अहङ्कारले मदमत्त व्यक्तिलाई पनि तुरुन्तै आफ्नो धरातलमा ओर्लन बाध्य पार्छ । उहाँका एक एक अक्षर, एक एक शब्द र एक एक वाक्य सत्य एवम् साधनाबाट ओतप्रोत हुन्छन् । आफ्नो लेखाइबारे बालगुरु आदित्य भन्नुहुन्छ–

"मेरो लेखाइप्रति गलत र अचम्मित साथै emotional कोही नहुनू । सबैको यथार्थ र सत्य यही हो । कोही एकैचोटि ठूलो र perfect हुँदैन । सबै माटोबाटै rising हुँदै आएका छौँ र माटोमा नै विलीन हुन्छौँ ।"

सर्वज्ञानी आदित्य कहिल्यै र कसैलाई प्रत्यक्ष आघात पुग्ने गरी र कसैको मन आहत हुने गरी लेख्नुहुन्न । प्रायः उहाँ तत्तत् विषय र सन्दर्भका लागि उपयुक्त हुने किसिमका सर्वोत्कृष्ट शब्द र वाक्यविन्यास चयन गर्नुहुन्छ । एक प्रसङ्गमा लेख्नुभएको छ– "घर र मन तोड्ने चिज होइनन् । सधैँ जोगाएर आफ्नो धर्म निर्वाह गर्न चुक्नुहुन्न ।"

उहाँका प्रायः वाणीहरू सूक्तिमय हुन्छन् । तिनलाई सामान्य ढङ्गले पढ्दा एउटा भावबोध हुन्छ भने अलिक गहिरिएर अध्ययन गर्दा विलक्षण भावहरू प्रकट भएको अनुभूति हुन्छ ।

बालज्ञानी आदित्यले कसैको पनि अहित, अशुभ, अकल्याण हुने र अनर्गल अर्थ लाग्ने कुरा लेख्नुभएको छैन । यदाकदा जटिल प्रसङ्ग र कडा

> "हजुरहरूको सबैभन्दा ठूलो कमजोरी भनेको आफूलाई राम्रो देखाउन अरूलाई दोषी ठहराउनु हो ।
>
> *–बालज्ञानी गुरु आदित्य*

निर्देशनका लागि लेख्नुपर्दा पनि शब्दचयन भने असाध्यै कोमल र मृदु हुने गर्छ ।

बालज्ञानी गुरु आदित्यले नियमित सत्सङ्गका क्रममा प्रदान गर्नुभएको गुरुवाणी जोकसैको आँखा खोल्ने ज्ञानास्त्र बराबर छ–

"कसैको भावनाप्रतिको अपमान अपराधतुल्य हो । सम्मानित हुन सर्वप्रथम कसैको भावनाको कदर गर्न नचुकौँ ।"

> "हर शून्यतामा, एकान्तमा, हर दृश्य-अदृश्य स्रोतभित्र मेरो अंश छ, मात्र तिमीभित्रको देवत्व उजागर हुन बाँकी छ । केही समय मात्र छ, ईश्वरीय आत्माको दर्शन पाउन, तसर्थ सत्कर्ममा लागिहाल ।
>
> *–बालज्ञानी गुरु आदित्य*

यो गुरुवाणी सांसारिक नातासम्बन्ध र जीवन व्यवहारका क्षेत्रमा महामन्त्रतुल्य छ ।

उहाँको लेखनमा पाइने एउटा अर्को विशेषता के हो भने सामान्य दिमागले सोच्न नसक्ने शब्द र भाव उहाँका शब्दमा कुँदिएका हुन्छन् । मिठासका दृष्टिले उत्तिकै मधुर अनि गहनताका दृष्टिले असाध्यै गम्भीर शब्दचयन गरी अभिव्यक्तिलाई सम्मोहक बनाउन सक्नु गुरु आदित्यको दिव्य क्षमता हो । यस्तै मिठासयुक्त वाणीमा उहाँले लेख्नुभएको छ– "खुसी प्राप्त गर्न सर्वप्रथम अरूलाई दुःखी नबनाऊ ।"

"शिष्यको सान्निध्यता, गुरुको अहोभाग्य"

बालज्ञानी आदित्यद्वारा रचित यो वाक्यमा केवल चार शब्द छन् तर यसको मर्म सिङ्गो ग्रन्थबराबर छ ।

थोरै शब्दमा सुविस्तृत रहस्य अटाउन सक्ने सटीक शब्द वा अक्षरलाई मन्त्र भनिन्छ । बालगुरुका हरेक शब्द आफैँमा मन्त्रतुल्य छन् । मन्त्र शब्द वा अक्षरको मात्रात्मक दृष्टिले लघु हुन्छ तर निहितार्थ र सामर्थ्यका दृष्टिले बीजतुल्य हुन्छ । यस्तै हुन्छन्, उहाँका रचनाहरू पनि । केही उदाहरण–

– "प्रेम आत्मामा भरिएपछि आँखामा छचल्किन्छ ।"

– "Ego ले चुट्कीमा अटुट सम्बन्ध टुट्छ ।"

– "Mass energy always surrounds the God"

– "हजुरहरूले अरूलाई थुके मलाई लाग्छ ।"

गुरु आदित्यका एक एक शब्द, वाक्य र एक एक वाणी समाधानपरक एवम् दिव्य चेतनायुक्त छन् । उहाँ चाहनुहुन्छ लेखिएका वाणी र शब्द जनसामान्यले मनन र चिन्तन गरून् ।

जसरी चिकित्सकले लेखिदिएको औषधी रोगीका लागि अमृततुल्य हुन्छ त्यसै गरी तत्वदर्शी मनोचिकित्सक गुरुचेतनाले लेखिदिएका अनुशासनात्मक सन्देशहरू जिज्ञासु मानवका लागि महाऔषधीतुल्य हुन्छन् । जसले त्यसरी लेखिएका र अभिव्यक्त भएका कुराहरूको अनुसरण गर्छ, निःसन्देह उसको कल्याणै कल्याण हुन्छ ।

त्यसैले आफ्नो भावनाअनुरूप अमृतमय ज्ञानरूपी वाणीलाई बुझ्न र आत्मसात् गर्न बेवास्ता गर्नेहरूतर्फ इसारा गर्दै गुरु आदित्य लेख्नुहुन्छ–

"मैले आफ्ना वचनलाई कलमद्वारा उतार्न मात्र सकेँ तर कसैलाई परिवर्तन गर्न सकिनँ । सायद म या त अति नरम या अति धारिला शब्द चयन गर्ने भएर हो, कसैमा Change ल्याउन सकिनँ । व्यक्तिगत व्यवहारदेखि राजनीतिक, आर्थिक विकासमा पनि मेरा कलम नचलेका होइनन् तर कतै परिवर्तनको सङ्केत देख्दिनँ । प्रेममा म हारेको व्यक्ति हुँ । यदि प्रेममा जित सुनिश्चित हुँदो हो त मेरा प्रेमरूपी वाणीले हजुरहरूलाई छुने थिए ।"

ध्यान, ज्ञान, अध्यात्म, सत्सङ्गका विषयमा लेख्नुपर्दा गुरु आदित्य अत्यन्तै द्रुत गतिमा कलम चलाउनुहुन्छ । कहिलेकाहीँ त क्षणभरमै दर्जनौँ वाक्य लेखिसक्नुहुन्छ । यसो हुनुको कारण पक्कै पनि उहाँको

> “ त्रिगजुर शिवालय मेरो सपना, शक्ति र सोचभित्रको जीवित परिदृश्य हो ।
>
> *–बालज्ञानी गुरु आदित्य*

अन्तर्चेतनामा विषयवस्तुको स्वच्छन्द प्रवाहमा शब्दहरू बगेको हुनुपर्छ ।

एकपटक सन्ध्याकालमा सहभागी र शिष्यहरूको जमघट थियो । माहोल हाँसोठट्टामय थियो । उपस्थितमध्ये कसैले के भनेर हँसाए, कसैले के भनेर । यसैबीच बालज्ञानी आदित्यलाई केही हाँसोठट्टाको खेल खेलाउन अनुरोध गरियो । सबैलाई सोच्न बाध्य बनाएर हास्य माहोलमा गुरु आदित्य लेख्नुहुन्छ : *'संसारकै त्यो महात्मा युगपुरुष, अलौकिक साधक, जसका सम्पूर्ण शिष्य महामूर्ख थिए भन्नुहोस्, त्यो को महात्मा थियो ?'*

> “ अत्याचारी असुरहरूबीचबाट मात्र एक दानवीर निकाल्न सके राज्य यो कहाली लाग्दो चक्रव्यूहबाट उम्कने थियो ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

बालगुरु आदित्यको परिकल्पनामा त्रिगजुर शिवालय तथा साधना हल बन्न सुरु भइसकेपछिको कुरा हो । निर्माण कार्य जारी राख्न ककसले केके सहयोग गर्ने भन्ने चर्चा चल्यो । यसको समाधान गर्दै गुरु आदित्य लेख्नुहुन्छ– '1st talk, 1st service' ।

बालज्ञानी आदित्यद्वारा अभिव्यक्त उद्‌गार, विचार, वाणी, अनुभव र लेखनशैलीलाई विश्लेषण गर्दा उहाँ क्रान्तिधर्मी विचारधाराले ओतप्रोत भएको पाइन्छ । उहाँका कुनै पनि विचारमा भेदभाव, असमानता, द्वन्द्वभाव, विरोधाभास र व्यक्तिवादको गन्ध छैन ।

एक पूर्ण पुरुष, एक समतावान् द्रष्टाको झल्को भेटिन्छ, उहाँका हरेक शब्दमा । शब्द र विचार जस्तै गुरु आदित्यका हरेक गतिविधि पनि तटस्थता र समताबाट अभिप्रेरित छन् । जेमा सर्वकल्याण छ, जे गर्दा बहुसङ्ख्यकको हित हुन्छ र जे कुरा विधाताको नियमअन्तर्गत मानिन्छ, त्यसलाई मात्रै उहाँले अपनाउनुभएको देखिन्छ ।

समाज र जनमानसमा भएका अनेकौं विकृति, विसङ्गति र भ्रान्त धारणालाई चिर्न सक्षम उहाँको आधुनिक चेत आफैंमा उदाहरणीय छ ।

विभिन्न शुभ अवसर पारेर शुभकामना व्यक्त गर्ने आदित्यको शैली अनुपम ढङ्गको छ । जसलाई जुन शब्द प्रयोग गर्दा सर्वाधिक खुसी मिल्छ, त्यस्तो शब्द खोजी खोजी प्रयोग गर्न उहाँ असाध्यै प्रवीण हुनुहुन्छ ।

आदित्यको शुभकामना शब्दलाई एक प्रकारले मनोवैज्ञानिक उपहार भने फरक पर्दैन । आफ्नी आमाको जन्मोत्सवमा आदित्यले दिनुभएको शुभकामना–

'Happy Birthday Mamu, love you, respect you. The wonderful gift from our side is playing inside of you.'

त्यस अवधिमा आदित्यका भाइ स्वरूप आमाको पेटमा हुर्कंदै थिए । त्यस बखतका लागि योभन्दा उपयुक्त शुभकामना के हुन सक्थ्यो र ?



२०७४ साउन ७ गते गुरु आदित्य सातौँ वर्ष पूर्ण गरी आठौँ वर्षमा प्रवेश गरेको शुभजन्मोत्सवका दिनमा दिनुभएको सन्देश–

"मलाई जन्मदिने मातापिता साथै मेरो हर सफलतामा मेरो प्राण बनी मलाई अथाह माया प्रेम गर्दै मलाई प्रेरणा दिनुहुने ठूलो बुबा र अनु माँप्रति मेरो नमन । मेरा प्रिय शिष्य र अनुयायीप्रति आशीर्वाद छ । हजुरहरू सबैप्रति कृतज्ञ छु ।

जन्म दिन कति कठिन छ, त्यसमा पनि जन्मिएको सन्तान जगत्लाई दिन झन् कति कठिन छ । एकपटक सबैले आँखा बन्द गरेर आफ्नो सन्तान अरूको हो भनी स्मरण मात्र गर त, कति असह्य हुन्छ । तसर्थ यस्तो बलिदान सहर्ष स्विकार्ने मेरी उनीप्रति कहिल्यै नराम्रो नसोच । उनीले आजको दिनमा जन्माइन् र त म हजुरहरूको माझमा छु, प्राणमा छु ।"

०००

एक टेलिभिजनको विशेष कार्यक्रममा प्रमुख अतिथिका रूपमा

सहभागी हुन निमन्त्रणा आयो तर विशेष कारणवश गुरु आदित्य जान पाउनुभएन । आफू जान नपाए पनि उहाँले यसरी शुभकामना सन्देश लेखी पठाउनुभयो–

'Sorry to say, I can't able to attain but my family with APF' (Aditya Protection Foundation) member will join.

> "समर्पणभित्र मेरो हर खुसी लुकेको सत्य तथ्य हो तर समर्पण शुद्ध प्रेमभावभित्र डुबेको हुनैपर्छ ।"
>
> *–बालज्ञानी गुरु आदित्य*

My bless always protect each difficult moment in future.'

गोरखापत्र संस्थानको मधुपर्क साहित्यिक पत्रिकाको स्वर्ण जयन्तीका अवसरमा २०७४ जेठ ३० गते गुरु आदित्यको शुभकामना–

स्वर्ण महोत्सवको उपलक्ष्यमा शुभकामना मधुपर्कलाई ।

"संस्कृति धर्म परम्पराले सुशोभित यो राष्ट्रका जनताले प्रत्येक वर्ष शान्तिको स्वर्ण उत्सव शीतल छहारीमा मनाउन पाइयोस् ।"

गैरआवासीय नेपाली सङ्घको चुनाव हुनुभन्दा केही दिन अगाडि अध्यक्षका उम्मेदवार भवन भट्ट गुरु आदित्यलाई भेट्नु आउनुभयो । गुरु आदित्यले उहाँलाई लेख्नुभयो, "भवन भट्टलाई विजयी भव : शुभ आशीर्वाद ।"

राजनीतिक अस्थिरताका कारण देशको शान्तिसुरक्षा बेलाबखत खलबलिएको अवस्था थियो । नेपाल प्रहरीका एक उच्च अधिकृत पूर्वी क्षेत्रमा सरुवा भई जान लागेका थिए । पूर्वी क्षेत्र जानुपूर्व उनको भेट गुरु आदित्यसँग २०७२ चैत्र ३ गते भयो र अनुरोध गरे– "पूर्वी क्षेत्रमा सरुवा भएर जान लागेको छु, म के गरौं गुरुदेव ? ।"

"शुभकामना छ ।

शान्तिलाई स्थायित्व दिनू, यो अवस्थामा पूर्वी क्षेत्र अति नै चुनौतीपूर्ण छ । सारै संयमतापूर्वक कार्य गर्नुहोला । मेरो आशीर्वाद सदैव रहनेछ ।"

इस्लाम धर्म मान्ने एकजना नेपाली महिलाको भेट गुरु आदित्यसँग

भयो । सो भेटमा ती महिलाले आफ्ना घरायसी वेदना उहाँसमक्ष राखिन् । अन्त्यमा उनले आफ्ना तर्फबाट आदित्यलाई केही रकम अर्पित गर्ने अनुमति मागिन् । प्रत्युत्तरमा गुरु आदित्यले लेख्नुभयो– "त्यो भेटी कुनै सेवामा लगाऊ । तिमीमा र तिम्रो परिवारमा अल्लाहले आत्मबल र आत्मविश्वास भरिदिउन्, आशीर्वाद छ ।"

२०७५ जेठ २० गतेको एक भेलामा गुरु आदित्यले दिएको वाणी– "जीवनको अनमोल खुसी पाएको दिन, वर्तमानमा होइन इतिहासमा उत्सव मनाउने दिन सबैलाई स्वागत छ । यस अवसरमा मेरा तर्फबाट सानो उपहार मेरो प्रिय ठूलो बुबालाई कुर्सी दिँदै छु, जुन कुर्सीले मलाई सधैं एक leadership बन्न जागरूक बनाउनेछ ।"

२०७२ फागुन २४ गते महाशिवरात्रिका दिन बालज्ञानीले दिनुभएको दिव्यवाणीले तत्कालीन परिवेश र जनभावनालाई राम्ररी समेटेको छ– "प्रकृतिले हल्लाएको निरीह भूमिमा दूषित राजनीतिले मैलिएको आकाशबीच आज यो महाशिवरात्रिमा श्री पशुपतिनाथबाट हामीलाई यस्तो शक्ति प्राप्त होस्, जसले हामी बस्ने यस्तो राष्ट्रमा पनि सजिलै बाँच्ने साहस मिलोस् ।"

कृष्ण जन्माष्टमी, भाद्र ३०, २०७४ का दिन लिखित शुभकामना– "धर्मका नामको व्यापारले कङ्गाल बनाउँछ । जय श्रीकृष्ण ।"

नववर्ष २०७२ को उपलक्ष्यमा दिनुभएको शुभकामना– "शान्तिसहितको समृद्ध राष्ट्रको परिकल्पना यस नयाँ वर्षमा यथार्थमा परिणत होस्, मेरो शुभकामना ।"

नववर्ष २०७४ को उपलक्ष्यमा दिनुभएको शुभकामना, "स्थिर राजनीति, स्थायी शान्ति, अकल्पनीय विकास भित्र्याउने कर्मठ, योग्य देशभक्त योद्धा यो नयाँ वर्षमा नेपाल आमाको गर्भमा उदाउन्, मेरो शुभकामना ।"

महाशिवरात्रि, चैत्र १३, २०७४ का

> "प्रेम जति गहिराइ, त्यति नै मेरो उचाइ, बुझ र मनन गर।
>
> *–बालज्ञानी गुरु आदित्य*

दिन दिनुभएको शुभकामना–

ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ।

निराकार नीलाहार आदि देवाधिदेव त्रिदेव श्री महादेवले सबैलाई कल्याण गरुन् ।

ॐ आदिकुञ्जमा केही साधक संन्यासीहरू आए । आगन्तुकमध्ये एकजनाको सोही दिन आध्यात्मिक यात्रामा प्रवेश गरेको चौधौँ वर्षको दीक्षा दिवस परेको रहेछ । त्यस अवसरमा उनलाई बालज्ञानीले दिनुभएको शुभकामना–

'It's a day you born from God as a Swami Sadhak. So bless is no necessary to enlightened person. Before 14 you are doing and going on Mokshya Path. Thanks to be a part of my life too. Love you.'

ooo

गुरु आदित्यको प्रेममय व्यक्तित्व अनुकरणीय छ । उहाँको प्रेम गर्ने शैली अलौकिक छ । साँच्चिकै निर्मलभाव र विशुद्ध विश्वासका साथ उहाँको सम्मुखमा पुग्ने हरेक व्यक्तिले उहाँबाट निःसृत प्रेमधारा सहजै अनुभव गर्न सक्छ । वास्तवमै उहाँको प्रेममा प्रसुप्त जादु छ । उहाँ लेख्नुहुन्छ-

"मेरा अनेक स्वरूप र चरित्र छन्, मेरो स्वभाव हेरेर छक्क नपर्नुहोला । म यस्तो समुद्र हुँ, जसले मलाई बिर्सिउन्, गाली गरुन्, मेरो वचन र शब्दलाई हावामै उडाउन् । तर पनि मैले दिने र गर्ने प्रेममा कहिलै परिवर्तन हुन्न ।"

बालगुरु साँच्चिकै प्रेमका महासागर हुनुहुन्छ । जसले उहाँलाई नजिकबाट अनुभव गर्छ, उसले त्यो स्पष्ट रूपले बोध गर्न पाउँछ ।

"प्रेमले विश्व जित्ने मेरो परिकल्पना तब पूरा हुन्छ, जब अदृश्य प्रेमको कोपिला पूर्ण रूपमा फक्रिन्छ ।" अर्को एक प्रसङ्गमा गुरु आदित्य लेख्नुहुन्छ– *"तिमी मात्र एउटा मन जित्न सफल बन, म जगत् नै तिम्रो झोलीमा भरिदिन्छु ।"*

गुरु आदित्य कसैको कमजोरीप्रति देखाइने सहानुभूतिलाई प्रेमको

संज्ञा दिनुहुन्न । उहाँ लेख्नुहुन्छ– "Sympathy का लागि अरूको दु:ख, पीडा, अधुरोपन, एक्लोपन या कमजोरीपन देख्दा मात्र प्रेम जागृत भएको हो भने त्यो प्रेम होइन । प्रेम त आत्मा-आत्माबीचको यस्तो सम्झौतापूर्ण समर्पण हो, जसमा बाहिरी आवरणले कुनै अर्थ राख्दैन । तसर्थ कस्तो प्रेम गर्छौ, आफैँ मूल्याङ्कन गर्नू ।"

"माया, प्रेम, दया, सम्मान, धन-दौलत र ममता जति मलाई दिन र लिन सक्छौ, त्यति मात्र देऊ-लेऊ । आफैँलाई कष्ट, पीडा र तनाव हुने गरी ती चिजको अपमान र अवमूल्यन नगर ।"

आफू ध्यान साधनाको गहन प्रयोगमा गएको बेला चिन्ता नलिन आग्रह गर्दै गुरु आदित्यले अज्ञातवासबाट लेख्नुभएको यो प्रेमपुष्प– "हजुरबाट प्राप्त यो प्राण भरिएको जीवन त्यति सजिलै कहाँ हजुरबाट टाढा जान सक्छ ?"

पत्रलाई पूर्णता दिने क्रममा लेख्नुभएको छ– "म नआएसम्म प्रेमभावसहितको माया दिनुहोला । म निश्चित विकल्प लिई हजुरसामु प्रस्तुत हुनेछु । हजुरको प्रेम नै मेरो कष्टको मलम हो ।"

मान्छे स्वभावैले शङ्कालु हुन्छन् । त्यसमाथि पनि असल र शुभ कुरामा तुरुन्तै शङ्का गर्छन्, बरु कमसल र अशुभ कुरा छिट्टै विश्वास गर्छन् । यस्तो अवस्थाप्रति गुरु आदित्यको अनुभूति– "तिम्रो हाम्रो यो प्रेममय भेटघाट वर्तमानमा अभिशापतुल्य लागे पनि कालान्तरमा वरदान साबित हुनेछ, वचन रह्यो ।"

ooo

रात्रि विश्राममा जानुपूर्व गुरु आदित्य प्राय:जसो शुभरात्रि सन्देश लेखेर मात्रै शयनकक्षमा जान रुचाउनुहुन्छ ।

शुभरात्रि या Good Night मात्रै लेख्नुहुन्न, नौलो किसिमको चित्र या बिम्ब कोरेर शुभरात्रि सन्देश दिने गर्नुहुन्छ ।

> "समय मूल्यवान् छ । समय मलाईभन्दा पनि कसलाई दिने, आफैं मूल्याङ्कन गर्नू । मेरा कारण अरूको हक हनन नहोस् ।
>
> *–बालज्ञानी गुरु आदित्य*



उहाँले लेख्ने शुभरात्रि सन्देश सबैले स्पष्ट बुझ्न सकिन्छ तर सँगै कोरिएको चित्र विलक्षण किसिमको हुन्छ । प्रत्येक पटक नयाँ नयाँ चित्र कोरिन्छन्, पुरानो चित्र कहिल्यै दोहोरिन्न ।

शुभरात्रि सन्देश तथा चित्र कोर्ने काम गुरु आदित्य क्षणभरमै गर्नुहुन्छ । झट्ट हेर्दा बनाइएका चित्र सुन्दर र स्पष्ट देखिन्छन् । चित्रहरूका बीचमा एउटा चित्र अरूभन्दा ठूलो आकारको हुन्छ । त्यो ठूलो चित्र भने स्वयम् गुरु आदित्यसँग सम्बन्धित हुने गर्छ र बाँकी अन्य उपस्थित महानुभावहरूको हुने गर्छ ।

ॐ आदि ।



ध्यान, योग, साधना र प्रयोग

> ध्यानबाट नै दिव्य ज्ञानको मार्गदर्शन मिल्दछ ।
>
> -बालज्ञानी गुरु आदित्य



ध्यान, योग, साधना र प्रयोग

तत्वतः मानव चोला नै साधनाका लागि हो । साधनाबाहेक अरू कुनै जीवन-लक्ष्य अपूर्ण र अधुरो नै रहन्छ । किनकि, जीवात्माको नैसर्गिक स्वभाव भनेकै आत्मिक उन्नयनको पथमा उत्तरोत्तर अग्रसर हुनु हो । सबै सिद्धपुरुषहरू युगपुरुषहरू यसैको शिक्षण एवम् उत्प्रेरणाका निम्ति नै जन्मिएका हुन्छन् ।

साधना मात्र भनिरहँदा कतिपय व्यक्तिले यसको शाब्दिक अर्थ नै बुझिरहेका हुँदैनन् । साधनाको अर्थ हो साध्नु, परिशोधन गर्नु, परिष्कार गर्नु, निखार्नु, टल्काउनु । खेतको माटो साधिएपछि त्यो उर्वर बन्छ । कोइला साधिएपछि हीरा बन्छ । फलाम साधिएपछि उपकरण बन्छ । सुन साधिएपछि आभूषण बन्छ । त्यसै गरी हाम्रो देह, इन्द्रिय र मन साधियो भने त्यो निर्मल र आत्मामुखी बन्छ ।

जीवन-साधना त्यस्तो क्रियाविधि हो, जसले अन्तरङ्गका प्रसुप्त

शक्ति सामर्थ्य, भक्तिभाव र ज्ञानलाई उजागर गर्छ । साधनाको मार्गमा हिँड्नु भनेको आत्मसुधार, आत्मनिर्माण र आत्मउत्थान गर्नु हो । जो यो मार्गमा लाग्दैन, उसको गति अर्कै हुन्छ । साधनाबाट विमुख हुनेहरूका लागि गुरुदेव लेख्नुहुन्छ–

"जीवनलाई समयानुकूल परिवर्तन गरी साधना गर्दै लैजानुपर्छ, नत्र यो जीवन चितामा लडेको मुर्दासरह हो ।"

> "आलस्यता, नैराश्यता तथा वैराग्यताको अचुक औषधि नै ध्यान, साधना, सत्सङ्ग र व्यायाम हो ।
>
> *–बालज्ञानी गुरु आदित्य*

बालज्ञानी आदित्य बेला बेलामा अज्ञातवास ध्यान, समाधि साधनामा गइरहनुहुन्छ । कहाँ, कसरी जाने र कुन बाटो जाने भन्ने कुरा उहाँ घरबाट निस्कनु केहीअघि मात्रै लेख्नुहुन्छ । अज्ञातवासबारे कसैलाई जानकारी नहोस् र ध्यानमा बाधा नआओस् भनेर गुरु आदित्य एउटै मोटर या ट्याक्सी प्रयोग नगरी ठाउँ ठाउँमा ट्याक्सी बदलेर मात्रै गन्तव्यमा पुग्नुहुन्छ । जाने स्थानको नक्सासमेत बनाइदिनुहुन्छ ।

बालध्यानी स्वयम्‌को सङ्केतअनुसार उहाँ हरेक पटक नयाँ एवम् पृथक् उद्देश्यका साथ ध्यान-साधनाको प्रयोगमा डुब्नुहुन्छ । सार्वजनिक गर्न मिल्ने उद्देश्य छन् भने ध्यानविधिमा प्रवेश गर्नुपूर्व नै लेखेर प्रस्ट्याउनुहुन्छ । उहाँले कतिपय ध्यान-साधनात्मक प्रयोगका विवरण हालसम्म पनि गोप्य राख्नुभएको छ । उहाँको ध्यान-साधनात्मक प्रयोग आम धारणाभन्दा पृथक् छ ।

कुनै कुनै ध्यानमा उहाँले आफ्ना परिवार तथा अनुयायीहरूलाई हेर्ने अनुमति प्रदान गर्नुभएको हुन्छ ।

समाधि ध्यान अवधिभर उहाँ जल, अन्न केही पनि ग्रहण गर्नुहुन्न । अन्य लामो अवधिका ध्यानहरूमा कहिलेकाहीँ दूध र पानी ग्रहण गर्नुहुन्छ ।

ooo

गुरु आदित्य स्वमय्‌ले प्र-योग योगा कोर्सको रूपमा ध्यान-साधना

प्याकेज बनाउनुभएको छ । गुरु आदित्यका अनुसार प्र-योग योगा कोर्स सरल साधना विधि हो । श्रद्धा-विश्वासपूर्वक यसको अभ्यास गर्ने व्यक्ति निःसन्देह लाभान्वित हुन्छ । अति उपयोगी विधि र प्रयोगहरू समावेश गरिएको यो कोर्स अनेकौं जिज्ञासु योगप्रेमीहरूले सिकिसकेका छन् । वर्तमान समयमा जुन-जुन यौगिक क्रियाविधि प्रचलित छन्, तिनै विधिहरूको परिष्कृत रूप नै प्र-योग योगा कोर्स हो ।

ज्ञान प्रकट भएपश्चात् विगत चार वर्षमा गुरु आदित्यले ध्यान, योग, साधना र समाधिमाथि अनेकौं प्रयोग गरिसक्नुभएको छ । ध्यान समाधिका केही गम्भीर र गुप्त प्रयोग पनि उहाँबाट सम्पन्न भएका छन् ।

सुन्दैमा कठिन तर विशिष्ट किसिमका साधनात्मक प्रयोगहरू गरेको देख्दा सुरु सुरुमा परिवार, आफन्त र शुभचिन्तक चिन्तित हुन्थे तर प्रयोगको शृङ्खला निरन्तर अगाडि बढ्दै गएपछि अब त्यस्तो स्थिति छैन । प्रायः ध्यानमा जानुपूर्व गुरु आदित्यले ध्यान अवधिभर परिवार, शिष्य र शुभचिन्तकहरूलाई पूजा, अनुष्ठान र जप गर्ने आदेश दिनुहुन्छ । ध्यान समापनपश्चात् आफ्नो अनुभव बाँड्नुहुन्छ ।

सनातन-आध्यात्मिक इतिहासमा अनेकौं ऋषि, तपस्वी, साधकहरूले ध्यान-साधनाका प्रयोग गरेको हामीले पढेका वा सुनेका छौं । तिनै उच्च कोटिका ऋषि-तपस्वीतुल्य गुरु आदित्यका साधना प्रयोगहरू हाम्रा लागि गहन शोध-अन्वेषणका साथै विवेकसम्मत अनुसरणका पनि विषय हुन् ।

> “भजन गर्नाले शान्ति मिल्छ, शान्ति कायम गरे शक्ति मिल्छ, त्यो शक्तिलाई सेवामा प्रयोग गर्नाले मात्र मानव शरीरले मुक्ति पाउँछ ।
>
> *-बालज्ञानी गुरु आदित्य*

हाम्रो सांस्कृतिक परम्पराभित्रका महत्वपूर्ण पर्व-उत्सवका अवसरमा पनि गुरु आदित्यद्वारा साधना-प्रयोग हुने गर्छन् ।

> ध्यानको गहिराइमा पुगी ईश्वरीय शक्ति प्राप्त गर्न मन मस्तिष्कबाट होइन, अन्तरआत्माबाट आफूलाई सञ्चालित गर्नुपर्छ ।
>
> -*बालज्ञानी गुरु आदित्य*



बालयोगी गुरु आदित्यले ध्यान, साधना र योगका क्षेत्रमा अनेकौँ मार्गदर्शन एवम् युगसापेक्ष सूत्र दिनुभएको छ । आफ्ना अनमोल अमृतवाणीका माध्यमबाट पनि यी विषयको अपरिहार्यता र गरिमालाई बारम्बार उजागर गर्दै आउनुभएको छ ।

बालज्ञानी गुरु आदित्यका हरेक शब्द, हरेक भाव, हरेक इसारा व्यक्तिलाई साधक बनाउनेतर्फ लक्षित छन् । सिद्ध महात्मा तथा क्रान्तिकारी पुरुषको आगमन भनेकै भ्रान्त आम मानिसलाई साधनातर्फ आलोकित गर्नु हो । गुरु आदित्यले हालसम्म लेख्नुभएका ज्ञान, वाणी र विषयवस्तुलाई संश्लेषण गरेर हेर्दा सर्वाधिक जोड 'साधना'मै दिइएको छ ।

"योग ध्यान साधनाबिनाको सुखद जीवन नियाल्दै छौ भने आँखा भए पनि तिमी अन्धो हौ । सबै अङ्गमा चेतना भए पनि तिमी लुलो हौं ।"

बुझ्नेका लागि यो आदित्य वाणी सञ्जीवनी हो तर नबुझ्नेका लागि मात्र कोरा वाक्य । पहिले-पहिले साधना जति जरूरी थियो, अहिले त्योभन्दा कैयौँ गुणा बढी जरूरी छ । किनकि, अहिले अकल्पनीय किसिमका तनाव, विग्रह एवम् समस्या छन् । बाहिरको वातावरणको तुलनामा भित्री मनको प्रदूषण विकराल छ । यसविरुद्ध खोपको काम गर्ने र प्रतिरोधक क्षमता बढाउने विधिविधान नै साधना हो ।

साधनाको शिक्षण युगपुरुषहरूको युगधर्म हो । वर्तमान युगसँग

सुपरिचित बालयोगी आदित्यले गएको चार वर्षभित्र अनेक साधनासूत्र दिनुभएको छ । साधनासूत्र दिने मात्रै होइन, आफू स्वयम् साधनारत रहनुहुन्छ उहाँ । अनेकौं ध्यान-साधनाका आग्नेयास्त्र उहाँले प्रयोग गरिसक्नुभएको छ ।

बालगुरु आदित्य जोकसैलाई पनि साधनामुखी बन्नेतर्फ इसारा गर्नुहुन्छ–

"साधकलाई मृत्यु प्रिय तर जीवन कठिन लाग्छ । किनकि साधकले मृत्युपछिको सुखद यात्रा तय गरिसकेको हुन्छ नै ।"

अनुभूतिद्वारा मात्रै बोध गर्न सकिने प्रस्तुत आदित्य-वाणी साधक बन्न प्रेरित गर्ने दिशासूचक मन्त्र हो । उहाँका ज्ञान, उत्प्रेरणा र मार्गदर्शनको साररूप नै साधनामा हिंडाउनु हो । त्यसलाई कसले कति बुझ्ने र कसरी अनुसरण गर्ने त्यो व्यक्तिको कार्मिक योग्यतामा भर पर्छ ।

ooo

बालयोगी आदित्यद्वारा सम्पन्न ध्यान-समाधिका प्रयोगमध्ये 'प्रायश्चित्त समाधि ध्यान' अत्यन्तै महत्वपूर्ण छ ।

यसै क्रममा गुरु आदित्यले दुई दिनसम्म अँध्यारो बन्द कोठामा अन्न, जल त्याग गरी 'समाधि ध्यान' सम्पन्न गर्नुभएको थियो । आफ्नो ध्यान चलिरहँदा अरू शिष्य-शुभचिन्तकले पनि आ-आफ्नो ठाउँमा ध्यान गर्न सक्ने जानकारी गराउनुभयो ।

एक जिज्ञासुले सोधे– "कसरी गरौं गुरुदेव ध्यान ?"

गुरु आदित्यले लेख्नुभयो–

"मात्र मेरा दुई नयनमा तिम्रा दुई नयन फ्युजन गराउने प्रयास गराई हेर, आफैं ध्यान लाग्नेछ ।"

गुरु आदित्यले गर्नुभएको अर्को कठोर ध्यान हो, चिता समाधि ध्यान । उहाँले २७ घण्टाका लागि चिता समाधि ध्यानमा जाने इच्छा प्रकट गर्दा

> "शुद्ध, पवित्र भावद्वारा निष्कासित श्वास मात्रले निर्जीव वस्तुभित्र समेत प्राण भरिदिने शक्ति हुन्छ ।
> *–बालज्ञानी गुरु आदित्य*

सुरुमा परिवार र शिष्यहरू अलमलमा परेका थिए ।

उहाँ लेख्नुहुन्छ–

"ध्यानमा म अब केही घण्टापछि जानेछु, तामाको पाता ready पारिदिनू, माटो तामाको पातामाथि सेतो कपडा बिछ्याउनू, त्यसमाथि मसानघाटको खरानी राखिदिनू र कपडारहित शरीरमा खरानी दलेर, चन्दनको टीका लगाएर, शिर र पाउमा साना बाँस दुईओटा राखिदिनू र चिता जस्तै बनाई पीताम्बर ओढाइदिनू ।"

"ध्यान एक रोमाञ्चकारी खेल हो, जसमा शान्तिखोजको सङ्घर्षमय खेल चल्छ, जहाँ पक्ष पनि र विपक्ष पनि स्वयम् रहन्छ, अन्ततः जीत पनि स्वयम्कै सुनिश्चित रहन्छ ।

–बालज्ञानी गुरु आदित्य

उहाँलाई सोधियो– "यस्तो कठोर ध्यान गर्दा के हुन्छ, नगर्दा के हुन्छ गुरुदेव ?"

उहाँले लेख्नुभयो– "नगर्दा मृत्यु, सफल भए जीवन ।"

यसै गरी गुरु आदित्य १० दिनसम्म महाध्यान यात्रामा जानुभयो । त्यसअघि उहाँले लेख्नुभएको थियो– "महाध्यान यात्रामा जाँदै छु । हजुरहरू पनि शुद्धतामा रहनू । त्यसपछि ध्यान शिविर चलाउँछु ।"

गुरु आदित्य तीन दिन पूर्ण प्रायश्चित्त ध्यानमा रहनुभयो ।

गुरु आदित्यद्वारा सिर्जित अर्को ध्यान प्रयोग हो, बुद्ध पूर्णिमाको रात्रिकालीन ध्यान । राति ११ बजेदेखि भोलिपल्ट दिउँसो १ बजेसम्म १४ घण्टा विशेष ध्यानमा जाने कुरा उहाँले एक दिनपूर्व मात्रै लेखिदिनुभयो । यसबीचमा आफूलाई बाधा नपुऱ्याउन सबैसँग अनुरोध गर्नुभयो ।

गुरु आदित्यले ध्यानमा जानुअघि लेख्नुभयो–

"बुद्ध र बुद्धत्वको ज्ञानकुण्डमा डुबुल्की मार्नेछु र प्राप्त अमृत हजुरहरूलाई पिलाउने छु ।"

लामो ध्यान-प्रयोगको अन्त्यमा आफ्ना इच्छुक शिष्यलाई ॐ आदिकुञ्जको हलमा मौनजप आयोजना गर्न निर्देश दिनुभयो । र

यो पनि लेख्नुभयो– "म ध्यानबाट फर्केपछि एक बजेपश्चात् उत्सव मनाउँला ।"

बुद्ध पूर्णिमाकै रात ध्यानमा जानुको कारण के होला ? यस विषयमा गुरु आदित्य लेख्नुहुन्छ–

"म आफूलाई विलीन गराउँदै, पुनः जाग्दै, अनेकौँ कष्ट पिउँदै, त्यो अमृततत्व ल्याउँछु र त्यो ज्ञान पिएसँगै तिम्रा दुर्गुण म लिनेछु ।"

अर्को पटक गुरु आदित्यद्वारा ३६ घण्टा समाधि ध्यानमा जाने इच्छा व्यक्त भयो । यसबीचमा कोहीसँग नभेट्ने, सूर्यको प्रकाश नहेर्ने, अन्न-जल त्यागी मृत्युमय जीवात्मासँग समायोजन हुने गरी बस्ने उहाँद्वारा आज्ञा भयो-

"मलाई १७ ओटा काँटीकिला बिछ्याएको काठमा वस्त्र नलगाई सुताइदिनू । अति गाह्रो भए ठूलो बुबाले निरन्तरता दिनू, नभए म आफैँ गर्नेछु" ।

"म यस्तो साधना गर्दा बढी उज्ज्वल देखिन्छु, ध्यान दिएर मात्रै हेर्नू । पहिला आँखा बन्द गरेर हेर्नू अनि खोल्नू । भगवान् पशुपतिनाथले रक्षा गरून्, कल्याण गरून् ।"

"चिन्ता नलिनू, नआत्तिनू, धेरै नसोच्नू, तनावमुक्त रहनू । यी सबै normal प्रक्रिया हुन्, मेरा लागि easily लिनू । साधकले ध्यान नगरी शुद्ध सोच भित्रिँदैन, ज्ञानको ज्योति उजागर हुन्न । ठूलो बुबा र शिष्यहरूले मन्त्र जप गर्नू, गराउनू । केही गर्नुपरे म ध्वनि निकाली सङ्केत दिनेछु । मेरो कोठाको भुइँमा समाधि आसन बनाउनू । अखण्ड बत्ती बाल्नू । एक ब्राह्मण बोलाई महामृत्युञ्जय मन्त्र पूजा अनुष्ठान लगाउनू । हजुरहरू जति तनावमुक्त रहनुहुन्छ, त्यति मलाई सहज हुन्छ ।"

> “ सुन्दरता बाहिरी आर्कषण मात्र हो, ध्यानद्वारा प्राप्त चमकद्वारा जीवन सिँगार ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

गुरु आदित्यले लेख्नुभयो, "श्री स्वस्थानीको श्री महादेव बन्न मन

लाग्यो । के गरौं ?"

बालज्ञानीको यो भनाइलाई कसरी व्याख्या गर्ने ? सामान्य तर्कबुद्धिले यसलाई अन्यार्थमा पनि लिन सक्छ । तत्वज्ञानको कसौटीमा राख्ने हो भने "महादेव बन्न मन लाग्यो" भन्नुको अर्थ शिवत्वको ब्राह्मी अवस्थामा रहने इच्छा राख्नु हो ।

> यस्तो इच्छा राख, जसबाट आफू आफ्नो परिवेशसँगै मोक्ष प्राप्त गर्ने प्रणका साथ जीवन चलाउने पथमार्गमा मात्र डोहोरिरहून् र डोऱ्याउन पनि सहजै सकियोस् ।
>
> *-बालज्ञानी गुरु आदित्य*

ooo

"म अरूको श्वासद्वारा जीवित छु, जुन योगबाट मात्र सम्भव छ ।"

"मृत्युलाई साधनाले जित्नुपर्छ ।"

उपर्युक्त अमृत-वाणीलाई बुझ्न र व्याख्या गर्न उपल्लो चेतना चाहिन्छ । योग, साधना अध्यात्म, तप र ध्यानका विषय यस्तै क्लिष्ट हुन्छन्, कुनै वैज्ञानिक आविष्कारहरू जस्तै । वैज्ञानिक आविष्कारबारे जानकारी त्योसँग सम्बन्धित वैज्ञानिकलाई मात्रै हुन्छ । आविष्कार गरिएको वैज्ञानिक प्रविधिको उपयोग जुनसुकै व्यक्तिले पनि गर्न सक्छ । ठीक यसै गरी ब्रह्मज्ञानका रहस्य ब्रह्मज्ञानीलाई मात्र बोध हुन्छ । त्यसको उपयोग र अनुसरण आमजनमानसले गर्न सक्छन् । गुरुदेव लेख्नुहुन्छ–

"निरन्तर घुमिरहने चक्र जो स्थिर छ तर परिचालित जसले जीवनलाई नै कुन मोडमा चलाउने सत्मार्ग वा अन्यमा भनी फैसला गराउने चक्र जसले मस्तिष्कका सूक्ष्म कणलाई एकीकृत बनाई शून्यतामा राख्छ र सदाचार एवम् ज्ञानले भरिपूर्ण योग्य आत्मरूपी मानव निर्माण गर्ने चक्र नै ज्ञानचक्र हो । प्रयास जारी राख्नू ।"

ooo

बालध्यानी आदित्य केही विशिष्ट ध्यान-प्रयोग समापन गरी फर्कनुभएको थियो । सधैंजसो यसपालि पनि ध्यान-प्रयोगको समापन बेलामा शिष्य-शुभचिन्तक तथा आदि परिवारलाई प्रसाद ग्रहणार्थ

बोलाउनुभएको थियो । त्यतिबेला उहाँले लेख्नुभयो–

"सुगन्धित चन्दनको वृक्ष हो, यो शरीर । तिम्रो स्वभावले यसको मादकता दर्साउँछ । सर्वप्रथम आफ्नो स्वभाव कस्तो छ, आफैँ मूल्याङ्कन गर । कति सही कति गलत, आफैँ छुट्याऊ, आफैँ सुधार । मैले सबैको स्वभाव चिनेको छु तर मौन छु, यदि औँल्याइदिएँ भने नकारात्मकता सहन गर्ने सामर्थ्य कसैमा छैन ।"

ooo

गुरु प्राप्तिको अभिलाषा बोकेर भेषराज लोहनी गुरु आदित्यसमक्ष आउनुभयो । उहाँ ध्यान-साधनामा अभिरुचि राख्ने र उद्योग-व्यवसायका क्षेत्रमा पनि सक्रिय हुनुहुन्छ । श्रद्धाभावपूर्वक उहाँले बालज्ञानी गुरुलाई जिज्ञासा राख्नुभयो– "म कुन बाटो हिडौँ, मेरा निम्ति कुन साधनापथ उत्तम हुन्छ गुरुदेव ?" प्रश्नको उत्तर दिंदै बालज्ञानीले तत्काल लेखिदिनुभयो–

"लोभ र मोह त्याग, मेरो होइन हाम्रो भन, प्राप्तिमा होइन, कर्ममा विश्वास गर । दया र धर्म नछोड, अरूको सेवामा आफूलाई समर्पित गर ।"

ooo

चित्त चिकित्सा आफूद्वारा आफ्नै चिकित्सा गर्नु हो । मानव चित्त अनेकौँ असल-खराब संस्कारहरूको सङ्ग्रहालय हो । यसैको प्रभावले व्यक्तिको चिन्तन, चरित्र, व्यवहार र बोलीवचनको निर्धारण गर्छ । मनोविज्ञहरूले यसैलाई अचेतन मनको संज्ञा दिएका छन् । चित्तको शुद्धीकरण नै धर्म-कर्म, ध्यान-साधना र योग-अध्यात्मको उपल्लो प्रयोजन हो ।

> "मेरो यथार्थपूर्ण भावनात्मक अभिव्यक्तिले तिमी कति परिमार्जित भयौ अब अगाडि देखिने, निर्वाह गर्ने दायित्व र जिम्मेवारीले दर्साउनेछ ।
>
> –बालज्ञानी गुरु आदित्य

शिष्य-शुभचिन्तक तथा जिज्ञासु आगन्तुकको चित्त-चिकित्सा गर्ने क्रममा बालज्ञानी गुरु आदित्य यदाकदा कसै

कसैको परीक्षा पनि लिने गर्नुहुन्छ–

"तिमी अटल सत्य कुराप्रति विश्वस्त रहन्छौ वा विचलित भई विवेक गुमाउँछौ हेर्न चाहन्थेँ । अचानक आउने तनावले कति चिन्ता भित्र्याउँदो रहेछ ? आफूप्रति नै विश्वस्त छैनौ, कसरी अरूको विश्वास जित्छौ ?"

०००

बालगुरु आदित्य एक विशेष ध्यान-प्रयोग सकेर सामान्य दैनिकीमा फर्कनुभएको थियो । उहाँकै निजी निवासमा केही शिष्य-शुभचिन्तक र केही आगन्तुक उपस्थित थिए । तत्कालै लेख्ने इच्छा गर्नुभयो–'आज मैले विचार, अध्ययन गरेँ । अति कमजोर सोच छ, समयलाई, भाग्यलाई आफ्नो वशमा तालाचाबी लगाएर राख्न खोज्छौँ तर सबथोक छेकिन्न । मनको भाव र विचार रोकिन्न, छेकिन्न । तसर्थ शुद्ध भावलाई मात्र सोचमा स्थान दिऊँ । नत्र जे गलत सोच्छौ, त्यसैले पूर्णता पाउला, होस गर ।'

'सबै पत्थरतुल्य छन् । पत्थरमा आत्मा भर्नु छ । हरपल समाधिमय चितामा जल्न चाहन्छु ।' आफ्नो ध्यान-साधनाबारे गुरुदेव लेख्नुहुन्छ–

'ध्यानी शून्य विचारको अवस्थामा जब रहन्छ, अनि मात्र भृकुटीमाभ्कको चक्षु उघ्रिन्छ, जसबाट आत्मा नै परमात्मा स्वरूपमा देख्न सकिन्छ ।"

'यसपालि हजुर कुन र कस्तो ध्यानमा जाँदै हुनुहुन्छ गुरुदेव ?" भनी प्रश्न राख्दा उहाँ लेख्नुहुन्छ–

'ध्यान उही हो, मृत्युशय्यामा पल्टी पुनः आनन्द लिई फर्किने र सबैलाई शीतलता दिने ।"

०००

तीनदिने प्र-योग योगा कोर्स समापन भइसकेपछि सहभागीहरूले आ-आफ्ना हिसाबले कोर्सको आत्म-मूल्याङ्कन गरे । गुरु आदित्यको मूल्याङ्कन भने भिन्न किसिमको थियो–

'मेरो मिहिनेत खेर नजाओस् । सबैलाई नियाल्दै जानेछु ।

अलिकति पनि सुधारको छनक अब अगाडि देखिनँ भने सात दिन जल, अन्न त्याग गर्न लगाई घुँडा टेकाएर आँखाअगाडि राख्नेछु । साँच्चै १०० मा १ प्रतिशतले मात्र सही गरेको देखेँ । कति पानीमाथिका ओभाना हुन् थाहा छ । हजुरहरूलाई ठेगानमा ल्याउनु भनेको बालुवा पेलेर तेल निकाल्नुसरह हुनेछ मलाई ।"

ॐ आदि ।

गुरुदेवको विशेष मन्त्र र शिष्य

"

शिष्य गुरुकोमा धाउँथे तर विडम्बना, कलियुगमा गुरु शिष्यकोमा धाउने बाध्यता भयो।

-बालज्ञानी गुरु आदित्य



गुरुदेवको विशेष मन्त्र र शिष्य

'संस्कृत' सनातन परम्पराको प्राण हो भने 'मन्त्र' साधना परम्पराको महाप्राण हो । पूर्वीय अध्यात्म विज्ञानअन्तर्गतको प्रयोग-साधनामा मन्त्रशक्तिको शीर्ष स्थान छ । जसरी क्षेप्यास्त्र हतियारमा बारूदको विस्फोटद्वारा लक्ष्य भेदन गरिन्छ, त्यसै गरी अध्यात्म साधनामा मन्त्रको विस्फोटद्वारा कुसंस्कार तथा कुप्रवृत्ति विनाश गरिन्छ । यन्त्र विज्ञानको विधिवत् प्रयोग मन्त्रदीक्षा वा गुरूदीक्षाबाट सुरु हुन्छ ।

गुरु आदित्यले कहिल्यै कुनै गुरूबाट मन्त्र सिक्नुभएको छैन तर उहाँ मन्त्ररचना, मन्त्र-प्रयोग अनि मन्त्र-साधनाको क्षेत्रमा एक शिखरपुरूष हुनुहुन्छ ।

हालसम्म गुरु आदित्यबाट प्रदत्त मन्त्रहरूले के प्रतिभाषित गर्छन् भने उहाँ वैदिक, तान्त्रिक, कौलिक सबै किसिमका मन्त्रद्रष्टा र ज्ञाता

हुनुहुन्छ । अहिलेसम्म उहाँले उद्धव केसी, प्रअनिल प्रसाईं, भेषराज लोहनी, भोलानाथ रेग्मी, सुशील कोइराला, विदुषा ओझा लोहनी, क्याप्टेन रामेश्वर थापा, यज्ञदीप महतो, राजन कोइराला, दुर्गा चुडाल घिमिरे, सुशीला गौतम, सागर थापा, सविता खड्का, सुशीला थापासमेत गरी १४ व्यक्तिलाई आफ्ना शिष्य बनाउनुभएको छ । सबै शिष्यलाई गुरु आदित्यले पूर्ण वैदिक र शास्त्रीय विधिद्वारा दीक्षा प्रदान गर्नुभएको छ र प्रत्येक शिष्यलाई दीक्षा-मन्त्र प्रदान गर्नुभएको छ । प्रायः बालगुरु आदित्यले श्रावण शुक्लपक्षको गुरुपूर्णिमाको अवसर पारेर गुरुदीक्षा प्रदान गर्नुहुन्छ ।

> “ अनमोल बहुमूल्य खजाना तिम्रै सामुन्नेमा छ, त्यसलाई प्राप्त गरी भरपुर सदुपयोग गरी चरम उपयोग गर्न आत्मालाई zero demand मा रित्तो राख्न सक्नुपर्छ ।
>
> *-बालज्ञानी गुरु आदित्य*

ooo

अध्यात्म-पथमा गुरुदीक्षा सर्वाधिक महत्व राख्ने अवसर हो । दीक्षाको अर्थ हो, गुरुचेतनासँग एकाकार हुने क्रियाविधि । शिष्य वरण गरी दीक्षा प्रदान गर्ने र आफू गुरुत्व ग्रहण गर्ने सामर्थ्य सद्गुरुमा मात्र हुन्छ । यस दृष्टिले हेर्दा बालगुरु आदित्य असाधारण आत्मा हुनुहुन्छ ।

दीक्षा प्रदान गरिने शिष्यको चयन गुरु आदित्य केही दिनपूर्व मात्रै गर्नुहुन्छ । इच्छा गर्नेहरू सबै शिष्य बन्न पाउँदैनन् । उहाँले जसलाई छान्नुहुन्छ, उसले मात्रै अवसर प्राप्त गर्छ । शिष्य हुने व्यक्तिलाई जानकारी गराइन्छ र गुरुशिष्यको अलौकिक दिव्य सम्बन्धमा गुरुदेवले उहाँहरूलाई पनि जोड्नुहुन्छ ।

ooo

बालज्ञानी गुरु आदित्यकै मार्गनिर्देशनअनुरूप ॐ आदिकुञ्जमा २०७५ ज्येष्ठ ३, ४ र ५ गते तीनदिने योग-साधना शिविर आयोजना

गरियो । योग-साधना शिविर कुन स्वरूपमा सम्पन्न गर्ने यसको सम्पूर्ण ढाँचा उहाँबाटै प्राप्त भएको थियो । शिविरको समापन ५ गते शनिबार विशिष्ट गायत्री यज्ञ-अनुष्ठानपूर्वक गर्न उहाँले दुई दिनअगावै निर्देशन गरिसक्नुभएको थियो । योग-साधना प्रशिक्षक र सहभागीहरू सोहीअनुरूप तयारी गरिरहेका थिए ।

तीनदिने ध्यान-साधना शिविर सार्थक रूपमा पूर्ण होस् भन्ने मनसायका साथ गुरु आदित्यले एउटा विशेष मन्त्र लेखेर दिनुभयो । साथै शिविर समापनको समयमा ५६२० पटक *ॐ नमः शिवाय मन्त्र* जप गरी पूर्णाहूति गर्न निर्देशन दिनुभयो–

ॐ आदि अनादि आदित्याय परमज्योति आराध्याय ॐ नमो नमः ॥ मन्त्रसमेत जप गर्न आज्ञा प्राप्त भएको थियो ।

०००

पूर्वनिर्धारित ढाँचाअनुरूप प्र-योग योग कोर्स सफलतापूर्वक सम्पन्न भयो । ध्यान समापनसँगै एक विशेष पूजाअनुष्ठान आयोजना गर्ने पनि उहाँको इच्छा थियो, जसअन्तर्गत गायत्री अग्निहोत्र, विशेष मन्त्रजप र पुरुषोत्तम माससम्बन्धी पूजा उहाँद्वारा नै निर्धारित भयो ।

पूजाअनुष्ठानका सम्पूर्ण विधि गुरु आदित्यद्वारा नै निर्देशित थिए । यहाँसम्म कि सहभागीहरूका निम्ति तयार गरिने प्रसाद र भोजनसमेत उहाँबाटै तय भएको थियो । यस अवसरमा गुरु आदित्यले सबै आमन्त्रित एवम् सहभागीलाई टीका लगाई आफूले भेटी दिन चाहेको कुरासमेत पूर्वजानकारी गराउनुभएको थियो ।

०००

२०७४ फागुन १ गते महाशिवरात्रि पर्वलाई भव्यतापूर्वक सम्पन्न गर्ने इच्छा व्यक्त गर्नुभयो । त्यसअनुरूप कार्यक्रमको सम्पूर्ण खाका उहाँले नै लेखिदिनुभयो । साथै कार्यक्रमलाई सफल बनाउन सम्पूर्ण कार्यविभाजन

> “ अहोभाग्य मेरो हो, जसले यस देवस्थलमा आफ्नो कार्यस्थलको दैलो उघार्न सफल बनायो ।
>
> *–बालज्ञानी गुरु आदित्य*

पनि उहाँले नै गर्नुभयो ।

सोही अवसर पारी बाह्रघण्टे अखण्ड जपध्यानको पनि आयोजना गरियो । भगवान् शिवको उपासना गर्ने विशेष दिन भएकाले बालगुरु आदित्य स्वयम् शिवको भेषमा प्रस्तुत हुनुभयो ।

सोही अवसरमा भगवान् शिवको स्तुतिका निम्ति प्रयोग गरिने स्तुति र महिमा स्वयम् गुरु आदित्यबाट दिव्यमन्त्र प्राप्त भयो–

"ॐ नमः शम्भवाय च मयोभवाय च नमः शङ्कराय च
मयस्कराय च नमः शिवाय च शिवतराय च ॥
ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां
ब्रह्माधिपतिर्ब्रह्मणोराऽधिपतिर्ब्रह्मा शिवो मे अस्तु सदाशिवोय ॥
तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात् ॥"

०००

कोजाग्रत पूर्णिमाको अवसर थियो । कोजाग्रत पूर्णिमा साधना-उपासनाका लागि उत्तम दिन मानिन्छ । उक्त दिन कसैले मन्त्रजपसहित व्रत बस्छन् भने कसैले अन्य विधिद्वारा उपासना गर्छन् ।

२०७४ सालको कोजाग्रत पूर्णिमाका दिन आमाहरूका लागि विशिष्ट भएको कुरा गुरु आदित्यले लेख्नुभयो । उहाँले नै आमाहरूलाई जप गर्ने मन्त्र लेखेर दिनुभयो । जसमा विधिसमेत प्रयोग गर्नुपर्ने निर्देश थियो । मन्त्रजपको अन्त्यमा विधिपूर्वक सूर्यलाई अर्घ्यदान गर्ने कुरासमेत उहाँले नै लेखेर दिनुभयो । त्यस दिन आमा (उपस्थिति मातृशक्ति)हरूलाई गुरु आदित्यले प्रदान गर्नुभएको मन्त्र–

क्षीरोदार्णवसम्भूत अत्रिगोत्रसमुद्भव
गृहाणार्घ्य शशाङ्केदं रोहिण्यसहितो मम ॥

सोही पूर्णिमाको दिन सबैले एक सय आठपटक जप गर्ने निर्देशनसहित गुरु आदित्यले अर्को विशेष मन्त्र

> "शिष्य बनाउँदा मेरो आफ्नो जिम्मेवारी बढ्छ, कठिन हुन्छ नै तर पनि आवश्यक पर्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*



पनि दिनुभयो–

ॐ श्रां श्रीं श्रौं सः चन्द्राय नमः ॥

ooo

शिष्य बनाएर मात्रै गुरुको दायित्व पूरा हुँदैन । असली गुरु त्यो हो, जसले दीक्षित शिष्यलाई मोक्षगामी र साधनामुखी हुन निरन्तर प्रशिक्षित गर्छ । यस सन्दर्भमा बालगुरु आदित्यले आफ्ना शिष्यहरूलाई प्रशिक्षणार्थ लेख्नुभएको यो ज्ञानामृत– "मेरा अनुयायीहरू हो, आपसी प्रेम र आत्मीय सद्भाव कायम गर अनि मात्र मेरो लक्ष्यसिद्धि हुनेछ ।"

"सर्वप्रथम तिमीहरू सबै साधनामा लाग । रिस, राग, द्वेष, ईर्ष्या, घमण्ड, लोभ, लालच जबसम्म तिमीहरू छाड्दैनौं, यो भ्रमण दर्शनको केही अर्थ छैन ।"

आफ्ना शिष्यहरूलाई गुरु आदित्य जति मार्गनिर्देश गर्नुहुन्छ, त्यति नै प्रेम पनि गर्नुहुन्छ । एक प्रसङ्गमा– "मेरा शिष्यहरूलाई म आफैँ बाँध्नेछु, समय आउँछ, भर्खर मेरो गर्भभित्र छन्, निक्लिँदा सबैलाई पूर्णता दिनेछु ।"

ॐ आदि ।

धार्मिक यात्रा एवम् अनुष्ठान

"

चेतनशील प्राणीको कुन चेतनाभित्र हत्या, हिंसाको क्रूर चेत छिपेको छ, जसले भगवान्‌को नाममा अबोधको बलि दिई क्रूरताको असीम परिचय दिन्छ।

-बालज्ञानी गुरु आदित्य



धार्मिक यात्रा एवम् अनुष्ठान

तीर्थ सेवन, तीर्थयात्रा तथा देशदर्शन सनातन संस्कृतिको एक महत्वपूर्ण आयाम हो । बालज्ञानी गुरु आदित्य तीर्थयात्रामा असाध्यै रमाउनुहुन्छ । हालसम्म उहाँले देशका अनेकौँ महत्वपूर्ण तीर्थस्थलको यात्रा गरिसक्नुभएको छ ।

कुन तिथिमा, कुन तीर्थस्थल, कसरी जाने यसको सबै खाका र योजनाबारे गुरु आदित्यले नै निर्देशन दिनुहुन्छ । तदनुरूप अभिभावक तथा शिष्य-प्रतिष्ठानका सदस्य र शुभचिन्तकहरू यात्राको योजना बनाउँछन् ।

पूर्वी नेपालको प्रसिद्ध हलेसी महादेवको यात्राबारे प्रतिष्ठानका सदस्य, शिष्य एवम् शुभचिन्तकहरूले गुरु आदित्यलाई सोधे– "हलेसी दर्शन कार्यक्रम कहिले र कसरी प्रबन्ध गर्दा बेस होला गुरुदेव ?"

उहाँको उत्तर थियो– "२३ वैशाखभन्दा अघि नै मिलाऊ ।

लोहनीजी, उद्धवजी, भोलाजीले व्यवस्थापकज्यूसँग समन्वय गरी सहज तवरले व्यवस्था गर्नुहोस् ।"

> "मसँग हिँडेपछि केही हुन्न, अलिअलि हुने कष्टलाई सामान्य रुपमा लिनुपर्छ ।
> –बालज्ञानी गुरु आदित्य

अक्सर तीर्थयात्राहरू प्रायः यसरी नै तय हुन्छन् । आफूसँग जाने टोलीमा को को सामेल रहने, त्यो पनि आफैं तोक्नुहुन्छ । उहाँसँग गरिने हर यात्रा स्मरणीय र रमाइलो किसिमको हुने शिष्य सदस्यहरूको अनुभव छ । यात्राका क्रममा राति बास बस्नुपर्‍यो भने होटलभन्दा आश्रम या कसैको घरमा बस्न रुचाउनुहुन्छ ।

ooo

गुरु आदित्यलाई ज्वरोले आलसतालस बनाएको थियो । उच्च डिग्रीको ज्वरो ओर्लिएको अवस्था थिएन । तर पनि गुरु आदित्यले लेख्नुभयो– "भोलि लुम्बिनी जाने ।" लुम्बिनी यात्रामा आफूसँग जाने सहयात्रीहरूको नाम पनि आफैं लेखिदिनुभयो । गुरु आदित्यको स्वास्थ्य अवस्थाका कारण सबै चिन्तित भए ।

उपस्थित शिष्य-शुभचिन्तकले यस्तो अवस्थामा नजान आग्रह गरे तर पनि लुम्बिनी जाने कुराप्रति दृढ हुँदै लेखिदिनुभयो– "मेरो लास भए पनि पुर्‍याइदिनू ।" दृढ इच्छाशक्तिको सदैव विजय हुन्छ । भोलिपल्ट बिहान गुरु आदित्य पूर्ण रूपले ठीक हुनुभयो । उहाँको निर्देशनअनुसार लुम्बिनी दर्शन सहज रूपमा सम्पन्न भयो ।

गुरु आदित्यले हालसम्म काठमाडौं उपत्यकाभित्रका प्रायः सबै मन्दिर, विन्ध्यवासिनी पोखरा, बुद्ध जन्मस्थल लुम्बिनी, बुढासुब्बा मन्दिर धरान, पलाञ्चोक भगवती काभ्रे, मनकामना, हलेसी महादेव तथा अमेरिकाका केही मन्दिर र चर्चहरूको भ्रमण गरिसक्नुभएको छ ।

ooo

आदित्य प्रतिष्ठानका केही सदस्यले पाथीभरा दर्शनमा जाने योजना बनाए । के कसरी जाने र को को जाने भन्ने छलफल भयो ।

यसपटक गुरु आदित्यले पाथीभरा माताको दर्शन केही पछि मात्रै गर्ने सङ्केत गर्दै लेख्नुभयो–

"मेरो भाकल थियो, सम्पूर्ण परिवारका साथ एकै चोटि दर्शन गर्ने र देवीको पूजाआराधना गर्ने । मनैबाट पुकारा गरी मेरा सबै mission पूरा गर्न सदैव देवीको आशीर्वाद मिल्नेछ भनी कामना गर्दछु ।"

भाई स्वरूपराजसँग गुरु आदित्य

ooo

नवजात शिशुको नामकरण गर्न बालगुरु आदित्य अत्यन्तै प्रखर हुनुहुन्छ । उहाँका मातापिताबाट दोस्रो सन्तानका रूपमा २०७४ वैशाख ५ मा छोराको जन्म भयो । बुबाआमाको दोस्रो सन्तानका रूपमा जन्मिएको भाइको नाम आदित्यले नै राख्नुभयो– "स्वरूपराज शर्मा ।"

आदित्यले लेख्नुभयो– "भाइ स्वरूपको जन्म पनि मेरो भविष्यको योजनालाई मूर्त रूप दिनलाई भएको हो । एक पवित्र आत्मालाई मैले नै खोजेर ल्याएको हुँ, जोबिना म पूर्ण हुने छैन ।"

> “भोकै बसी होइन, भावद्वारा भक्ति गर । भोकले रिस, द्वेष, तनाव निम्त्याउँछ भने भावको भक्तिले प्रेम, समर्पण र अपनत्व जगाउँछ । ।
>
> –बालज्ञानी गुरु आदित्य

२०७५ वैशाख ५ गते भाइ स्वरूपको जन्मदिनमा गुरु आदित्यबाट प्राप्त वाणी– "मेरो अंशलाई, मेरो स्वरूपलाई यस धर्तीमा उतारेको दिन

म सबैभन्दा खुसी भएको दिन ।"

परिचित तथा परिवारहरूले अनुरोध गरेअनुरूप आदित्यले हालसम्म प्रदान गर्नुभएका नवजात शिशुका नामहरू : वेदान्त, काम्या, स्वर्णिमा, प्रसन्ना, गहन गरिमालगायत छन् ।

> "आजदेखि हरेक समस्या मलाई छाडिदेऊ र यहाँबाट निश्चिन्त भएर जाऊ । जब तिमीले घरायसी समस्यालाई समस्या मान्न थाल्यौ भने कहिल्यै अघि बढ्नै सक्दैनौ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

०००

२०७३ चैते दसैंमा पर्ने रामनवमीका अवसरमा गुरु आदित्यद्वारा नौ दिनसम्म सिफल घरमा सम्पन्न साधना अनुष्ठानको साङ्गे कार्यक्रममा आदित्य प्रतिष्ठानका सदस्य, शुभचिन्तक, शिष्यलगायत पुरोहितसमेत उपस्थित थिए । पूजा समापन हुन केही समय बाँकी थियो ।

पूजाअनुष्ठानको क्रम चलिरहँदा कता कताबाट तीनचार ओटा बाँदर आँगनको उत्तर दिशामा रहेको रूखमा आएर बसे । बाँदरहरूको बसाइ हेर्दा उपद्रो गर्ने सङ्केत पटक्कै देखिँदैनथ्यो । बाँदरहरू अनुष्ठान चलुन्जेल रूखका हाँगामा स्थिर भई पूजास्थलतिर फर्किएर शान्त मुद्रामा बसिरहे ।

पूजा समापनपछि प्रसाद वितरण भयो । बाँदरहरूलाई पनि जल प्रसाद दिएपछि बाँदरहरू चुपचाप आफ्नो बाटो लागे । बाँदरको क्रियाकलापले सबै उपस्थित अचम्मित भए । गुरु आदित्य भने मुस्कुराइरहनुभयो ।

०००

विभिन्न तीर्थस्थल यात्रा गर्ने क्रममा गुरु आदित्य पलाञ्चोक भगवती दर्शनार्थ जाने निधो भयो । माइक्रो भ्यान रिजर्भ गरी गुरुसहितको टोली त्यसतर्फ प्रस्थान गर्‍यो । पाँचखाल पार गरी माइक्रो उकालो लाग्यो । पलाञ्चोक भगवती पुग्न थोरै मात्र बाँकी थियो ।

गाडीभित्र गुरु आदित्य अगाडिपट्टिको सिटमा ठूलो बुवाको काखमा बस्नुभएको थियो । गाडी आफ्नै गतिमा थियो, अकस्मात् सानो जङ्गलबाट सुनौलो रङको टलक्क टल्किने लामो ठूलो सर्प सिधै सडकको बीचमा आएर अडियो । चालकले गाडीको गति घटाए । गाडीभित्र बस्ने अधिकांश व्यक्ति सर्प देखेर आत्तिए । कोही कोही चिच्याउन पनि थाले तर गुरु आदित्यको एकोहोरो दृष्टि सर्पको आँखामा थियो ।

यत्तिकैमा सर्प सिधै गाडीको ठीक अगाडि आयो र फँणा खोलेर उभियो । यस्तो रूपमा देखिने सर्प प्रायः क्रोधित अवस्थामा हुन्छन् । तर त्यो सर्प प्रफुल्लितझैं देखिन्थ्यो । थोरै समय त्यसै गरी उभिरह्यो । त्यसपछि बिस्तारै जताबाट आएको थियो, उतै फर्कियो । सर्पले हेरून्जेल गुरु आदित्य हाँसिरहनुभयो र आँखामा आँखा मिलाई हेरिरहनुभयो ।

ooo

गुरु आदित्यकै इच्छाबमोजिम हलेसी महादेव दर्शन गर्ने कार्यक्रम तय गरिएको थियो । उहाँसँग यात्रा गर्न चाहनेहरूको सङ्ख्याअनुरूप यात्रामा लगिएको थियो । दर्शन, पूजापाठ सकेपछि फर्कने क्रममा गुरु आदित्य नयाँ ल्यान्डक्रुजर गाडीमा चढ्नुभयो । त्यो मोटर अघि लाग्यो, पछिपछि अरू मोटर ।

हलेसी क्षेत्रबाट लगभग एक घण्टा बाटो पार गरेपछि गुरु आदित्यलाई वाकवाक लाग्न थाल्यो । लगातार वान्ता हुन थालेपछि मोटर रोक्नुपर्ने भयो । पानी भएको ठाउँ हेरेर मोटर रोकियो । त्यत्तिकैमा पछाडिको अर्को मोटर पनि आइपुग्यो । अर्को मोटरमा रहनुभएका ठूलो बुवाले देख्नुभयो कि गुरु चढेको मोटरको एउटा चक्का पङ्चर थियो । पूरै हावा निस्केर थचक्कै भएको अवस्थामा यदि गाडी सरासर अगाडि बढेको भए पहाडी बाटोमा ठूलो दुर्घटना हुन सक्ने रहेछ । गुरूले सायद

> “कुविचारको यमराज नै ध्यान हो।
> –बालज्ञानी गुरु आदित्य

यसैको सङ्केत गर्न खोज्नुभएको थियो ।

त्यसपछि उहाँलाई अर्को गाडीमा राखियो र उहाँको वान्ता पनि रोकियो । उहाँ तुरुन्तै प्रसन्न मुद्रामा फर्किनुभयो ।

काठमाडौं पुगेर प्रतिष्ठानको बैठक बोलाइयो । बैठकमा गुरु आदित्यले लेख्नुभयो– "त्यस दिन निकै ठूलो दशा टऱ्यो ।"

> “म प्रत्येक वर्ष जन्मन्छु नयाँ परिकल्पनासाथ र योसँग जोडिएका प्रत्येक सदस्यलाई आफ्नै गर्भमा राखी पुनः प्रशोधन गरी पुनर्जन्म गराउन मलाई विश्राम चाहिएको छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

०००

शिष्य-शुभचिन्तकलाई पूर्वजानकारी गराई बालध्यानी आदित्य सात दिनको एकान्त ध्यान प्रयोगमा जानुभयो ।

ध्यानमा प्रवेश गर्नुपूर्व नै गुरु आदित्यले यस्तो जनाउ दिनुभएको थियो- "मेरो ध्यान ८ गते दिउँसो ठीक सवा तीन बजे सकिनेछ । सूर्यदर्शन गरेर मात्रै ध्यान विसर्जन गर्नेछु अनि मात्रै जल-अन्न ग्रहण गर्नेछु ।"

सोही तालिकाअनुरूप शिष्य अनुयायी ध्यान सकिने दिन तीन बजेअघि नै भेला भए । उनीहरू सवा तीन बजेको पर्खाइमा थिए । यता मौसम भने प्रतिकूल थियो । चारैतिर कालो बादलले आकाश ढाकेको थियो । घामको नामोनिसाना थिएन ।

३:१० बजिसक्दा पनि घाम देखिने छाँटकाट थिएन । उपस्थित शिष्य अनुयायी असमञ्जसमा परे । के गर्ने, कसो गर्ने भयो । ठीक सवा तीन बजे गुरु आदित्य ध्यानबाट उठ्नुभयो र आफूलाई सिधै बाहिर आँगनमा लैजान सङ्केत गर्नुभयो । उहाँलाई बोकेर बाहिर ल्याइयो । ठीक त्यति नै बेला आकाशमा सूर्य देखियो । गुरु आदित्यले सूर्यदर्शन गर्नुभयो ।

०००

गुरु आदित्यमा महाज्ञानोदय हुनुभन्दा चार दिनपूर्व २०७१ असार

२१ गते आमा ईश्वराले एउटा अद्‌भुत सपना देख्नुभयो । एक निर्मल, नीलो विशाल समुद्र, त्यसको छेउमा अति नै सुन्दर पैदलपथ । हराभरा दृश्य, पुष्पपल्लवले झकिझकाउ । यस्तो दृष्टिका बीच उहाँलाई कुनै अन्जान व्यक्तिले समुद्र किनारमा डोऱ्याएर हिँडिरहेका । त्यतिबेला सपनामा उहाँको पेट गर्भवती महिलाको गर्भकालको जस्तो ठूलो थियो ।

त्यत्तिकैमा समुद्रबाट एक विशाल छाल आयो र हात समातेर डोऱ्याउँदै गरेको मान्छेलाई बीचतिर लिएर गयो । लगत्तै अर्को दृश्यमा उहाँ कुनै ठूलो अस्पतालभित्रको शय्यामा पुग्नुभयो । अस्पतालमा बच्चा जन्मियो । डाक्टरले बच्चा सकुशल रहेको बताए । जन्मिएको बच्चाको मुख हेर्दा छोरा आदित्य नै हुनुहुन्थ्यो ।

०००

स्वास्थ्योपचारका लागि गुरु आदित्य आफ्ना मातापितासहित चार महिना जति अमेरिकाको क्यालिफोर्निया सहरमा बस्नुभयो । उहाँको त्यो विदेश प्रवास पनि कम घतलाग्दो भएन ।

स्वास्थ्य परीक्षण तथा अस्पताल भ्रमणबाहेकको समयमा गुरु आदित्य सहरका ऐतिहासिक तथा पुरातात्विक स्थल घुम्न, हेर्न रुचाउनुहुन्थ्यो । कुन दिन, कुन समय कहाँ जान मन लाग्छ, आफैं लेखिदिनुहुन्थ्यो, ठाउँ र ठेगाना ।

एकपटक लेखिदिनुभयो– "मलाई चर्चमा पुऱ्याइदिनू ।" त्यो चर्चबारे उहाँलाई कहिल्यै पनि भनिएको थिएन । त्यहीं बर्सौं बिताएका नेपालीहरूलाई थाहा नभएको उक्त चर्चबारे गुरु आदित्यले नाम, ठेगाना, नक्सासहित बताइदिनुभयो ।

नयाँ ठाउँमा जाने क्रममा बाटो अलमलिँदा गुरु

> “ गायत्री मन्त्र का ताकत किसी विज्ञान का अस्त्र से कम नही है ।
>
> *–बालज्ञानी गुरु आदित्य*



आदित्य इसाराले बाटो वा दिशा बताइदिनुहुन्थ्यो । कतिपय मौकामा लेखेर या नक्सा बनाएरै पनि बाटो र ठाउँबारे जनाउ दिनुहुन्थ्यो । गुरु आदित्य अमेरिका रहुन्जेल त्यहाँको संस्कृति, चालचलन, संस्कार र समृद्धिबारे निकै नै चासोका साथ अवलोकन गर्नुभएको थियो ।

> पृथ्वीको गर्भमा तीन भाग जल पर्याप्त छ, त्यही जलसम्म दान गर्न नसक्नेलाई धनको कुनै काम छैन । त्यसैले आज हराभरा त्यो तिम्रो जीवन भोलिको सुक्खा मरुभूमि नबन्ला भन्न सकिन्न ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

प्रसङ्ग २०७३ साल माघको हो । एक विशिष्ट ध्यान-साधनाको प्रयोगपछि गुरु आदित्यले घरैमा पूर्णाहूतिस्वरूप एक पूजाअनुष्ठान गर्ने योजना बनाउनुभयो । तदनुरूप पुरोहितहरू आमन्त्रित गरिए । यसपटकको अनुष्ठान शिवोपासनासम्बन्धी भएकाले महत्वपूर्ण र केही जटिल किसिमको थियो ।

पूजाअनुष्ठान एवम् यज्ञयज्ञादि विधिविधानपूर्वक सम्पन्न गर्ने कुराप्रति गुरु आदित्य अत्यन्तै सचेत हुनुहुन्थ्यो । अनुष्ठानको सम्पूर्ण ढाँचा र रूपरेखा उहाँले नै दिनुभयो ।

आजभोलि पण्डित-पुरोहित छिटोछरितो विधि गर्दै धेरै ठाउँ भ्याउने ध्याउन्नमा लाग्न थालेको भन्ने सुनिन्छ । यसै कारणले होला, गुरु आदित्यले मूल पुरोहितलाई सुरुमै यस्तो निर्देशन दिनुभयो–

"म बोल्दिनँ भनेर लटरपटर नगर्नू, शिवजीको राम्रो पूजा गराउनू ।"

ooo

बालज्ञानी आदित्यको नेतृत्वमा परिवार, शिष्य-शुभचिन्तकको एक समूह पोखरा यात्रामा निस्कियो । विन्ध्यवासिनी देवीको दर्शन गर्ने उद्देश्यका साथ एक समूह पोखरा पुग्यो । दुई रात पोखरामा

वास बस्नुपर्ने भयो । कसैले होटलमा बस्ने इच्छा राखे त कसैले आफन्तकहाँ जाने योजना बनाए ।

गुरु आदित्य होटलमा बस्न रूचाउनुभएन । उहाँले भन्नुभयो– "आज रातको वास ओशो उपवन पोखरामा हुनेछ ।" त्यसपछि सबैको रात्रि विश्राम अत्यन्तै सौहार्दता एवम् भव्य आतिथ्यका साथ ओशो आश्रममा भयो ।

बिदा हुने बेलामा गुरु आदित्यले लेख्नुभयो– "आश्रमलाई धन्यवाद । पुनः आउँला ।"

निजी स्तरबाट साँगामा बनेको महादेवको मूर्ति दर्शनार्थ जाने इच्छा गुरु आदित्यको थियो । उहाँकै इच्छाअनुरूप परिवार-शिष्य तथा शुभचिन्तकहरू त्यहाँ पुगे । त्यहाँ अतिथिहरूको भव्य स्वागत भयो । विधिअनुसार मन्दिर एवम् मूर्तिको दर्शन गराइयो ।

गुरु आदित्यदेवलाई आफ्नो परिसरमा पाउँदा आतिथ्य गर्नेहरू सबै उत्साहित भए । बिदाइ गर्ने क्रममा उनीहरूले केही रकम खाममा राखेर गुरु आदित्यलाई समर्पित गरे । तुरुन्तै प्रतिक्रिया गर्न सहज थिएन । किनकि उहाँ बोल्ने या सबैले बुझ्ने गरी सङ्केत गर्न सक्नुहुन्न ।

सदाझैँ बिदा हुने बेलामा केही लेख्न चाहेको सङ्केत गरेपछि आवश्यक प्रबन्ध मिलाइयो । त्यसपछि गुरु आदित्यले लेख्नुभयो– "हामीलाई दिइएको बिदाइ सौगातमा केही रकम थपेर फिर्ता दिनू । मन्दिरमा आएर लिनुहुन्न, दिएर जानुपर्छ ।"

ooo

आमा ईश्वरासँग बालज्ञानी अज्ञातवास-ध्यानका लागि अज्ञात ठाउँतर्फ गएका बेला बसेको ठाउँनजिकै भागवत कथा भइरहेको थियो । कथा सुनेर गुरुदेवबाट केही रकम सहयोग गर्न आज्ञा प्राप्त भयो ।

"स्वयम्
आफूलाई त्यागेर हेर,
जीवनको अमूल्य चिर
आनन्द प्राप्त गर्नेछौ,
त्यागले प्राप्तिको
ढोका खोल्छ ।
–*बालज्ञानी गुरु आदित्य*

ooo

गायिका जलजला परियार जटिल रोगका कारण अस्पताल भर्ना भएको कुरा सञ्चारमाध्यममा आइरहेको थियो । यसबारे गुरु आदित्यसँग कसैले पनि कुरा गरेको या उहाँलाई जानकारी गराइएको थिएन । न त आदि परिवारभित्र नै यस विषयमा चर्चा भएको थियो ।

> The sweet secret of present is the beauty of life in future.
>
> *–बालज्ञानी गुरु आदित्य*

नियमित सत्सङ्गको कार्यक्रम सकिएपछि उहाँले लेख्नुभयो– "गायिका जलजला परियार जसले आदिकुञ्जमा पनि भजन गाएकी थिइन्, उनको उपचारार्थ एपिएफमार्फत केही रकम सहयोग गर्नू ।"

ooo

हरितालिका तीज चेलिबेटीहरूको विशिष्ट चाड हो । यस अवसरमा चेलिबेटी माइती जान्छन् । दर खान्छन्, रमाइलो गर्दै वर्षभरिका पीडादायी स्मरणहरू भुल्ने प्रयास गर्छन् । तीजमा खाने र नाच्ने मात्रै होइन, निराहार व्रत बस्ने प्रचलन पनि छ ।

तीज र नारी शृङ्गारका बीच प्रगाढ सम्बन्ध छ । २०७४ सालको तीजका बारेमा गुरुदेव लेख्नुहुन्छ– "पाँच चेलीलाई नारी शृङ्गारसहित वस्त्र दिन मन छ । अरूलाई सौभाग्यको सामग्री दिन मन छ ।"

यस्तो विचार बालगुरुको मनमा कसरी उपन्न हुन्छ होला ? उपस्थित महानुभावहरूबीच कानेखुसी हुन थाल्यो । एकदुई जनाको मुखबाट निस्किइहाल्यो– "अनि आमाहरूलाई चाहिँ ?"

बालगुरुले लेखिसक्नुभएको रहेछ– "आमाहरूलाई बुवाले दिनू ।"

ooo

वैशाख १२ को महाभूकम्पपश्चात् बालज्ञानी आदित्यलाई उद्धार र राहतका लागि दान गर्ने मनोकाङ्क्षा जाग्यो । उहाँले आदित्य संरक्षण प्रतिष्ठानको आकस्मिक बैठक बोलाउन लगाउनुभयो । उक्त बैठकमा गुरु आदित्यले आफ्नो इच्छा यसरी लेख्नुभयो– "पीडितले नै पाउने गरी राहत कोषमा आदित्य संरक्षण प्रतिष्ठानका तर्फबाट

केही रकम सहयोगार्थ दिऊँ ।" उक्त रकम प्रधानमन्त्री कार्यालयमा उपस्थित भई तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई हस्तान्तरण गरियो ।

सरकारी राहत कोषमा दोस्रोपटक पनि गुरु आदित्यले दान गर्ने चाहना राख्नुभयो । त्यस बखतमा पूर्वी तराईलाई बाढीले आक्रान्त बनाएको थियो । उहाँ स्वयम्‌को चाहनाबमोजिम यथाशक्य सहयोग राशि प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटी हस्तान्तरण गरियो ।

अरूलाई दिन प्रेरित गर्ने आदित्य-वाणी

- "साधु-सन्तलाई दान-दक्षिणा दिन र खुवाउन सधैं मन लाग्छ ।"
- "बसाइ राम्रै छ, आएका आगन्तुकलाई जे भए नि खुवाएर पठाउने व्यवस्था, पानी, ट्वाइलेट, बत्तीको उचित व्यवस्था गर ।"
- आदित्यका मामा शम्भु गुरागाईंको देहान्तपश्चात् मरणोत्तर संस्कारका क्रममा– "गौदानको पैसा म आफैं बेहोर्छु । दानदक्षिणा, गाईबाच्छी र वस्त्र पनि दान गर्न चाहन्छु । दुःखमा साथ दिने सबै आफन्तजनप्रति सादर धन्यवाद ।"
- "हर सत्सङ्ग भजनमा आउने र गाउने सबैलाई बोलाउनू । बोलाएका पाहुनालाई काम नलगाउनू ।"
- "दिन मात्र सिक सबै वस्तु, प्राणसमेत देऊ, बदलामा त्यसको शून्य शान्ति मात्र लेऊ ।"

ॐ आदि ।

विशेष भेटघाट/ दिशानिर्देश

“

राजनैतिक अति जटिल वस्तु हो । सफलता हासिल गर्ने वा नगर्ने भन्दा पनि जनहितका लागि आफूलाई समर्पित गर्नुहोस् । सधैं अगाडि बढ्न मार्गनिर्देश आफैं मिल्नेछ।

–बालज्ञानी गुरु आदित्य



राजनैतिक अति जटिल
वस्तु हो। सफलता हासिल
गर्ने वा नगर्ने भन्दा पनि
जनहितका लागि आफूलाई
समर्पित गर्नुहोस सधैं
अगाडी बढ्ने मार्गनिर्देश आफैं
मिल्नेछ।

विशेष भेटघाट/दिशानिर्देश

गुरु आदित्यमा असाधारण ज्ञानप्रवाह भएसँगै देशका विशिष्ट व्यक्तित्वहरू उहाँसँग भेट्न आउने क्रम जारी छ । भेटघाटका लागि आउने हरेक व्यक्तित्व गुरु आदित्यबाट कुनै न कुनै दिशानिर्देश प्राप्त गरी लाभान्वित भएरै फर्कन्छन् ।

जुनसुकै क्षेत्रसँग सम्बन्धित व्यक्तित्व आए पनि आगन्तुकलाई उसकै क्षेत्र र विषयवस्तुमा केन्द्रित रही दिशानिर्देश र सल्लाहसुझाव प्रदान गर्नुहुन्छ गुरु आदित्य ।

ooo

देशले संविधान पाउन निकै धैर्य गर्नुपर्‍यो । त्यसबखत प्रधानमन्त्री सुशील कोइराला हुनुहुन्थ्यो । गुरु आदित्य उहाँलाई निकै स्नेह गर्नुहुन्थ्यो । उहाँहरूबीच धेरै पटक भेटघाट भयो । पहिलो पटक संविधानको खाका प्रस्तुत हुँदा गुरु आदित्यले लेख्नुभयो–

"मस्यौदाको खाका आएको छ, राम्रो कामको सुरुवात हो । Don't worry संविधान बन्छ र बनाउनैपर्छ ।"

प्रधानमन्त्री कोइरालासँगको पुनः भेटघाटमा गुरु आदित्यले अङ्ग्रेजीमा लेख्नुभयो–

'You also want to change, I also want to change this country. But our health is not good. I want to be healthy'

ooo

२०७३ असार २३ गते गुरु आदित्यको अत्यन्तै महत्वपूर्ण भेटघाट प्रधानमन्त्री निवास बालुवाटारमा भयो । सो भेटघाटमा तीन ठूला पार्टीका अध्यक्ष केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल तीनैजना समुपस्थित हुनुहुन्थ्यो ।

संविधान र सहमतिको विषयलाई लिएर पार्टीहरूमा एकता थिएन । नयाँ संविधान कार्यान्वयनसँगै सर्वदलीय सहमतिमा अघि बढ्नुपर्ने माग सर्वत्रबाट आइरहेको थियो । गुरु आदित्यकै इच्छाअनुसार भेटघाटको आयोजना गरिएको थियो । भेटघाटका क्रममा तीन प्रमुख दलका अध्यक्षहरूलाई एकतापूर्ण ढङ्गले देश अगाडि बढाउन अपिल गर्दै गुरु आदित्यले लेख्नुभयो–

"संविधान निर्माणपछिको प्रथम प्रधानमन्त्री हुनुभएकोमा हार्दिक बधाई दिन चाहन्छु । छरिएर रहेको राजनीतिक अराजकतालाई समेटी देशलाई सहि मोडमा ल्याई जनतालाई न्याय दिनु हुनेछ भन्ने कामनासमेत गर्दछु ।

–बालज्ञानी गुरु आदित्यबाट केपी शर्मा ओलीज्यू पहिलो पटक प्रधानमन्त्री हुनुभएपछि सम्प्रेषित शुभकामना ।



"राष्ट्रिय सहमतिको सरकार बन्नु र रहनुपर्छ । सरकारमा जो रहे पनि दायित्वबोध होस् । अबको पाँच वर्ष सबैले आफ्ना लागि नभएर देशका लागि मात्र सोचौँ । छोडिदिऊँ ego । सबैले एकतामय वातावरणमा गएर मात्र विकास र शान्ति आउँछ । देश साह्रै बिग्रियो, सोचौँ, हेर लाचार नबनौँ, केही गरौँ । कति स्रोत छ, कति साधन छ, जनशक्ति छ, लोभ नगरौँ, मोह छाडौँ, अनि हेरौँ कति शक्ति जुट्छ, अनि स्वतः शान्ति र विकास भित्रिन्छ ।"

> "नवीनतम परिवर्तनका लागि द्रुत विकास चाहिन्छ, जसका लागि कुशल नेता चाहिन्छ, जो क्रान्तिकारी सोच भएका जनताबाट छनोट भएको हुन्छ ।
>
> *-बालज्ञानी गुरु आदित्य*

उक्त भेटघाटको केही दिनपछि तीनओटै दलका अध्यक्षको सहमतिले आदित्य प्रतिष्ठानलाई रु १ करोड उपलब्ध गराउने सहमति गरिएछ । त्यसबखत देश गहिरो पीडामा थियो । महाभूकम्पको चोट ओभानै थियो । कैयौँ भूकम्पपीडित जनताको वास खुला आकाशमुनि थियो । त्यस्तो विषम परिस्थितिमा गुरु आदित्यले सो रकम लिन विवेकपूर्ण नहुने अभिव्यक्ति दिनुभयो ।

प्रतिष्ठानलाई दिने भनिएको रकम अशक्त बालबालिकाका नाममा खर्च गरियोस् भन्ने उहाँको आग्रह थियो । त्यति बेला आदित्य संरक्षण प्रतिष्ठानलाई एक करोड दिइएको विषयले सर्वत्र चर्चा पाए पनि कुनै किसिमको आधिकारिक पत्र भने प्रतिष्ठानलाई प्राप्त भएको थिएन ।



ooo

मन्त्रिपरिषद्का तत्कालीन अध्यक्ष खिलराज रेग्मीसँगको भेटमा गुरु आदित्य लेख्नुहुन्छ–

'Khilaraj ji, you are so great. You did your job

well but when you hand over to other they can't do well.'

ooo

२०७३ भाद्र १ गते नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई एक अपेक्षापत्र गुरु आदित्यले प्रेषित गर्नुभयो । उक्त पत्र नेता नारायणकाजी श्रेष्ठद्वारा उहाँसम्म पुऱ्याइएको थियो ।

> "तिम्रो धर्म, कर्तव्य, मान, सम्मान, इज्जत, प्रतिष्ठाका लागि हाम्रो मूल्य मूल्यहीन लाग्छ । तर समय परिवर्तनशील छ, हामी अपरिहार्य लाग्न थाल्दा हामी धर्तीमा नभई मात्र आकाशमा भेटिनेछौं ।
>
> *–बालज्ञानी गुरु आदित्य*

पत्रमा उहाँले लेख्नुभएको छ– "प्रचण्डज्यू, प्रशासनिक क्षेत्रमा जगेर्ना, औद्योगिक क्षेत्रमा लगानी गर्न निजीक्षेत्रलाई प्रोत्साहन, स्वदेशमै स्वरोजगारको व्यवस्था, हाइड्रोपावरमा उच्च लगानी, पर्यटन प्रवर्द्धन इत्यादि कार्यलाई प्रमुख प्राथमिकता दिँदै कार्य गर्नुहुनेछ भन्ने अपेक्षा राख्दछु ।"

ooo

२०७४ साउनमा ज्ञानेन्द्रबहादुर कार्की अर्थमन्त्री हुनुभएपछि बालज्ञानी आदित्यसँग एकपटक भेटघाट भयो । सो अवसरमा गुरु आदित्यले तत्कालीन अर्थमन्त्रीलाई सम्बोधन गर्दै केही सुझाव दिनुभयो–

"अर्थतन्त्रको काम तनावपूर्ण नै हुन्छ । जो सत्तामा आए पनि त्यस्तै उचित नीतिनियम नभएका कारण काम गर्न अलि कठिन छ । हेर्नू हजुरले केही गर्न process गर्दागर्दै सरकार फेरिन्छ । बजेट आफ्नो हिसाबले ल्याउन खोज्दाखोज्दै जाने दिन हुन्छ । यस्तै चक्रव्यूह हो यो । हजुर राम्रो काम गर्ने प्रयत्न गर्नुहोला । नयाँ कर प्रणाली बनाउनू, विलासी वस्तुमा अत्यधिक कर लगाउनू, कर चुहावट रोक्न कडा दण्ड र जरिवाना लगाउनू, वैदेशिक नीति अपनाउनू ।"

ooo

ट्राफिक प्रहरीका प्रहरी उपरीक्षक मिलन बस्नेतले गुरु

आदित्यसँगको भेटमा ट्राफिक व्यवस्थापनको वर्तमान अवस्थाबारे वस्तुस्थिति राख्दै भन्नुभयो- हामी हजुरको आवागमनका लागि व्यवस्था मिलाउँछौं । गुरु आदित्यबाट बस्नेतलाई यस्तो सुझाव प्राप्त भयो–

"प्राकृतिक हावाहुरी बरु दैवलाई बिन्ती गर्दा रोकिन्छ, नेपालको ट्राफिक Policy लाई control गर्न गाह्रो छ । जसका लागि न्यूनतम २ वर्षको बजेट totally बाटोमा लगाई यातायातलाई सहज पार्न सवारीसाधन आयात ७५ प्रतिशत कम नगरेसम्म केही हुन्न । मलाई होइन, जनतालाई सुविधा दिनुपर्छ ।"

ooo



लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीको बालज्ञानी गुरु आदित्यसँग भेट भयो । भेटलगत्तै गुरु आदित्यले लेख्नुभयो– "उमेशप्रसाद मैनाली, अध्यक्ष, लोकसेवा आयोग । निष्पक्ष परीक्षा मूल उद्देश्य रहोस् ।"

ooo



सूचना तथा सञ्चार मन्त्रालयका तत्कालीन सचिव श्री सुनिलबहादुर मल्लको भेट गुरु आदित्यसँग भयो । पूर्वपरिचय नभएको व्यक्तिको नाम र पदसहित उल्लेख गर्दै गुरु आदित्यले दिनुभएको सुझाव–

"Sunil Bahadur Malla, Secretary, सूचना प्रविधिमा विकास गर्न सके देश विकसित राष्ट्रको सूचीमा सूचीकृत हुन समय लाग्दैन सचिवज्यू ।"

ooo

सबैलाई थाहा छ, नाकाबन्दीका बेला देशले निकै सास्ती

झेल्नुपर्‍यो । एकातिर नाकाबन्दी, अर्कातिर तराई क्षेत्र अशान्त । अवस्था गम्भीर बन्दै गएको थियो । सबै पक्ष आआफ्ना तर्फबाट समाधान खोजिरहेका थिए । यता प्रबुद्ध व्यक्तित्वहरूको एक समूह यस्तै समाधानको प्रयत्नमा लागेको थियो । उक्त समूहमा स्वामी आनन्द अरुण, उद्योगपति डा. उपेन्द्र महतो, कलाकर्मी मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्यलगायतका सहभागी थिए । यो समूहको २०७२ मङ्सिर ८ गते गुरुनिवासमा भेट भयो । सो भेटमा गुरु आदित्यले लेख्नुभयो–

"राम्रो काम गर्न ऐक्यबद्ध भएर यसरी लाग्नुभएको देख्दा खुसी लाग्यो । जसरी भए नि सहमतिमा जोड दिनुपर्छ, मेरो पनि साथ छ ।"

०००

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका तत्कालीन प्रमुख श्री वीरेन्द्रप्रसाद श्रेष्ठसँगको भेटमा गुरु आदित्यको यस्तो सुझाव थियो–


International Airport को गति
विधि देखदा लाज लाग्छ
हजुरको कार्यकालमा एयरपोर्ट
व्यवस्थापनमा सुधार होस् ।

"International Airport को गतिविधि देख्दा लाज लाग्छ । हजुरको कार्यकालमा एयरपोर्ट व्यवस्थापनमा सुधार होस् ।"

०००

वरिष्ठ चिकित्सक एवम् गीतकार डा. भोला रिजालसँगको भेटघाटपछि २०७३ चैत्र २६ गते गुरु आदित्यले दिनुभएको सन्देश–

"डाक्टर दन्त्यकथाझैं लाग्यो होला, हजुर medical field मा, म अर्कै । मात्र low cost मा maximum service दिन र healthy policy secure तरिकाले ल्याउन के गरौं, आउनुस् सबै मिलौं जुटौं र राज्यसँग छलफल गरौं । स्वास्थ्यमा विकृति छ । हजुरको साङ्गीतिक पाटो साह्रै उत्तम छ । I like so much, you are the best Dr. for women. My bless with ॐ sounds always supporting you

and your team . Bholaji सेवाग्राहीको complain विषतुल्य श्राप हो ।"

ooo

प्रधानन्यायाधीशको पदभार ग्रहण गरेको केही दिनपछि प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको भेट बालज्ञानी आदित्यसँग भयो । भेटका क्रममा आदित्यले उहाँलाई दिनुभएको मार्गदर्शन–

- 1st प्रशासनिक क्षेत्रका उच्च व्यक्तिसँग छलफल
- राजनीतिक क्षेत्रकासँग मात्र राय
- कानुनी सल्लाहकारसँग आफ्नो स्पष्ट vision सहित अन्तर्क्रिया
- राष्ट्रका सबै निकायलाई एकसूत्रमा बाँध्ने कानुन ल्याऊ, जसले राज्यको काया फेरियोस्
- दण्डले crime लाई control गर्छ । तसर्थ उचित दण्डको व्यवस्था कानुनमै तय गराऊ
- प्रशासनका भ्रष्टलाई न्यायालयको कठघरामा उभ्याई नङ्ग्याउनू

ooo

तत्कालीन मुख्यसचिव डा. सोमलाल सुवेदीसँग बालज्ञानी आदित्यको भेट हुँदा बालज्ञानीद्वारा अभिव्यक्त विचार–

मुख्यसचिवज्यू,

नमस्कार हजुरलाई

कर्मचारीतन्त्रलगायत अन्य प्रशासनिक संयन्त्रलाई सम्हाल्ने जिम्मेवारी हजुरको काँधमा छ ।

ooo

अमेरिकाका लागि नेपालका

> “स्थिर राजनीति, स्थायी शान्ति र अकल्पनीय विकास भित्र्याउने कर्मठ, योग्य, देशभक्त योद्धा यो नयाँ वर्षमा नेपाल आमाको गर्भमा उदाउन्, मेरो शुभकामना ।
>
> *–बालज्ञानी गुरु आदित्य*

> “Ego ले चुट्कीमै अटुट सम्बन्ध टुट्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

राजदूत अर्जुनकुमार कार्कीसँग २०७२ वैशाख ६ गते भएको एक भेटमा गुरु आदित्यले दिनुभएको सुझाव–

"अमेरिकाको दूतावास भवन जीर्ण हुँदै छ । Please try your best, to maintain it .

ooo

कलाकार सीताराम कट्टेल 'धुर्मुस'सँगको भेटका क्रममा गुरु आदित्य–

"धुर्मुस जस्ता राष्ट्रभक्त आज पुनः समीपमा पाउँदा साह्है खुसी लाग्यो । हजुर जस्ता योद्धाले मात्र सहयात्रीसरह देशलाई साथ दिए परिवर्तन सुनिश्चित छ ।"

> " अरूको पूर्णतापूर्ण जीवनदेखि आफूलाई मात्रै ईश्वरले हर खुसीबाट विभेद गरेको भनी नसोच, दिव्य प्रतापी ज्योति तिमीभित्रै छाडिदिएका छन्, जसले तिम्रो सहनशील स्वरुपलाई एक दिन जगत्सामु चिनाउनेछ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

अर्थ मन्त्रालयका सचिव एक दिन गुरु आदित्य निवास पुग्नुभयो र भेटको क्रममा उहाले सोध्नुभयो– "म को हुँ ?" बालगुरूले लेखिदिनुभयो– "ई. सुमन शर्मा, सचिव अर्थ मन्त्रालय ।"

सचिवज्यू तीनछक पर्नुभयो । भन्नुभयो– "म इन्जिनियर पनि हुँ भन्ने कुरा मेरा निकटतम आफन्त र मित्रहरूलाई समेत थाहा छैन । म कहिल्यै नामको अगाडि ई. लेख्दिनँ । गुरु आदित्यलाई यो कसरी थाहा भयो ?"

ooo

एकपटक छिमेकी राष्ट्र भारतको उत्तराखण्डबाट आएका एक छावडा थरका व्यक्तिलाई लेखिदिनुभयो– "दो घर बसाना आसान नहीं छावडाजी ।"

दुईओटा बिहे गर्नु र त्यो सम्बन्धलाई व्यवस्थित गरेर राख्नु सजिलो काम होइन । गुरु आदित्यले भारतबाट

नेपाल आएका छावडाजीले दुई बिहे गरेको लेखेपछि उनी अचम्मित बने ।

०००

नसोधे पनि आगन्तुकको मनभित्र उठिरहेको प्रश्नको उत्तर दिने अद्भुत सामर्थ्य आदित्यमा विद्यमान छ । आफ्ना सामु आउने कसैको पनि मन पढ्न सक्ने क्षमता उहाँमा छ । उहाँले कसैको मन धमिलो र कपटपूर्ण छ भने पनि त्यसप्रति नकारात्मक भाव र शब्द कदापि प्रकट गर्नुहुन्न । हरेक जिज्ञासुलाई सद्भावपूर्ण दिशानिर्देश दिएरै फर्काउनुहुन्छ ।

सिफल निवासमा नेता प्रदीप नेपाल र गुरु आदित्यबीच भेटघाटको अवसर मिल्यो । परिचय हुन बाँकी नै थियो । भेटमा गुरु आदित्यले लेख्नुभयो– "प्रदीप नेपालजी, हजुरलाई म राजनेताभन्दा पनि साहित्यकार भन्न रुचाउँछु । हजुरबाट एउटा कविता सुन्न मन छ ।"

राजनीतिका अतिरिक्त साहित्य क्षेत्रमा पनि क्रियाशील व्यक्तित्व प्रदीप नेपालले एउटा कविता सुनाउनुभएको थियो ।

०००

गुरु आदित्यले वीर अस्पताल भ्रमण गर्नुभयो । देशकै जेठो र पुरानो अस्पतालका विषयमा उहाँले यसरी लेख्नुभयो–

नेपालको पहिलो अस्पताल Bir Hospital is very dirty. Please maintain seriously.

०००

२०७५ वैशाखमा एक भारतीय आगन्तुक आदिकुञ्ज पुगे । गुरु

> “सबैले एकतामय वातावरणमा गए विकास र शान्ति आउँछ । देश साह्रै बिग्रियो, सोचौं, लाचार नबनौं, केही गरौं । कति स्रोत छ, कति साधन छ, जनशक्ति छ, लोभ नगरौं, मोह छाडौं, अनि हेरौं कति शक्ति जुट्छ, अनि स्वतः शान्ति र विकास भित्रिन्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

आदित्य भर्खरै ध्यान समाधिबाट उठ्नुभएको थियो । केही बेर ज्ञानगुनको चर्चा भयो । अन्त्यमा उनले गुरु आदित्यसमक्ष आफ्नो घरायसी समस्याका विषयमा मार्गदर्शन चाहेको कुरा राखे । ती नवआगन्तुक हिन्दी भाषीलाई उहाँले हिन्दीमै लेखेर परामर्श प्रदान गर्नुभयो–

"आज से आप हर समस्या मेरे उपर डालदो और free होकर यहाँ से चले जाओ । जब आप घरायसी समस्याको समस्या मानने लगोगे तो आगे चल नहीं सकते ।"

> “न्यायोचित अधिकारका लागि मात्र लड । अर्काको सुनिश्चित हक प्राणको अमृत नै भए पनि नखोस । नत्र प्रायश्चित्तको आगोमा जल्नुपर्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

(अर्थ– आजदेखि हरेक समस्या मलाई छाडिदेऊ र यहाँबाट निश्चिन्त भएर जाऊ । जब तिमी घरायसी समस्यालाई समस्या मान्न थाल्छौं, अगाडि बढ्नै सक्दैनौ ।)

ooo

सरकारी सेवामा सेवारत एकजना उच्चपदस्थ व्यक्ति गुरु आदित्यसँग भेट गर्न आउनुभयो । आफ्नो योग्यता-क्षमताअनुसार उचित स्थान नपाइरहेकाले उहाँको मन गुनासोले भरिएको थियो । मनको कुरा बुझ्न क्षणभर नलाग्ने आदित्यले तुरुन्तै यसरी मनोपरामर्श दिनुभयो–

'Do your best. Do not move anywhere in own decision. If Gov. watch and notice your quality, they pick you in your place where your talent can meet with your desire.

वागमती सफाइ महाअभियान देशकै एक आशावादी अभियान हो । वाग्मती अभियन्ताहरूको एक समूह गुरु आदित्यकहाँ भेटघाटका निम्ति ॐ आदिकुञ्ज पुग्यो । उपस्थित अभियन्ताहरूसँग उहाँले गम्भीर प्रश्न राख्नुभयो–

"मेरो इच्छा राज्यप्रति, विश्वप्रति अनगिन्ती छन्, मसँग ती पूरा गर्ने सामर्थ्य छैन र साथ दिने जनशक्ति छैन, can you all guys support me but only moral ?"

पवित्र नेपालभूमि जहाँ देवादिदेव महादेव पशुपतिनाथका रूपमा निवास गर्नुहुन्छ, यस्तो भूमिमा जन्मन पाएकोमा गुरु आदित्य आफूलाई कृतार्थ महसुस गर्नुहुन्छ । महाशिवरात्रिका दिन यो परम सौभाग्यलाई यसरी प्रकट गर्नुभएको छ–

"महादेव त्रिकालदर्शी देवको छेउमा जन्मनु नै मेरो पूर्वजन्मको फल हो । जसको शक्तिले नयाँ युगको प्रारम्भसँगै आदियुग भित्रिने सुनिश्चित छ ।"

०००

नाकाबन्दी र मधेस आन्दोलनको समय थियो । सम्पूर्ण देशवासी चिन्तित थिए । राजनीतिक नेतृत्व पनि समस्या समाधानतर्फ उत्तिकै चिन्तित थियो ।

एकातिर परिस्थिति चुनौतीपूर्ण थियो भने अर्कातिर चुनाव हुने कि नहुने कुरामा शङ्का-उपशङ्का जन्मिरहेका थिए । यसैबीच गुरु आदित्यले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासँग भेट गर्ने इच्छा राख्नुभयो । उहाँको इच्छाअनुरूप २०७३ माघ २८ गते प्रधानमन्त्रीसँग भेटघाट भयो । भेटमा प्रधानमन्त्रीलाई सम्बोधन गर्दै गुरु आदित्यले लेख्नुभयो–

"चुनाव गराउनुपर्छ । मुलुकको यस्तो स्थिति छ । निकास निकाल्न धेरै गाह्रो हुँदै छ । छिमेकी मुलुकसँग साझेदारी गर्नुपर्छ ।"

राजनीतिक अस्थिरता दिनानुदिन गहिरिँदै गइरहेको थियो । हरेक नेपालीको मनमा समयमै चुनाव होस् र आन्तरिक समस्याहरूको समाधान

> "धर्म, कर्तव्य र आफ्नो दायित्व समयमै निर्वाह गर्नुपर्छ, नत्र समय बितेपछि हतारमा गरेका हर कार्य सहानुभूतिसमान अर्थहीन रहन्छन् ।
>
> *–बालज्ञानी गुरु आदित्य*

होस् भन्ने चाहना थियो । आम जनमानसको यही भावनालाई सम्बोधन गर्दै गुरु आदित्यले २०७३ ज्येष्ठ २८ गते दिनुभएको वाणी–

"अस्थिर राजनीतिको चपेटामा यो राष्ट्रको दिगो विकास र दिगो शान्ति लोप नै हुँदै छ । त्यसको प्रत्यक्ष नतिजा अहिले नै निरीह जनताले भोग्दै छन् ।"

ooo

महाभूकम्पपश्चात् पुनर्निर्माणको चुनौती राष्ट्रसामु आएको हामी सबैलाई थाहा छ । देशले दाता राष्ट्रहरू बोलाएर बृहत् दाता सम्मेलन आयोजना गर्‍यो । सहयोग-अनुदान आउनु मात्रै ठूलो कुरा होइन, त्यसको सदुपयोग महत्वपूर्ण हो । यही प्रसङ्गमा २०७२ साल असार ११ गते बालज्ञानी आदित्यले देशका नेतृत्व वर्गसित यस्तो अनुरोध गर्नुभएको थियो–

"दाताहरूबाट प्राप्त सहयोगलाई सदुपयोग गरी असहाय जनतालाई न्याय दिने चुनौतीसहितको जिम्मेवारी राज्यको काँधमा आएको छ, ध्यान पुगोस् ।"

ooo

देशभित्र तीर्थस्थल, देवस्थल, तपोभूमि, पुरातात्विक स्थलप्रति गुरु आदित्यको अगाध माया छ । उहाँभित्र समय समयमा त्यस्ता स्थलहरूमा घुम्न जाने, त्यहाँ बसेर ध्यान गर्ने, ती स्थलहरूको धार्मिक-पुरातात्विक महत्वबारे चासो लिने प्रवृत्ति छ ।

भर्खरै नयाँ संविधान लागू भई मुलुकमा सङ्घीय प्रणाली कार्यान्वयन भएपछि गुरु आदित्यले मनको इच्छा यसरी व्यक्त गर्नुभयो– "सबै प्रदेश घुम्ने मन छ ।"



ooo

२०७२ वैशाख १२ को महाभूकम्पले राष्ट्र नराम्ररी प्रताडित थियो । त्यसमाथि नाकाबन्दी अनि आन्तरिक राजनीतिक बेमेलले राष्ट्र आक्रान्त

थियो । त्यस्तो विषम परिस्थितिप्रति गुरु आदित्य अति नै चिन्तित हुनुभएको थियो ।

महाभूकम्पको घटनादेखि नै गुरु आदित्य यसको पीडा न्यूनीकरणबारे आफ्ना भावना र प्रार्थना लेख्दै आउनुभएको थियो । महाभूकम्पपछि पनि धेरै समयसम्म पराकम्प गइरहे । त्यसबखत बालज्ञानीले लेख्नुभएको थियो– "धर्ती मातासँग एकतासहितको शान्ति स्थापना गर्नेछौँ भनी सपथ खाऔँ, प्रतिज्ञा गरौँ । अवश्य यो अनिष्ट टर्नेछ, त्रास हट्नेछ, ताण्डव रोकिनेछ ।"

"प्राकृतिक विपत्तिले छियाछिया भएको मातृभूमिलाई राजनीतिक पराकाष्ठाको सुनामी नै आउने गरी यसरी रणभूमिमा आफैँ आफ्नो स्वार्थका लागि नहोमिऔँ ।"

महाभूकम्पको पीडा शान्त हुन नपाउँदै देशले पुनः नाकाबन्दीको पीडामा होमिनुपर्‍यो । यसले आम जनतालाई नराम्ररी सतायो । दैनिक उपभोग्य सामग्रीको अभाव, अनियन्त्रित महँगी, इन्धनको कालो व्यापार, सामाजिक असुरक्षा, राजनीतिक अस्थिरता तथा मधेस बन्द जस्ता समस्या जन्मिए ।

त्यस्तो समस्याग्रस्त अवस्थाबाट गुरु आदित्य अत्यन्तै चिन्तित हुनुभयो । र, समस्या समाधानका निम्ति विभिन्न ध्यानप्रार्थना जारी राख्नुभयो । त्यसै समयमा २०७२ पौष २० गते गुरु आदित्यले लेख्नुभयो–

"राजनीतिक क्षेत्रको यो फोहोरी खेलले गर्दा हामी आत्मसम्मान बेच्न बाध्य छौँ । अब यस्तो नयाँ पिँढीको खाँचो छ, जसले यो मुलुकको गुमेको स्वाभिमान फर्काई राष्ट्रलाई नयाँ गति देओस्, प्रार्थना गरौँ ।"

०००

सिनेमाद्वारा भ्रष्टाचारविरुद्ध अभियान छेड्ने योजना बनाई केही व्यक्तिहरूको समूह गुरु आदित्यकहाँ आए । उनीहरूले आफ्नो अभियान र योजनाबारे सविस्तार अवगत गराए र केही मार्गदर्शन गरिदिनुहुन

अनुरोध गरे । गुरु आदित्यले उनीहरूलाई लेख्नुभयो– "देशमा आर्थिक विकास गर्ने मेरो पनि लक्ष्य हो तर मेरो कलम बिकेन, हजुरहरूको कला पक्कै बिक्छ ।"

ooo

नवनिर्मित मेडिसिटी अस्पताल भ्रमण गर्ने निमन्त्रणा आयो । २०७३ चैत्र २३ गते रामनवमीका दिन अस्पताल भ्रमणपश्चात् सञ्चालक डा. उपेन्द्र महतोलाई गुरु आदित्यले दिनुभएको दिशानिर्देश–

"जनसेवा भावबाट उत्प्रेरित रहोस् तिम्रो अस्पताल । पैसाको अभावमा उपचार नपाएर मृत्युवरण कोही पनि हुन नपरोस् । उपचार आधुनिक प्रविधिद्वारा गरियोस् । मात्र सेवालाई focus गर । ईश्वरले लक्ष्मीमाताको प्रसाद तिम्रो झोलीमा बर्साइराख्ने छन् उप्रेन्द्रजी ।"

ॐ आदि ।

शिवालय, साधना हल : सचित्र परिकल्पना

“

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।

मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ।

–बालज्ञानी गुरु आदित्यले
लेख्नुभएको गीताको श्लोक



शिवालय, साधना हल : सचित्र परिकल्पना

"म अद्‌भुत र अलौकिक एक मन्दिर निर्माण गर्न चाहन्छु । हजुरहरू सबैको साथ र सहयोग चाहिन्छ, जुन मन्दिरले देश र हामी सबैलाई विश्वमा चिनाउने छ ।"

यस्तो सङ्कल्पका साथ बालज्ञानी गुरूबाट एक अद्‌भुत र कलात्मक मन्दिरको स्केच प्राप्त भयो । अगाडिको भाग गौमाताको तथा बीच र पछाडि नन्दी साँढेको स्वरूपमा सो मन्दिरको संरचना उहाँले परिकल्पना गर्नुभएको थियो । उक्त नन्दीरूपी मन्दिरको पेटमा रहेको पञ्चमुखी शिवलिङ्गको चार मुखको भाव र स्वरूप बालगुरु आदित्यले प्रस्ट्याउनुभएको छ, जसअनुसार पूर्वी मुखलाई शान्तिस्वरूप, पश्चिम मुखलाई प्रेमस्वरूप, उत्तर मुखलाई दयास्वरूप र दक्षिण मुखलाई क्रोध स्वरूपका रूपमा निर्माण गरिँदै छ ।

गुरु आदित्य बालसखा शिष्य प्रअनिल प्रसाईँसँगको आत्मीय



सम्बन्धमा खुबै रमाउनुहुन्छ । उमेरमा चार वर्षको अन्तराल भए पनि उहाँहरूबीच सहृदयी सम्बन्ध छ ।

घरमा सबै परिवारसँग रमाइलो गर्दै गुरु आदित्य र प्रअनिलबीच अनेक प्रकारका दिव्य-भव्य मठ मन्दिर, आश्रम, विद्यालय, अस्पताललगायत परियोजनाका चित्रहरू बनाउँदै गर्दा गुरु आदित्य अलौकिक आनन्दमा डुबल्की मार्नुहुन्थ्यो । यिनै परिकल्पना र परियोजनालाई साकार पार्ने दृढइच्छा उहाँले व्यक्त गर्नुहुन्थ्यो ।

शिवलिङ्गको सबैभन्दा तल्लो भागमा ब्रह्मा, त्यसपछि विष्णु र माथिल्लो भागमा महेश्वरको आकृति आफैँमा विलक्षण छ । मन्दिरको प्रवेशद्वार दक्षिणमुखी छ भने पूर्वतर्फ गुरुदेवकै डिजाइनमा साधना हल र प्रतिष्ठानको कार्यालय निर्माण सम्पन्न भइसकेको छ ।

नन्दीको पिठ्यूँमाथि १८ फिट अग्लो ब्रह्मा, विष्णु, महेश्वरको तीन भागमा विभाजित त्रिगजुर र ४१ फिट लामो माथिबाट तल झरिरहेको विशाल नाग छ । यसरी विश्वभर कहीँ कतै नभएको अद्वितीय मन्दिर काठमाडौँको गौरीनगर, ॐ आदिकुञ्जमा गुरुदेवकै सम्पूर्ण डिजाइन तथा आदेशअनुसार निर्माण कार्य करिब ९० प्रतिशत सम्पन्न भइसकेको छ । गुरु आदित्यले यस अद्‌भुत मन्दिरको नामाकरण उहाँले नै त्रिगजुर शिवालय भनी गर्नुभएको छ ।

ooo

बालगुरुको महान् सङ्कल्पलाई सबै मिलेर पूरा गर्नुपर्ने थियो । परिवार, शिष्य, अनुयायी र शुभचिन्तकसहितको छलफलपछि अद्‌भुत अलौकिक मन्दिर निर्माण गर्ने सम्बद्ध प्राविधिक, आर्किटेक्ट, इन्जिनियर र शिल्पकारहरूसँग छलफल र भेटघाट भए । आरम्भिक



चरणमै भएको सो भेटमा बालगुरुबाट यस्तो मार्गदर्शन प्राप्त भयो–

"यो मेरो 1st temple हो, जसलाई यस्तो उत्कृष्ट बनाऊ कि प्रत्येक नागरिकले एकपटक हेर्ने, दर्शन गर्ने इच्छा राखोस् । यस भूमिको सान बनोस्, जगजग होस् No Compromise in cost, service and team work quality."

बालगुरु आदित्यले नै प्राविधिक, इन्जिनियरसहितको निर्माण कमिटी गठन गरिदिनुभयो । निर्माणको काम चुनौतीपूर्ण थियो । थोरै मात्र गडबडी भयो कि गुरुदेवबाट तत्काल आदेश प्राप्त हुन्थ्यो । यो मिलेन, यो यति इन्च घटाऊ, यो बढाऊ, पेट, आँखा, नाक, घाँटी मिलेन, यसो गर भनेर सबै टिमलाई आत्मीयता र हौसलासहित निर्देशन प्राप्त हुन्थ्यो । देशका विज्ञ, वरिष्ठ इन्जिनियर, शिल्पकार, प्राविधिकसहितको समूहले गुरुदेवको निर्देशनलाई आत्मसात् गरी निर्माण कार्यमा जुटिरहेको अवस्था छ ।

बालगुरुको यो अद्वितीय मन्दिरको जगदेखि गर्भगृह हुँदै शिवलिङ्ग, वालको दायाँबायाँ भागमा, क्यानभासमा बनाइएको शिवपार्वतीको विचित्र पेन्टिङ, सिलिङ र गजुर ढोकाको डिजाइन यी सबैमा कुनै पनि प्राविधिक त्रुटि देखिँदैन ।

गुरुदेव लेख्नुहुन्छ– "मेरो इच्छा छ, मेरो एउटा सपना छ । संसारको आश्चर्यजनक शिव मन्दिर निर्माण गरी सारा ब्रह्माण्डभित्र लुकेको इनर्जीलाई यही माटोमा समाहित गराई एक आध्यात्मिक शक्तिशाली राष्ट्र कायम गरी संसारमा चिनाउने । मेरो

> “ तिमी सेवा प्रेषण गर, म निरन्तर अमृतरसयुक्त आनन्द बर्साइरहन्छु।
>
> *–बालज्ञानी गुरु आदित्य*

कल्पनाले तब मात्र सार्थकता पाउँछ, जब हजुरहरूभित्रबाट आध्यात्मिक क्रान्ति भित्र्याउने सङ्कल्प उजागर भएर आउँछ ।"

> अतृप्त, अधुरा, अद्‌भुत र अकल्पनीय मृगतृष्णालाई जीवनको लक्ष्य बनाऊ, तब मात्र चुनौतीयुक्त जीवनको सागर बिनाडुङ्गा तर्न सकिन्छ।
>
> *-बालज्ञानी गुरु आदित्य*

मन्दिर बाहिर-भित्र, वरिपरि के राख्ने, कहाँ राख्ने, कस्तो रङरोगन गर्ने, पर्वत, झरना, गर्भगृहदेखि नवग्रहसम्म र गणेश भगवान्, बुद्ध, राम, राधाकृष्ण, सरस्वती, हनुमान, सूर्यनारायण सबैको उपयुक्त ठाउँ तथा अवस्था हेरेर डिजाइन गरी निर्देशन प्राप्त हुन्थ्यो । उहाँले मन्दिरबाट प्राप्त हुने इनर्जीका हरेक बिन्दुहरूलाई मिलाउन सूक्ष्म रूपले निर्देशन दिनुहुन्थ्यो । यो प्राविधिक तथा इन्जिनियरहरूका लागि बिल्कुल नौलो अनुभव थियो । तथापि, प्राविधिक, शिल्पकार, मूर्तिकार,



निर्माणाधीन त्रिगजुर शिवालय

सजिलैसँग यसमा जुटे । गुरूदेवको सदिच्छालाई पूरा गर्न उनीहरूले ठूलो मिहिनेत गरे । मन्दिर निर्माणको विषयमा गुरु आदित्यको अद्‌भुत सूक्ष्म ज्ञान तथा प्रयोगात्मक मार्ग दर्शनले दर्साउँछ कि उहाँ तत्‌तत् विषयको उच्च कोटिको विशेषज्ञ हुनुहुन्छ भनेर ।

विशिष्ट किसिमको समाधि ध्यान प्रयोगपछि एक समारोहमा गुरूदेवबाट त्रिगजुर शिवालयको बारेमा प्राप्त यो अमृतवाणी– "यो मन्दिर मेरो जीवनको एक अंश चिनाउने आस्थाको केन्द्र हो । शिवात्माको तन्त्रविद्यादेखि, मृत्युमोक्ष प्राप्त हुने स्थल, हर अशान्तिलाई शान्त राख्ने केन्द्र, हर अशक्त बिरामीको मल्हम यस शिवालयको मिट्टीमा छ । मात्र शुद्ध भावले यस क्षेत्रमा प्रवेश गरे, हर समस्याको सरल उत्तर पाउने यो पुण्यभूमि सारा जगत्‌मा चिनिने छ । मेरा हर उद्देश्य पूरा हुनेछन् । मलगायत जगत् नै धन्य हुनेछौँ । यस धर्तीको यो सूक्ष्म भागमा निर्मित यो अद्‌भुत देवस्थल एकदिन देवगण बस्ने स्थान बन्नेछ । हामी नै यस पुण्यस्थलको देव हुनेछौँ, बन्नेछौँ, रहनेछौँ ।"

गुरु आदित्य लेख्नुहुन्छ- "शिवालय मेरो सपना, शक्ति र सोचभित्रको जीवित परिदृश्य हो, सबैले बुझ्नू र बुझाउनू ।"

समाधि ध्यानपश्चात् शिष्य, आदि परिवार, शुभचिन्तकहरूको उपस्थितिमा गुरूदेवबाट प्राप्त अपेक्षाकृत वाणी- "एक अद्‌भुत आश्रम बनाउनु छ । मलाई मोक्ष प्राप्त स्थल बनाउने मेरो गुरूयोजनामा साँच्चै आत्माबाट साथ र सहयोग गर्नुहुन्छ भने म त्यस्तै नगरीको निर्माण गर्न चाहन्छु । commitment गर ।"

आदिपरिवारलाई संसारमा चिनाउने विश्वकै प्रख्यात मन्दिरको अवधारणा तयार गरिरहेको समेत उहाँले उल्लेख गर्नुभएको छ । त्यसैबमोजिम काभ्रेको पनौतीमा गुरूदेवको परिकल्पना र डिजाइनअनुरूप अद्‌भुत शिव मन्दिरसहितको मोक्षधाम निर्माण हुने क्रममा छ । यसका लागि आवश्यक जग्गा प्राप्ति भइसकेको छ ।

गुरु आदिदेवको यो महान् सङ्कल्पनाका माध्यमद्वारा मानव शान्तिका लागि मातृभूमि नेपालबाट शान्ति र प्रेमको सन्देश विश्वभर

फैलिने आशा राख्न सकिन्छ । साथै, नेपाललाई विश्वकै आध्यात्मिक केन्द्रका रूपमा विकास गर्ने तथा विश्वभरका अनुयायीहरूको गन्तव्यस्थल बनाउने सोच पनि गुरुबाट प्रकट भएको छ ।



०००

त्रिगजुर मन्दिरलाई अन्तिम ढाँचा दिन इन्जिनियर, शिल्पकार, प्राविधिकहरू दत्तचित्त भई काममा जुटिरहेका थिए । एकदिन बालगुरुले निर्माणअन्तर्गत उत्तरार्द्धको वस्तुस्थिति हेर्ने इच्छा राख्नुभयो । निर्माणाधीन मन्दिरको समापनउन्मुख ढाँचा हेरिसकेपछि आदित्यश्रीलाई पुनः थप सुझाव दिने इच्छा जाग्यो । रातदिन निर्माण कार्यमा लागिपरेका प्राविधिक र व्यावसायिक व्यक्तिहरूको दृष्टि नपुगेको कुरामा उहाँको दृष्टि कसरी पुग्यो होला :

'तल ५ inch घटाऊ, बीचमा 6 inch घटाऊ, माथि मुख अलिक अगाडि गयो प्लास्टर गर्दा मिलाउनू, गर्धन भागलाई अलिक shape दिनू । मुखतिर प्लाष्टर गर्दा rounding मिलाऊ । अगाडि मुख र घाँटी भएकोमा प्लास्टर गर्दा घटाएर गर ।'

माथिको सुझावात्मक निर्देशन दिएको दुई दिनपछि आदित्यश्रीले सोही विषयमा पुनः यस्तो निर्देशन दिनुभयो- 'मन्दिर परिसरमा छानातर्फ आकर्षक mirror राख्नुपर्छ, सिङ्गमर्मरको डिजाइनदार स-साना पिल्लर राखौँ । आकर्षक colourful ऐना माथितर्फ ४ वटा र भित्तामा भित्रबाट कलाकृति झल्कने चित्र ।'

०००

निर्माण कार्यको सिलसिलामा बालगुरुलाई सोधिएका केही प्रश्न र उहाँबाट प्राप्त उत्तर स्मरणीय छन् । एकपटक उहाँलाई सोधियो-

शिवलिङ्गको चारमुख पूर्व पश्चिम उत्तर दक्षिण कुन कुन रूप बनाउने गुरूदेव ? शिवलिङ्गको चार दिशाको स्वरूप कस्तो हुनुपर्छ गुरूदेव ? बालगुरूले लेख्नुभयो: शान्ति- पूर्व, प्रेम - पश्चिम, दया - उत्तर, क्रोध - दक्षिण । नेत्र- सुवर्ण, तेस्रो आँखा डायमन्डको राख ।'

निर्माणाधीन मन्दिर तथा हल निर्माण पूरा गर्न केही आर्थिक समस्या देखिँदै छ, के गर्ने होला भनी राखिएको जिज्ञासामा बालगुरु लेख्नुहुन्छ : 'धेरै चिन्ता लिनुपर्दैन सबै कुरा जुट्छ, हुन्छ र मिल्छ ।'

मन्दिरभित्रको भित्तामा बनाइने पेन्टिङ कस्तो रहने ? यसबारे केही बताइदिनुहुन्छ कि गुरूदेव, यो प्रश्न सोधिंदा बालगुरूको उत्तर थियो : 'क्रोध मुद्राको मानवलाई शिव आकृति दिनू, आँखा सिधा, कपाल छरिएको, अरू सबै क्रोध मुद्रा ।'

ॐ आदि ।

गुरु उपदेश र निर्देशन

"

नकारात्मक सोच त्यागी सकारात्मक सोच अनुसरण नगरेसम्म वार्ता वा प्रक्रियाबाट मात्र देशमा दिगो शान्ति जन्मदैन।

-बालज्ञानी गुरु आदित्य



नकारात्मक सोच
त्यागी सकारात्मक सोच
अनुसरण नगरे सम्म वार्ता
वा प्रक्रियाबाट मात्र दिगो
शान्ति जन्मदैन।
देशमा

गुरु उपदेश र निर्देशन

मन्दिर निर्माणको विशाल योजना सम्पन्न गर्न आर्थिक रूपले संस्था बलियो हुनु अत्यावश्यक थियो । त्यसैले आदित्य प्रतिष्ठानका पदाधिकारीहरू बेला बेलामा चिन्ताग्रस्त हुन्थे । लक्ष्य र योजनाअनुसार बजेट नभएको अवस्था थियो । तसर्थ चिन्ता स्वाभाविक पनि थियो ।

शिष्य-शुभचिन्तक तथा प्रतिष्ठान परिवारमा यस किसिमको बढ्दो चिन्ताप्रति गुरु आदित्यको दृष्टि नपुग्ने प्रश्नै थिएन । एक छलफलमा उहाँले यस्तो प्रेरणादायी उत्साहका शब्द लेखी सबैको चिन्तामोचन गर्नुभयो–

"मात्र मेरो शरीरले साथ र तिमीहरूको स्वआत्मा-समर्पणको मिश्रण भए स्वर्ग यहीँ बन्छ ।"

ॐ आदिकुञ्जमा नित्य सायंकाल भजन-सत्सङ्ग हुँदै आएको

छ । भजन-सत्सङ्गमा मुख्य भूमिका गायन र वाद्यवादनकै हुने गर्छ । जारी भजन-सत्सङ्गलाई थप उत्कृष्ट बनाउने इच्छा सबैमा थियो । यसका लागि आरती, भजन तथा सङ्कीर्तनहरू सुयोग्य कलाकारद्वारा रेकर्ड गर्ने सोच प्रतिष्ठानमा क्रियाशील स्वयंसेवीहरूको मनमा जन्मियो । तदनुरूप उनीहरूले बालज्ञानीलाई जिज्ञासा राखे । स्वयंसेवीहरूको जिज्ञासापश्चात् उहाँले लेख्नुभयो–



"भजन उत्कृष्ट बनाउनुपर्छ, कम्पोज गराएर । शब्द चयन उत्कृष्ट हुनुपर्छ ।"

ooo

केही व्यक्तिहरू उहाँसमक्ष आए र भने– "हामी यहाँको दिव्य क्षमतादेखि अत्यन्तै प्रभावित छौँ । हामी यहाँका लागि जे पनि गर्न सक्छौँ । हामीलाई सेवाको मौका दिइयोस् ।"

मन मनको कुरा जान्ने बालज्ञानीलाई तिनको मन पढ्न बेरै लागेन । शिष्ट शब्द र विनीत भाव प्रयोग गर्दै गुरु आदित्यले लेखिदिनुभयो–

"सेवा मेरा लागि नगर आफ्ना लागि गर, तिमीले स्वेच्छाले गरेको कार्यको क्रेडिट नखोज्नू, म धेरै ऋणी बन्न सक्दिनँ ।"

ooo

सुविधा र भोगमा डुब्न पाए त्यसलाई सुख मान्ने जमाना छ । मान्छेहरू रातदिन सुखसयल र सुविधा-सामग्री जुटाउन दौडधुप गरिरहेका भेटिन्छन् । केही बेरका लागि सुविधा सुखदायक लागे तापनि अन्ततः यसले अधिक हानि पुऱ्याउँछ । सुविधाभोगी जमातलाई आँखा खोल्ने यो ज्ञानसूत्र गुरुदेव लेख्नुहुन्छ–

"अति सुविधाले हामी टाढिन सक्छौँ विचार पुऱ्याउनू ।"

उहाँ थप लेख्नुहुन्छ– *"घर, सम्पत्ति, भौतिक सुखसुविधा लाने होइन आफूले, छाती फुकाएर दिए हुन्छ तर हक अधिकारका निम्तिचाहिँ लड्नुपर्छ, हार भए नि । ईश्वर सदैव साथमा हुनेछन् ।"*

आधुनिक सुखसुविधाको घनचक्करमा पिल्सिएको मान्छेलाई यो अमृतवाणी सञ्जीवनीतुल्य छ । अधिकांश मान्छेले गर्ने गल्ती नै यही हो कि मान्छे हक-अधिकारका लागि लड्दैन, सुखसुविधाका लागि भने अहोरात्र लडिरहेको हुन्छ । त्यसमध्ये कतिपयलाई ईश्वरीय सत्ताबारे चासै हुँदैन । मैले हक-अधिकारका निम्ति लडेँ भने ममाथि ईश्वरीय अनुग्रह हुन्छ भन्ने कुरा बोध हुने हो भने कैयौँ समस्या स्वतः समाप्त हुन्छन् ।

०००

मामाघरका हजुरबुबा हरिप्रसाद गुरागाईं स्वर्गारोहण हुनुभएकाले गुरु आदित्यको परिवार सिजुवा, मोरङस्थित मामाघरमा थियो । २०७३ कार्तिक २८ गते तेह्रदिने क्रियाकर्म थियो । उपस्थित र आफन्तहरूको सङ्ख्या ठूलो थियो । कामको चापले घरमा अलिकति अस्तव्यस्तता थपेको थियो । तेह्रौँ दिनको कर्म सकियो । घरको थान्कोमुन्कोलगायत काम बाँकी थियो । काम व्यवस्थित ढङ्गले हुन सकिरहेको थिएन । गुरु आदित्यले लेखिदिनुभयो–

"घरको थान्कोमुन्को घरकी बुहारीले गर्नुपर्छ ।"

फेरि घरका ज्वाइँहरूको विषयमा कुरा उठ्यो । ज्वाइँहरूको विषयमा गुरु आदित्यले लेखिदिनुभयो–

"ज्वाइँको काम खासै देखिनँ, दानदक्षिणा गरी बिदा गरे हुन्छ ।"

शोकमग्न माहोलको गम्भीरतालाई चिर्दै आदित्यको कुराले हाँसो फैलायो ।

०००

हाल बालज्ञानीको निवास ॐ आदिकुञ्ज गौरीनगर, काठमाडौँमा छ । आदिकुञ्ज प्रवेश गर्नुअघि गुरु आदित्यका

> "यस्तो कर्म गर, जहाँ तिम्रो उपस्थितिबिना तिम्रो चर्चा होस्, तिम्रो अभाव खट्कियोस् ।
> –*बालज्ञानी गुरु आदित्य*

ध्यान, साधना र अनुष्ठानका प्रयोगहरू निर्वाध रूपमा हुन सकिरहेका थिएनन् ।

> झुटो आश्वासन भन्दा कठोर सत्यले जीवनलाई सही गन्तव्यमा डोऱ्याउँछ।
> *-बालज्ञानी गुरु आदित्य*

आवास एवम् आश्रम निर्माणका लागि उपयुक्त स्थलको खोजी गर्न बालज्ञानीले आफ्ना शिष्य शुभचिन्तक एवम् अनुयायीलाई हृदयपूर्ण अनुरोध गर्नुभयो– "भेषराज लोहनीजी मेरा लागि पाशुपत पेरिफेरीमा आश्रमको व्यवस्था गरिदिनू ।"

द्रुत गतिमा आश्रमस्थलको खोजी भयो । सात दिनभित्रै हालको आदिकुञ्ज भेट्टाइयो । यो स्थान पहिलोपटक देख्नेबित्तिकै गुरु आदित्यले लेखिदिनुभयो– 'DONE ।'

सबैलाई लाग्यो, DONE अर्थात् ठीक छ, सहमत छु तर पछि थाहा भयो कि आदित्यले लेख्नुभएको DONE को अर्थ त बडो अर्थपूर्ण रहेछ–

'DONE = Defuse Our Negative Energy.

ooo

बालज्ञानी आदित्यको व्यवस्थापनसम्बन्धी अन्तर्ज्ञान विलक्षण किसिमको छ । दिव्यज्ञान प्रकट भएयता उहाँद्वारा लिखित, प्रस्तुत र प्रयोगसिद्ध उदाहरणहरूले यसलाई स्वतः पुष्टि गरेका छन् ।

सफल र परिवर्तनकारी व्यवस्थापन त्यो हो, जहाँ सानाभन्दा साना कुरा स्वयम् सम्बोधित भएका हुन्छन् जहाँ सामान्यतया कसैको दृष्टि नपुगेको विषयसमेत स्वतः व्यवस्थित रहन्छ । ठीक यहाँ भनिएजस्तै परिपूर्ण र उत्तम किसिमको प्रबन्धकीय ज्ञान गुरु आदित्यको निर्देशन, सुझाव र आदेशहरूले व्यक्त गरेका हुन्छन् । प्रबन्धन विज्ञानका दृष्टिबाट हेर्दा प्रतीत हुन्छ कि उहाँको प्रबन्धकीय ज्ञान अत्यन्त दूरदर्शीपूर्ण र सूक्ष्मतापूर्ण छ ।

ooo

साधना हल र निजी निवास निर्माणाधीन थियो । त्यस क्रममा

निर्माण कार्यमा संलग्न प्राविधिक एवम् निर्माण समितिलाई बालज्ञानी आदित्यबाट यो मार्गदर्शन प्राप्त भयो–

"अपाङ्गमैत्री भऱ्याङ पनि पछाडिपट्टि बनाउनू । काम राम्रो गर । हाल जेजस्तो भए पनि कालान्तरको ॐ आदिकुञ्ज हो, तसर्थ काम उच्च कोटीको गर ।"

०००

कुन व्यक्तिलाई, कुन प्रसङ्गमा केकस्तो शब्द प्रयोग गरी, कुन अभिप्रायका साथ के रायसुझाव तथा मार्गदर्शन दिनुपर्ने यसमा गुरु आदित्य अत्यन्तै प्रखर र कुशल हुनुहुन्छ । कसैलाई पनि र कुनै पनि विषयमा सुझाव मार्गदर्शन दिंदा उहाँको लेखनमा एक विज्ञ परामर्शदाताको जस्तो परिपक्वता र तटस्थता हुन्छ ।

०००

प्रतिष्ठानअन्तर्गत निर्माण समितिको बैठकको प्रसङ्ग हो । मिति र समय तोकेर गुरु आदित्यले नै बैठक बोलाउनुभएको थियो । बैठक सुरु हुनासाथ छलफल गरी निर्णय गरिने एजेन्डा पनि उहाँले नै लेखेर प्रस्तुत गर्नुभयो । अधिकांश बैठक र छलफल यस्तै ढाँचाका हुन्छन् । सो बैठकमा गुरु आदित्यद्वारा प्रस्तुत निर्देशनहरू–

- छुट्टै खाता खोल्नू, चारजनाको हस्ताक्षर चल्ने गरी
- मन्दिरमा कुनै कमी नहोस्, साधना हलमा मितव्ययिता अपनाउनू
- कानुनी प्रावधान छिटो पूरा गर्नू
- कमिटीका सदस्यलाई सिधै, अरूलाई स्वीकृति लिएर मात्रै
- खर्चमा पारदर्शिता र मितव्ययिता अपनाउनू
- लेखा कमिटी बनाई लेखाजोखा राख्ने र मलाई update गराउने
- नितान्त सेवाभाव र भक्तिभावमा रहनेलाई मात्र सहभागिता गराउने
- ध्यानसाधना केन्द्रमा नियमित

"धर्म सबै एउटै हुन्, सबैलाई अनुशासनमा बाँधी कर्तव्यबोध गराउने, अनेक नामबाट आचरणमा बाँध्ने सुमार्ग नै धर्म हो ।

–बालज्ञानी गुरु आदित्य

रूपमा सत्सङ्ग आयोजना गर्ने उपर्युक्त निर्देशनहरूमाथि आपसी छलफलपश्चात् पुनः थप विषयमा छलफल गर्नुपर्ने आवश्यकता देखियो । त्यसपछि निर्माण कार्यको वस्तुस्थितिबारे गुरु आदित्यबाट थप निर्देशन प्राप्त भयो–

- BOQ को राम्रो अध्ययन गरी final गर्नुपर्छ
- रामेश्वर, आश्रमको प्रगति कहाँ पुग्यो, Brief me ।
- मूल कमिटीले उपकमिटी बनाई अर्को खाता खोल्न अख्तियारी दिने ।
- खातामा हस्ताक्षर गर्ने– भेषराज लोहनी, अनिता प्रसाई, उद्धव केसी, रामेश्वर थापा ।
- लेखा समितिको संयोजकमा उद्धव बस्नू र सदस्यहरू उपयुक्त व्यक्तिलाई छानी राख्नू ।
- काम राम्रोसँग सम्पन्न होस् ।
- तिमीहरूको काममा मेरो इज्जत हुन्छ ।
- भवन निर्माणमै अल्झिरहेका छौ, मन्दिर कहिले बनाउँछौ ?
- सबै खुसी रहनू, सबै मेरा भक्त हुन्, प्रिय रहने छन् ।

> “क्रोध, भय, ईर्ष्या, डाह, लोभलालचलाई ध्यान साधनाद्वारा पिउनु नै एक साधक नीलकण्ठधारी श्रीरुद्रको प्रत्यक्ष स्वरुपको आवरणमा उपस्थित हुन सक्नु हो।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

बालज्ञानी गुरु आदित्य स्वयम्को सदिच्छाबमोजिम २०७१ मङ्सिर २९ गते आदित्य संरक्षण प्रतिष्ठानको स्थापना भयो । यसको संरक्षक गुरु आदित्य स्वयम् हुनुहुन्छ । प्रतिष्ठानको ११ सदस्यीय कार्यसमितिका सम्पूर्ण पदाधिकारीहरूको चयन उहाँ स्वयम्ले गर्नुभयो । र, कार्यविधिसमेत बनाइदिनुभयो ।

पूर्णतः कानुनी विधिविधानअनुरूप सञ्चालन हुँदै आएको

प्रतिष्ठानले नियमित रूपमा बैठक, छलफलका साथै साधारणसभा गर्दै आएको छ । आजसम्म सम्पन्न भएका सम्पूर्ण बैठक, छलफल, निर्णय तथा साधारणसभाका मिति र समय गुरु आदित्यले नै तोक्दै आउनुभएको छ ।

जुनसुकै बैठकमा छलफल र निर्णय गरिने एजेन्डा गुरुबाटै प्राप्त हुन्छन् । बैठकमा सहभागी सबैलाई आआफ्नो अभिमत राख्न लगाई सबैलाई सम्मान दिँदै अन्तमा समुचित निर्णय उहाँले लिनुहुन्छ ।

गुरु आदित्यले हालै प्रतिष्ठानको मातहतमा रहने गरी 'आदित्य जनहित कल्याण कोष' गठन गर्नुभएको छ । यो कोषमा जम्मा हुने रकम देशमा आपत्विपत् पर्दा वा गरिब-असहायका लागि सहयोगमा खर्च गर्ने गरिएको छ ।

ooo

संस्थाको बैठक र छलफल कस्तो हुनुपर्छ, छलफलको निर्णय कसरी कार्यान्वयन गर्नुपर्छ भन्ने विषयमा गुरु आदित्यले दिनुभएको यो सुझाव अत्यन्तै अनुकरणीय छ–

"छोटो-छोटो छलफल, Point wise कुरामा मात्र discuss गर्नू । टिप्ने मात्र होइन, कार्यान्वयन पनि गर । म बोल्न मात्र सक्ने भए तिमीहरूलाई यस्तो बनाउँथेँ, यो मेरो होइन तिमीहरूको अभाग र विडम्बना मान्नू ।"

ooo

गुरु आदित्यको सदिच्छाअनुरूप २०७१ माघ १५ गतेबाट साप्ताहिक रूपमा आध्यात्मिक भजन सत्सङ्ग सञ्चालन भयो । उक्त भजन सत्सङ्गमा इच्छुक आगन्तुकहरूको उपस्थिति बाक्लो हुन थाल्यो । सुरुका दिनहरूमा स्थानको प्रतिकूलताले गर्दा भजन-सत्सङ्ग गर्न केही असहज भए पनि अहिले आफ्नै हल उपलब्ध भएपछि नियमित भजन सत्सङ्ग भइरहेको छ ।

> "अरुको वचन सहन सक्नु सन्तानका लागि मातृत्वको धर्म हो ।
> *–बालज्ञानी गुरु आदित्य*

२०७४ असार २५ गते प्रतिष्ठानले गुरु आदित्यको आध्यात्मिक जन्मदिन अर्थात् महाज्ञान उत्सवको कार्यक्रम तय गऱ्यो । कार्यक्रम सुव्यवस्थित, छरितो र प्रभावकारी हुनुपर्ने कुराप्रति सदाझैँ यस पटक पनि बालज्ञानीको निर्देशन थियो–

"भजन स्तरीय हुनुपर्छ ।"

> "जसरी आज कुनै गुनासो आएन, जीवनमा कहिल्यै कोहीप्रति गुनासो नगर, अनि मात्र खुसीले शरीरमा नृत्य गर्नेछिन् ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

२०७४ मङ्सिर २ गतेको आन्तरिक भेलामा उपस्थित शिष्य, शुभचिन्तक, निर्माण कमिटीलाई सजग गर्दै गुरु आदित्यले यस्तो निर्देशनात्मक अभिव्यक्ति दिनुभयो–

"अब हलमा धेरै तडकभडक चाहिँदैन । फल्स सिलिङ normal design र सामान्य light फिट गरे भइहाल्छ । झ्यालढोका र कार्पेट राख । अब मङ्सिर १५ देखि प्र-योग ध्यान कोर्स- '२' हलमा सुरु गर्नेछु । हलमा धेरै खर्च नगर्नू । अर्को वर्ष संस्था दह्रो भएपछि बनाउँला । मन्दिरलाई खर्च धेरै लाग्छ ।"

ooo

आदित्य संरक्षण प्रतिष्ठान पनि अनेकौं आरम्भिक चुनौतीहरूबाट गुज्रिरहेको थियो । मन्दिर तथा योगसाधना हल निर्माण, आवास मर्मतलगायतका योजना निर्धारित थिए । स्रोतसामग्री सीमित थियो । यदाकदा सदस्य शुभचिन्तकहरूलाई यसले चिन्तित बनाउँथ्यो । एकप्रकारले सङ्क्रमणकाल जस्तो प्रतीत हुने बेलामा बालज्ञानी आदित्यबाट आफ्ना सदस्य-शुभचिन्तकहरूलाई निर्देशन भयो–

"मेरो व्यवस्थापन कमिटी छ, जसले उचित ठाउँबाट स्रोतसाधन जुटाउने नै छ । निर्माण कमिटी पनि प्रतिष्ठानसँगै आबद्ध छ । तसर्थ management का student हरू हुनुहुन्छ, कानुनी रूपमा मिलाउनुहोला ।"

- कार्यालयका लागि चाहिने सामग्री यथाशीघ्र जुटाऊ
- मन्दिर र साधना हलको शिलान्यास चैत्र २३ गते ३:३८ बजे दिवा समयमा गर्ने
- शिष्यहरूको प्रस्ताव ठीक छ तर भावना बुझेर मात्र अगाडि बढाउने
- AGM का लागि पहिला लेखापरीक्षण गराऊ

ooo

कुनै पनि संस्था सञ्चालनमा केही निर्दिष्ट कुरामा गोपनीयता र प्रामाणिकता आवश्यक हुन्छ । आदित्य संरक्षण प्रतिष्ठानमा संलग्न सबैलाई सचेत गराउने अभिप्रायले गुरु आदित्य लेख्नुहुन्छ–

"संस्थाले बनाउन लागेको संरचनाका विषयमा कसले के दियो, के गऱ्यो भन्ने विषयका साथै आदिकुञ्जभित्र हुने हर कुरामा गोपनीयता जरूरी छ । मैले fully authority लोहनीलाई दिएको छु । उनी construction field मा विज्ञ छन् । आर्थिक दायित्वमा मनैबाट थोरधेर सबैले सहयोग गर्नेछन् । इच्छुकले उनलाई सहयोग गर्न सक्नेछन् ।"

भर्खर भर्खर आकार लिँदै गरेको संस्थालाई अगाडि बढाउन स्रोतसाधनलगायत धेरै कुराको खाँचो थियो । यस विषयमा सदस्य एवम् शुभचिन्तकहरूबीच विचारविमर्श भइरहेको थियो । यसैबीच बालज्ञानी आदित्यले २०७२ मङ्सिर २० गते दिनुभएको यो उत्प्रेरणादायी सन्देश–

"यो सेवामूलक संस्था हो । सेवा पुऱ्याउन पनि स्रोत चाहिन्छ । स्रोत यस्तो ठाउँबाट जुटोस्, जसले दिएबापत Credit नखोजोस् । संस्थालाई Active पार्नुपर्छ ।"

> "सेवा मेरा लागि नगर, आफ्ना लागि गर, तिमीले स्वेच्छाले गरेको कार्यको क्रेडिट नखोज्नू, म धेरै ऋणी भइसकेँ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

बालज्ञानीले एक आकस्मिक बैठक बोलाउनुभयो जसमा आदित्य

संरक्षण प्रतिष्ठान कार्यसमिति, व्यवस्थापन तथा सम्पर्क समिति र अन्य समितिका पदाधिकारीहरू उपस्थित थिए । बैठक सुरु हुनासाथ पहिलो एजेन्डाअन्तर्गत आदित्यले लेख्नुभएका शब्द यस्ता थिए–

> "जन्मपछि गरिने कर्म र धर्म नै मृत्युपछिको अनमोल सम्पत्ति हो।
> *–बालज्ञानी गुरु आदित्य*

"छिमेकीको पर्खाल लडेको छ, क्षतिपूर्ति दिनुपर्छ । प्रतिष्ठानको गम्भीर ध्यानाकर्षण होस् ।"

ooo

एकपटक केही शुभचिन्तक-शिष्यहरूको बीचमा आदित्य संरक्षण प्रतिष्ठानले एउटा संस्कारयुक्त विद्यालय खोलेर सञ्चालन गर्ने हो भने राम्रो हुने थियो भनी आपसी कुराकानी सुरु भयो । यसबारे गुरु आदित्यलाई नै सोधेर अगाडि बढ्नु उचित थियो । अनुकूल समय पारेर यसबारे गुरु आदित्यलाई जिज्ञासा राखियो–

"एक आध्यात्मिक विद्यालय खोल्ने मेरो पनि इच्छा छ, आगामी बैठकमा छलफल गरौँला ।"

ooo

गुरु आदित्यकी आमा ईश्वराका पिताको देहावसान भएको एक वर्ष भइसकेको थिएन । एक बर्से आशौचका कारण उनी कुनै देवकार्यमा भाग लिन असमर्थ थिइन् । आदित्यका भाइ स्वरूपको पास्नीबारे कुराकानी भयो । एक बर्से बरखीको अशौच अवधिमा घरमा पूजा तथा देवकार्य गर्नु उचित मानिँदैन । गुरु आदित्यबाट यस्तो निर्देशन भयो–

"भाइको पास्नी आदिकुञ्जमा गर्ने उपयुक्त देखिन्न । सामान्य तवरले मात्र गर्ने । शिष्य, परिवारको उपस्थितिमा सिफल घरमा पास्नी गर्ने, अति नै सामान्य खर्चमा गर्ने । गुह्येश्वरी मन्दिरमा लगी साइत गर्ने, १०:३७ मिनेटमा पहिला म आफैँ खुवाउँछु ।"

ooo

"मेरो वास्तविक स्वरूप देख्ने कोही पनि भेटाउन सकिनँ ।

सबैलाई अहङ्कारले छोपेको छ । सबै दृष्टिविहीन देखेँ मैले ।"

बालयोगी आदित्य हरेकलाई अनुनय गर्न चाहनुहुन्छ– "मलाई चिन, मेरो यथार्थ स्वरूपलाई बुझ्ने कोसिस गर ।"

"मलाई ज्योतिषी नबनाऊ, मलाई चमत्कारी जादुगर नबनाऊ ।"

"मलाई ठग्ने काम नगर्नू । सबै काम हतार नगरी गर्नू । बरु ईश्वरलाई ठग, मलाई नढाँट, नठग ।"

यहाँ उद्धृत यो भनाइ निकै नै मननीय छ । "बरु ईश्वरलाई ठग, मलाई नठग" यसो भन्नुले उहाँभित्र पराभौतिक क्षमता छ भन्ने सङ्केत गर्छ र यो आफैँमा गहन खोजको विषय हो ।

"जुन दिनसम्म मेरा लागि नभई आफ्ना लागि प्रेमभावसहित कार्य गरिन्न, त्यो दिनसम्म सहज हुन्न ।" यो अभिव्यक्ति पनि निकै गहन छ तर अति नै सरल पनि छ । कतै अति गहनतम अनि कतै अति सरलतम भाषा प्रयोग गर्ने गुरु आदित्यको वास्तविक परिचय आखिर के हो त ? यसको उत्तर समय स्वयम्ले दिनेछ ।

ooo

जीवन र जगत्का जुनसुकै प्रश्नको उत्तर दिन सक्ने बालज्ञानी आदित्य उमेरले सानो हुनुहुन्छ तर अध्यात्मिक दृष्टिले उहाँको स्थान उच्च कोटिको छ । यस्तो उच्च अलौकिक व्यक्तिलाई के भनेर सम्बोधन गर्ने ? सबैलाई लागिरहेको थियो । यसको समाधान उहाँ आफैँले दिनुभयो ।

उहाँले आफूलाई 'बालज्ञानी गुरु आदित्य' भनेर सम्बोधन गर्न आग्रह गर्नुभयो । जसले जनसामान्यलाई अन्धकारबाट उज्यालोतर्फ लैजान्छ, त्यो नै गुरु हो । 'गु' माने अन्धकार र 'रु' माने प्रकाश । गुरुगीता नामक ग्रन्थमा भनिएको छ–

गुकारश्चान्धकारो हि रुकारस्तेज उच्यते ।
अज्ञानग्रासकं ब्रह्म गुरुदेव न संशयः ॥ -२३

अर्थ : 'गुरु' शब्दमा 'गु' अक्षर अन्धकार

> "हजुरको प्रेम नै मेरो कष्टको मल्हम हो ।
> –बालज्ञानी गुरु आदित्य

वाचक हो भने 'रु' अक्षरको अर्थ हो प्रकाश । यसरी गुरु नै त्यो शक्ति हो, जो अज्ञानलाई नाश गर्ने ब्रह्म हो ।

एक प्रसङ्ग २०७३ साल साउन ४ गते गुरुपूर्णिमाको दिनको । सो दिन गुरु आदित्यकै योजना एवम् लक्ष्यअनुरूप एक गुरुपूर्णिमा विशेष कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको अन्त्यमा उहाँद्वारा जुन वाणी प्राप्त भयो, त्यसले गुरु आदित्यभित्रको गुरु-चेतनालाई यसरी उद्घाटित गरेको छ–

"गुरूले दिने भौतिक वस्तु केही नभए तापनि सत्मार्गमा लैजाने हर ज्ञान र विद्या रहुन्जेल बाँड्नेछु ।"

"सत्य वचन वर्तमानमा कठोर हुन्छन् तर भविष्यमा भाग्य बदल्ने स्रोत हुन्छन् । सधैं सत्य बोल, इमानदारीसाथ कर्म गर, न्यायलाई मात्र जीवन दर्शन बनाऊ। ज्ञानलाई जीवनचक्र चलाउने अस्त्र बनाऊ, ध्यानलाई प्राण बचाउने शस्त्र बनाऊ ।

–बालज्ञानी गुरु आदित्य

ooo

एक आफन्तसँग भएको भेटघाटमा गुरु आदित्यले लेखिदिनुभएको यो अमृतवाणी–

"बाँचुन्जेल दुःखकष्ट, पीडा लिने काम मेरो, त्यसको बदला अदृश्य प्रेमको कोपिला जीवित राख्ने काम हजुरको ।"

सोही मौकामा आदित्यका ठूलो बुबा पनि उपस्थित हुनुहुन्थ्यो । उहाँले सोध्नुभयो– "हामी हरेकको चिन्ता हजुरले लिएर हुन्छ त गुरुदेव ?"

उत्तर दिने क्रममा आदित्यले त्यसबखत जुन कुरा लेख्नुभयो, त्यसले बालगुरुको विराट् व्यक्तित्वलाई साङ्केतिक रूपमा प्रस्ट्याएको छ–

"मैले लिन छाडेपछिको कहालीलाग्दो भविष्य हजुरले कल्पनासम्म गर्न सक्नुहुन्न ठूलो बुबा ।"

ooo

"सबै दयाभाव मात्र देखाउँछन् । भक्तिभाव दर्साउने कम मात्र भेटँ । मलाई मेरा सीमित शिष्य र परिवारदेखि बाहेक मेरा आवश्यकीय वस्तु कसैसँग नलिने व्यवस्था मिलाऊ । मेरा लागि नमाग । भेट्न नबोलाऊ ।"

"आर्थिक लोभ नगर । मेरा सबै औँला सबल र सक्षम छन् । म विश्वस्त छु ।"

ooo

"निश्चित र सत्य छ, मृत्यु तसर्थ मृत्यु सुनिश्चित भएकाले कुनै पनि भौतिक र सांसारिक वस्तुप्रतिको मोह आशक्ति त्याग । मभित्रै समाहित हुन सत्य मार्गमा लाग । मेरो जन्म पनि सुनिश्चित थियो र मृत्यु पनि स्वेच्छिक छ । त्यसैले विचार सबैप्रति शून्य छ ।"

बालज्ञानी आदित्यको यो अन्तर्भावलाई व्यक्ति आआफ्नै तरिकाले व्याख्या गर्छन्, ग्रहण गर्छन् । व्याख्या वा ग्रहण जे जसरी गरे तापनि सत्यतथ्य उल्लिखित वाणीमै छर्लङ्ग छ ।

इतिहासको कालखण्डमा सत्यपुरुष तथा अलौकिक महान् आत्माहरूको जीवन-दर्शन अध्ययन गर्दा पनि यही तथ्य बोध हुन्छ कि अलौकिक स्तरका सिद्ध-आत्माहरू नै "मभित्र समाहित होऊ" भन्ने भक्ति र समर्पणवाचक शब्द प्रयोग गर्छन् । सामान्य बोध-चेतना हुनेले यसको अर्थ र मर्म बुझ्न सक्दैन । किनकि पहाडै नचढेको मानिस कसरी हिमाल चढ्ला र ? आखिर बालज्ञानी आदि को हुन् ? यसको उत्तर बाहिर छैन, भित्र छ र अन्तरात्मामा छ ।

ooo

प्रश्न त्यस्तो होस्, जसको उत्तरले प्रश्नकर्ता स्वयम् र प्रश्नकर्ता जस्ता सबैलाई मार्गदर्शन मिलोस् । एक छलफलमा गुरु आदित्यले लेखिदिनुभयो–

"मसँग ज्ञान, ध्यान, विचारसम्बन्धी मात्र प्रश्न सोध ।"

> "इच्छाले नै दुःख निम्त्याउँछ, जब इच्छालाई शून्यतामा झारिन्छ, तब मृत्यु पनि सहज भइदिन्छ।
>
> *–बालज्ञानी गुरु आदित्य*

०००

"जो मेरो सान्निध्यमा रहन्छ, त्यसमा बिनाप्रतिफलको सेवाभाव र समर्पणसहितको भक्तिभाव हुनु नितान्त जरूरी छ ।"

"आवेग र भावनाले मलाई छुन्न ।"

> "पुनर्जन्म हुन्छ, तर थाहा हुन्न । थाहा हुने मान्छे सिद्ध पुरूषसरह हुन्छ।
>
> *-बालज्ञानी गुरु आदित्य*

यो भनाइ गुरु आदित्यकै हो । मसँग प्रस्तुत हुँदा सत्य रूपमा, जस्तो छौ, त्यही रूपमा प्रस्तुत भयौ भने त्यो मेरा लागि न्यायपूर्ण हुनेछ भन्ने आशयको यो अभिव्यक्ति निकै मननीय छ ।

- "सेवा मेरा लागि होइन, आफ्ना लागि गर । तिमीले स्वेच्छाले गरेको कार्यको credit (जस) नखोज्नू कहिल्यै पनि । किनकि म धेरै ऋणी बन्न सक्दिनँ ।"

आदित्यको यो अभिव्यक्तिले सुस्पष्ट पारेको छ कि आदित्य आफ्ना वरिपरि कस्ता व्यक्ति चाहनुहुन्छ । अर्को एक प्रसङ्गमा लेख्नुहुन्छ–

"मसँग ज्ञानमय शान्ति र शीतलता लिन सामीप्यमा आऊ । यदि यहाँबाट अमिलो धमिलो मन लिएर जान्छौ भने बरु कहिल्यै नआऊ ।"

०००

एक कार्यक्रमका अवसरमा गुरु आदित्यले लेख्नुभयो–

"हर शून्यतामा, एकान्तमा, हर दृश्यअदृश्य स्रोतभित्र मेरो अंश छ । मात्र तिमीभित्रको देवत्व उजागर हुन बाँकी छ । केही समय मात्र छ, ईश्वरीय आत्माको दर्शन पाउन । तसर्थ सत्कर्ममा लागिहाल ।"

यो आदित्य-वाणी पढ्नेबित्तिकै हरेक व्यक्तिको मनमा फरक फरक धारणा बन्छन् र सोही धारणाअनुरुप व्याख्या जन्मन्छ । जस्तो धारणा, आस्था, संस्कार, सोच हुन्छ, आदित्यलाई हेर्ने दृष्टि त्यस्तै हुन्छ ।

०००

आफ्ना पितामाताको वैवाहिक वार्षिकोत्सवका दिन गुरु आदित्य लेख्नुहुन्छ– "हजुरहरूको कोखको माध्यम लिई यो युगमा प्रवेश हुने सौभाग्य मिल्यो । केही समय भए पनि छोरा बन्ने अवसर पाएँ । अब म जगत्कै पुत्र हुँ, यो ज्ञान फैलाई विश्व बदल्न मलाई छुट्कारा दिनुहोला ।"

ooo

"मलाई चिनिन अझै मन लाग्दैन । हजुरहरूको स्वभावमा साधकतापूर्ण परिवर्तन होस् । मात्र अरूको भावनाको सधैँ सम्मान होस् । सबैभन्दा उत्तम आफू होइन, सच्चा अरू र गलतचाहिँ आफू भनी सोच । सधैँ एक बालक जो हर कुरा जीवनमा खोज्छ । हर कोहीलाई अपरिचित र हर वस्तु नयाँ भनी आफूलाई बालक झैँ परिकल्पना गर । स्वभाव, विचार, बुद्धिविवेक सबै परिवर्तन हुन्छ अनि मात्र म सर्वत्र चिनिन्छु ।"

ooo

"मेरा हर अक्षर बेकार लाग्छन्, हावा लाग्छन्, जब त्यो नेत्र आफैँ अन्तर्ध्यान भई उघार्छौ मेरा हर अक्षर अर्थपूर्ण र सत्य लाग्नेछन् ।

ooo

"जे जे पर्छ हेर्दै जानुपर्छ । हिम्मत हार्नुहुन्न । अलि कष्ट त हुन्छ नै, जीवितै जल्नेलाई यस्ता कष्टको रापले छुनुहुन्न, मेरो सिद्धान्त हो ।"

ooo

"म कृपया हजुरहरू सबैसँग आग्रह गर्दछु कि मेरो यो कुञ्ज पनि संसारको र स्वयम् म पनि जगत्को हुँ । म पुत्र त मातापिताको होइन, तसर्थ सबै वस्तु, चिज साझा हो सबैको ।"

ooo

"मन्दिर निर्माणमा दान गर्ने सङ्कल्प गर्नेलाई सोचेर मात्र गर्नू

> " आफूप्रति नै विश्वस्त छैनौ, कसरी अरूको विश्वास जित्छौ ?
>
> *–बालज्ञानी गुरु आदित्य*

भन्नू । किनकि यदि आफैँ त्याग गरेर हो भने ठीक छ । Be serious मेरा लागि केही पर्दैन ।"

ooo

> "मात्र मेरो शरीरले साथ र तिमीहरुको स्वआत्मा-समर्पणको मिश्रण भए स्वर्ग यहीँ बन्छ ।
>
> *-बालज्ञानी गुरु आदित्य*

ध्यान-साधना प्रश्नोत्तर

प्रश्न : गुरूदेव ! ध्यान के हो ?

उत्तर : ध्यान ईश्वरसमक्ष आफू प्रत्यक्ष प्रस्तुत हुने एउटै सुनिश्चित सुमार्ग हो ।

प्रश्न : म एक बिजनेसम्यान हुँ, ध्यान पनि गर्छु । तर ध्यान जति लाग्नुपर्ने त्यति लाग्दैन, के गरौँ गुरूदेव ?

उत्तर : ध्यान जति लाग्छ त्यति नै काफी छ । धेरै लाग्यो भने business (बिजनेस) डुब्छ ।

प्रश्न : यसपटक हजुरको ध्यान-साधनाको अनुभव कस्तो रह्यो (२०७३ माघ २९) गुरूदेव ?

उत्तर : म मस्त ध्यानमा रहँदा एक अनौठो रहस्य-तथ्य उजागर भयो । यदि साँच्चिकै साधक भए मृत्युको मिति आँखामा देख्न सकिन्छ । तर त्यहाँसम्म म पुग्न पाइनँ । प्रयत्न जारी छ ।

प्रश्न : प्रभु ध्यानमा के गर्नुहुन्छ ?

उत्तर : म जे गर्छु, आफ्नो यो देहलाई पनि पत्तो नदिई गर्छु ।

प्रश्न : गुरूदेव ! हजुरको ध्यानको बीचमा ब्रेक लिन मिल्दैन ?

उत्तर : एक सानो भूलले जीवनमा कत्रो भुइँचालो आउँछ । जगत्मै कति हलचल हुन्छ, त्यसको अन्दाज म आफैँले गर्न सकिरहेको छैन । म हेर्दै छु अझ रहस्य खोज्दै छु । हजुरहरू आफ्नै बिस्तारामा पल्टिएर सोचमा डुब्नू, निकास त्यति सहज छैन ।

प्रश्न : हजुर ध्यानमा रहँदा हामीले थप के कुरामा विचार पुर्याउनुपर्छ

हो प्रभु ?

उत्तर : ध्यानमा रहँदा र सकिएपछि पनि नराम्रा विकारयुक्त कुरा, तनाव हुने विचार नभित्र्याउनू, नत्र हेर मेरो परिवारलाई ठूलो आर्थिक पारिवारिक कष्ट हुन्छ तर खोइ किन हो बुझ्नुहुन्न या बुझाउन सकिनँ, या मलाई चिन्नुभएन ।

प्रश्न : हजुर ध्यानमा जाँदा हामीलाई चिन्ता लाग्छ, हामी के गरौं प्रभु ?

उत्तर : यस्तै कठिन परीक्षाको नतिजाले नै सहज हुने प्रतिफल प्राप्त हुन्छ । म आफ्नो सङ्कल्पप्रति दृढ छु ।

परामर्श

बालज्ञानी आदित्यद्वारा प्रदान गरिने बेलाबखतका मनोवैज्ञानिक परामर्शलाई हेर्दा महसुस हुन्छ कि उहाँ एक सिद्धहस्त मनोविज्ञ हुनुहुन्छ । कुनै जिज्ञासु या पीडित आफ्नो मानसिक पीडा लिएर जब उहाँसामु आउँछ र उसले जुन मनोवैज्ञानिक समाधान गुरु आदित्यबाट पाउँछ त्यो अद्वितीय र अद्‌भुत किसिमको हुन्छ ।

ooo

झापा निवासी एक जिज्ञासु गुरुसमक्ष आफ्नो निजी र पारिवारिक समस्या लिएर पुग्नुभयो । ती पीडित जिज्ञासुलाई उहाँले मनोपरामर्श दिंदै लेख्नुभयो, जुन उनको निकटतम पारिवारिक व्यक्तिका लागि थियो–

"मानसिक रूपमै विक्षिप्त हुँदै गएको देख्छु । मन बसमा छैन । विचारले आफूप्रति नै हार मानेका छन् । यस्तो अवस्थामा प्रेम अति आवश्यक हुन्छ । प्रेमरूपी मल्हम देऊ, हौसला देऊ, हिम्मत बढाऊ ।

> “ मनको भाव र विचार रोकिन्न, छेकिन्न । तसर्थ शुद्ध भावलाई मात्र सोचमा स्थान देऊ । नत्र जे गलत सोच्छौ । त्यसैले पूर्णता पाउला होस गर।
>
> *–बालज्ञानी गुरु आदित्य*

मलाई सम्झी गायत्री मन्त्र एक सय आठपटक दिनमा भन्न लगाऊ । सधैं पानी र दूधमा तुलसी राखेर खान दिनू, मेरो आशीर्वाद छ ।"

> ❝ धन प्राप्तिमा होइन, ज्ञान प्राप्तिमा समय व्यतित गरौं ।
>
> *–बालज्ञानी गुरु आदित्य*

ooo

नाताभित्रकै एकजना बालसखालाई गुरु आदित्यले उनले बुझ्ने भाषाशैलीमा यस्तो परामर्श दिनुभयो । परामर्शको वाक्य सानो छ तर यसभित्र अपूर्व उत्प्रेरणा छ ।

'Bless you my baby. One day you will be fine and you can do your work yourself.'

ooo

दुवै छोराछोरी अमेरिकामा पढ्दै गरेका अभिभावक पतिपत्नी एक दिन गुरु आदित्यसमक्ष आउनुभयो र सोध्नुभयो– "गुरुवर हामी हाम्रा छोराछोरीको विषयमा निकै असमञ्जसमा छौं, कसो गरे उचित होला ? हजुरबाट परामर्श चाहन्छौं ।"

द्विविधाग्रस्त ती अभिभावक पतिपत्नीको मनलाई शीतल-सान्त्वना दिँदै आदित्यले दिनुभएको यो परामर्श–

"USA मा त्यति सहज छैन । उनीहरू असल छन् । मिहिनेती छन् । जहाँ पढे जाने पनि फरक पर्दैन । छोरीलाई त्यहाँबाट यतै बोलाउँदा हुन्छ । छोरालाई केही वर्ष उतै ठीक हुन्छ । पेपर पेपर नभन । पेपर बनिसकेपछिको अवस्था झन् गाह्रो हुन्छ ।"

ooo

पीडा, व्यथा र समस्या व्यक्तिपिच्छे फरक हुन्छन् । प्रत्येक व्यक्ति जीवनमा यी कुराबाट मुक्त हुन चाहन्छ । स्मरण रहोस्, सिद्धपुरुषसमक्ष पुगेपछि आफ्नो कथाव्यथा सुनाइरहनु पर्दैन, आफैं थाहा भइहाल्छ । यस्तै अप्रकटित व्यथा वेदना बोकेर ॐ आदिकुञ्ज पुगेका एक आगन्तुकलाई एकपटक यसरी खुसी बनाउनुभयो गुरु आदित्यले– "जे नतिजा आए नि सन्तुष्ट रहनू, दीप मात्र तेल सकिएपछि निभ्छ, आफैं कहिल्यै निभ्दैन । तसर्थ स्वयम् हार कहिलै नमान्नू ।"

ooo

महाभूकम्पले भूमि हल्लाएका बेला सर्वत्र त्रास र असुरक्षाको वातावरण थियो । हरेक व्यक्ति भयभीत थिए । भूकम्प गएको भोलिपल्ट परिवारको जिज्ञासामा गुरु आदित्यले लेख्नुभएको परामर्श–

"प्राकृतिक प्रकोप छेकेर रोकेर टर्दैन । यो प्रकृति अरिष्ट भई हामीलाई दिएको सजाय हो । अझै धेरै विपत्ति आउनेछन्, धैर्य राखी श्रीरामलाई सम्झौँ । प्रकृतिको लीला स्वीकारौँ ।"

सोही सिलसिलामा वैशाख १६ गते प्राप्त यो परामर्श-सन्देश–

"यस महाप्रलयमा पनि मृत्युलाई जितेर आएका छौँ । बाँकी रहेको यो जीवन सत्कर्ममा लगाई बाँचेको आभास हरिलाई व्यक्त गरौँ ।"

ooo

तीनचार प्रकारका दीर्घरोगबाट पीडित पारिवारिक नाताभित्रको हजुरआमालाई गुरु आदित्यले दिनुभएको परामर्श– "आमाले योगसाधना सत्सङ्गमा बढी ध्यान दिने समय आयो । औषधोपचार क्षणिक उपाय मात्र हुन् ।"

केही प्रश्नोत्तर

एकजना आगन्तुक जो राष्ट्रिय राजनीतिमा सक्रिय छन्, उनको प्रश्न गुरु आदित्यलाई–

प्रश्न : म राजनीति गर्ने मान्छे, चुनावमा सफलता पाउँछु कि पाउँदिनँ होला ? मार्गदर्शन चाहन्छु हजुरबाट ।

उत्तर : राजनीति अति जटिल वस्तु हो । सफलता हासिल गर्ने वा नगर्नेभन्दा पनि जनहितका लागि आफूलाई समर्पित गर्नुहोस्, सधैँ अगाडि बढ्न मार्गदर्शन आफैँ मिल्नेछ ।

२०७५ वैशाखमा गायत्री परिवार, भारतबाट आएका दुईजना अतिथि गुरु आदित्यबारे सुनेर उहाँलाई भेट्न ॐ आदिकुञ्ज आएका थिए । उनीहरूले हिन्दीमा यस्तो प्रश्न राखे–

प्रश्न : हम लोगोँ को यहाँ क्योँ बुलाया गया ? (हामीहरूलाई यहाँ केका लागि बोलाइएको हो ?)

उत्तर : किसी उस चिजको देखने जो सामने है, पर दिखता नहीं (कुनै त्यो चिजलाई हेर्न, जुन सामुन्नेमा छ । तर देखिँदैन ।)

केही दिनका लागि अमेरिका भ्रमणमा जानुपूर्व आदित्य प्रतिष्ठानका सदस्य बालज्ञानीसमक्ष आउनुभयो र आफ्नो यात्राबाट फर्केर आउँदा गुरुवरलाई कुनै कोसेली ल्याउन चाहेको कुरा राख्दै यस्तो प्रश्न गर्नुभयो–

प्रश्न : अमेरिका यात्राबाट फर्कँदा हजुरका लागि म के गिफ्ट ल्याऊँ गुरुदेव ?

उत्तर : क्यालिफोर्नियाको Golden Gate नजिकै प्रशान्त महासागरबाट बालुवासहितको जल मलाई ल्याइदिनू ल । सबै परिवारलाई सम्झना, कार्य सफल होस् शुभकामना ।

२०७२ साल चैत्र ९ गतेको कुरा हो । सर्वज्ञाता गुरु आदित्यको उपस्थितिमा उपस्थित शिष्य-शुभचिन्तकहरूका बीच पुनर्जन्मका विषयमा चर्चा चल्यो । उहाँसमक्ष जिज्ञासा राखियो–

प्रश्न : गुरुदेव ! मनुष्यको पुनर्जन्म हुन्छ कि हुँदैन ?

उत्तर : पुनर्जन्म हुन्छ तर थाहा हुन्न । थाहा हुने मान्छे सिद्ध महापुरुषसरह हुन्छ ।

प्रश्न : चन्द्रग्रहण लाग्दा के गर्ने गुरुदेव ?

उत्तर : ग्रहणको समयमा दान, जप, ध्यान र साधना गर्नुपर्छ । समय अनुकूल नभए दानभेटी उठाई जोगी संन्यासीलाई कालो वस्त्रसमेत राखी दान दिनुपर्छ ।

प्रश्न : म हजुरका लागि के गरौँ, के दिऊँ गुरुदेव ?

उत्तर : म तिम्रो हर कार्यमा साथ दिनेछु, जसको बदलामा केही भौतिक वस्तु चाहिँदैन, मात्र तिमीभित्रको त्यो सेवाभावमा कमी नआओस् ।

प्रश्न : आध्यात्मिक उचाइमा पुग्न हजुरलाई हामीले के के विषयहरूमा ध्यान दिनुपर्छ गुरुदेव ?

उत्तर : प्रेम जति गहिराइ, त्यति नै मेरो उचाइ, बुझ, मनन गर ।

केही दिनका लागि भारतको दिल्ली भ्रमणमा जान लाग्नुभएका आदित्य प्रतिष्ठानका एक सदस्यको यो जिज्ञासा–

प्रश्न : म भारतको दिल्ली जाँदै छु, मैले गर्नुपर्ने सेवा भए आज्ञा पाऊँ ।

उत्तर : लालकिल्ला जानू, त्यहाँबाट सोभिनियरको वस्तु र केसर, सिम्रिकको बट्टा पनि ल्याउनू ।

प्रश्न : गुरूजी, मलाई बाटो देखाइदिनुहोस् ।

उत्तर : सत्यपथ र अध्यात्मवादको मार्गबाहेक अन्य मार्गमा जानु छैन मलाई । इच्छुक हुनुहुन्छ भने आउनुहोस्, मेरो मार्गमा खुसी र आनन्दै आनन्द छ, जसले जन्मको मोल बताइदिन्छ, मृत्युपछिको ढोका खोलिदिन्छ । व्यापार-व्यवसाय यस्तै हो, चल्दै गर्छ, कहिले नाफा, कहिले घाटा, विचलित नबन, सेवा गर, फल आफैँ मिल्छ ।

प्रश्न : मेरो समाजसेवा र अध्यात्मको बाटोमा केही हुन्छ कि ?

उत्तर : अति उत्तम प्रश्न, सोच पनि उत्तम, सेवा निःस्वार्थ भावले गर्नुभयो भने नब्युँतिएको मुर्दा सरहको आत्मा पनि ब्युँझिन्छ । बाँकी अर्को भेटमा ।

ॐ आदि ।

खण्ड दुई

कलियुगको आदित्य ज्योतिपथ

कलियुगको आदित्य ज्योतिपथ

"

मानसपटलमा तरङ्गित बनी बसेका असङ्ख्य पीडादायक तनावलाई शान्त राख्ने स्रोत नै साधना र योग हो ।

-बालज्ञानी गुरु आदित्य



कलियुगको आदित्य ज्योतिपथ

'आदित्य ज्योतिपथ' यो पुस्तकको प्राणधारा हो । बालज्ञानी गुरु आदित्यद्वारा पथप्रदर्शित जीवनशैली जीवनदर्शन एवम् जीवनदृष्टि यसमा समाविष्ट छन् । समयचक्रको यो कालखण्डमा अबको जीवन पद्धति र जीवनबोध कस्तो हुनपर्छ, यसको सर्वाङ्गीण स्वरूप आदित्य ज्योतिपथले युगानुकूल ढाँचामा प्रस्तुत गरेको छ ।

महात्मा बुद्धका चार आर्यसत्य, महर्षि पतञ्जलिको अष्टाङ्ग योग, गीताद्वारा उपदिष्ट भगवान् कृष्णको योगत्रय (कर्मयोग, ज्ञानयोग, भक्तियोग) मा आधारित सिद्धान्त जस्तै बालज्ञानी गुरूले कलियुगीन मानिसका लागि प्रदान गर्नुभएको ज्ञान आदित्य ज्योतिपथ हो । युगद्रष्टा सत्पुरुषहरूले जीवन र जगत्को निदान एवम् निराकरण प्रस्तुत गरी युगधर्मको दायित्व निर्वाह गर्छन् ।

बालज्ञानी गुरु आदित्यको स्ववचनअनुसार आदित्य ज्योतिपथ

उहाँद्वारा प्रस्तुत युग-मार्गपथ हो । सरल, सुगम र सुबोध्य भाषा एवम् प्रारूपमा प्रस्तुत यो पथ सुदूर भविष्यसम्मका कलियुगी मानव समुदायका निम्ति जीवन-सञ्जीवनी हुने साङ्केतिक उद्घोषणा बालज्ञानी गुरु स्वयम्ले गर्नुभएको छ ।

ज्योतिपथ

ज्योति जब साधनाको उत्कर्षले, अध्यात्मको चेतनाले स्वयम् आफूद्वारा आत्मामा जलाइन्छ तब आँखाको आवश्यकता पर्न छोड्छ । बन्दआँखाद्वारा पनि संसार देखिन्छ । म भौतिक वस्तु निहारी प्रकाश खोज्ने व्यक्ति होइन । आध्यात्मिक प्रकाशद्वारा जीवन चम्काउने साधक हुँ ।

- *जबसम्म दुई खुट्टामा उभिएको तिम्रो शरीर उठ्दैन तब सम्म म र मभित्रको ज्ञान जगाएर मात्र आदियुग भित्रिँदैन ।*
- *प्रेमबाट ऊर्जा, ऊर्जाबाट शक्ति, शक्तिबाट दिव्यआत्माको जन्म, अनि हुनेछ आदियुगको प्रारम्भ ।*
- *हामी सबै अँध्यारोमा लड्खडाउँदै मात्र वायुको सहाराले जिएका जीव हौँ । उज्ज्वल किरणसहित ज्ञानको चक्षुले मात्रै पनि जिउन सक्ने आधार विद्या हो, जसविना जिउनु ज्योतिबिनाको नयनतुल्य हो ।*

साधनापथ

साधनापथमा चल्न सर्वप्रथम तिम्रा जन्मजात भित्रिएका गुणहरूलाई त्यागी नयाँ साधकतायुक्त गुणलाई जीवनमा उतार्दै लानुपर्छ जसले गर्दा तिमी स्वयम् आफूलाई बिर्सी अरूको भक्तिमा जीवन त्याग गर्नेछौ । साधना भन्नु नै तिमी स्वयम्ले स्वयम्लाई समर्पण

> “मोक्ष तब मात्र मिल्छ, जब शान्तिलाई मात्र मनमस्तिष्क र आत्माको मालिक बनाइन्छ ।
>
> *-बालज्ञानी गुरु आदित्य*

गर्नु हो । तन, मन र आत्माबाट उत्पन्न त्यो बेचैनीलाई वशमा राख्न सक्नु साधना हो । म को हुँ र के हुँ भन्ने भावको भावार्थ बोध भई स्वयम्लाई चिन्न सक्नु नै साधना हो । यति गर्न सके जीवनका हर पाइला सत्मार्गमा लाग्नेछन्–

> "मेरो यथार्थपूर्ण भावनात्मक अभिव्यक्तिले तिमी कति परिमार्जित भयौ ? अब अगाडि देखिने र निर्वाह गर्ने दायित्व र जिम्मेवारीले दर्साउने छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

- *एक पलका लागि मन बाँधी हेर, तिम्रा लागि पस्केका मेरा हर भावले तिमीलाई साधक बनाउनेछन् ।*
- *साधकको सान्निध्यमा रहनु र स्पर्श गर्नु नै पनि साधकतापूर्ण मार्गको यात्रीको स्थान सुरक्षित राख्नु हो ।*

ध्यानपथ

दुई आँखा बन्द गर्दा मात्र ध्यान हुँदैन । ध्यानमार्गमा छिर्न सोचलाई ० (शून्य) डिग्रीमा झारी, मन र मस्तिष्कलाई बाँधी मात्र वायुलाई प्राण चलाउन अनुमति दिई आफू पूर्ण रूपमा विश्राम गरी ध्यानपथमा छिर्न सकिन्छ, जसले बिना कुनै कसरत शरीरलाई सन्तुलनमा राख्छ । ध्यानद्वारा आफूलाई नियन्त्रण गरी मात्र आत्मा परिचालन गर्ने कला सिक्न सर्वप्रथम तन, मनबाटै मभित्र तिमी विराजमान हुन आवश्यक छ ।

- *ध्यानद्वारा ज्ञानको अग्निकुण्ड बन्छ, जहाँ नकारात्मक सोच स्वतः जल्छ र सकारात्मक रे (किरण) मा परिवर्तन भई सबैमा फैलन्छ ।*
- *सबैभन्दा भय मनुष्यलाई मृत्युदेखि हुन्छ तर जब साधक ध्यानमा लीन हुन्छ तब जीवित अवस्थामै मृत्यु पर्यन्तको अद्भुत अनुभूति लिई फर्किन्छ ।*

प्रेमपथ

प्रेम मात्र भाव त हो तर यसले पूरा जगत्लाई हल्लाइदिन्छ । प्रेमको तापले संसार चलेको छ । मानिस होस् या अरू जीव, सबै प्रेमका भोका हुन्छन् । जति पाए पनि र जति दिए पनि अतृप्तझैँ लाग्ने भाव नै प्रेम हो । प्रेमको तागतलाई कुनै भौतिक दुनियाँको आविष्कारले जित्दैन ।

- *स्वयम्लाई अगाध प्रेम गरेर हेर प्रेमी, सारा जगत् स्वतः तिम्रो बन्नेछ ।*
- *समर्पणका हर सीमा पार भएपछि वितृष्णाले भरिएको प्रेमको आसक्ति बाहेक अरू कुनै भौतिक वस्तुप्रतिको मोह रहँदैन ।*
- *प्रेम वायु हो, जसको प्रत्यक्ष उपस्थितिविना नै हरपल हरक्षण स्पर्शको अनुभूति महसुस गर्न सकिन्छ ।*

योगपथ

ब्रह्माण्डका हर सजीव निर्जीव वस्तुसँग यो आत्मालाई प्रत्यक्ष जोड्ने माध्यम नै योग हो । सामान्य रूपमा भन्ने हो भने योग एक शारीरिक व्यायाम हो । यस्तो व्यायाम जसमा शरीर शुद्ध, सोच सकारात्मक, विचार शून्य, मनमा एकाग्रता र दृष्टि समानान्तर हुनु जरूरी छ । यी सूत्रका साथ हामी योगमा लाग्यौं भने हामी हर आत्मासँग जोडिनेछौँ–

- *योग, ध्यान, साधनाविनाको सुखद जीवन निहाल्दै छौ भने आँखा भए पनि तिमी अन्धो हौ, सबै अङ्गमा चेतना भए पनि तिमी लुलो हौ ।*

> “भोकै बसी होइन भावद्वारा भक्ति गर । भोकले रिस, द्वेष, तनाव निम्त्याउँछ भने भावको भक्तिले प्रेम, समर्पण र अपनत्व जगाउँछ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

धर्मपथ

धर्म एक कानुन हो जसलाई

हर कोहीले आ-आफ्नो तरिकाबाट पालना गर्नुपर्छ । धर्मका अनेक नाम उपनाम हुन्छन् । आ-आफ्ना नामको धर्मले एउटै शिक्षा दिन्छ त्यो हो, आचरणसहितको अनुशासन । धर्मका नाममा अनेकौं परिभाषा भए पनि सबैको अन्तिम मार्ग एउटै छ । जसले जुन धर्मको माला जपे पनि आखिर मोक्ष मार्गको ढोका एकै धर्मले खुल्छ, त्यो हो सनातन धर्म, जुन सबै धर्मको गुरु हो, जसमा हामी सबै सेवाभावमा रहेर अनुशासित भई कानुनसरह पालना गर्दै अनन्तकालीन यात्रालाई सुरक्षित राख्छौं–

> “अत्याचारी असुरहरुबीचबाट मात्र एक दानवीर निकाल्न सके राज्य यो कहालीलाग्दो चक्रबाट उम्किने थियो।
>
> *–बालज्ञानी गुरु आदित्य*

- धर्म, कर्तव्य र आफ्नो दायित्व समयमा निर्वाह गर्नुपर्छ, नत्र समय बितेपछि हतारमा गरेका हर कार्य सहानुभूति समान अर्थहीन रहन्छन् ।
- *जन्मपछिको गरिने कर्म र धर्म नै मृत्युपछिको अनमोल सम्पत्ति हो ।*
- *धर्मका नामको व्यापारले कङ्गाल बनाउँछ । जय श्रीकृष्ण ।*

आत्मापथ

आत्मा एक अदृश्य प्राण हो, शक्ति हो जसले हर सजीवनिर्जीव वस्तुभित्र राज गरेको छ । मनुष्यका सम्पूर्ण इन्द्रियहरू आत्माको वशमा हुन्छन्, साथै धर्तीमा अमर र अटल रहने वस्तु नै आत्मा हो जसमा लचकता हुन्छ, जसले ब्रह्माण्डका सम्पूर्ण पिण्ड र त्यसमा रहेका जीवसँग प्रत्यक्ष सम्बन्ध राख्छ । भूत, भविष्य, वर्तमान, जन्म, पुनर्जन्मको सबै ज्ञाता हुन्छ । यस्तो आत्मा सबैमा हुन्छ तर त्यसलाई चलाउने र नियन्त्रण गर्ने चाहिँ शरीर हो । तसर्थ सर्वप्रथम शुद्ध विचार, शुद्ध सोच, शुद्ध भक्तिभावसहित शरीररूपी आफ्नो आत्मालाई चिन, ब्रह्माण्डका हर वस्तुसँग परिचित हुनेछौ ।

ज्ञानपथ

सही चेतनाको ज्योति मस्तिष्कमा पुऱ्याउँदा मनमा बल्ने त्यो दिव्य प्रकाश नै ज्ञान हो । ज्ञानले विज्ञताको संज्ञा दिन्छ । आदर्शवान्, नैतिकवान्, सत्गुणी बनाउँदै भावनात्मक विचारलाई सकारात्मक रूपमा मात्र सोच्ने व्यवस्था ज्ञानले मिलाउँछ । अन्धकार, अन्धविश्वास तोड्ने साथै हर रहस्यसँग पुग्ने साधन नै ज्ञान हो । भौतिक लोभलालचमा रुमलिएको यो संसारमा ज्ञान नै त्यो अमूल्य धन हो जो जति बाँड्यो त्यति भण्डारण हुँदै जान्छ–

- *भक्ति र ज्ञानले निपुण साधकले नै अलौकिक, अद्‌भुत शक्ति र शान्तिसहितको असीम स्वतन्त्रतासहितको जीवन जिउन सिकाउँछ ।*
- *आधुनिकताको हातहतियारसहितको विज्ञानलाई सत्सङ्ग-भजनसहितको महादिव्य ज्ञानमय अस्त्रले जित्नुपर्छ ।*

अध्यात्मपथ

आफूभित्र जागृत त्यो ईश्वरीय भावना नै अध्यात्म हो । स्वयम् आफूमा उदाएको परमात्माप्रतिको समर्पण, भक्तिदर्शन नै अध्यात्म हो । भौतिक संसारमा नतमस्तक भएकालाई आध्यात्मिक मार्गमा जोड्ने कडी ध्यान, साधना र योग हो । ध्यान, साधना र योगद्वारा प्रशोधन गरी हर कोहीमा आध्यात्मिक क्रान्तिको बीजारोपण जरुरी छ । यस्तो कहालीलाग्दो कलियुगमा आध्यात्मिकता मात्र स्थापित गराउने प्रमुख तत्व नै गुरुतत्व हो । अध्यात्म धर्मभन्दा भिन्न छ । धर्ममा आत्मा केवल एक शक्तिमा निहित रहन्छ तर अध्यात्मले जगत्मा स्थापित हर धर्मलाई एकै शक्तिका रूपमा हेर्ने आत्माको निर्माण गराउँछ ।

> “आधुनिकताको हातहतियारसहितको विज्ञानलाई सत्संग, भजनसहितको महादिव्यज्ञानमय अस्त्रले जित्नुपर्छ ।
>
> *–बालज्ञानी गुरु आदित्य*

संस्कृतिपथ

- *संस्कृति, सभ्यता र संस्कारविनाको शिक्षाको कुनै अर्थ रहँदैन, यस्तो शिक्षाले जीवनको मोल पढ्न सधैँ अशिक्षित मात्र बनाउँछ ।*

"अहोभाग्य मेरो हो, जसले यस देवस्थलमा आफ्नो कार्यस्थलको दैलो उघार्न सफल बनायो ।
–बालज्ञानी गुरु आदित्य

कलापथ

- *सीप सबैमा छ, आफ्नो निपुणता केभित्र छिपेको छ, समयमै पत्तालगाई कलाको सम्मान गर । सीप र कलाविनाको प्राणीको आविष्कार गरिएको हुन्न ।*
- *धर्तीको धुलो-मैलोबीच सफा आकाशमा चम्कने तारासहित इन्द्रेणी रङ्ग बदली बदली टहल्न थाले । कतै यो सुन्दर ध्वनिले नब्युँताएको आत्मा ब्युँतिने पो हो कि ?*

शान्तिपथ

शान्ति केवल शून्यतामय तिमीभित्रको अदृश्य सूक्ष्म सुन्दर एकल आत्माभित्र लुकेको छ तर तिमी किन देख्दैनौ र शान्ति-शान्ति भनी खोज्दै आफूभित्रको त्यो शान्तिलाई आफ्नै स्वभावको सोचले, नकारात्मक विचारले क्रोध, लालच, ईर्ष्या, डाहा, अहङ्कार, शङ्का जस्ता राक्षसी गुणले त्यो लुकेको शान्तिलाई कहालीलाग्दो, ग्रसित, त्रसित, अशान्तिमय परिवर्तित स्वयम्ले पारी आफ्नो मस्तिष्कलाई बिरामीको, रोगीको, सन्तुलन बिग्रिएको भनी आफूले नै आफ्नो परिचय बनाउँछौ । हेर, शान्ति तिमीभित्रै छ, कहीं नखोज । समय बरबाद नपार । मात्र आफूलाई परिवर्तन गर, स्वयम्लाई चिन, बुझ, हरपल आफूलाई मौन राख्ने प्रयास गर । मौनतामा रम्ने प्रयास गर । अरूलाई सकारात्मक दृष्टिले मात्र मूल्याङ्कन गर । आफूमा सधैँ सकारात्मक सोच मात्र भित्र्याउने कोसिस गर, अनि मात्र शान्तिलाई महसुस गर्नेछौ, दृश्यमै अनुभूति गर्नेछौ ।

त्यसको चरम सुखको अनुभूति लिँदै शान्त स्वरूपको यो आदित्यलाई देख्नेछौ, अनुभूति गर्नेछौ, सुखी खुसी भई जन्मलाई न्याय दिँदै मोक्ष हुनेछौ, शान्तिका दूतको नामबाट परिचित हुनेछौ–

- मोक्ष तब मात्र मिल्छ जब शान्तिलाई मात्र मनमस्तिष्क र आत्माको मालिक बनाइन्छ ।
- शान्तिको खोज गर्न सर्वप्रथम आफूभित्रको बुद्धत्वलाई चिन । सबैमा बुद्ध छन् मात्र कुविचार त्यागी साधनामा मानव चोला सर्मपण गरौं ।

सु-मार्गपथ

- आदर्श जोगाउन लाग्दा परेको अन्याय मात्र परलोकपछि परमेश्वरले देखी न्याय दिनेछन् ।
- अन्तर्मनले मागेका सबै वस्तु खाऊ तर खाने बहानामा हत्या नै गरी अरूको आत्मा नखाऊ ।
- न्यायोचित अधिकारका लागि मात्र लड । अर्काको सुनिश्चित हक प्राणको अमृत नै भए पनि नखोस । नत्र प्रायश्चितको आगोमा जल्नुपर्छ ।

आरोग्यपथ

- स्वास्थ्य अमूल्य धन हो । योग साधना र ध्यानद्वारा यो धन आर्जन गरी दरिद्री हुनबाट समयमा नै ध्यान गरी ध्यान पुऱ्याऊँ ।

विकासपथ

- पहिला अधुरा योजनालाई पूर्णता दिऊँ अनि मात्र नयाँ परियोजनाको परिकल्पना गरौं ।

ॐ आदि ।

खण्ड तीन

आदित्यभित्रका स्ववचनरूपी अन्तर्भाव

आदित्यभित्रका स्ववचनरुपी अन्तर्भाव

"

जीवन तब अमूल्य लाग्नेछ, जब तिमी अहङ्कार भुली अरुका लागि जिएको आभास गर्नेछौ।

-बालज्ञानी गुरु आदित्य


जिवन तब अमूल्य
लाग्नेछ जब तिमी
अहंकार भुली अरुको
लागि जिएको आभास
गर्नेछौ ।

आदित्यभित्रका स्ववचनरुपी अन्तर्भाव

गुरु आदित्यका अन्तर्भावभित्र छिरेर हेर्दा एक एक शब्द र एक एक अभिव्यक्ति पूर्णाहुतिको हवनझैं परिपूर्ण हुन्छन् । चाहे त्यो आध्यात्मिक उपदेश होस्, चाहे त्यो वैयक्तिक परामर्श होस् या चाहे त्यो कुनै मनोवाद नै किन नहोस्, प्रत्येक रचना यी विशेषणहरूले ओतप्रोत हुन्छन् । स्ववचनहरू भावसंवेदनाले पनि अभिसिञ्चित हुन्छन् । गङ्गाबाट उघाइएको थोपाथोपा जल जसरी गङ्गाजल नै हुन्छ, त्यसै गरी गुरु आदित्यद्वारा लिखित कुनै पनि शब्द, कुनै पनि अक्षर, रस र भावऊर्जाले अनुप्राणित हुन्छन् ।

आफ्नी आमाप्रति समर्पित : मेरी उनी

मातृत्वको सौन्दर्य र सुगन्ध अवर्णनीय छ । मातृशक्ति शाश्वत

शक्ति हो । यो सृष्टि शिरोमणि चरित्र हो । 'मेरी उनी' शीर्षकमा कुँदिएका भावद्वारा गुरु आदित्यले वात्सल्यमयी रत्नगर्भा मातृशक्तिको अपरिमेय महिमागान गर्नुभएको छ । गुरु आदित्यले जननीशक्ति आमा शब्दको सामर्थ्य, सौन्दर्य र सुगन्धको एक सानदार स्तवन गाउनुभएको छ । यहाँ सीमित शब्द र हरफहरूभित्र असीमित मातृवन्दना अटाएको छ ।

मेरी आमा/मेरी उनी

➪ आहा कस्तो चन्द्रमा
स्वरूपको भन्दा फुरुक्क
हुने मेरी उनी ।
एकाएक ग्रहण लाग्दा
नढल्ने त प्रश्नै उठ्दैन,
➪ तापनि लरखराउँदै
आफ्ना लागि नभई मेरा
खातिर उठ्छिन् मेरी
उनी ।
समयका लागि जति
नै आरती उतारे पनि
रोकिने अवस्था रहँदैन,
➪ मलाई ठूलो हुन नदिन
सदैव काखमै अटाउने
अवस्थामा राख्न
समयलाई रोक्न खोज्छिन् मेरी उनी ।
➪ अचल मुडो जस्तो छ मेरो शरीर
चिलाउँदासम्म कन्याउनेसम्मको सामर्थ्य छैन
➪ ऊविना कोल्टे फर्किन नसक्दा बिछाएका

मेरा साना करङ भाँचिने पो हुन् कि भनी सधैं सजग हुन्छिन् मेरी उनी ।

⇨ सक्तिनँ म केही गर्न, लाचार छु, विवश छु
गर्न खोज्दा नथामिएको मेरो शरीर देख्दा थाहा नपाए झैं गरी चिहिन्याउँछिन् छाती मेरी उनी

⇨ मान, सम्मान, शक्तिको कुनै मोह र चाह छैन
मात्र मेरा पाइला कहिले धर्तीमा अडिएला भनी दृष्टि लाउँछिन् मेरी उनी

⇨ मेरो मुर्दा सरह ढलेको शरीर पल्टाउँदा पल्टाउँदा
थाकेका हात र दुखेको छाती सहन खोज्छिन् मेरी उनी

⇨ म शिखर चढ्दै छु, उनी बेसक्याम्पमै छुट्छु कि भनी टोलाउँछिन् मेरी उनी

⇨ उनको गाला स्पर्श गर्न नसक्दा भावविह्वल भई मलाई चुम्छिन् मेरी उनी

⇨ मेरा लागि आफन्त इष्टमित्र साथीभाइबाट तिरस्कृत भएका
ती अनगिन्ती पुराना पल बिर्सी नयाँ सौहार्दपूर्ण सम्बन्ध सबैसँग बनाउँछिन् मेरी उनी

⇨ कति दुख्छ मेरो मन कसैले उनीलाई गलत सोच्दा, अभिव्यक्त गर्न नसकिएको मेरो वाक्य देख्दा जिउँदै जल्न पाए जस्तो हुन्छ मलाई

⇨ तीन जुनीदेखि सँगै छु कहिल्यै सुख र खुसी दिन तिमीलाई पाइनँ भनी
जानकारी गराउँदा कत्ति पनि निराश हुन्नन् मेरी उनी

⇨ ओछ्यानमा घोप्टो परी लुकाएर झरेका वेदनाका धाराले
डल्लो परेको त्यो तकियाको खोले सधैं बिझाउँदा पनि सम्हालिन्छिन् मेरी उनी

⇨ मेरो कुनै कुनै शब्दले उब्जिएको शङ्काको दियोले
मेरो चिता कतै जल्ने पो हो कि भनी विचलित हुन्छिन् मेरी उनी

⇨ मस्तिष्कलाई विश्राम दिन कहिलेकाहीँ साह्रै रिसाउँछिन् मेरी उनी

➪ तनावलाई मुस्कानले ढाक्दै हरक्षण हाँस्छिन् मेरी उनी

➪ अदृश्य प्रेमले बाँच्ने हिम्मत मिलेको छ भनी मैले भाव प्रकट गर्दा खुसी हुन्छिन् मेरी उनी

➪ अशक्त भए नि सधैं प्रेम गर्नेछु
छाडी नै गए पनि मविना बाँच्न सिकाउनेछु

➪ तिम्रो हरदुःख पिउनेछु, हरखुसीमा झुम्नेछु
स्वार्थी संसार यस्तै हो रगतको आफ्नो डल्लो नहुँदा

➪ बन्धन तोडाउन नसकेकोमा क्षमा माग्दा बस् आफू गुम तर
मेरो इमान नगुमाऊ भनी मलाई सम्झाउँछिन् मेरी उनी

➪ सारा जग मस्त निद्रामा हुँदा मेरा गोडा मिच्दै
अँध्यारोमा झुम्छिन् मेरी उनी

➪ मविना निदाउँदिनन्, म हुँदा झन् निदाउनै पाउँदिनन्
तर पनि रतिभर निद्रा छैन भनी ढाँट्छिन् मेरी उनी

➪ मेरा लागि डुबेको उनको Career प्रति कत्ति चिन्तित छैनन् मेरी उनी

➪ उनीविनाको मेरो जीवनको मोल छैन, ज्ञानको कुनै अर्थ छैन

➪ यो आदि उनीविना पूर्ण छैन, अधुरो छ, अपुरो छ,
अपाहिज छ, लाचार छ,

➪ उनी छिन् त प्राप्त प्राण छ, छैनन् त पूरा शून्यता छ
अन्धकार छ, केवल एक श्वास मात्र भएको जिउँदो लास छ,

➪ तसर्थ सदैव मभन्दा पहिला मेरी उनीको सम्मान गर
त्यसैमा मेरो सुख, खुसी, शान्ति र शक्ति छिपेको छ ।

➪ तिम्रो त्यो ममताको गहिरो सागरमा यो सजीव तर परजीवी शरीर सदैव यसरी नै प्रफुल्लित बनी तैरिन पाइरहोस् ।

Thank you my love

आदित्यभित्रको भाव

बालज्ञानी आदित्य भाव, महाभाव र दिव्य भावहरूको असीम समुद्र हुनुहुन्छ । उहाँभित्रबाट निःसृत हुने भावरस नै त्यो शक्ति. हो,

जसले प्रत्येक व्यक्तिलाई वशीभूत गर्छ । जसरी गङ्गोत्रीबाट निस्कने गङ्गाको जलधारा सतत निरन्तर प्रवाहित भइरहन्छ, त्यसै गरी गुरु आदित्यको भावसंवेदनाबाट निस्कने भावगङ्गा कहिल्यै रोकिँदैन, नित्य निरन्तर बगी नै रहन्छ ।

'मेरो भाव'द्वारा बालज्ञानी आदित्यको अन्तर्भाव प्रवाहित भएको छ । यो उहाँको नितान्त अन्तरङ्ग भाव हो । पूजा-अनुष्ठानको पूर्णाहुतिमा पञ्चामृत सेवन गर्दा जुन दिव्यानन्द प्राप्त हुन्छ, त्यस्तै अतुलनीय काव्यिक मिठास गुरु आदित्यको 'मेरो भाव' पढिसकेपछि प्राप्त हुन्छ । दिव्य, शुभ र शुक्ल भावका मानसरोवर गुरु आदित्य अलौकिक भावशक्तिका आदिपुञ्ज हुनुहुन्छ । प्रस्तुत भाव उहाँको अन्तरङ्गको अन्तर्भाव हो ।

मेरो भाव

बनेर पनि आफ्नो बनाउन नमिल्ने, भएर पनि आफ्नो भन्न नमिल्ने, प्रतिबिम्ब स्वरूपमा मात्र मनोभाव व्यक्त गर्न सकिने कस्तो विडम्बना हाम्रो । सम्बन्धमा मात्र लागेको परिस्थितिमूलक चाबीबिनाको ताल्चा । मेरा शब्दमा भावुकता भए तापनि अर्थ गहिरिएर बुझ्दा अत्यन्त खुसी छिपेको छ । विगतलाई वर्तमानमा प्रत्यक्ष खुसी महसुस गर्नुको खुसीको कुनै सीमा छैन ।

हो म अशक्त छु तर सबलभन्दा कम छैन । मैले पूर्णताको महसुस जेठ २० गतेबाट गरेको छु । खुसी पलभर नभई अनन्त कालसम्मको प्राप्त गरेँ । म ४७ वर्षको भएपछि भन्नेछु, अनुकूलता मिले अगाडि नै सेयर गर्नेछु । नभए या स्वयम् नरहे सोही मितिमा थाहा हुने नै छ ।

कसैले मलाई एकान्तमा सोध्यो– तिम्रो म को हुँ भनी । मैले नि हाँस्दै भनिदिएँ– तिमी मेरो जीवन हौ । म त्यस दिन अति हर्षित भएँ । कसैको प्राण हुँ, आभास हुँ, बाँच्ने स्रोत हुँ । श्वास उनकै हो, जीवन उनकै हो । प्राप्त यो सम्मान पनि उनीले नै दिलाएको हो । मलाई हर पल, हर क्षण साथमा उनकै आभास हुन्छ ।

मेरो पाँच औँलाको मुट्ठी छ । त्यसैले ममा साहस छ, हिम्मत

छ, आँट छ । त्यसको स्रोत पनि उतै जान्छ । सबैजना एक ढिक्का देख्दा खुसी हुन्छु । साधनामा लागेको देख्दा आनन्द लाग्छ । सबै खुसी हुनू, दुःख बरु मलाई दिनू, श्वास जसको भए नि फरक पर्ने छैन ।

मेरो हृदय अति नै हाँस्छ । जब रहस्यमय सम्बन्ध आलिङ्गनभित्र डुब्छ । कसैलाई नराम्रो नसोच, पुराना कुरा बिर्सिदेऊ । सत्मार्गमा लाग, अरूको सम्मान गर, आदर गर । प्रेम गर अनि मलाई हेर– तिमीबाट जीवित तत्व कति खुसी हुनेछ । कति झुम्नेछ, कति अगाडि बढ्नेछ । तसर्थ खुसी प्राप्त गर्न सर्वप्रथम अरूलाई दुःखी नबनाऊ ।

मेरी अनु माँ र चेलीहरू

म जन्मिएपछि शारीरिक पक्षका सबै गतिविधि गुमाउँदै गए पनि खुसी छु । बाहिरी अङ्गका गतिविधि ह्रास भए पनि धेरै आत्मासँग जोडिएको छु । मैले आमासमान ममा मातृत्व लुटाउने अनु माँ पाएको छु, जसलाई माँ भनी सम्बोधन गर्छु । आमासमान मात्र होइन, अधिक उच्च मान दिन पाऊँ । सधैँ उहाँको प्रिय बन्न लालायित हुन्छु । मेरा पाँच चेली छन् : सबै नै ममा समाहित छन् । दुर्गा चेलीको त्यो रोदनमिश्रित भक्तिभाव, सुशीलाको त्यो अपनत्वपन, अर्की रून्ची मेरी सुशीला थापाको अविरल प्रेम लुटाउने स्वभावको, त्यो शैलीको म भोको छु । मेरी अर्की सविता, हर आध्यात्मिकतामा नादान बल्ल पाइला चलाउँदै मेरा हर भावनासँग मिलाउँदै छिन् । विदुषा अमूल्य मुस्कानभित्र अदृश्य रहस्य छुपाउँदै ममा हराउँछिन् । सबै नै मेरा प्रिय मेरा मानसपटलमा छन् । उनीहरूको स्वभावले मलाई छुन्न । सबै mood अनुसार प्रेम बर्साउँछन् । म एकरूपताका साथ त्यो प्रेम ग्रहण गर्छु । जब कष्ट पर्छ, सम्झिन्छन्, म सधैँ सबैको कष्ट पिउन सकूँ ।

मेरो ठूलो इच्छा छ, कृष्ण बन्ने

माहोल ध्यानमय थियो । भक्तहरू गुरुभक्तिमा चुर्लुम्म थिए ।



अवसर थियो– त्रिदिवसीय ध्यानयोग शिविरअन्तर्गत दोस्रो बिहानी सत्रको । सदाझैं आज पनि सहभागी भक्तहरू पूज्य गुरुदेवबाट केही न केही नूतन ज्ञानामृतरूपी गुरुवाणी आउँछ भन्नेमा आशावादी थिए । सहभागी सबैको आशा र व्यग्रता पराकाष्ठामा थियो । सहभागी भक्तहरूको व्यग्रता त्यसबखत पल्लवित भयो, जब बालज्ञानी गुरुले यो अपूर्व मनोभाव लेखेर प्रेषित गर्नुभयो–

"म सबै बन्न सकेँ र सक्छु जस्तो लाग्छ । तर कृष्ण बन्न सकिनँ र सक्दिनँ पनि । कृष्ण जो प्रेमको संज्ञाबाट पनि चिनिनुहुन्छ । हजारौँ गोपिनीलाई मायाजालमा बाँध्न सक्ने प्रेमी हुनुहुन्थ्यो, जसले बोलेका अमृतवचनलाई 'गीता'द्वारा हामी पढ्ने र जीवनमा उतार्ने कोसिस गर्छौं ।

मैले न प्रेम गर्न जानेँ, आफ्ना वचनलाई कलमद्वारा उतार्न मात्र सकेँ तर कसैलाई परिवर्तन गर्न सकिनँ । सायद म या त अति नरम या अति नै धारिला शब्द चयन गर्ने भएर हो, कसैमा चेन्ज ल्याउन सकिनँ ।

व्यक्तिगत व्यवहारदेखि राजनीतिक, आर्थिक, विकासमा पनि मेरो कलम नचलेको होइन तर कतै परिवर्तनको सङ्केत देख्दिनँ । प्रेममा म हारेको व्यक्ति हुँ । यदि प्रेममा जित सुनिश्चित हुँदो हो त मेरा प्रेमरूपी वाणीले हजुरहरूलाई छुने थिए ।

मेरो ठूलो इच्छा छ कृष्ण बन्ने, जसले पञ्चदेवीहरूमध्येकी द्रौपदीको अस्मिताको रक्षा गरेका थिए । द्रौपदी जसलाई यसै पनि स्वयम् अर्जुनले सबै पाण्डवकी साझा बनाए, त्यो पनि नारीका लागि असह्य नै थियो ।

त्यसमा पनि कौरवहरूको महासभामा उनको अस्मिता उघ्रिँदै थियो । उनी विवश, लाचार केवल हृदयबाट निस्किएका हर श्वासमा

श्रीकृष्णलाई मात्र स्मरण गर्थिन् । उनले आफ्नो कृष्णको भरोसामा ती पाखण्डीहरूबीच आँखा बन्द गरेर आफूलाई छाडिदिइन् । साँच्ची नै कृष्णले उनको लाज राखे । उनी बाँचिन् र आफ्नो सौभाग्य बचाइन् । कृष्णले गरेका अनगिन्ती कार्यमध्ये यो मलाई सर्वश्रेष्ठ लाग्छ ।

नारीको अस्तित्व उसको सबैभन्दा ठूलो सम्पत्ति हो । तर म कृष्ण बन्न सकिनँ । हजारौँ नारीका पीडा बुझेर पनि केही गर्न सकिनँ । मलाई साँच्चै प्रेम र सम्मान गर्नुहुन्छ भने मलाई कृष्ण बन्ने मन छ, जो हजुरहरूबाट मात्र सम्भव छ ।

जसरी कृष्णको मार्ग दर्साउने ज्ञानरुपी 'गीता' आज विश्वमै परिचित छ, त्यसरी नै मैले कोरेका शब्दलाई व्यवहारमा उतार्दै जानुभयो भने म र मेरा वचनरूपी वाणी दुवै आभारी बन्ने थिए । मलाई मद्दतको खाँचो छ । मेरा हर वाणीलाई जगत् कल्याणका निम्ति परिवर्तन गर्ने साधनका रूपमा प्रस्तुत गर्न हजुरहरूको सहयोगको खाँचो छ ।

मलाई कृष्ण बन्न सहयोग गर्न अपिल गर्दै आजलाई यति नै, पुनः अर्को महत्वाकाङ्क्षा बोकेका शब्द प्रस्तुत गर्नेछु, जसले थोरै भए पनि सही परिवर्तनको शङ्ख बजाओस् ।"

शिवमय उद्बोधन

शिवतत्वको महिमागान आगम-निगम, श्रुति-स्मृति, शास्त्र-श्रवण सर्वत्र छ । सनातन संस्कृतिभित्र शिव र शिवत्व शिखर शक्तिधारा हो । योग, तन्त्र, नाद, सङ्गीत आदिका आदिप्रवर्तक भगवान् शिवको उपासना गरिने दिन अर्थात् महाशिवरात्रि पर्व ।

सयौँ आमन्त्रित, अनुयायी एवम् सहभागीहरू उपस्थित थिए । गुरु आदित्यकै निर्देशानुसार शिवतत्वसँग जोडिएको विशेष उद्बोधन र साथमा शिवत्वभाव जगाउने सामूहिक ध्यान पनि गराइयो । कार्यक्रमको अन्त्यमा उहाँबाट प्राप्त शिव, शिवत्व र शिवभक्तिको दिव्यगाथाको सुन्दर चित्रण गर्नुभएको छ–

"देवका देव श्री महादेवका चरणमा यो आत्मा चढाऊ । शिवको शक्तिस्वरूप पार्वती मातालाई नमन । भौतिक वस्तुमा नाप गरिने 'शक्ति'लाई शिव 'शक्ति'को महिमा र अर्थ अर्थहीन लाग्दछ । शिवले यदि आफ्नो प्राण छोडेमा मात्र 'शव' बाँकी रहन्छ । श्री पशुपतिनाथको सान्निध्यमा रहन पाउनु नै एक शक्तिशाली मानव हुनुको परिचय दिलाउनु हो ।

जोकोही यस पवित्र भूमिमा जन्मिन पाउँदैन । यस्तो देवत्व–भूमिमा पूर्वजन्मको कर्मले मात्र जन्म हुन पाइन्छ । ब्रह्माको सृष्टि नै शिवको शक्तिमा निहित छ । ब्रह्मा, विष्णु, महेश्वर तीनै देवका देव त्रिदेव आराध्यदेव श्री महादेवका भक्तहरूको विशेष दिन महाशिवरात्रिको दिनमा ब्रह्माण्डका हर सजीव-निर्जीव वस्तुभित्र अद्वितीय शक्ति इनर्जी छरिएको हुन्छ । हाम्रो भक्तिभाव समभावले कति ग्रहण गर्न सकिन्छ, त्यति नै प्राप्त हुने हो । शिव भगवान्‌को स्मरण गर्नाले मात्र पनि आज शरीरको कोष कोषमा इनर्जी भाइब्रेट हुन्छ ।

प्रार्थना गरौं, हाम्रा देशका सबै नागरिकमा आजको दिनबाटै त्यो अथाह शक्ति श्रीप्राप्त होस्, जसका कारण सबैमा सद्‌बुद्धि, सद्‌विचार भित्रियोस् । विशेषतः देशका सञ्चालक वर्गहरूमा भौतिकवादको शक्तिले होइन, अध्यात्मवादको शक्तिले देश परिवर्तन गर्नुपर्छ भन्ने मानसिकतामा परिवर्तन श्री पशुपतिनाथले गरिदिउन् ।

मेरो पनि सानो सपना छ, संसारको अर्को आश्चर्यजनक शिव मन्दिरको निर्माण गरी सारा ब्रह्माण्डभित्र लुकेको इनर्जीलाई यही माटोमा समाहित गराई एक आध्यात्मिक शक्तिशाली राष्ट्र कायम गरी संसारमा चिनाउने । मेरो कल्पनाले तब मात्र सार्थकता पाउँछ, जब हजुरहरूभित्रबाट आध्यात्मिक क्रान्ति भित्र्याउने सङ्कल्प उजागर भएर आउँछ । जय शम्भो ।"

"महादेव त्रिकालदर्शी देवको छेउमा जन्मनु नै मेरो भाग्य हो, जसको शक्तिले नयाँ युगको प्रारम्भसँगै आदियुग भित्रिने कुरा सुनिश्चित र अटल छ ।"

आफूभित्रको बुद्धत्वलाई चिन

बुद्धको देशमा जन्मिएर पनि आज बुद्धत्व बिर्सँदै गएका हामी प्रत्येकको आँखा खोल्न समर्थ यो अमृतवाणी सबैका लागि मननीय छ–

"ज्ञानी, ध्यानी, साधक, साधु, सन्त आदि इत्यादि सबै नामको संज्ञा दिनु भनेकै त्यस्ता व्यक्तिहरू बुद्धका असल दूत हुन्, जो यस जगत्मा मात्र शान्ति फैलाउने मूल उद्देश्य लिई जन्मेका हुन्छन् । त्यस्ता व्यक्तिहरूको सान्निध्यमा पुग्नु नै पनि आफूभित्र फिँजिएको अदृश्य अघोषित अशान्तिलाई कम गर्ने प्रथम मार्गमा पाइला चाल्नु हो ।

बुद्ध, जो एक मानवरूपी देव हुन्, जसले कोरेका र व्यवहारमा लागू गराएर देखाएका अमृतज्ञानरूपी वचनले आज विश्वलाई अध्यात्मवादले पनि संसार बदल्न सकिन्छ भन्ने विश्वास बढाउँदै लगेको छ । तर हामी धेरै त्यो सत्यबाट अनभिज्ञ छौँ । हामी आफूभित्रको बुद्धत्वको हत्या स्वयम् आफैं गर्दै छौँ । आफूलाई ध्यान, योग, साधनामा लगाउँदैनौँ, त्यही भएर दुःखी छौँ, रोगी छौँ, तनावग्रस्त छौँ । तसर्थ आजैको बुद्धजयन्तीबाट, यो शान्ति उद्बोधित दिनबाट आफूलाई साधक बुद्ध बनाउनेतर्फ लागौँ ।

सत्य बोल, शान्त बस्ने प्रयास गर, सधैँ हर शब्द निकाल्नुपूर्व बुद्धको ज्ञानमय अमृतवचनलाई याद गर, तिमी यही जीवनमा बुद्ध बन्नेछौ ।"

धवल धर्तीप्रेम

आफ्नो सोच वा योजनाभित्रका ध्यान शिविर र साधना प्रयोगहरूलाई प्रभावकारी एवम् परिपूर्ण तुल्याउन गुरु आदित्य विभिन्न प्रकारका उत्प्रेरक सन्देश र ध्यानविधिहरू आफैँ प्रदान गर्नुहुन्छ । प्र-योग योगा कोर्सको भव्य कार्यक्रममा उहाँबाट प्राप्त अमूल्य धर्तीप्रेममय सौगात–

"जसलाई माता, जननीजस्ता सम्मानित शब्दद्वारा सम्बोधन त गरिन्छ तर कहिल्यै ती शब्दको अर्थ पूर्णभावले सम्बोधन नगरिएकी माता हुन् धर्तीमाता ।

हामीले गर्ने अनेकौं कर्म उनीलाई नै कुल्चिएर गरेका हुन्छौं । चाहे सत्कर्म होस् या दुष्कर्म, आखिर पाउ उनीमाथि नै परेको हुन्छ । हजारौं, लाखौं, करोडौं, अर्बौं व्यक्तिदेखि लिएर सबै यस धरातलमा भएका सजीव र निर्जीव वस्तु उनकै छातीमा हुन्छन् तर उनी यी सबै वस्तु र तिनीहरूले गर्ने व्यवहारको वास्तै नगरी सधैँ अटल र स्थिर भइरहन्छिन् ।

उनीभित्र कति शक्ति छ, यस ब्रह्माण्डबाट उत्पन्न हर शक्ति उनीमै समाहित छ तर त्यस शक्तिको अहम रत्तिभर छैन । उनी आफ्नो गर्भका हर सन्तानप्रति समान रूपमा प्रस्तुत हुन्छिन् ।

अब अरूको कुरा छाडी प्राणीमध्येको सर्वश्रेष्ठ प्राणी मानवले उनीमाथि गरेका ज्यादतीहरू कति छन्, कल्पना गरौं । हामी मानव शरीरबाट निस्किएका विकारयुक्त वस्तुदेखि लिएर सम्पूर्ण भावद्वारा निस्कने व्यवहार पनि उनीमाथि नै थोपर्छौं । खुसी हुँदा उफ्री उफ्री र दुःखी हुँदा चिच्याई चिच्याई पाउ बजारी बजारी कष्ट दिन्छौँ । उनीमाथि उभिएर आफ्ना खुट्टामा आफैं उभिएको छु भनी गफ हाँक्न पनि पछि पर्दैनौं ।

आज मलाई उनै माताको स्तुति गर्न मन लाग्यो । हामी सूर्यको स्तुति गर्छौं तर धर्ती मातालाई बिर्सन्छौँ । आज हामी ध्यानद्वारा उनीसँग गरेका सम्पूर्ण कार्यप्रति क्षमायाचना माग्नेछौँ ।"

ध्यान-समाधिका अनुभूतिहरू

आफूद्वारा अनुभूत हरेक अवसर, घटना र प्रयोगहरूलाई शाब्दिक अनुभूतिमा बाँध्नु गुरु आदित्यको आध्यात्मिक वैशिष्ट्य हो । उहाँका यिनै अनुभूति नै शिष्य, अनुयायी र शुभचिन्तकका लागि जीवन-प्रसाद हुन् । सजीव अनुभूति त्यो हो, जसमा प्रयोगकर्ताले भोगेको अनुभूति, देखेको अन्तर्दृश्य र रसपान गरेको सत्यताको त्रिवेणी समाविष्ट

हुन्छ । यी तीन ओटै विशेषता उहाँका ध्यानानुभूतिमा भेटिन्छन् ।

ध्यानबाट फिर्न मन लाग्दैन

"ध्यानमा जानुभन्दा त्यसबाट फर्किनु चुनौतीपूर्ण छ । एक फर्कनै मन नलागेको अवस्था, अर्को फर्कनै नसक्ने अवस्थाबाट आफूलाई फर्काउन सक्नु हो । साधक फर्कन मन गर्दैनन् र त्यहीँबाट मोक्षमार्गतिर जान्छन् । मलाई समाधि ध्यानबाट फिर्न मन लाग्दैन ।

त्यो अद्‌भुत अनुभूति लिने अवसर मेरो कर्मको प्रतिफल हो । यस जन्ममा एक आध्यात्मिक क्रान्तिको बीज रोप्न जन्मिएको छु तर त्यसको २ सय वर्षपछि मात्र प्रतिफलस्वरूपको परिवर्तन निश्चित नै छ । मैले इच्छाबमोजिम मेरो गोत्र परिवर्तन गरेको छु ।

जसको थिएँ, उसैको हुन मन लाग्यो । जसबाट मलाई त्यो ज्ञानसाधनामा लाग्ने शक्ति मिल्छ, ऊर्जा मिल्छ, त्यसैलाई मेरो दैनिकी बनाएँ । आवश्यकताअनुसार कर्म फेर्दै जानु मेरो योजना हो । जीवनको अन्तिम घडीमा पनि तिमी परिवर्तित हुनेछौ । मेरो सङ्कल्प पूर्ण हुनेछ ।

यो मन्दिर मेरो जीवनको एक अंश चिनाउने आस्थाको केन्द्र हो । शिवात्माको तन्त्र विद्यादेखि, मृत्युमोक्ष प्राप्त हुने स्थल, हर अशान्तिलाई शान्त राख्ने केन्द्र, हर अशक्त बिरामीको मल्हम यस शिवालयको मिट्टीमा छ ।

मात्र शुद्ध भावले यस क्षेत्रमा प्रवेश गरे, हर समस्याको सरल उत्तर पाउने यो पुण्यभूमि सारा जगत्‌मा चिनिने छ । मेरा हर उद्देश्य पूरा हुनेछन् । मलगायत जगत् नै धन्य हुनेछौँ । यस धर्तीको यो सूक्ष्म भागमा निर्मित यो अद्‌भुत देवस्थल एक दिन देवगण बस्ने स्थान बन्नेछ । हामी नै यस पुण्यस्थलको देव हुनेछौँ, बन्नेछौँ, रहनेछौँ ।"

चिता-समाधि ध्यानको अलौकिक अनुभूति

विधिपूर्वक चिता बनाई त्यसमा शव बनी पल्टिएर केही

घण्टा अखण्ड समाधि ध्यान गरी फर्कनुभएको थियो, बालध्यानी गुरु आदित्य ।

आफैँले बनाउन लगाएको मृत्युगामी चितामा पल्टी दुष्कर सङ्कल्पका साथ सम्पन्न गरिएको मृत्युदर्शन ध्यानबाट फर्कनुभएपछि गुरु आदित्यको ध्यान-अनुभूति उहाँकै शब्दमा–

"रातको करिब साढे ९ बजे म समाधि ध्यानमा जाने चिता स्वयम् मेरा पिताजीहरू धमाधम बनाउँदै हुनुहुन्थ्यो । सबै नर्मल पोजिसनमा नडराई चिता बनाइयो । म टुलुटुलु त्यो मेरो जीवन जिउने चिता हेरिरहेँ, अरूले मोक्ष पाउने त्यो चितामा म जीवन जिएर फर्कनुपर्ने थियो ।

अति कठिन तर पूरा गर्ने तृष्णा लिई ६ गते ६ बजे स्वयम् आमाको हातबाट चितामा चढेँ र मृत्युवरण गरेँ । हेरेँ मेरो शरीर लडेर बिनाहलचल, आत्मा स्वर्णयुगमा, जीवन त सपना रहेछ, असली जीवनरूपी संसार त समाधिपछि आत्माले देख्दो र जिउँदो रहेछ । ज्योतिर्मय आत्मा सबैमा देखेँ । तर त्यो ज्योति चिर्ने ज्ञान कसैमा भेटेँ, कसैमा भेटिनँ ।

म यस्तोसँग लडेँ, पत्थरमा शिर बजारियो तर रगत बगेन । अनि सँगैको साधकलाई सोधेँ, किन चोट लागेन भनी । उनी भन्छन्- त्यो तिमीभित्रको ज्ञानमय ज्योतिले पत्थर फूल बन्यो, हेर त । त्यो विशाल पत्थर सेतो सुगन्धित फूलको वृक्ष बनेछ ।

आश्चर्यमा परेँ अनि सोचेँ- मेरा सबै शिष्य अनुयायीलाई ज्ञानमय वृक्ष बनाउनु छ । सबै पत्थरतुल्य छन्, पत्थरमा आत्मा भर्नु छ । हरपल समाधिमा चितामा जल्न चाहन्छु । आफू मेटिएर भए नि अध्यात्ममय शान्तिरूपी परिवर्तन गर्ने प्रण गर्दैगर्दै ॐ को ध्वनिले ब्युँझिएँ ।"

गुरु आदित्यले केही घण्टा लामो समाधि ध्यानको प्रयोग सफलतापूर्वक सम्पन्न गर्नुभयो । १७ ओटा फलामे काँटीकिला बिछ्याइएको पातलो कपडामाथि पल्टिएर गर्नुभएको उक्त ध्यान पूर्ण गरेर फर्कनुभएपश्चात् उहाँले आत्मामा अङ्कित अनुभूति यसरी प्रकट गर्नुभएको थियो ।

"२९ गते राति १२ बजेबाट म बनाइएको स्थलमा पल्टी आफूलाई जिउँदै मार्नु थियो र मात्र त्यस्ता आत्मासँग भेट्नु थियो, जो समाधि ध्यानद्वारा मोक्ष प्राप्त गरेका थिए । म शिथिल हुँदै थिएँ । सवा ३ पछि म विलीन भएँ र एक सुन्दर ॐ नगरीमा पुगेँ ।

अति मनमोहक ठाउँ, सनातनमय वातावरण सबै सन्त-महन्त, न केहीको डर, त्रास, लोभ, मोह, दिव्य आत्मैआत्मा, वायु पनि सकारात्मक । सबै वस्तु पोजेटिभ, म पनि त्यस्तै खोज्दै हिँड्ने यात्री । ३३ घण्टा त्यतै अलमलिएँ । फिर्ने मन पटक्कै थिएन तर फर्किएँ । किनकि त्यस्तै नगर मैले बनाउनु छ, कस्ता सपनाहरू पूरा गर्नुछ । यहाँहरूको साथको सदुपयोग गर्नु छ । एक अद्‌भुत आश्रम बनाउनु छ । मलाई मोक्ष प्राप्त स्थल बनाउने मेरो गुरुयोजनामा साँच्चै आत्माबाट साथ र सहयोग गर्नुहुन्छ भने म त्यस्तै नगरीको निर्माण गर्न चाहन्छु । कमिटमेन्ट गर ।"

प्रायश्चित्त ध्यानको अनुभूति

'प्रायश्चित्त ध्यान साधना' गुरु आदित्यद्वारा सम्पन्न एक अद्वितीय ध्यान प्रयोग हो । ध्यान-साधना विसर्जन गरी फर्कनुभएपछि गुरु आदित्यले अभिव्यक्त गर्नुभएको यो भावपूर्ण अनुभव–

सबैमा प्रेम,

"म ठूलो प्रायश्चित्त गरी फर्के । गल्ती या त्रुटि गरेर होइन, केही गर्न नसकेर हो । ध्यानद्वारा आफूभित्रको भौतिक तत्वलाई सुदृढीकरण गर्ने क्रममा धेरैपटक शरीर रित्तो राख्दै फलामे साङ्लोमा आफूलाई बाँधी ३६ घण्टा प्रायश्चित्त गर्दै अब उप्रान्त म हर काम सोचेर मात्र थालनी गर्नेछु, ताकि अधुरा सपना र पूरा नहुने भाग्य एवम् इच्छालाई मेट्छु तर जीवनमा स्थान दिनेछैन ।

मेरा प्रियजनले म र मभित्रको रहस्यमय भावलाई एकदिन सही रूपले बुझ्ने छन् र मलाई झन् प्रायश्चित्त गर्ने अवस्थामा पुऱ्याउने छैनन् भनी भावना व्यक्त गर्न यहाँहरूलाई बोलाएको छु ।"

गुरु आदित्यका काव्यात्मक रचनाहरू

ज्ञान-विज्ञानका अन्य विधा र विषयहरूमा जस्तै काव्यिक एवम् साहित्यिक रचनाको विधामा गुरु आदित्य एक सिद्धहस्त नक्षत्र हुनुहुन्छ । उहाँभित्र एक जीवन्त आशुकवित्वको शक्ति छ । उहाँका काव्यात्मक रचनाहरूले एक उच्च साहित्यिक छटा बोकेका हुन्छन् । एक अनौठो युगचेतनाले आच्छादित गुरु आदित्यका रचनाहरू भाषिक सौन्दर्यका दृष्टिले पनि उत्तिकै गहन हुन्छन् ।

म खुसी दिन्छु तिमी हाँस्दै जाऊ

म खोज्दै जान्छु
तिमी रम्दै जाऊ
म खुसी दिन्छु,
तिमी हाँस्दै जाऊ

म ध्यानी, ज्ञानी हुन्छु
तिमी इतिहास रच्दै जाऊ
म साधनामा लीन हुन्छु
तिमी सपना बुन्दै जाऊ

म स्रोतसाधन जुटाउँछु
तिमी सदुपयोग गर्दै जाऊ
म कार्ययोजना बनाउँछु
तिमी कार्यान्वयन गर्दै जाऊ

म सत्मार्गमा डोऱ्याउँछु
तिमी गन्तव्यतिर बढ्दै जाऊ
म समाधिमा विलीन हुन्छु
तिमी नेतृत्व ग्रहण गर्दै जाऊ

म परलोकमा राज गर्छु
तिमी धर्तीमा आध्यात्मिक
क्रान्तिको दियो जलाउँदै जाऊ ।

लघु शब्दराशिमा विभु ज्ञानराशि भरिदिन सक्ने सत्पुरुष गुरु आदित्य वास्तवमै शब्द र भावभित्र अमृत घोलेर दिन सक्ने स्रष्टा हुनुहुन्छ । पानीको प्यासले संतप्त भएका बेला एक थोपा जल पनि अमृततुल्य लाग्छ । त्यस्तै निराशा र नकारात्मकताको सर्वसाम्राज्य फैलिएका बेला गुरु आदित्यका यस्ता एक एक अमृतरूपी पदहरू प्राणदायिनी लाग्छन् । अद्वितीय विशेषता बोकेका गुरु आदित्यका काव्यात्मक सौगात–

म हाँस्छु बस् तिम्रा लागि
म रुन्छु बस् मेरा लागि
किनकि तिम्रा हर कष्ट
पिउँदा पिउँदै जिउनै भुलेँ ।

अनुपस्थितिमा उत्सव मनाऊ

उपस्थितिभन्दा अनुपस्थितिमा उत्सव मनाऊ
तारिफभन्दा गालीमा ताली बजाऊ ।
जन्मेपछि मृत्युबाटै मोक्ष मिल्छ, त्यसैले
साधनाद्वारा यस मिट्टीमा विलीन गराऊ ।

ॐ आदि ।

खण्ड चार

शिष्य एवम् विशिष्ट व्यक्तित्वका अनुभूति

शिष्य एवम् विशिष्ट व्यक्तित्वका अनुभूति

"

पारिवारिक जमघटले प्रेम सिर्जित गराउँछ । यसले जस्तो विपत्तिमा पनि जिउने हिम्मत दिलाउँछ ।

-बालज्ञानी गुरु आदित्य



पारिवारिक जमघट
ले प्रेम सृजित गराउछ
यसले जस्तौ विपत्तिमा
पनि जिउने हिम्मत
दिलाउछ ।

गुरु आदित्यबारे शिष्य एवम् विशिष्ट व्यक्तित्वका अनुभूति

अनुभूति र शुभकामना !

✍ **केपी शर्मा ओली, प्रधानमन्त्री**

'गुगल ब्वाय'का रूपमा सुपरिचित, असाधारण (अझ अलौकिक लाग्ने) प्रतिभाका धनी आदित्य दाहालको मार्गदर्शन र सदिच्छाअनुरूप आदित्य संरक्षण प्रतिष्ठानले 'कलियुगको आदित्य ज्योतिपथ' नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

आदित्यका विचार, काम र व्यवहार आश्चर्यजनक छन् । यी सबै कुराहरूमध्ये 'स्वयम्भू ज्ञान' वा स्वस्फूर्त ज्ञान अझ रहस्यपूर्ण एवम् चमत्कारयुक्त हुन्छ । विज्ञानका निम्ति यो ठूलो खोज एवम् अनुसन्धानको अवसर हो । साथै तथ्यपूर्ण र तर्कसम्मत जवाफ प्रस्तुत गर्ने चुनौती पनि हो । पृथ्वी एवम् ब्रह्माण्डका तरङ्ग, दिव्यदृष्टि

'टेलिपेथी' र खास गरी यहाँ ज्ञानप्रतिको स्रोतको रहस्य विशेष अनुसन्धानको विषय हो कि ध्यान र एकाग्रताको ? यहाँ आदित्यमा उमेर, समय, अवस्था र परिवेशले ध्यान र एकाग्र चिन्तनको त्यो व्यापक परिवेश उपलब्ध देखिँदैन ।

मानव मस्तिष्क भुत्ते र कमजोर बन्दै गएको होइन । यो झन्झन् प्रखर एवम् मजबुत बन्दै गएको छ । रोबोटले मानव मस्तिष्कलाई विस्थापित त के, चुनौती पनि दिन सक्दैन । यन्त्र छिटो हुन सक्छ तर, मानव मस्तिष्कको गतिको तीव्रतासँग अरू कुनै कुराको तुलना हुन सक्दैन । प्रकाशको गतिभन्दा मानव मस्तिष्कको गति अतुलनीय ढङ्गले तीव्र छ । यस तीव्रता र क्षमताको झलक बालज्ञानी आदित्यमा पाइन्छ । यो विलक्षण एवम् प्राकृतिक प्रतिभा सुरक्षित होस्, अझ बढोस् र फलोस् फुलोस् । यस कार्यमा यस पुस्तकले योगदान गर्न सकोस् र प्रकाशनकर्ता संस्था आदित्य संरक्षण प्रतिष्ठानले दिगो योगदान गर्न सकोस् । धेरै धेरै शुभकामना !

ॐ आदि ।

आदित्य ज्योति : अनुभूतिका दुई शब्द

✍ खिलराज रेग्मी, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष एवम् पूर्वप्रधानन्यायाधीश

आदित्य प्रतिष्ठानद्वारा दिव्य व्यक्तित्व आदित्य दाहालका सम्बन्धमा उहाँको परिचय, पृष्ठभूमि, उहाँको शारीरिक परिवर्तनका अवस्था, करिब चार वर्षको उमेरदेखि उहाँमा आएको दैवी शक्ति, आध्यात्मिक चेतना र ज्ञान, साधनालगायत विषय समेटेर तथा उहाँका विविध प्रकारका दिव्य आयामबारे आफ्ना अनुभूतिहरू प्रस्ट्याउने गरी उहाँको सम्पर्कमा आएका र उहाँबारे जानकारी राख्ने विभिन्न व्यक्तिहरूको अनुभव, अनुभूति र धारणासमेत संलग्न गरी 'कलियुगको आदित्य ज्योतिपथ' नामक ग्रन्थ प्रकाशन हुन लागेको कुरा आदित्य प्रतिष्ठानका पदाधिकारीद्वारा जानकारी हुन आयो ।

करिब तीन वर्षअघिको कुरा हो, त्यतिबेला भर्खरै उहाँका दिव्यता र करिब चार बर्से बालक, त्यसमा पनि बोल्न नसक्ने, शारीरिक परिवर्तनले गर्दा आफैँ केही गर्न नसक्ने, आमाले कपी समाइदिएर बिस्तारै लेख्ने, विचार अद्‌भुत, दिव्यदृष्टि, त्रिकालदर्शीले जस्तै अभिव्यक्ति लेखेर दिने, विविध भाषामा निपुण एवम् दिव्य प्रकृतिबारे जानकारी पाई म भेट्न गएको थिएँ । उहाँको प्रकृति, विलक्षणता र दिव्यता देख्दा दैवी गुणले सम्पन्न बालकको जन्म यस पुण्यभूमि नेपालमा भएछ भन्ने अनुभूति भएको थियो । भविष्यले उहाँलाई केकस्तो दिशातिर डोऱ्याउँछ, रचनाकारको जिम्मा त होला नि ।

उहाँको उपचारको प्रसङ्ग पनि चल्यो र एकदुई ठाउँमा चर्चा पनि गर्ने अवसर मिल्यो । पछि सरकारले केही खर्च जुटाइदियो र अमेरिकामा उपचार गर्न लगियो तर सुन्दछु, अहिले पनि खासै भिन्न परिस्थिति छैन । सृष्टिकर्ताले त्यस्तै स्वरूपबाट आफ्नो दिव्य सन्देश दिन खोजेको त होइन भन्ने कल्पना पनि आउँछ ।

पछिल्ला दिनमा उहाँका साधना र दिव्य सन्देशका माध्यमद्वारा लोककल्याणका लागि एउटा दिव्य पथप्रदर्शन अगाडि बढिरहेको

जानकारी हुँदा गौरवानुभूति भएको छ । उहाँको दिव्यता र लोककल्याणका लागि पथप्रदर्शन हुने वाणी अनवरत आइरहुन् । यो स्थितिले अझ विकसित रूप लिँदै हामी सबै लाभान्वित हुन सकौँ भन्ने कामनाका साथ छोटो अनुभूति र विचारबाट विश्राम ।

ॐ आदि ।

बालगुरु आदित्य : अद्भुत सत्य र यथार्थ

✍ गोपाल पराजुली, पूर्वप्रधानन्यायाधीश

जीवन र जगत्लाई बुझ्ने कोसिसमा प्रायः सबै सचेत मानिस तल्लीन हुन्छन् नै । जीवन के हो ? जगत् के हो ? हामीले देख्न सकिने वस्तुबारे धेरै नै अध्ययन गर्‍यौं । विज्ञानले त्यसमा चमत्कार नै देखायो ।

हामीलाई थाहा नै छ, बालगुरु आदित्य चमत्कारभित्रको पनि एउटा यस्तो रहस्य हुनुहुन्छ, जसको व्यवहारमा साक्षात् ईश्वरीय शक्तिको प्रदर्शन र प्रकट भएको आभास हुन्छ । जोकोहीमा त्यो शक्ति प्राप्त गर्ने क्षमता पनि हुँदैन । मानिस देख्नेबित्तिकै उसको वतन, नाम, थर र पेसा वा उसको जानकारी राख्ने, विश्वका अनेकन् भाषाका लिपि लेख्न, बोल्न सक्ने, विश्वका अनेकन् सहर, प्राकृतिक छटा, धर्मसंस्कार, परम्परा र प्रत्येक मानिसभित्रको अन्तर्वस्तुलाई जान्न सक्ने गुणले उहाँलाई परिचित गराएको छ । हाम्रा दुई आँखाले बाहिरी आवरणलाई मात्र हेर्न सक्छ तर ईश्वरीय शक्ति प्राप्त साधकहरूलाई भने ब्रह्मान्डका सबै विषय ज्ञात हुन्छ । त्यो अद्भुत शक्ति गुरु आदित्यमा छ ।

को मानिस परीक्षणका लागि आएको छ ? को सच्चा भक्त हो ? को स्वार्थको गन्धबाट ग्रसित छ ? को कल्याणकारी काममा तल्लीन छ ? यी सबै कुराको ज्ञान हरेक क्षण उहाँको मगज र समझबाट प्रदर्शित हुन्छ ।

म न्यायाधीश छु भन्ने कुरा उहाँलाई कसरी ज्ञान भयो ? मेरो नाम र मेरो विगतबाट उहाँ कसरी परिचित हुनुभयो ? मैले न्यायालयका लागि के गर्नुपर्छ भन्ने निर्देशन पनि पाएँ । धेरैलाई यो कुरा असम्भव लाग्न सक्छ । तर भेटेर दर्शन गरेर अनि अनुभव गरेर

आफैँले जान्ने कोसिस गर्नुभयो भने त्यहीँ साक्षात् महसुस हुनेछ । मेरा सङ्घर्षका दिनहरूलाई उहाँले औँल्याउनुभएको थियो ।

कसैलाई अध्यात्मज्ञान सिक्न गुरु चाहिन्छ तर मातापिताको कोखमै जसले भगवान्को प्रत्यक्ष आशीर्वाद प्राप्त गरी भगवान्कै रूप धारण गरी आएको हुन्छ, उसले प्रदर्शित गर्ने अध्यात्मको कथा र व्यथा भने गुरु आदित्यमा नै देखिन्छ । संसारमा यस्ता अद्भुत मानवहरू समयसमयमा प्रकट हुन्छन् । त्यो ईश्वरीय कृपा पाउनेहरू नै ठूला योगी कहलिन्छन् । योगीहरू त्रिकालदर्शी हुन्छन् । उनीहरू हिजो के थिए, आज के छन् र भविष्यमा कहाँ जाने हुन् भन्ने कुरा आफ्नो अलौकिक ज्ञानबाट जानकारी लिएका हुन्छन् । भनिन्छ– लखन थापाले जेलमा बस्दा बनारसमा डुङ्गा डुबेको देखे, इजरायली वैज्ञानिकको आँखाले देख्नेबित्तिकै फलाम बाङ्गिएको थियो, इटालीमा एकजना कुमारीको चार फिट अगाडि उभिँदा नै करेन्ट लाग्थ्यो । यस्ता अनेकन विचित्र घटना बेला बखत घटेको पाइएको छ ।

हिमालय लेक भनेकै भगवत्प्रेमीहरूको थलो हो । त्यही भगवत्स्वरूपमा प्रकट हुनुभएका गुरु आदित्यसँग भएको अथाह दिव्य ज्ञान, क्षमता र शक्ति हामी सबैका लागि एउटा चमत्कारपूर्ण गौरवको विषय पनि हो । यसै क्षेत्रमा बाघ बाबा, सुगन्ध बाबा, तिब्बत बाबा, महावतार बाबा, लाहडी महाशय, युक्तेश्वर स्वामी र परमहंस योगानन्द जस्ता योगीले जीवनजगत्सँग अनेकन् पहलुलाई प्रकट गर्नुभएको छ । त्यसैको क्रममा अर्को यथार्थ र आश्चर्यभित्रको रहस्यात्मक सद्गुण र व्यवहारले परिपूर्ण विचित्र बालक योगी आदित्य हुनुहुन्छ ।

ॐ आदि ।

रहस्यमयी बालगुरु आदित्य

✍ **बोधिसत्व स्वामी आनन्द अरुण**

एक अद्‌भुत बालक छन्, उनमा चामत्कारिक शक्ति छ र ती बालकलाई हिँडडुल गर्न खोज्दा शरीरले साथ दिइरहेको छैन । यसको कारणबारे मेडिकल डाइग्नोसिस हुन सकिरहेको छैन, यसको रहस्य के होला भन्ने कुरा बुझ्न आइदिन भन्दै एक हितैषी मित्रले आग्रह गर्नुभयो । हामी तीनचार जना संन्यासी बालगुरु आदित्य बसेको घरमा पुग्यौँ ।

शरीरले सानो देखिए पनि आदित्यको उपस्थिति एक रहस्य नै थियो । त्यो प्रथम भेटमा मैले केही अद्‌भुत कुराहरू महसुस गरेँ । उहाँको वरिपरि एक शान्त आभामण्डल थियो । सानो प्रयासले पनि ध्यानस्थ तथा अन्तर्मुखी हुन सकिने एक सहज वातावरण थियो । मलाई त्यहाँ शुभभाव महसुस भयो । यस्तो प्रायः उच्च चेतनाको उपस्थितिमा मात्रै हुन्छ । सोही भेटमा "स्वामी आनन्द अरूणले ध्यान र साधनाद्वारा जुन जनमानसको विचारमा आध्यात्मिक परिवर्तन आएको छ, आइ एम सो ह्याप्पी" भनेर मेरो बारेमा लेखी पनि दिनुभयो ।

पाँच वर्षको बालक जसलाई मेरा बारेमा केही थाहा छैन र यति प्राञ्जल भाषामा मैले गरिरहेको आध्यात्मिक कार्यका बारेमा लेख्दा आश्चर्य लाग्यो । यी बालकको शरीरमा एक उच्च चेतना उपस्थित भएको तथ्यले रहस्यलाई अझ प्रगाढ बनायो र यो रहस्य त्यस बेलादेखि अहिलेसम्म बढ्‌दो छ । उहाँका आमाबुबासँग पनि भेट भयो । उहाँहरू सरल चित्तका हुनुहुन्छ । त्यस बेलासम्म आदित्यका बारेमा धेरै मानिसलाई जानकारी थिएन ।

उहाँसँगको भेटमा केही न केही तथ्यबिना पूर्वजानकारी लेखिदिनुहुन्छ । मैले उहाँलाई जहिले भेट्‌दा पनि हाँसेकै देखेको छु । जुन भाषामा पनि प्रश्नको जवाफ लेख्न सक्ने र जुनसुकै प्रश्नहरूको

हाजिरीजवाफ जसरी सही उत्तर दिन सक्ने क्षमताका धनी बालगुरु अझ रहस्यमय भएर आउनुभयो । तर्क, बुद्धि र हाम्रो सीमित दृष्टिभन्दा धेरै परको अतर्क्य, अनन्त र गुप्त जगत्‌को प्रतिनिधिका रूपमा बालगुरु आदित्य आज हाम्रा सामु हुनुहुन्छ ।



विगत तीन वर्षमा मेरो धेरैचोटि उहाँसँग भेट भयो । उहाँ तपोवन पनि आउनुभयो । तपोवनको साधनामय वातावरणमा उहाँ धेरै खुसी हुनुभयो । विगतका तीन वर्षमा उहाँको प्रसिद्धि बढिरहेको छ । उहाँको प्रतिष्ठान बनिसकेको छ । उहाँले आफ्नो आश्रमको प्राङ्गणमा बनेको शिवालयको शिलान्यास गरिदिने सम्मान मलाई दिनुभयो । उहाँलाई जतिचोटि भेटे पनि मलाई आनन्द आउँछ र हामीबीच एक गहिरो आत्मीयता छ ।

मेरो पछिल्लो भेट यही वर्ष १६ जुनमा भयो । त्यस दिन मेरो जन्मदिन पनि परेको थियो । वाग्मतीमा वृक्षरोपणपछि हामी उहाँको आश्रम पुग्यौँ । केही नभनी उहाँले सन्देश लेखिदिनुभयो- "जन्मदिनको अनन्तकोटी अटल सद्‌भाव ।" यस्तो माझिएको भाषा एक सिद्धहस्त साहित्यकारले मात्र लेख्न सक्छ । यस्तो अभिव्यक्ति नेपालीमा मात्रै होइन, अङ्ग्रेजीलगायत अन्य भाषामा पनि त्यत्तिकै सशक्त छ । उहाँले आफ्नो विगतका बारेमा बताउँदिनँ भन्नुहुन्छ र मैले पनि यो कुरालाई बुझेको छु । यति मात्र भन्न सकिन्छ कि एक विशिष्ट उच्च चेतनाको जन्म भएको छ । यसका पछाडि केही कारण छन् । उहाँले जबसम्म त्यो कुरा आफैँ भन्नुहुन्न, हामीले पनि बोल्न मिल्दैन ।

उपचारका लागि अमेरिका जान नेपाल सरकारले उहाँलाई सहयोग गऱ्यो । उहाँले भनेकै सानफ्रान्सिस्कोको एक अस्पतालमा धेरै दिनसम्म उपचार प्रक्रिया चल्यो तर पनि रोग पत्ता लाग्न सकेन । वास्तवमा यो मेडिकलको मामला होइन, डाक्टरले बुझ्न

पनि सक्दैनन् । निदान नै गर्न नसक्ने डाक्टरहरूले उपचार गर्ने कुरै भएन । एक विशिष्ट चेतना त्यो बाल शरीरमा छ । वास्तवमा आफ्नै परिवेशमा शान्त बस्ने वातावरण मिलाउने, उहाँको कोमल र संवेदनशील शरीरको सुविधाको ख्याल गर्ने र सत्सङ्गको माहोल वरिपरि निर्मित हुने हो भने उहाँको स्वास्थ्यमा सुधार हुनेछ ।

उहाँ बोल्नहुन्न । समय लिएर र अति गाह्रो गरी लेख्नुहुन्छ । मलाई उहाँलाई केही सोध्नुपर्दा हिंसा गरेजस्तो लाग्छ तर उहाँसँग कुरा गर्ने एक मात्र माध्यम पनि त्यही लेखेर मात्रै हो । भगवान्सँग प्रार्थना छ कि अभिव्यक्तिको कुनै एक सहज माध्यम उहाँमा खुलोस् । उहाँमा वाणी फुटोस्, उहाँबाट सुन्दर अभिव्यक्तिका शब्दहरू सुन्न पाऊँ । एक अद्भुत बालकबाट ज्ञानगुनका कुराहरू सुनेर नेपाल मात्रै होइन विश्व नै अचम्मित हुने थियो ।

उहाँकै प्रेरणाले उहाँको भाइको जन्म भएको छ । मेरै कामको सहयोगका लागि उनको जन्म भएको हो भनी बालगुरूले भन्नुभएको छ । गुरु एक समर्पित शिष्यको मुखबाट बोल्न सक्छ । हुन सक्छ उहाँका भाइले यो भूमिका निभाउन सक्लान् । गुरुहरूले समर्पित शिष्यलाई माध्यम बनाउने कुरा नौलो होइन । अनेकौं पटक कुनै आध्यात्मिक शक्तिले आफूलाई मानव कल्याणका लागि माध्यमका रूपमा उपयोग गरेको मैले अनुभव गरेको छु । जटिल प्रश्नहरूको जवाफ जुन मेरो मन र बुद्धिबाट दिन सम्भव हुँदैन, त्यस्ता प्रश्नहरूको उत्तर पनि स्वतः ऊर्जाको उच्चस्तरबाट आएको महसुस हुन्छ ।

नेपाल सरकारले उहाँलाई सहयोग दिने कुरा गर्दा केही व्यक्तिहरूले विरोध गरेको पनि सुनियो । यसैकारण होला नेपाल सरकारले निर्णय गरेर दिएको एक करोड रुपैयाँ उहाँले फिर्ता गरिदिनुभयो । कति व्यक्तिहरू नेपालमा होलान्, जसले स्वयम्को सुविधाका लागि सरकारी ढुकुटीबाट यसरी पाएको यत्रो धनराशि फिर्ता गर्न सक्छन् ?

आश्रम चलाउने क्रममा म आफूलाई परेको समस्याको उहाँलाई ज्ञान भएको पाएको छु र नआत्तिन भनेर सम्झाउनुहुन्छ ।

आध्यात्मिक मार्गमा यस्ता परीक्षाका घडीहरू आइरहन्छन् भनेर बुझाउनु पनि हुन्छ । यसले मलाई बल पनि मिलेको छ । मेरा लागि बालगुरूसँग बिताएका क्षणहरूलाई म परमात्माको आशीर्वाद ठान्छु । मिथिला क्षेत्र जनकपुरमा जन्मेका अष्टावक्रको बारेमा कमै व्यक्तिहरूलाई थाहा होला । उनको शरीर जन्मैदेखि आठ भागमा बाङ्गोटिङ्गो थियो तर उनको ज्ञानको अन्तर्प्रज्ञा यति गहन थियो कि उनको केही वाक्यले मात्रै राजा जनकले बोधिज्ञान हासिल गरेका थिए ।

मलाई एउटै मात्र डर छ कि खालि भौतिक वासनाका लागि धाउने मानिसहरूले उहाँको समय र ऊर्जालाई खेर फालिदिने वातावरण बनाउनेछन् । भौतिक वासनाको मागपूर्तिका लागि मात्र आउने मानिसहरूको भीडबाट उहाँलाई जोगाउनु जरूरी छ ।

उहाँको उपस्थितिमा आनन्द आउँछ । उहाँले मलाई एक आध्यात्मिक सहयात्रीका रूपमा लिनुहुन्छ । उहाँका सबै शारीरिक कष्टहरू बिदा होउन् भन्ने परमात्मासँग प्रार्थना गर्दछु । सही व्यक्तिले उहाँसँग सही मार्गदर्शन लिउन् । उहाँलाई अनावश्यक संसारी कुराहरू सोधेर समय बर्बाद नगरौँ भन्ने आग्रह छ । आदित्य प्रतिष्ठानले जुन ठूलो आश्रम बनाउन गइरहेको छ, उहाँकै शब्दमा त्यो नेपालकै लागि नै एक आश्चर्यजनक उपलब्धि हुनेछ । सो आश्रम नेपालको आध्यात्मिक गरिमा बढाउने अर्को एक कोसेढुङ्गा साबित होस् भन्ने मेरो शुभकामना छ ।

ॐ आदि ।

प्रभुको अपार अनुकम्पा गुरु आदित्य

✍ राजेन्द्र क्षत्री, महारथी प्रधानसेनापति

सर्वप्रथमतः यस्तो अमूल्य पुस्तकमा आफ्ना पनि केही मनोभाव राख्न पाउँदा अत्यन्तै खुसी लागेको छ । 'वसुधैव कुटुम्बकम्' को आदर्श अङ्गीकार गर्ने हाम्रो वैदिकधर्म इतिहासका कालखण्ड पार गरी आजसम्म आइपुग्दा परापूर्व कालका स्वप्नद्रष्टा तपस्वीहरूका सुन्दर परिकल्पनाभन्दा केही फरक छ । विशेषतः महाभारत र त्यसपछिका लडाईँहरूबाट वैदिक ज्ञानमा ह्रास आउँदा हामीले ऋग्वेदका वरुणलाई Electron, मित्रदेवलाई Proton, आराम्यलाई Neutron, र वाशिष्ठलाई Nucleus भनेर चिनाउन धेरै समय लाग्यो । ज्ञान सधैँ पूजित हुने तपोभूमिमा विष्णुका अवतारहरूमा जीवनको सृष्टिक्रम देख्न नसकेपछि सनातन धर्ममाथि प्रश्न उठाउनेहरूको आज पनि कमी छैन ।

विज्ञानका सूक्ष्म सिद्धान्तहरूका साथै वैदिकधर्मको अर्को मिठास भौतिकवाद र अध्यात्मवादको सम्मिश्रण पनि छ । सनातन धर्ममा अध्यात्मको ठूलो महत्त्व छ, त्यसैले प्रारब्धअनुसार फल प्राप्त हुने कुरामा हामी विश्वास राख्छौँ । प्रारब्धकै फल होला, गुरु आदित्यदेवमा प्रभुको अपार अनुकम्पा छ । उहाँमा रहेको अलौकिक ज्ञान, शक्ति र दूरदृष्टिले सामाजिक सद्भावका लागि सदा मार्गदर्शन गरिरहने छ भन्नेमा म विश्वस्त छु । करिव चार दशक खुकुरीमा गाईको खुर नियालेको मैले गुरु आदित्यदेवसँग भेट गर्दा, उहाँबाट प्राप्त आशीर्वचन अत्यन्त सारगर्भित र संस्थाको लागि पनि उत्तिकै महत्वपूर्ण महसुस गरेँ । गुरुबाट प्रकाशित 'कलियुगको आदित्य ज्योतिपथ' पुस्तकबाट समाज लाभान्वित मात्र नभएर मानव चेतनामा पनि अभिवृद्धि भई भौतिक र आध्यात्मिक जगत्मा पुनर्जागरण हुने कुरामा मलाई पूरा विश्वास छ ।

अन्त्यमा यो पुस्तक प्रकाशन गर्नुभएकोमा हार्दिक शुभकामना व्यक्त गर्नुका साथै सफलताको समेत कामना गर्दछु ।

ॐ आदि ।

मेरो मन र मस्तिष्कमा हुनुहुन्छ बालगुरु

✍ ज्ञानेन्द्रबहादुर कार्की, पूर्वअर्थमन्त्री तथा सदस्य, प्रतिनिधिसभा

बालज्ञानी गुरु आदित्यको बारेमा लेख्नु सजिलो छैन । यो लेख सूर्यलाई आरती देखाउनुसरह हो । तथापि श्रद्धा र सम्मानका साथ मैले अनुभूत गरेका केही कुराहरू राख्ने प्रयास गरेको छु ।

ममा निकै लामो समयदेखि गुरुहरूप्रति एक विशेष किसिमको आकर्षण रहँदै आएको छ । काठमाडौंमा भर्खर भर्खर उहाँको बारेमा चर्चा प्रारम्भ भएको थियो । सायद २०७२ सालतिर होला, मैले उहाँलाई भेट्ने सुअवसर पाएँ । सानो बालक जसले स्कूल देखेको छैन, जसको वाणी फुटेको छैन, त्यस्तो बालकमा देखिने अलौकिक प्रतिभाबाट को प्रभावित नहोला, कसको हृदयमा अमिट छाप नपर्ला ? त्यस क्षणदेखि उहाँको विशेष प्रभाव ममा परेको छ । आज उहाँ मेरो मन र मस्तिष्कमा हुनुहुन्छ ।

एउटा प्रसङ्ग यहाँ उल्लेख गर्न चाहन्छु । हाम्रा पिताजी जब अस्पतालमा उपचारार्थ हुनुहुन्थ्यो, हामी सबै उहाँको स्वास्थ्यबारे चिन्तित थियौँ । त्यही दौरानमा बालज्ञानी गुरुबाट अभिव्यक्त विचारले मेरी माताजीलाई असाध्यै स्पर्श गरेको छ । पिताजीको निधनपछि माताजीका हृदयमा बालगुरु ईश्वरका रूपमा रहनुभएको छ ।

उहाँलाई समय समयमा भेट्ने अवसर मैले पनि पाएको छु । यो अवसर जुटाइदिने सबैमा हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु । साथै उहाँलाई भेट्ने अवसर पाएकोमा मैले आफूलाई भाग्यशाली र गौरवान्वित भएको महसुस गरेको छु । उहाँलाई हाम्रो मुलुकमा पाउनु ठूलो अहोभाग्य हो । म उहाँलाई ब्रह्मज्ञानीका रूपमा हेर्दछु । उहाँ यो मुलुकका निधि हुनुहुन्छ । हाम्रो समाजका प्रकाशपुञ्ज हुनुहुन्छ । उहाँबाट लिखित अभिव्यक्तिहरू जीवनदर्शन, समाज र मानवजातिका

बारेमा जुन गहिराइ र उचाइका साथ विचार प्रवाह भएका छन्, तिनलाई मनन गर्ने र त्यसअनुसार समाजमा लागू गर्ने कार्य हामीले प्रारम्भ मात्र गर्न सके हामी सबैको कल्याण हुन सक्छ ।

उहाँको आदर्श र मार्गदर्शन हाम्रो र मुलुकको समग्र हितमा केन्द्रित छ । यस्ता महान् आत्माहरू बिरलै देख्न र भेट्न पाइन्छन् । हाम्रो तपोभूमि र देवभूमिमा हामीले उहाँलाई पाएका छौँ । उहाँको आदर्श र ज्ञानले हाम्रो मुलुकलाई सम्पन्न, सुखी, खुसी बनाउने अभियानमा अगाडि बढ्ने प्रेरणा र प्रतिबद्धताको भावना जागृत होस् ।

म जस्तो सीमित ज्ञान भएको व्यक्तिले उहाँको बारेमा धेरै चर्चा गर्न उचित सम्झिन्नँ तर उहाँको मार्गदर्शनलाई शिरोधार्य गर्ने इमानदार प्रयत्न गर्नेछु । उहाँ जस्तो महान् व्यक्तित्वको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु । उहाँबाट मुलुकले लाभ लिन सकोस्, हाम्रो देश र हामी सबैको कल्याण हुन सकोस्, यही मेरो कामना छ ।

ॐ आदि ।

यो ठूलो प्राप्ति हो

✍ डा. राजन खनाल, सचिव, अर्थ मन्त्रालय

मान्छेको मनले आफैँलाई धेरै प्रश्नहरू गर्छ । ती सबै प्रश्नको उत्तर प्राप्त पनि हुँदैन । त्यो अवस्थामा कतिपय उत्तर स्वयम् आफैँ बनाएर आश्वस्त हुने प्रयास गरिन्छ । कतिपय प्रश्नको उत्तर के हो भन्ने हामी जान्दैनौँ । अनन्त उत्तर दिन पनि हामी सक्दैनौँ । हामी मान्छेको पनि सीमा हुन्छ होला । त्यसैले हामी सबै कुरा जान्दैनौँ । त्यो नजान्नुको भोलापनमा हामी जिन्दगी जिइरहेका छौँ जस्तो लाग्छ । आदित्य गुरूलाई भेटेपछि मेरा मनमा त्यस्तै तरङ्गहरू आइरहे ।

एकदिन यसै कार्यालयमा बसिरहेकै अवस्थामा गुरूलाई भेट्न जाने मौका मिल्यो । हुन त मैले त्योभन्दा पनि अगाडि नै भेट्न चाहेको भए सक्ने थिएँ । उहाँका विषयमा धेरै कुरा सुनिसकेको थिएँ । उहाँलाई भेट्ने अनुकूलता मिलेको थिएन । भेटेर के भन्ने ? के भन्नुहुन्छ होला ? यावत् प्रश्नहरू मनमा आउँथे । अनि मैले भेट्ने आँटै गर्न सकिनँ । त्यतिबेला नेपाल-भारतका सीमा क्षेत्रमा केही अवरोध देखिएको थियो । आपूर्ति व्यवस्थापन सहज थिएन । दैनिक उपभोग्य सामग्रीको व्यवस्थापन गर्न कठिन भइरहेको थियो । विकास निर्माणका काममा बाधा परेको थियो । मुलुकले सङ्कलन गर्ने राजस्वमा प्रत्यक्ष/अप्रत्यक्ष असर परिरहेको थियो ।

यस्तै विषमतामा थियौँ हामी । त्यो दिन ईश्वरा (गुरूमाता)लाई मैले गुरूलाई भेट्न सकिन्छ भनेर सोधेँ । उहाँले किन नसक्नु जाऔँ न भन्नुभयो । मैले मेरो परिवार र नजिकका आफन्तलाई पनि तुरून्तै खबर गरेँ । हामीले गुरूलाई भेट्यौँ ।

मैले केही सोधिन गुरूलाई । केही प्रश्न पनि गरिनँ तर, उहाँले केही लेखिदिनुभयो, जुन तत्कालीन अर्थतन्त्रको विषयमा सटीक मार्गदर्शन थियो । अर्थतन्त्रमा केही प्राविधिक शब्दहरू प्रयोग गरिन्छन्,

जुन अर्थतन्त्रको क्षेत्रमा काम गर्नेले मात्र बुझ्छन् । उहाँले लेखेका प्रत्येक शब्द प्राविधिक थिए । मैले गुरूले लेखेको दोहोऱ्याई-तेहेऱ्याई पढेँ, अचम्म लाग्यो । अलौकिक लाग्यो । मैले सम्पादन गर्नुपर्ने कामका विषयमा पनि केही शब्द लेखिएका थिए । मैले आफैँलाई धेरै प्रश्न सोधेँ, यो के हो ? यो कसरी सम्भव छ ? धेरै बेरसम्म पनि, म अनुत्तरित नै रहेँ ।

हामीले नजानेका विषयमा जानेको व्यक्तिलाई हामी गुरु भन्छौँ । मैले धेरै जानिनँ । त्यसैले उहाँलाई मैले गुरु भनेँ । त्यसपछि पनि उहाँसँग धेरैपटक भेट भयो । कतिपय आफन्त र मित्रहरूलाई पनि मैले उहाँसँग भेटाएँ । पछिपछि पनि उहाँले मेरो विषय र मुलुकका विषयमा लेखिदिनुभयो । म झन्झन् रहस्यमा हराउँदै गएँ । अहिले पनि गुरूलाई बुझ्न सकिएको छैन, रहस्य नै रहस्य जस्तो । तर उहाँको उज्यालो, हाँसिरहेको मुहार हेरेपछि म पनि निकै बेर हराउँछु, अर्कै अनुभूति गर्छु, बेग्लै भावमा डुब्छु र बिर्सन्छु आफैँलाई ।

सरकारी कामको सिलसिलामा धेरै समय बाहिर नै बित्छ । यसो समय मिले गुरूको सामीप्यमा बसौँ जस्तो लाग्छ तर कसै गरी त्यो मौका कम नै प्राप्त हुन्छ । तथापि, गुरूसँगको आत्मीयता साथै राखेको हुन्छु ! कहिलेकाहीँ काम गर्दा, जीवनचर्यामा हिँड्दा, अप्ठ्यारो पर्दा, प्रश्नहरूको उत्तर नपाउँदा पटक पटक गुरूलाई सम्झन्छु । उहाँको हसिलो अनुहार सम्झिएपछि कठिन समयमा पनि अलिकति राहत मिलेको अनुभव हुन्छ । त्यो विषयलाई मैले ठूलो प्राप्तिका रूपमा लिएको छु ।

ॐ आदि ।

अलौकिक क्षमता

✍ लीलामणि पौड्याल, पूर्वमुख्यसचिव एवम् राजदूत

जब म विज्ञानको विद्यार्थीका रूपमा कलेज पढ्न थालेँ, विज्ञानका पुस्तकको पढाइ, वामपन्थी साथीभाइहरूको सङ्गत र त्यस्तै खालका लेख र पत्रपत्रिकाको अध्ययनले मैले बाल्यकालदेखि सुनेका, मलाई सिकाइएका अलौकिक दैवीशक्ति, सर्वशक्तिमान् भगवान्, अदृश्य शक्ति, पराभौतिक कुराहरू जस्ता विषयमा प्रश्न गर्ने, बहस गर्ने र त्यस्तो शक्तिको अस्तित्व अस्वीकार गर्न थालेँ ।

सबै मान्छे जन्मँदा समान हुन्छन् तर समाज र वातावरणले सँगै जन्मेकाहरू पछि नितान्त फरक बन्न पुग्छन् । यो मानव सिर्जित विभेद हो भन्ने चर्को बहस र वकालत गर्न थालियो तर कहिल्यै विद्यालय नदेखेको, बोल्न नसक्ने, हातका औँलाहरूले कलमकपी समाउन नसक्ने र आफ्नो टाउको मुस्किलले धान्ने एक पाँच बर्से बालकका लगातार चामत्कारिक अभिव्यक्ति, अद्भुत ज्ञान र अलौकिक क्षमताबारे मिडियामा आएपछि धेरै मान्छेको आग्रहमा बालक आदित्यलाई भेट्न उहाँका बुबाआमा बस्ने घरमा पुगेको थिएँ ।

घरपरिवार र छिमेकीले उहाँका अलौकिक ज्ञानबारे बताउँदै उहाँले विगतमा दिनुभएका संस्कृत, अङ्ग्रेजी, फ्रेन्च, कोरियन र नेपाली भाषाका परिष्कृत शब्दावलीसहितका अभिव्यक्तिहरू मलाई देखाउनुहुँदा म चकित परेँ । अझ मलाई लक्षित वाग्मती सरसफाइसम्बन्धी अभिव्यक्तिपछि त म द्रवीभूत भएँ । उहाँलाई भेटेपछि विज्ञानले परीक्षण गर्न बाँकी, विज्ञानको प्रयोगशालाभन्दा पर पराभौतिक कुराहरू पनि धेरै छन् भन्ने कुराको प्रत्यक्ष बोध भयो ।

उहाँको अलौकिक शक्तिलाई भेट्न जानेहरूको भाग्य, पद, धनार्जनको बाटो बताउने साधन नबनाइयोस् । यही अपेक्षा छ ।

ॐ आदि ।

अलौकिक शक्तिका प्रतीक बालज्ञानी गुरु आदित्य

✍ **प्रा. डा. जगदीशलाल अग्रवाल**, डिन, त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज

मैले बालज्ञानी आदित्यज्यूका बारेमा पत्रपत्रिकामा उहाँसँग सम्बन्धित समाचार आएपछि थाहा पाएको हुँ । त्यस आधारमा मलाई उहाँ दैवीशक्तिको प्रतीकका रूपमा वा कुनै कुनै दैवी लीलाका रूपमा यस संसारमा अवतरण हुनुभएको हो भन्ने लाग्छ । म सुरुदेखि नै पुनर्जन्ममा विश्वास गर्छु । पुनर्जन्म पनि यस्तै अनुसन्धान हुन बाँकी विषय हो । यसका पर्याप्त आधार छन् । यति सानो उमेरमै यति धेरै भाषाको ज्ञान हुनु र सोधेका कुनै पनि विषयसँग सम्बन्धित कुरालाई यति सहजसँग लेखेर व्यक्त गर्नु सामान्य व्यक्तिका लागि सम्भव विषय होइन ।

कुनै पनि मानिसमा यति धेरै ज्ञानका माध्यमबाट विषयविज्ञहरूलाई समेत भ्रमित पार्न सक्ने सामर्थ्य हुनै सक्दैन । हामी दैवी शक्ति, देवीदेवता र पुनर्जन्ममा विश्वास राख्ने संस्कार बोकेर आएका मानिस हौँ । मनमा श्रद्धाभाव भएपछि र विश्वास भएपछि बल्ल हामी यस्ता शक्तिको महत्व बुझ्छौँ । यही आधारमा मलाई लाग्छ, यो संसारमा कुनै ठोस कार्य गर्ने उद्देश्यले उहाँको जन्म भएको हो ।

पूज्य गुरुले धेरै मानिसलाई व्यक्तिगत जीवनका विषयमा मार्गनिर्देशन गर्नुभएको छ । त्यो मार्गमा चलेर उहाँहरूले व्यक्तिगत उन्नति गर्नुभएको छ भन्ने प्रसङ्ग सुनेको छु । म आफू एउटा कर्मयोगी जस्तो भएकाले मैले आफ्नो व्यक्तिगत जीवनसँग सम्बन्धित कुरा उहाँसँग सोधेको छैन । तर एउटा प्रसङ्गमा उहाँले मलाई तिमीले जे गरिरहेका छौ, त्यो राम्रो छ । तिमी डिनको पद (त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान)मा कार्य गरिराख,

नछोड । किनकि यो पद राम्रो कार्य गर्न, आफ्नो उद्देश्य प्राप्त गर्न र राम्रोसँग सेवा गर्न उत्तम हुने भनी मार्गदर्शन गर्नुभएको थियो ।

पूज्य गुरु सर्वज्ञाता हुनुहुन्छ । उहाँमा सबै विषयको ज्ञान छ । संसारमा विद्यमान सबै ज्ञानविज्ञान उहाँको मस्तिष्कमा समाहित छ । यति धेरै ज्ञान हुँदाहुँदै पनि उहाँ त्यो ज्ञानको प्रयोग गर्न आफैं अगाडि सर्नुहुन्न, हामीलाई निमित्त बनाउनुहुन्छ । अझ मलाई त के लाग्छ भने हामीलाई नाटकको पात्र जस्तो बनाएर "हेरौं न त यिनीहरू के गर्न सक्दा रहेछन्" भन्ने किसिमले व्यवहार गर्नुहुन्छ । उहाँमा अन्य विषयमा जस्तै चिकित्सा सेवाको पनि सम्पूर्ण ज्ञान छ । औषधोपचारको इन्साइक्लोपिडिया जस्तो लाग्छ । औषधोपचारबारे पूर्ण ज्ञान भएको देख्दा लाग्छ, उहाँ स्वयम् डाक्टर हुनुहुन्छ । उहाँमा यो औषधी खानुहुन्छ, यो औषधीले साइड इफेक्ट गर्छ भन्ने सबै ज्ञान छ । एउटा प्रसङ्ग, पूज्य गुरुदेवको स्वास्थ्य परीक्षणका क्रममा मैले तीन ओटा औषधी खाने परामर्श गरेको थिएँ । तर उहाँले अति शिष्टतापूर्वक लेखिदिँदै उल्टै मलाई भन्नुभयो– "तपाईले लेखेको यो तेस्रो औषधीले मलाई साइड इफेक्ट गर्छ । त्यसैले योचाहिं नचलाऊँ होला ।"

महापुरुषहरू आफू सर्वज्ञाता हुँदाहुँदै पनि पात्रलाई उसको पात्रता स्थापित गर्न स्वतन्त्र छोडिदिनुहुन्छ र उसको महत्व स्थापित गर्नुहुन्छ । इज्जत दिइरहनुहुन्छ भन्ने कुराको प्रमाणका रूपमा यो प्रसङ्गलाई लिन सकिन्छ । उहाँ आफैं सर्वज्ञाता हुँदाहुँदै पनि आफ्नो उपचारमा हाम्रो सरसल्लाह लिनुहुन्छ । हामीले दिएको उपचार ग्रहण गर्नुहुन्छ । उहाँ अद्भुत, अलौकिक र दैवी शक्तियुक्त हुनुहुन्छ । उहाँकै डिजाइन र प्रत्यक्ष सुपरिवेक्षणमा बन्दै गरेको मन्दिर हेरेरै पनि हामी यस कुराको अनुभव गर्न सक्छौं । समग्रमा भन्दा संसारमा अलौकिक शक्ति छ र उहाँ त्यो शक्तिका प्रतीक हुनुहुन्छ ।

ॐ आदि ।

I feel Blessed in His Presence

✍ **Arju Rana Deuba**, a devotee of Guru Aditya

Whenever I need to be calm and soothe my soul, I go for a *darshan* of Aditya Guru. The hues and cries of the outside world seem to be pacified when I see him and peace pervades within me. His beautiful and lively eyes look deep into your soul and fill you with pure love. His shy, charming smile just warms your heart and I feel blessed just to be in his presence. Just to be with him and exchanging smiles are enough for me.

Om Adi !

आदित्य गुरुबाट वास्तवमा म धेरै प्रभावित छु

✍ डा. उपेन्द्र महतो, उद्योगी एवम् पूर्वअध्यक्ष, एनआरएनए

म पहिलोपटक बालगुरु आदित्यसँग भेट्न जाँदा स्वामी आनन्द अरुण, वरिष्ठ हास्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य सँगै हुनुहुन्थ्यो । चारवर्षीय बालगुरु आदित्यले पहिला कहिल्यै नभेटेका महजोडीलाई भेटेर "धेरै खुसी लाग्यो" भन्नुहुँदा म अचम्मित भएँ । त्यति मात्रै नभएर उहाँले स्वयम् मबारे पनि 'एनआरएनए चिफ पर्सन' भनेर सम्बोधन गर्दा म पूरै आश्चर्यचकित भएँ ।

हामीले जतिबेला उहाँलाई भेटेका थियौँ, त्यतिबेला नेपाल र भारतको राजनीतिक सम्बन्ध चिसिएको अवस्था थियो । यसै सन्दर्भमा हामी विभिन्न राजनीतिक दलका शीर्ष नेता तथा तत्कालीन प्रधानमन्त्रीसँग छलफलमा व्यस्त थियौँ । सोही प्रसङ्ग जोड्दै बालज्ञानी गुरु आदित्यले भन्नुभएको थियो– "तपाईंहरू जुन काममा अहिले लाग्नुभएको छ, त्यो काम मुलुकका लागि धेरै सराहनीय र अत्यावश्यक छ, तपाईंहरूले गरेको यो प्रयासमा सफलता मिलोस् ।" म यो कुरा सुनेर झनै अचम्ममा परेँ ।

यति मात्रै होइन, गर्मीको छुट्टीमा मेरा छोराछोरी नेपाल आएका थिए । मैले नै तिनीहरूलाई बालगुरु आदित्यसँग भेट्न जाऔँ भनेर अनुरोध गरेको थिएँ । छोराछोरीले त्यतिबेला मेरो आग्रहमा खासै चासो देखाएका थिएनन् । तर पछि हामी भेट्न गयौँ र भेट्न जाँदा रसियामा बनेको र रसियन भाषामै लेखिएको चकलेट पनि सँगै लिएर गएका थियौँ । बालगुरु आदित्य जेजस्तो भए पनि आखिर चार वर्षका बालक हुनुहुन्छ र स्वभावैले पनि चकलेट अवश्य मन पराउनुहुन्छ भन्ने लागेर नै हामीले उहाँका लागि चकलेट लगेका थियौँ । नभन्दै हामीले लगेको चकलेट उहाँले हाँस्दै स्विकार्नुभयो ।



अचम्म त के भने चकलेटमा रसियन भाषामा लेखिएका कुरा फरकै नपर्ने गरी उहाँले अङ्ग्रेजी भाषामा उल्था गर्नुभयो । सजिलै विश्वास गर्न नसकिने कार्य भएको देख्दा मेरा छोराछोरी त्यतिबेला उहाँबाट अत्यन्तै प्रभावित भए । त्यसपछि त गुरुसँग मेरा छोराछोरीको सामीप्य बढ्न थाल्यो । अहिले त हाम्रो छोरा यज्ञदीपलाई उहाँले बालसखा बनाउनुभएको छ ।

विश्व नै जटिल अवस्थामा रहेको बेला नेपाल पनि यही अवस्थाबाट टाढा रहन सक्दैन । यस्तो बेलामा पवित्र भूमि नेपालमा एक असल व्यक्तित्व मात्रै नभई ठूलो विद्वान्को जन्म भएको छ । उहाँले नेपाल भूमिबाट आध्यात्मिक यात्रा सुरु गरेर मानवकल्याणका लागि विश्वसामु आफ्नो सन्देश प्रवाह गरिरहनुभएको छ । वास्तवमा मैले उहाँलाई ठूलो आध्यात्मिक चिन्तक, अभियन्ता र राष्ट्रका विकासप्रेमी व्यक्तित्वका रूपमा पाएको छु ।

एकपटक नेपाल सरकारले उहाँको संस्थालाई एक करोड रुपैयाँ दिने निर्णय गरेको थियो । यो विषयलाई लिएर केही पत्रपत्रिकामा गलत समाचार पनि आएका थिए । यो रकम लिने कि नलिने भन्नेबारे छलफल गर्नका लागि केही सीमित व्यक्तिलाई उहाँले बोलाउनुभएको थियो । उक्त भेलामा म पनि सहभागी थिएँ ।

धेरैबेरको छलफलपछि यो रकम लिने कि नलिने भन्नेबारे विचारविमर्श हुँदा उहाँ स्वयम्ले भन्नुभएको थियो– "बुद्धलाई बुद्धत्व प्राप्त गर्नका लागि कुनै सरकारी अनुदान चाहिएको थिएन, त्यसकारण सरकारले दिने भनेको रकम म जस्तै अशक्त बालबालिकाको उपचारका लागि खर्च गर्दा राम्रो हुनेछ ।"

उहाँले मसँगको कुराकानीमा "जे गर्दा नेपाली जनताको हित हुन्छ र नेपालको नाम अन्तर्राष्ट्रिय जगत्मा स्थापित हुन्छ, त्यस्ता

सेवाको क्षेत्रमा लगानी गरी देशसेवामा लाग्न" अभिप्रेरित गर्नुभएको छ । मैले अझ बढी उत्साह र विश्वासका साथ स्वास्थ्य सेवा क्षेत्रमा लगानी बढाउने हिम्मत गरेको छु । उहाँले मप्रति राख्नुभएको आशा र विश्वासअनुरूप छोटो समयमै नेपालको स्वास्थ्यसेवालाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याई नेपाललाई अन्तर्राष्ट्रिय मेडिकल केन्द्र (हब) बनाउन प्रयासरत रहने छु ।

आफ्नो सन्देश तथा पवित्र कार्यबाट उहाँले नेपालको नाम संसारभरि फैलाउनुहुने छ भन्नेबारे म पूर्ण रूपमा विश्वस्त छु ।

ॐ आदि ।

गुरु आदित्यभित्र चम्किरहेको आश्चर्यजनक आदित्य

✍ डा. भोला रिजाल, वरिष्ठ चिकित्सक

संसार रहस्य र विचित्रताले भरिएको छ । यसैले त अनुसन्धानबाट अनेक थोक पत्ता लगाइन्छ । जीवनका मोड र घुम्तीमा धेरै देखिन्छन्, अनेक भेटिन्छन्, प्रशस्त पाइन्छन् । मेरो पेसा चिकित्सा भए पनि यसका माध्यमबाट समाजलाई नियाल्न, बुझ्न र अनुभव गर्न पाएँ । फरक विधा, हैसियत, पद, अवस्थाका मानिसहरूसँगको भेटले मलाई जीवनमा अनेकौं विषयको बोध गर्न सहज बनाएको छ । अझ ज्ञानी, ध्यानी, महामनाको सम्पर्कले जीवन सार्थक र सौम्य बन्दछ । यीमध्येको एक हो, गुरु आदित्यसँगको भेट ।

एक विद्यालयको कार्यक्रममा जाँदा उहाँसँग साक्षात्कार गर्ने मौका मिल्यो । त्योभन्दा पहिले सुने पनि दर्शन गर्ने अवसर जुरेको थिएन । अन्य विद्वान्, गुरु, साधु, सन्यासी योगीहरूभन्दा आदित्य गुरुसँगको साक्षात्कार पृथक् र रोचक भयो । एक बालकलाई काखमा लिएँ र उहाँको मुखाकृतिबाट आएको दृश्यलाई सङ्कलन गरेर भाषामा बुझ्न खोजेँ तर अर्थ फुरेन । उहाँकी आमालाई गुरुले केही सङ्केत गर्न खोज्नुभएको हो कि भनेर प्रश्न गरेँ । प्रसन्न भएको जानकारी मात्र प्राप्त भयो । यसपछि क्रमशः गुरुसँग नजिकिन पुगेँ ।

गुरु आदित्यकी ममतामयी आमाको डेलिभरी पनि उहाँकै निर्देशनमा ॐ अस्पतालमा गर्ने अवसर प्राप्त भयो । उहाँले अङ्ग्रेजी भाषामा मलाई मार्गदर्शन गरी लेख्नुभएको पत्र मेरो सङ्ग्रहमा रहेकै छ । मेरी जीवनसङ्गिनी सरलाको उपचार गर्न विदेश जाँदै गर्दा "सबै ठीक हुन्छ पीर नगर्नू" भन्ने आदेश पाएँ । उहाँले जे जे मार्गदर्शन गर्नुभयो, सुदूर भविष्य थाहा नपाउने हामीलाई मन्त्र भएको छ । हाम्रा धर्मग्रन्थहरूमा पुनर्जन्मका बारेमा निकै चर्चा पाइन्छन् । विष्णुका १० अवतार हुन् वा

दलाई लामाका पुनर्जन्म, जडभरतदेखि कामदेवसम्मका कथाले यसलाई प्रस्ट बनाएको छ । गीतामा पनि कृष्णले अर्जुनलाई "हामी धेरैपटक जन्मिसकेका छौँ तर तिमीलाई त्यो ज्ञान छैन" भनेर पूर्वजन्मको बारेमा बताएका थिए । अष्टावक्र र अभिमन्युले गर्भमै ज्ञान प्राप्त गरेका, भक्त ध्रुवले सानै उमेरमा विद्या पाएको प्रसङ्ग पुराणहरूमा वर्णन गरिएको छ ।

केही वर्षअगाडि धामगमन भएका सत्य साईबाबासँग पनि यस्ता रहस्यका कुराहरू जोडिएको देखिन्छ । गुरुबाट दीक्षित, कठोर तपस्याबाट परिपाक भएपछि उहाँहरूमा यो शक्ति आएको पाइन्छ । आदित्य गुरुमा योभन्दा फरक र अपत्यारिलो विषय रहेको छ । पूर्वजन्मको ज्ञान, संस्कार उद्बुद्ध भयो भने शरीरले सबल हुन, विश्वविद्यालयको ज्ञान हुन कुनै जरुरी हुँदैन । रामकृष्ण परमहंसको कुरा गरौँ वा अञ्जनीदेवको जीवनी हेरौँ, स्वर्गद्वारी महाप्रभुदेखि फाल्गुनन्दसम्म नियाल्दा यी विषयहरू आफै प्रस्ट हुन्छन् ।

महापुरुषहरूको जीवन सामान्य मानिसको जस्तो वा विज्ञानसम्मत हुनुपर्छ : संसारले बुझेको जस्तो हुनुपर्छ भन्ने जरुरत हुँदो रहेनछ । यही तथ्यलाई सजिलै बुझिन्छ, गुरु आदित्यबाट । कुनै शैक्षिक संस्थामा प्रवेशै नगरी अनेक भाषामा लेख्न सक्नु, हस्तरेखा र चिनाबिना नै भविष्यवाणी गर्न सक्नु यो कुनै जादु होइन । हाम्रो पौरस्त्य दर्शन, साधना र दैवीशक्तिलाई विश्वास गर्ने यही दरिलो प्रमाण हो ।

देशका लब्धप्रतिष्ठित् महानुभावहरू आफ्नाबारेमा जान्न आदित्य गुरुकहाँ पुग्नका लागि लामै लर्को लागेको पनि देखिन्छ । एक दिव्य आत्मालाई व्यक्तिगत हितमा भन्दा पनि राष्ट्रिय लाभमा खर्च गर्न पाए अझ धेरैलाई कल्याण हुने थियो जस्तो लाग्छ । पुट्टपर्ती, जेरुसेलम, मक्कामदिना, लुम्बिनी सबै महापुरुषका कारण चर्चाको शिखरमा छन् । महापुरुषको जन्मले ती स्थान सबैका लागि श्रद्धा र आस्थाको केन्द्र भएका छन् । यसैले यस्ता दिव्यपुरुषबाट हामीले धार्मिक, आर्थिक लाभ लिन सक्नुपर्छ ।

हामीले हाम्रो वैदिक सनातन ज्ञान र विज्ञानको महासागरमा टाउको भिजाएकै छैनौँ । हाम्रा ऋषिमुनिहरूको जीवन र खोजमा आँखा

दौडाउन आवश्यक छ । आदित्य गुरुमा रहेको आधुनिक विज्ञानलाई चुनौती दिन सक्ने, राष्ट्रलाई मार्गदर्शन गर्न सक्ने अद्वितीय क्षमता छ । महापुरुषलाई संसारसँग न लेना न देना । त्यसैले भनिन्छ, "एक्ला चलो एक्ला चलो ।" समय बितेपछि टाउकोमा हात लगाउनुभन्दा अहिले नै बुद्धिमत्तापूर्ण तरिकाले सोच्न आवश्यक छ । यो ज्ञानलाई हामीले फैलाउन सके देशको प्रतिष्ठा नै बढ्ने थियो । आदित्यको काम प्रकाश दिने हो, त्यसको सदुपयोग त हामीले गर्नुपर्छ ।

अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम् । परोपकार पुण्याय पापाय परपीडनम् ॥

अठार पुराणको सार विषय हो– अरूलाई पीडा दिनु पाप हो र परोपकार गर्नु पुण्य हो । गुरुको इच्छा हो लोकको कल्याण, मानवजातिको हित, वैदिक सनातन संस्कृतिको संरक्षण । त्यसैले उहाँले राज्यबाट प्राप्त एक करोड पनि व्यक्तिगत रूपमा प्रयोग गर्नुभएन । विश्वमा देखा परेका गुगल ब्वाइजसँग गुरु आदित्यलाई तुलना गर्नै मिल्दैन । उनीहरूले देखेका कुरालाई दिमागमा कैद गर्छन् र सोधेको बेलामा उत्तर दिन सक्छन् । गुरुले त कहिल्यै नदेखेका विषयलाई उजागर गर्नुहुन्छ । अहिले आश्रममा रहेको भौतिक संरचनाको डिजाइनर गुरु आफैँ हुनुहुन्छ । उहाँमा अन्तर्निहित ज्ञानलाई उपयोग गर्ने यो अत्यन्त राम्रो समय हो ।

मेरो सबै गुरुहरूप्रति श्रद्धा छ तर आदित्य गुरुभित्र रहेको जुन अलौकिक प्रतिभा र शक्ति हो, त्यो वास्तवमै अनौठो र आश्चर्यजनक विरासतको महार्णव छ । यसमा स्नान गर्ने र दर्शन गर्नेको भलो नै हुन्छ । हामीले गुरु छँदा नै राष्ट्रका लागि केही गरौँ । उहाँबाट व्यक्तिगत भविष्य थाहा पाएर एउटा गिलास भर्ने होइन, यहाँका हरेक ट्याङ्कीलाई पूर्ण गरौँ । यसमा भावी पिँढीले पौडी खेल्न पाउन् र हाम्रो धरा एवम् विज्ञानको चौतर्फी प्रकाश फैलियोस् ।

गुरुको अलौकिक प्रतिभा सधैँ चम्किलो भएर सबैलाई उज्यालो प्रदान गर्न सफल होस् । जय गुरु ।

ॐ आदि ।

आदित्य गुरु

✍ **युवराज घिमिरे,** वरिष्ठ पत्रकार

गुरु परिभाषामा सीमित गर्न कठिन पद हो । त्यसैले गुरु पदमा धेरैले धारण गरेका व्यक्तिबारे लेख्नु सहज विषय होइन । सामान्य बुझाइमा गुरु त्यो हो, जसको सान्निध्यले, स्मरणले या अनुकरणले व्यक्तिलाई प्रेरित गर्छ, सत्कर्म र सत्मार्गमा ।

गुरुबिना जगत् र सृष्टिको सान्दर्भिकता स्थापित हुनै सक्दैन । किनकि यसका व्याख्याता नै गुरु हुन् । ईश्वर प्राप्ति, मोक्ष या मुक्तिलाई धेरै ज्ञानीहरूले मानवजीवनको सर्वोच्च लक्ष्यका रूपमा प्रस्तुत गरे तापनि त्यो गुरुद्वारा निर्देशित मार्गदर्शनबाट मात्र सम्भव हुने गर्छ । यद्यपि यदाकदा कुनै घटना, व्यक्तिका आफ्नै असफलता, अनुभव र दृढ विश्वासले पनि 'गुरु' या मार्गनिर्देशनको काम गर्छन् ।

परापूर्व या प्राचीन कालमा जसरी गुरुहरू गुफा या गोप्य स्थानमा तपस्या र साधनारत रहँदैनन्, सधैं । समाजको विकृति, भौतिकताको प्रधानता, धर्मलाई उद्योग र मुनाफाका लागि टिभीलगायत सञ्चार माध्यमबाट प्रयोग भइरहेको वर्तमान अवस्थामा सद्गुरुहरूले समाजभित्रैबाट, परिवारभित्रैबाट, र राष्ट्रभित्रैबाट भूमिका खेल्नुपर्ने अवस्था पनि आएको छ ।

गुरुहरू पनि मातृऋण, पितृऋण, राष्ट्रऋण, समाजऋण, गुरुऋण आदिबाट मुक्त हुनुहुन्न र सद्गुरुले ती सबै तथ्यलाई स्वीकार गरी समय, काल र परिस्थितिअनुसार उपयुक्त र संस्कारयुक्त परिवार तथा परिवेशमा जन्म लिने गर्छन् भन्ने मान्यताको प्रमाणका रूपमा आदित्य गुरु देखा पर्नुभएको छ ।

जुन भाषामा प्रश्न सोधिए पनि त्यसैमा सान्दर्भिक र सटीक उत्तर दिन सक्नुलाई विलक्षण मानवीय क्षमता मात्र मान्न सकिन्थ्यो तरभाषिक तथा विषयगत ज्ञानका लागि कुनै स्कूल नगएका, कुनै पुस्तक नपढेका व्यक्तिमा देखा परेको यो क्षमतालाई के भन्ने ? के मान्ने ? या केही

मान्दै नमान्ने ? यस अर्थमा उहाँ 'दैवी शक्ति'मा विश्वास नगर्नेहरूका लागि खुला अध्ययनको पात्रसमेत बन्नुभएको छ । विज्ञान अविश्वास होइन, त्यसले प्रमाणद्वारा पुष्टि खोज्छ । अध्यात्म त्योभन्दा माथिको विषय हो । त्यसको जगमा अन्धविश्वास होइन, विज्ञानभन्दा माथिको चेतना तथा विवेकबाट निर्देशित आस्था हुन्छ, जसले जीवनलाई डोऱ्याउँछ ।

उहाँमा विलक्षण शक्ति देखा परेपछि उहाँ नजिक जानेहरूको भीड बढ्दो छ । त्यस्ता भीडमा फरक फरक प्रवृत्ति देखिएको छ । पहिला, उहाँलाई एउटा भविष्यवेत्ता र चमत्कारी व्यक्तिका रूपमा देखाउने, स्थापित गर्ने, अनि आफूलाई त्यो शक्तिसँग जोडेर स्थापित गर्ने । दोस्रो, भौतिक सम्पन्नता र तात्कालिक कष्ट निवारणको चाहना राख्नेहरू र तेस्रो, अध्यात्म विकास, निष्काम कर्म तथा गुरुभक्तिबाट प्रेरित समूह । कहिलेकाहीँ उहाँलाई सत्तामा आसीन व्यक्तिहरूको नजिक पुऱ्याउने विसङ्गति पनि देखिएको छ । त्यो प्रवृत्तिले गुरुपदको हैसियतलाई अवमूल्यन गर्ने गर्छ । नेपालको मौलिक परम्पराले ज्ञान र त्यसका वाहक गुरुहरूको आसनलाई सधैँ सत्ता र त्यसका प्रतिनिधि शासकहरूको आसनभन्दा माथि राखेको छ, स्वीकारेको छ ।

उहाँका गोप्य साधनाबारे सम्भवतः उहाँकै चाहनाअनुसार त्यति कुराहरू बाहिर आएका छैनन् । त्यो स्वाभाविक पनि हो । किनकि तपस्या, साधना र सिद्धि लोककल्याणकारी प्रयोजनका लागि हुन्छन् । त्यसको उचित प्रयोग, त्यसका माध्यम र उपयुक्त पात्रहरू अनि शैलीको निर्णय समय, काल, परिस्थिति तथा ठाउँअनुसार गुरुहरूले गर्ने गर्छन् ।

आदित्य गुरुमा देखिने अत्यन्त दुर्लभ तथा विलक्षण शक्ति हो, उहाँले आफ्ना वरिपरिका व्यक्तिहरूलाई नियाल्दा उहाँका दृष्टिबाट निःसृत हुने अलौकिक प्रकाश, जसले सम्बन्धित व्यक्तिको अन्तःकरणमा स्पर्श गर्छ । उहाँ मुस्कुराउनुहुन्छ र त्यसपछि बालसुलभतातिर फर्कनुहुन्छ ।

करिब दुई वर्षअघि मैले त्यसबेला सम्पादन गरेको एउटा दैनिक

पत्रिकाका लागि अन्तर्वार्ता लिन जाँदा उहाँले विस्तृत अन्तर्वार्ता दिन त मान्नुभएन । तर प्रकाशनका अध्यक्षकै उपस्थितिमा एक लाइन लेख्नुभयो, त्यसको सार थियो– "सञ्चार माध्यमले कसैको चरित्रहत्या र भ्रामक समाचार प्रवाह गर्नुहुँदैन ।" सानो पङ्क्ति तर त्योभन्दा कैयौँ गुणा ठूलो सन्देश थियो, त्यसमा ।

हालै एउटा सानो जमघटमा नेपालको राजनीतिका बारेको एउटा प्रश्नमा उहाँले लेख्नुभयो– "यहाँका राजनीतिज्ञहरू यति धूर्त छन् कि भगवान् पनि फुत्किन्छन्, उनीहरूसँग ।"

मुलुक अस्तव्यस्त रहँदा तथा शासकहरू जिम्मेवार नभएको आमधारणा व्याप्त हुँदा आम नागरिकमा मुलुकको भविष्य र नियति जान्ने चासो हुन्छ । उनीहरू विभिन्न माध्यम अपनाउँछन्, त्यसका लागि र आदित्य गुरूसँगको सोधपुछलाई पनि त्यही रूपमा हेरिनुपर्छ र उचित मार्गदर्शनबाट यदि हामीले आफ्नो क्षमता तथा गच्छेअनुसारको योगदान पुऱ्याउन सक्यौँ भने सायद मुलकबारे त्यति निराश हुनुपर्ने अवस्था पनि नआउला कि ?

हाम्रो विश्वास पद्धति अनौठो छ । गुरूलाई अत्यन्त उपल्लो या मार्गदर्शक आसनमा राख्ने गर्छौं । गुरु ज्ञान र सन्देशका प्रवाह उहाँका योग्य शिष्यहरूले गर्ने गर्छन् । गुरूलाई चिन्ने माध्यम पनि ती योग्य शिष्यहरू नै बन्ने गर्छन् । किनकि हाम्रो मान्यता र अभ्यासमा सद्‌गुरु या योग्य गुरूले शिष्य होइन, गुरु निर्माण गर्छन्, हामी आशा गरौँ यो महान् गुरु परम्पराले निरन्तरता पाउने छ ।

ॐ आदि ।

गुरुदेवसँगको पहिलो साक्षात्कार

✍ देवप्रकाश त्रिपाठी, सञ्चारकर्मी

"नेपालमा एक अन्तर्यामी बालक पैदा भए, जसले विद्यालयमा पाइलै हालेका छैनन् । उनी जिज्ञासुहरूको हरेक प्रश्नको जवाफ कुनै पनि भाषामा दिन सक्छन्" मैले पहिलोपटक यसरी सुनेको थिएँ, गुरु आदित्यलाई ।

दानवी प्रवृत्ति बढ्दै गएको यस्तो समयमा दैवी शक्ति प्राप्त कोही धरामा पैदा हुनु त्यसै पनि खुसीको घटना थियो । आफ्नै मुलुकमा भगवान्ले जन्म लिएको अनुभूति हुँदा म हर्षले औधी पुलकित भएको थिएँ । दर्शन गर्न जाने इच्छा थियो तर अनुकूलता मिलिरहेको थिएन ।

२०७३ साल असारतिरको कुरा हो, एकदिन नेता नारायणकाजी श्रेष्ठको टेलिफोन आयो । म आफ्नो कार्यालयमा बसिरहेको थिएँ । भन्नुभयो– "तपाई आदित्यलाई भेट्न इच्छुक हो भने मसँगै हिँड्नुहोस्, म त्यहाँ जान लागेको छु, तपाईंलाई पनि लिएर जान्छु ।"

मैले त्यसअघि उहाँसँग एकदुईपटक भेट हुँदा भगवान् आदित्यको बारेमा कुरा गरेको र आफ्नो भेट गर्ने इच्छा भएर पनि अवसर नआएको बताएको थिएँ । नारायणकाजी श्रेष्ठले मेरो व्यग्रता बुझ्नुभएकाले हुनुपर्छ आफू जान लागेको समय पारेर उहाँले मलाई सम्झनुभएको रहेछ । गोरखापत्रका महाप्रबन्धक सुशील कोइरालाले साउन ७ गतेपछि मात्र समय मिल्ने खबर गर्नुभएको भए पनि मैले आदरणीय नारायणकाजी श्रेष्ठलाई यो जानकारी गराइनँ र भनैं, "म जान्छु ।"

केही बेरपछि नै उहाँ मलाई रिसिभ गर्न बबरमहल आइपुग्नुभयो । गाडी गौरीघाटतर्फ लागेपछि नारायणकाजी श्रेष्ठले आदित्यका पितालाई एउटा सन्देश पठाउनुभयो, सन्देशमा मेरो नाम लेखिएन । "मसँगै मेरा एकजना साथी पनि आउँदै हुनुहुन्छ" भन्ने व्यहोरा सन्देशमा लेखिएको

थियो । गौरीघाटस्थित भगवान् आदित्यको निवास 'ॐ आदिकुञ्ज' पुग्दा भगवान् आफ्नी माताजीको काखमा हुनुहुन्थ्यो । नारायणकाजी श्रेष्ठले नमस्कार गर्नुभयो, अद्वितीय मुस्कानसहित उहाँले हामीलाई स्वागत गर्नुभयो ।

मैले बोकिएका आदित्यको गोडामा ढोगेँ, ढोग्नुअघि मलाई यसरी हेर्नुभयो कि उहाँका आँखाले मेरो 'एक्सरे' गरेको अनुभूति मलाई भयो । उहाँको आँखामा मैले यस्तो शक्ति भएको महसुस गरेँ, जुन सामान्य मानिसका आँखामा भेटिन असम्भव छ । उहाँको दिव्य मुस्कानले दिने आनन्द सायदै संसारमा भेटिन्छ । मैले आदित्यको दर्शन पाउँदा उहाँका नयन र मुस्कानभित्र जुन प्रकारको दिव्यताको महसुस गरेँ, त्यस्तै महसुस उहाँको दर्शन गर्न जाने हरेकले गरेको हुनुपर्छ ।

आदित्य आफ्नी आमाको काखमा बसेर बैठक कक्षमा उपस्थित सबैतिर नयन डुलाउनुहुन्थ्यो । कसैको अनुहारमा एकैछिन रोकिएर मुस्कान दिनुहुन्थ्यो । हामी विभिन्न विषयमा गफियौँ । आधा घण्टाभन्दा बढी समय बिताइसकेपछि हामीले त्यहाँबाट बिदा हुन खोज्यौँ । बैठक कक्षबाट बाहिरिनुअघि नारायणकाजी श्रेष्ठले उभिएर सोध्नुभयो– "गुरु मेरो साथीलाई केही सन्देश छ कि ?"

नेता श्रेष्ठको प्रश्न सुनेर आदित्यले एकपटक फेरि दिव्य मुस्कान दिनुभयो र आफ्नी आमाको मुहारतिर आँखा लगाउनुभयो । केही इसारा गरेझैँ गर्नुभएपछि माताजीले एउटा कलम आदित्यको हातमा राखिदिनुभयो र आफूले पाना खोलेर डायरी समाउनुभयो । आदित्यले डायरीमा लेख्नुभयो, "त्रिपाठीजी, साउन ७ गतेपछि ल, अहिले म धार्मिक कार्यमा व्यस्त छु ।" म स्तब्ध भएँ । त्यहाँ मेरो नामथर कसैले उच्चारण गरेको थिएन र गुरुको कानमा मेरो नाम नपरोस् भन्नेमा त्यहाँ उपस्थित हामी सबै सचेत थियौँ । तर उहाँले मलाई सम्बोधन गरेर नै सन्देश दिनुभयो ।

त्यसपछि समय समयमा मैले उहाँको दर्शन पाउने गरेको छु । उहाँले आफूलाई कसैले भगवान् भनेको रुचाउनुहुन्न भन्ने मैले ॐ

आदिकुञ्जमा पुगेपछि नै थाहा पाएको हुँ । उहाँलाई 'गुरु' सम्बोधन मन पर्छ भन्ने मलाई थाहा छ, तथापि म भगवान् भनेर सम्बोधन गर्न मन पराउँछु । विभिन्न पावन अवसरहरूमा उहाँबाट प्राप्त हुने हरेक सन्देश अकाट्य र दिव्य छन् । उहाँबाट भएका अद्भुत व्यवहारहरूको चर्चा म यहाँ गर्न चाहन्नँ, भौतिकवाद र विज्ञानमा बाहेक ईश्वरीय शक्तिमा किञ्चित् विश्वास नगर्नेहरूले आदिकुञ्जमै पुगेर वास्तविकता महसुस गरून् भन्ने म चाहन्छु । गुरु आदित्यसँगको साक्षात्कारपछि मैले आफ्नो जीवनमा साक्षात् भगवान्को दर्शन पाएको महसुस गरेको छु । जय गुरुदेव ।

ॐ आदि ।

मैले चिनेका आदित्य गुरु

✍ एलपी भानु शर्मा, शिक्षाविद्

ज्ञान दुईओटा स्रोतहरूबाट जन्मन्छ– बाह्य जगत्बाट सिकेको र आफूभित्र सहज जन्मिएको । बाहिरको जगत्को ज्ञान लिन सङ्घर्ष गर्नुपर्छ, लामो अध्ययनको प्रक्रिया पूरा गर्नुपर्छ र धेरै समय लाग्छ । तर आफूभित्रको ज्ञान अर्कै आत्मिक लोकबाट आउँछ, त्यसका लागि व्यक्ति अन्तर्ध्यान हुनुपर्छ र यो आध्यात्मिक सिद्धिको परिणाम हो ।

आदित्य गुरुको यो अत्यन्तै सानो उमेरमै जीवन-जगत्को ज्ञान, अध्यात्मका गहिरा सूत्रहरूको सहज उद्‌बोधन र प्रयोग तथा दिव्य आभा उहाँको आत्मस्थ अवस्थाको द्योतक हो । उहाँ कुनै सामान्य 'गुगल ब्वाय' होइन । प्रतिभा झल्किने ज्ञान कुनै सांसारिक विद्यालय या इन्टरनेटबाट उहाँले सिकेको होइन । मेरो दृष्टिमा उहाँको ज्ञान जागतिक ध्यानबाट आउँछ । त्यसैले त्यो सनातन छ । सत्य छ र परम कल्याणकारी छ ।

आदित्य गुरुजस्ता व्यक्तित्वलाई चिन्न र उहाँको जीवनबाट पाठ सिक्न आफूभित्र रहेको ध्यानको क्षमतालाई पहिले चिन्न सक्नुपर्छ । स्वयम्को पहिचानबाट मात्र उहाँको गरिमा र महिमालाई चिन्न र त्यससँग एकाकार हुन सकिन्छ । उहाँसँग गएर आफनो समस्याको समाधान र आफ्नो भविष्यबारे सोध्ने होइन । यस्ता सामान्य प्रश्नको उत्तर त कुनै सामान्य ज्योतिषीले पनि दिन सक्छन् । यस्ता समस्याको समाधान त धनले या पदले पनि गर्न सक्छ । आदित्य गुरुकहाँ त प्रेम, ध्यान, भक्ति एवम् आध्यात्मिक ज्ञानका लागि जानुपर्छ ।

आदित्य गुरुको ध्यान, ज्ञान र दिव्यताबाट हामी सबैले लाभ लिन सकौं, सबैमा शुभकामना !

ॐ आदि ।

बालगुरुको आनन्ददायी सान्निध्य

✍ विजय कुमार पाण्डे, लेखक र पत्रकार

आदित्य बाल गुरूजीसँग पहिलो भेटको मौका २०७३ सालको शिवरात्रिका दिन मिल्यो । स्वामी अरूणका सौजन्यबाट परिचय भयो । त्यसपछि पनि दुईचारपटक भेटको मौका मिल्यो । प्रत्येक भेटमा मलाई अलौकिक आध्यात्मिक आनन्द महसुस भयो ।

आफ्नो शारीरिक अवस्थाको सीमितताका बाबजुद बालगुंरु आदित्यले धेरै मानिसको जीवनलाई मार्गदर्शन गरिरहनुभएको थाहा पाएर मलाई पनि धेरै खुसी लाग्यो । मेरो व्यक्तिगत रूचि तात्कालिक क्षणिक चमत्कारभन्दा अध्यात्मको गहिरो अनन्त सागरमा धेरै छ । आदित्य गुरूजीको विचार र दर्शनसम्बन्धी ग्रन्थ प्रकाशनमा आउन थालेको थाहा पाएर मलाई धेरै खुसी लागेको छ । म जस्ता धेरै साधकलाई त्यसले आफ्नो आध्यात्मिक यात्रामा सहयोग गर्नेछ भन्ने मलाई पूरा विश्वास छ । म यो ग्रन्थको सफल प्रकाशनको कामना गर्दछु ।

ॐ आदि ।

मेरा प्रिय बाल ब्रह्मज्ञानी गुरु

✍ डा. रीता सिंह, बालरोग विशेषज्ञ

मेरा प्रिय आदरणीय बाल ब्रह्मज्ञानी गुरु आदित्यदेवसँग मेरो सम्बन्ध हुन गएकोमा म ज्यादै हर्षित छु । यसमा म आफूलाई भाग्यमानी ठान्दछु । गुरु आदित्यदेवसँगको मेरो प्रथम भेट करिब पाँच वर्ष पहिले ॐ अस्पतालमा उहाँ एक बिरामी बालकका रूपमा पाल्नुभएको बेलामा भएको थियो । त्यस घडीमा मलाई उहाँ सामान्य बालक जस्तो मात्र लागेको थियो । त्यस बेलादेखि बेलाबखतमा उहाँको सान्निध्यमा रहने सौभाग्य मिलेको छ ।

जब म उहाँलाई देख्दछु, मलाई उहाँ एक अबोध बालक, निकै लजालु र हँसिलो स्वभावको देख्दछु । तर वास्तविकतामा उहाँ निकै ठूलो महात्मा ज्ञानी हुनुहुन्छ । उहाँका वाणी, उपदेशहरू पढ्दा मलाई आफू निकै अबुझ, अज्ञानी भएको अनुभूति हुन्छ । उहाँ अन्य बालक जस्तै बेलाबखतमा हठ पनि गर्नुहुन्छ र अबोध बालकझैं देखिनुहुन्छ । उहाँमा मलाई जानकारी भएका मात्र पनि अनेकौं अकल्पनीय अद्भुत खुबी छन्, जुन एक विद्यालय नै भर्ना नभएको बालकमा हुनै सक्दैन ।

उहाँसँगको परिचयले मलाई यस्तो अकल्पनीय क्षमता र शक्ति पनि हुन्छ भन्ने कुरामा विश्वास गर्न बाध्य गरायो । प्रत्यक्ष रूपमा उहाँसँग मेरो सम्पर्क नहुँदो हो त मैले यस्ता कुरामा विश्वास गर्ने कुनै आधार हुँदैनथ्यो होला । उहाँले विज्ञानलाई चुनौती दिनुभएको छ । उहाँका वाणी, क्रियाकलापहरू र अकल्पनीय क्षमता देख्दा र सुन्दा म अचम्मित हुन्छु । उहाँको त्यो शिथिल शरीरभित्र एक ब्रह्मज्ञानी विद्वान् परमात्मा विराजमान हुनुहुन्छ, जुन कुरा गुरुका लेखहरूबाट पनि पुष्टि हुन्छ ।

बालगुरुको मार्गनिर्देशनअनुरूप सबैले उहाँका वाणीहरूलाई ग्रहण गर्न सकेमा यो संसार निकै सुन्दर हुन सक्ने अनुभूति मलाई हुन्छ । आशा गर्दछु, एकदिन उहाँको त्यो रहस्यमय व्यक्तित्वको प्रकाश

हुनेछ र यो संसारमा विज्ञानलाई चुनौती दिने जीवन पद्धतिको एक अध्यायको प्रारम्भ हुनेछ ।

परमपूज्य बालगुरु आदित्यदेवको मार्गनिर्देशन एवम् सदिच्छास्वरूप 'कलियुगको आदित्य ज्योतिपथ' नामक पुस्तकको पूर्ण सफलताको कामना गर्दै गुरुदेवमा मेरो धेरै धेरै नमन ।

ॐ आदि ।

सर्वज्ञ गुरु आदित्य

✍ **नरेन्द्रबहादुर श्रेष्ठ, साहित्यकार**

बालगुरु आदित्यका अद्भुत शक्ति र विलक्षण प्रतिभाको विषयमा विभिन्न सञ्चारमाध्यमबाट सुनेको थिएँ । सम्पर्कसूत्रको अभावमा भेट्ने मौका मिलेको थिएन । २०७० जेठ ५ गते सुरु भएको वाग्मती सफाइ महाअभियानका साथीहरूका माध्यमबाट पहिलोपटक बालगुरुको दर्शन र प्रत्यक्ष अनुभव गर्ने ठूलो अभिलाषा पूरा भयो ।

अवसर थियो, पहिलो भेट हुने दिनको । बैठक कक्षमा बालगुरुको प्रवेश हुनासाथ सबैले एक एक गरेर चरण स्पर्श गर्‍यौँ । हाम्रो चर्मचक्षुले चलफिर गर्न नसक्ने एउटा अबोध बालक देख्यो । सबैको अनुहारमा एक किसिमको कौतूहल थियो । गुरुमाताको न्यानो काखमा बस्नुभएका बालगुरुले सबैको अनुहार एकपटक क्रमैसँग हेर्नुभयो । बालगुरुका दृष्टि मेरो अनुहारमा पर्नासाथ पूर्वपरिचितझैँ मुसुक्क हाँस्नुभयो । म यति भावुक भएँ कि मेरा आँखाबाट आँसु तप्किए । भित्रभित्रै म उहाँप्रति नतमस्तक भएँ । समर्पणको भाव जागिसकेको थियो । ऋषिमुनिहरूको जन्म र कर्मथलो यो हिमवत्खण्ड जहाँ वेद, उपनिषद्, पुराणहरू र बौद्धदर्शन विरचित भए । नेपाल मानव कल्याणका लागि उच्च आत्माहरूले जन्म लिएको पावन भूमि हो । वास्तवमा बालगुरु एक अद्भुत, अलौकिक र दैवी गुणहरूले परिपूर्ण हुनुहुन्छ भन्ने विश्वास मनमा उठिसकेको थियो ।

आदित्य संरक्षण प्रतिष्ठानको बैठकबाट मन्दिर बनाउने सम्बन्धमा परामर्शदाताका रूपमा मेरो नाम चयन भएको रहेछ । बालगुरुज्यूबाट "नरेन्द्र श्रेष्ठ जस्ता मान्छे चाहिन्छ, उहाँको टिमलाई स्वागत छ" भनेर लेख्नुभएको रहेछ । सो खबरले औधी खुसी लाग्यो र अचम्म पनि । सपना हो कि विपना छुट्याउनै गाह्रो भयो । म कुनै प्राविधिक व्यक्ति होइन । मात्र साहित्यकार र कलाकारसँग सङ्गत गरेको मान्छे हुँ । मलाई यस्तो जिम्मेवारी ? मेरो जीवनमा एउटा सङ्घर्षको कथा

छ । मेरो जीवनभरमा आजसम्म कसैले पनि डोऱ्याउने, हात समाएर सिकाउने, बाटो देखाउने गुरु भेटेको थिइनँ । जानी-नजानी हिम्मत र हठी स्वभावका कारण हठयोग गरेको मान्छे । मेरो सफलताको श्रेयका पछाडि कुनै शक्तिको आशीर्वाद छ भन्ठानेको मान्छे । अहिले आएर त्यो शक्ति यही रहेछ भन्ने आभास हुन थालेको छ ।

बालगुरुबाट गौरीघाटस्थित आदिकुञ्ज परिसरमा त्रिगजुर शिवालय बनाउने परिकल्पनानुसार मन्दिरको डिजाइन स्वयम्ले कोर्नुभएको रहेछ । जुन मन्दिरको डिजाइन बालगुरुले कोर्नुभएको छ, त्यो विश्वमै नौलो मन्दिर हुनेमा दुई मत छैन । मैले तत्कालै सम्झिएँ, मेरा काकाको छोरा भाइ आर्किटेक्ट ज्ञानेन्द्र श्रेष्ठ र कलाकार मित्र नवीन शाक्यलाई । बालगुरुबाट कोर्नुभएको मन्दिरको डिजाइन सम्बन्धमा कयौँपटक छलफल गऱ्यौँ । मन्दिरको लम्बाइचौडाइ इन्चीइन्ची लेखेर दिनुहुन्थ्यो । मिलेको नमिलेकोबारे निर्देशन दिनुहुन्थ्यो । प्रत्येक भेटपछि हामी आश्चर्यचकित हुन्थ्यौँ । गुरु आज्ञा अक्षरशः पालन गर्दै, सश्रद्धा आज्ञा शिरोपर गर्दै कार्यसम्पन्न गर्ने लक्ष्यतर्फ अघि बढेका छौँ ।

बालगुरुको निर्देशनबाट हामीले धेरै अनुभव हासिल गऱ्यौँ । बालगुरुको सान्निध्यमा काम गर्ने मौका प्राप्त गर्न पाएकोमा जीवन सार्थक भएको महसुस हुन्छ । बालब्रह्मज्ञानी गुरुदेव त्रिकालदर्शी र साक्षात् शिवशक्तिका रूपमा यस पावन भूमिमा अवतरण हुनुभएको भन्ने मलाई पूर्ण विश्वास छ । आफूलाई प्रभुको सान्निध्यमा सेवा गर्ने मौका प्राप्त भएकोमा ब्रह्माण्डनायक बालगुरुप्रति सतत नमन एवम् वन्दना ।

ॐ आदि ।

बालगुरुको दर्शन पाएको पहिलो दिन

✍ डा. ज्योति राना, चिकित्सक

ॐ आदि,

विगत लामो समयदेखि म चिकित्सा क्षेत्रलाई निरन्तरता दिँदै आएकी छु । नास्तिक होइन तर धर्मभन्दा कर्ममा विश्वास गर्ने मान्छे हुँ । हजुरको दर्शन पाएपछि थाहा भयो कि धर्म र कर्म परिपूरक रहेछन् ।

Science doesn't believe in spiritual or divine powers. However, I guess, we should believe in some amount of spiritual and divine power as well. It is very amazing that Balguru obtained that kind of power at such an early age. However, some people are deviated and hence question the existence and supremacy of this power by asking unnecessary questions.

बालगुरूलाई भेटिसकेपछि मेरो अनुभूति, मभित्र आएको आत्मविश्वास, शक्तिको अनुभूति र पछिल्ला दिनमा मेरो जीवनमा आएको परिवर्तनले म आफूलाई फरक अनुभव गरेकी छु । जो व्यक्ति भित्री आत्माबाट असल छ, उसलाई मात्र गुरुदेवको दर्शन गर्ने अवसर प्राप्त हुन्छ । अवसर मिलाइदिने मेरा साथी उद्धव केसीलाई जति धन्यवाद दिए पनि कमै हुन्छ । आदित्य गुरुदेवका महावाणीहरू उहाँमार्फत पढ्ने र बुझ्ने मौका पाएपछि म अझै हजुरसँग नजिक भएँ ।

हजुरको दर्शन पाएको पहिलो दिन, मेरो काखमा राखेर भोजन गराउँदा खुसीले मुस्कुराएर हजुरले मलाई हेरेको त्यो दिन मेरो जीवनको सबैभन्दा अविस्मरणीय दिन हो । भौतिक रूपले टाढा रहे पनि मेरो मनमस्तिष्कमा हजुरको माया र सम्झना सधैं सजीव छ ।

हजुरको आशीर्वादको अपेक्षा गर्दछु ।
छ ईश्वरको अनुकम्पा उहाँमा
स्वयम् ईश्वरको अवतार यस जहाँमा
अलौकिक शक्तिको भण्डार हुन्
आदित्य गुरु यस भौतिक संसारमा ।

श्रद्धा भक्ति समपर्ण गरौँ गुरु चरणमा
तब जीवन सरल बन्छ यस संसारमा
यो जीवन दुःखको सागर भए पनि
तर्न सकिन्छ भवसागर आदित्यज्यूको साथमा ।

हामी सबै निमित्त हौँ यस संसारमा
मृत्यु निश्चित छ जन्मपछि यस जगमा
आत्मज्ञान भएमा अमरता प्राप्त हुन्छ
सत्सङ्गत गरौँ आदित्य गुरुमा ।

ॐ आदि ।

कलियुगका ज्योति परम पूज्य आदित्यदेव

✍ **राजेन्द्र राउत**, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ, प्रदेश १

श्रद्धेय बालगुरु आदित्यदेवका बारेमा मैले पत्रपत्रिका र अन्य सञ्चारमाध्यमहरूबाट जान्ने र बुझ्ने मौका पाएको थिएँ । उहाँको मावली घर मोरङ जाने क्रममा विराटनगर आउनुभएको बेला प्रमुख जिल्ला अधिकारीको निवासमा आउनुभएकाले त्यहीबेला मैले दर्शनभेट गर्ने अवसर पाएको थिएँ ।

मलाई सम्झना छ, त्यसबखत प्रमुख जिल्ला अधिकारीको आवास नजिकैका रूखहरूमा चमेराको बास देखेर गुरु अत्यन्तै प्रफुल्लित हुनुभएको थियो । त्यसबखत उहाँले सबै प्राणीका लागि वातावरण स्वच्छ र सन्तुलित राख्नुपर्ने सन्देश लेखिदिनुभएको थियो । त्यस्तो सन्देश सामान्य मानिसले दिन सक्दैन । लेखेर दिएको त्यो सन्देशबाट म अत्यन्तै प्रभावित भएँ । मलाई लाग्यो, यस्तो अद्‌भुत ज्ञान बाल उमेरमै हुनु सामान्य कुरा होइन ।

मोरङबाट फर्किने बेलामा उहाँलाई विमानस्थलसम्म पुऱ्याउने अवसर पनि मैले पाएँ । त्यहीबेला बालगुरु र उहाँका मातापितालाई मैले मेरो घर लिएर गएँ । उहाँ अत्यन्त प्रसन्न मुद्रामा हुनुहुन्थ्यो । उहाँले मेरा लागि "व्यापार व्यवसाय राम्रो छ, प्रगतिका सिँढी उक्लँदै जानू । शुभकामना छ ।" लेख्नुभएको थियो । जब कि उहाँलाई मेरो बारेमा कुनै जानकारी नै थिएन । म जागिरे हुँ कि व्यापारी भन्ने थाहै नपाएको हुनुपर्छ भन्ने मलाई लागेको थियो । त्यसरी मेरो व्यवसायलाई नै सम्बोधन गरेर सन्देश पाउनु मेरा लागि अर्को आश्चर्यको कुरो थियो ।

गुरुको त्यो सन्देश मैले अत्यन्तै जतनसाथ राखेको छु । त्यसबाट मलाई अत्यन्त ठूलो प्रेरणा मिलेको छ । मेहनत र इमान्दारितामा

विश्वास गर्ने मेरा लागि त्यो अभिव्यक्ति सधैंका लागि मार्गदर्शन हुनेछ । राजधानीमा गुरूको निवासमै साधना गर्ने भवन र मन्दिर बन्ने भएछ । सो कामका लागि समिति निर्माण गर्दा समितिमा मलाई पनि राख्ने निर्देशन बालगुरूबाटै भएछ । समितिमा राख्नुअघि स्वीकृति लिएर मात्र राख्नू भन्ने मार्गदर्शन भएको मैले जानकारी पाएँ । सो कुराको जानकारी पाउँदा मलाई धेरै नै खुसी लाग्यो । समितिको बैठकमा सहभागी हुने अवसर मिलेर म राजधानी गएको थिएँ । आदित्य गुरूकै अध्यक्षतामा भएको बैठकमा सहभागी हुने सौभाग्य मलाई मिल्यो । बैठकमा उहाँले दिएको निर्देशनबाट म झनै प्रभावित भएँ ।

बैठकलाई निर्देशन दिंदै प्रतिष्ठान र भवन निर्माण समितिबाट एक एकजना रहने गरी बैङ्कमा संयुक्त खाता खोल्नू, सबै काम पारदर्शी ढङ्गले गर्नू आदि निर्देशनहरू पढ्दा यस्तो दूरदर्शिता र परिपक्वता ठूला ठूला कर्पोरेट हाउसका अध्यक्ष तथा डाइरेक्टरहरूमा पनि हुँदैन भन्ने मलाई लाग्यो । त्यस्तै इन्जिनियरहरूबाट तयार पारिएको मन्दिरको डिजाइनमा पनि कहाँ के सुधार गर्न आवश्यक छ भन्ने आदित्य गुरूबाट निर्देशन भएको कुराले म चकित भएँ । उहाँमा त्यस किसिमको अद्‌भुत ईश्वरीय शक्ति र ज्ञान कसरी प्राप्त भएको होला भन्ने मलाई लाग्यो । मैले साक्षात् भगवान्कै दर्शन गर्ने अवसर मिल्यो भन्ने ठानेको छु ।

ॐ आदि ।

His Mesmerizing Smiles Took all My Worry and Stress away

✍ **Kalpana Prasai Singh**, California, USA

I feel so much blessed and honoured to be a part of Om Adi Foundation. I lack words to explain or justify his intelligence and power. All confusions of my life have begun to diminish after I met Balguru. I strongly believe that there is a deep connection between us, which is a mystery for others. When I first saw him, his mesmerizing smile took away all my worry and stress. I started understanding the purpose of life. There are chapters that we need to unfold and understand why we are here on this earth.

I got the opportunity to be with Balguru during his treatment at Stanford Medical Hospital, California. The doctors were astonished by his intelligence but they couldn't explain his intellectual capacity scientifically. I strongly believe that his visit to California was a part of his mission.

He was connecting the puzzle of mystery while I was worried about his health condition. However he wrote, "I am happy with my physical condition and you also try to be happy."

He had his own plans and he consoled us, showing us the way to make our life more meaningful. He revealed to us the purpose of his birth. I am amazed with his supernatural power. He would write things I won't even understand. This is a big mystery.

He does not show his pain but I can feel the discomfort and

it is heartbreaking to see him go through such pain.

During his stay in Monterey with us, he surprised us with his wisdom and stories of the places we visited. Even in the present time of 21st century, Guru Aditya's life has come to be a mystery, yet to be unfolded scientifically.

Wisdom, belief, perseverance, empathy and compassion are vital to understand his life. He is an angelic child with divine power. I highly admire and respect his intelligence and divine power.

With much love, respect and best wishes!!

Om Adi !

जहाँबाट जिन्दगीको नयाँ मोड सुरु भयो

✍ अमित श्रेष्ठ., उद्योगी

गुरुको यो किताब 'कलियुगको आदित्य ज्योतिपथ' यस समाज र संसारमा परिवर्तनका लागि एउटा बाटो हुन सक्छ । यस्तो गरिमामय किताबमा म जस्तो एउटा साधारण व्यक्तिले आफ्नो अनुभव लेख्न पाउँदा निकै हर्षित छु । यो मलाई गुरुले दिनुभएको आशीर्वाद हो ।

एउटा साधारण व्यक्ति जसले कहिल्यै सुविचार, अध्यात्म, आत्मा, परमात्मा, योगसाधना भन्ने शब्दहरू सुनेको छैन । यस्ता कार्यहरू काम नभएको मनुष्यले मात्रै गर्छन् होला भन्ने सोच्थ्यो, त्यही व्यक्ति म आज योगी, परमात्मा, सत्सङ्गको अर्थ थोरै भए पनि बुझ्न थालेको छु । मेरो यो सानो बुझाइ मात्रले महान् योगात्मा श्री आदिको चरणमा आफूलाई समर्पित गर्ने चेष्टा गर्दै छु ।

एउटा साधारण परिवारमा जन्मिएँ । सधैं भौतिक सुखका लागि दौडिँदै हिँडेँ र जीवनको छोटो समयमा सम्पूर्ण त्यो वैभव जुटाएँ जो कुनै पनि व्यक्तिको सपना हुन्छ । सानै उमेरमा यी सबै कुरा प्राप्त गरिरहँदा आफूलाई आफैँले सधैं प्रश्न सोध्न मन लाग्थ्यो, अब अगाडि के र कसले सन्तुष्टि प्रदान गर्छ त ? सोही प्रश्नको इसारा र बाटो पहिल्याउँदै जाँदा एउटा समय आयो, जहाँबाट जिन्दगीको एउटा मोड सुरु भयो । जुन दिन आदित्य गुरुदेवसँग मेरो भेट भयो, त्यस दिनपछि आफूमा एउटा ऊर्जा थपिए जस्तो महसुस भयो ।

ॐ आदि ।

मेरो अन्तस्करणभित्रका देवदूत आदित्य

✍ लक्ष्मीप्रसाद प्रसाई

गुरु आदित्यलाई महाज्ञान प्राप्त भएको २७ औँ दिनपछि उहाँसँग भेट्ने सौभाग्य मलाई प्राप्त भयो । त्यसअघि उहाँप्रति ज्ञान, ध्यान, साधना र गुरुप्रति अनगिन्ती संशय एवम् जिज्ञासाका खात थिए मभित्र । यसै क्रममा तेस्रो भेटसम्ममा आफ्नो मनमस्तिष्कभित्र गाँठो परेको जिज्ञासाको पोको खोलिसकेको थिएँ र गुरुबाट त्यसको समाधान भइसकेको थियो ।

गुरु ज्ञानको पर्खाइमा मेरो मनमस्तिष्क औधी बेचैन थियो । पहिलो भेटको करिब एक महिनापछि मलाई गुरु आदित्यबाट संस्कृत भाषाद्वारा मन्त्रज्ञान प्रदान भयो । यसबाट मेरो खुसीको सीमा रहेन । मैले आफूलाई भाग्यमानी ठानेँ । तेस्रो भेटमै गुरुद्वारा मलाई 'ठूलो बुवा' र पत्नी अनितालाई 'अनु माँ', छोरी प्रशान्ति र निलियमलाई 'दिदी' एवम् छोरा प्रअनिललाई 'दादा' भनी स्नेहपूर्वक सम्बोधन गर्दा हाम्रा आँखा रसाएका थिए ।

बिस्तारै गुरुको उद्देश्यअनुरूपका केही जिम्मेवारी मलाई प्राप्त हुन थाले । ती जिम्मेवारी मैले पूरा गर्ने कोसिस गर्दै गएँ । सुरु सुरुमा भेटघाट कम हुन्थ्यो । आफ्ना व्यक्तिगत समस्या समाधानको खोजीमा धेरै जिज्ञासु र आगन्तुक आउने गर्थे । गुरुले सबै समस्याको समाधान र उत्तर दिनुहुन्थ्यो । तर, ज्ञानको सागर भएका ब्रह्मज्ञानीलाई कुनै ज्योतिषीलाई झैँ व्यक्तिका निजी भविष्य बताउन सीमित राखिएको देख्दा मलाई असह्य पीडा हुन थाल्यो ।

सद्‌गुरुको महाज्ञान र अद्वितीय क्षमतालाई व्यक्तिका निजी कुराहरूमा मात्रै प्रयोग गर्नुहुन्न, जगत् कल्याणमा लगाउनुपर्छ भनेर आफ्नो अभिमत गुरुदेवसमक्ष प्रस्तुत गरेँ । उहाँले आफूभित्र भएको

अलौकिक महाज्ञानलाई संस्थागत गर्न स्वीकृति प्रदान गर्दै आदित्य संरक्षण प्रतिष्ठान र आफ्नो ज्ञानको दुरुपयोग हुन नदिनसमेत सचेत गराउनुभयो । त्यसपछिका दिनमा म निरन्तर गुरुको सान्निध्यमा रहेँ । उहाँका कठिन, ध्यान, साधना, प्रयोग, अलौकिकता र दिव्यताको प्रत्यक्षदर्शी बनिरहेँ । सपनाझैँ अपत्यारिला लाग्ने तर सत्य घटनाको साक्षी बनिरहेँ ।

देशका विशिष्ट व्यक्तित्वहरूले अलौकिक ब्रह्मज्ञानी बालकबाट जिम्मेवारी र ओहदाअनुरूपका अनमोल सुझाव, आज्ञा एवम् आशीर्वाद प्राप्त गर्दा आफूलाई धन्य ठान्दै उहाँबाट प्राप्त अमृत वाणीहरू प्रेरणादायी र मार्गदर्शक हुने कुरामा विश्वास राख्नु स्वाभाविक थियो ।

गुरुदेवबाट पूजा-अनुष्ठान, भ्रमण, भेटघाट, कार्यक्रम, पुस्तक प्रकाशन, मन्दिर, साधना हल निर्माणलगायत महत्वपूर्ण कार्यमा मलाई जिम्मेवारी प्राप्त हुन थाले । उहाँबाट मभित्रको सीमित ज्ञान एवम् क्षमतालाई यी कार्यमा लगाउने प्रेरणा प्राप्त भयो । उहाँको परिकल्पना, मार्गनिर्देशन, सहयोग, सद्भाव, आशीर्वाद तथा विश्वाससहितको सदिच्छाबाट मलाई यी जिम्मेवारी पूरा गर्न कुनै किसिमको कठिनाइ, बोझ र थकान महसुस भएन ।

अलौकिक महापुरुष, सर्वज्ञानी गुरु आदित्यको मार्गनिर्देशन एवम् सानिध्यमा रही कार्यहरू सम्पन्न गर्न पाउँदा मेरा पूर्वजन्ममा, यस जन्ममा जानी-नजानी भए-गरेका पाप मबाट पखालिएको अनूभति गरेको छु । गुरुदेवका सबै उद्देश्य पूरा गर्न सके मेरो जन्म र जीवनले सार्थकता पाउने थियो । सिफलस्थित घर गुरु आदित्यका लागि पीडा, तनावमुक्त हुने आश्रमका रूपमा छ । उहाँले अधिकांश समय व्यतीत गर्ने, ध्यानसाधना तथा सत्सङ्ग गर्ने, महत्वपूर्ण भेटघाट र महावाणीहरू लेख्ने गर्नुभएकाले यो घरसमेत पवित्र बनेको छ ।

गुरु आदित्यबाट मलाई २०७३ चैत्रमा सिफलस्थित घरमा नवरात्रि अनुष्ठान आयोजना गर्न आज्ञा भयो । अनुष्ठानलाई चाहिने सम्पूर्ण विधि, मन्त्र तथा सामग्रीहरूको प्रबन्ध मिलाउन उहाँद्वारा आवश्यक निर्देशन भए । नवमीका दिन आरतीको समयमा गुरुको

आँखाबाट आफ्नो दिव्य ज्योतिस्वरूपको दर्शन प्राप्त भयो अनि उहाँले आफ्नो गलामा लगाउनुभएको लकेट मलाई आशीर्वादका रूपमा लगाइदिनुभयो । त्यसपछि "तिम्रो र मेरो नाता जन्मौं जन्मको छ" भनेर लेखिदिनुभयो । यो क्षणले मलाई जीवनकै अद्वितीय खुसी एवम् आनन्द दिलायो, जसलाई म शब्दमा व्यक्त गर्न असमर्थ छु ।

गुरुको आज्ञापालन गर्ने क्रममा कहिलेकाहीँ म अलि फरक ढङ्गबाट प्रस्तुत हुन्छु । मेरो प्रस्तुति देखेर अग्रज, मित्रहरू छक्क परेर भन्ने गर्नुहुन्छ– "आज तपाईंमा यो परिवर्तन किन ?" तर म उहाँहरूका अगाडि कसरी प्रस्तुत भइरहेछु, म आफैँलाई ज्ञात हुँदैन । मेरो यस्तो अवस्था देखेर गुरु आदित्य मुस्कुराउनुहुन्थ्यो । म आफूबाट भएको गल्तीको क्षमायाचना गर्थें । गुरुदेवले एकदिन लेख्नुभयो– "म इसारा गर्छु, तिमी अभिव्यक्त गर ।" उहाँको यो लेखाइको आशय के थियो भन्नेमा म आजसम्म पनि प्रस्ट हुन सकेको छैन । मेरो यस्तो अवस्था प्रतिष्ठानको बैठक, उच्चपदस्थ महानुभावसँग गुरुको भेटघाट र मन्दिर निर्माण गर्ने क्रममा प्रायः प्रकट हुने गर्छ ।

गुरुदेवसँगका अन्तरङ्ग सम्बन्धको चर्चा गरिरहँदा मैले एउटा प्रसङ्ग कहिल्यै बिर्सन्नँ । मेरो एउटा सानो भूलका कारण गुरु आदित्य १० दिनको कठोर गुप्तवासमा लीन हुनुभयो भने गुप्तवासपश्चात् जीवन र मृत्युको दोसाँधमा मेडिसिटी अस्पतालमा तीन दिन उपचारमा बिताउनुपर्‍यो । यसबाट मलगायत परिवारले ठूलो चोट तथा पीडाको सामना गर्नुपर्‍यो । ब्रह्मज्ञानी गुरुदेवले यही जन्ममा विज्ञानले गर्न नसकेको काम आफैँले गर्न खोज्नुभएको रहेछ । गुरुदेवबाट लेखिएका निर्देशन र वाणीहरूको भाव बुझ्न नसक्दा मैले भुल गर्न पुगेँ । अन्ततः डा. भोला रिजालज्यूको सहयोगमा क्षमायाचना गर्‍यौं । यो घटनाले मलाई जीवनमा सबैभन्दा ठूलो दुःख र पश्चात्तापको आँसुमा डुबाइरह्यो ।

गुरु आदित्यमा अथाह ज्ञानसागर भईकन पनि उहाँ शारीरिक रूपमा अस्वस्थ हुनुहुन्छ । उपचारका लागि हरसम्भव प्रयासहरूलाई आत्मसात् गरिसक्दा पनि उहाँको स्वास्थ्य अवस्थामा आवश्यक

प्रगति हुन नसकेको तीतो यथार्थसामु हामीले लाचार हुनुको विकल्प छैन । यद्यपि, उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै स्वस्थ जीवनका लागि ईश्वरसँग प्रार्थना गर्न छाडेका छैनौँ । कामना गरौँ, कुनै चमत्कारद्वारा गुरु आदित्य सामान्य मानिसझैँ हिंड्न, बोल्न र अतिरिक्त क्रियाकलापमा सक्रिय हुन सक्नुहुनेछ । आध्यात्मिक महाज्ञानका माध्यमद्वारा विश्वमा आपसी प्रेम, सद्भाव, शान्ति, अहिंसा, सुशासनका साथै विकास एवम् समृद्धिका लहरहरूलाई तरङ्गित गराई मानवीय कल्याणमा समर्पित हुने गुरुको उद्देश्य साकार होस् । गुरु आदित्यको संरक्षण गरी उहाँको ज्ञानको पहिचान र त्यसको सदुपयोग गर्न सके सारा विश्वलाई नेपाल सगरमाथा र बुद्धको देश मात्र होइन, गुरु आदित्यको देश भनेर पनि चिनाउन सकिने छ ।

विश्वमा अहिले धर्मसंस्कृति, सम्प्रदाय र अध्यात्मका नाममा विषम अस्थिरता, विकृति एवम् विसङ्गति मौलाइरहेको छ । विकासका नाममा विनाशले प्रश्रय पाइरहेको छ । शान्तिका नाममा हिंसाले उग्र रूप धारण गरेको छ । यो परिवेशमा विश्वमा भ्रातृत्व, शान्ति, अहिंसा, आपसी मेलमिलाप, सहयोग, सद्भाव, सम्पूर्ण जगत्को कल्याण तथा आध्यात्मिक चिन्तनलाई सार्थकतामा परिणत गर्न ब्रह्माण्डीय अलौकिक ज्ञानको सागर लिएर मानवका रूपमा गुरु आदित्यको जन्म यस पवित्र भूमि नेपालमा भएको छ । यस्तो सौभाग्य हरेक युगमा सबैलाई प्राप्त हुँदैन, जुन नेपाल र हामी सबै नेपालीलाई प्राप्त भएको छ । उहाँको अलौकिक व्यक्तित्व एवम् महाज्ञानको अनुभूति गुरु आदित्यको सान्निध्य प्राप्त गर्ने हरेकले महसुस गरेका छन् ।

नेपाल आमाको पवित्र पुण्यभूमि र ऋषिमुनिहरूको तपोभूमिमा ज्ञानको अमृत पिलाउने, ध्यान र साधनाका माध्यमबाट मानव अन्तस्करण शुद्ध गराएर जीवनलाई मुक्ति र मोक्षको मार्गमा दिशानिर्दिष्ट गराउने विश्व ब्रह्माण्डका ज्ञाता युगपुरुष, सर्वज्ञानी, त्रिकालदर्शी, सद्गुरु देवदूत आदित्यमा हार्दिक समर्पणसहित कोटीकोटी नमन !

ॐ आदिं ।

गुरु आदित्यको दर्शन

✍ उद्धव केसी, शिष्य

आदित्य शारीरिक रूपमा हिँडडुल गर्न नसक्ने, बोल्न नसक्ने, कहिल्यै स्कूल नदेखेका तर भूत, भविष्य र वर्तमानका समेत सबै कुरा भन्न सक्ने एक विलक्षण प्रतिभा भएका अद्‌भुत चमत्कारी बालक छन् भनी जानकारी केही महिना अगाडिदेखि भएको थियो । उहाँबाट लेखिएका केही शब्द मोबाइलमा खिचिएका फोटोबाट हेरेको थिएँ । मनमा अनौठो तरङ्ग उठिरहेको थियो । मैले आत्मादेखि नै भेट्ने सङ्कल्प गरिसकेको थिएँ । मैले २०७१ साल फागुन १ गते उहाँको दर्शन गर्न पाउने सुअवसर पाएँ ।

उहाँको वासस्थानमा पुग्दा उहाँका अद्‌भुत सामर्थ्यबारे जानकारी पाएका अन्य व्यक्तित्वहरूको पनि उपस्थिति थियो । सोही क्रममा शारीरिक रूपले कमजोर, बोल्न नसक्ने आदित्यबाट लिखित कापीका पानाहरू आफ्नै आँखाले हेर्न देख्न पाएँ । जुन साँच्चिनै अकल्पनीय र अद्‌भुत कुराहरू थिए । मलाई पनि प्रश्न राख्ने अवसर मिल्यो । मेरो प्रश्न थियो, "हजुरको अद्‌भुत क्षमताको रक्षा र उपचारका लागि मैले कसरी सहयोग गर्न सक्छु ?"

जवाफ यस्तो थियो– "अन्तर्मनले जे गर्ने इच्छा जगाउँछ ।" म त एकछिन हराएँ । के भयो, के भयो, सोच्नै सकिनँ । त्यो दिन शुक्रबार परेको थियो । त्यसदिनको साप्ताहिक सत्सङ्गमा "ध्यानबाट नै दिव्यज्ञानको मार्गदर्शन मिल्दछ" भनी गुरुदेवले लेख्नुभएको गुरुवाणी सुनेर म झन् अचम्मित भएँ ।

उहाँलाई 'बालज्ञानी गुरु आदित्य' भनेर सम्बोधन गर्ने गरिएको रहेछ । पेसाले कानुन व्यवसायी रहेको हुँदा व्यस्त रहनुपर्ने भए पनि आदित्यलाई भेटिरहन पाए हुन्थ्यो जस्तो लागिरह्यो । त्यसैले अर्को शुक्रबार पनि गएँ र गुरुमन्त्रको इच्छा राखेँ । सोमबार बेलुका साढे ६ बजे भनेर लेखिदिनुभयो । निर्धारित समयमा म परिवारसहित गुरुकहाँ

पुग्दा गुरु आदित्य अस्वस्थ भएर आमाको काखमा बसिरहनुभएको रहेछ । गुरुको स्वास्थ्यका कारणले गुरुमन्त्र त्यसदिन पाउन सकिन्न कि भन्ने लागिरहेको थियो । तर गुरु आदित्यले अगाडि झुन्ड्याइएको भित्ते घडीतर्फ सङ्केत गर्नुभयो र तुरुन्त तयार भई कपीमा गुरुमन्त्र लेखिदिनुभयो ।

मैले त्यसदिन आध्यात्मिक रूपले पहिलो गुरु पाएँ । खुसीको सीमा रहेन । परिवार सबै हर्षित भयौँ । सो दिन २०७१ फागुन १ गते थियो । मेरो यो दिन जीवनको सबैभन्दा महत्वपूर्ण दिनका रूपमा जीवनभरि स्मरण भइरहने छ । त्यस दिनदेखि आफूलाई भाग्यमानी ठानी गुरुसँग निरन्तर निकट रहँदै आएको छु । २०७२ साल वैशाख बुद्धजयन्तीका दिन गुरुदेवबाट मसहित पाँच जनालाई शिष्य बनाई गुरुमन्त्रसमेत प्रदान गर्नुहुँदा भाग्योदय भएको महसुस गरेँ । गुरुकृपाबाट म र मेरो परिवारलाई २०७२ सालको बडादसैँ अमेरिकामा गुरुसँगै मनाउने सौभाग्य प्राप्त भयो । घुमघाम गर्ने क्रममा पनि त्यहाँका हरेक ठाउँ, ती ठाउँको महत्वका विषयमा समेत उहाँमा सम्पूर्ण जानकारी हुनु पनि हाम्रा लागि रहस्यकै विषय रह्यो ।

आदिकुञ्जभित्र शिवालय, भजन हल निर्माण गर्ने र त्यसको डिजाइन आफैं गर्ने विषय, प्रतिष्ठान सञ्चालन गर्ने, बैठक गर्ने, कार्यक्रमका तिथिमिति तय गर्ने, कार्यसमिति चयन गर्ने, बैठकका एजेन्डाहरू तय गर्ने, आदेशबमोजिम कार्यान्वयन भए/नभएको हेर्ने, राज्यलाई तिर्नुपर्ने कर समयमै चुक्ता गर्नू भन्ने भनाइ, गुरुबाट आएका वाणीहरूलाई अभिलेख राख्ने विषय, आर्थिक पारदर्शितताका कुरा, कामको जिम्मेवारीको बाँडफाँट, भौतिक संसारका कुरा, आध्यात्मको अलौकिक ज्ञान, धार्मिक ग्रन्थको समेत उहाँ पूर्ण ज्ञाता भएको पाउँदा म आश्चर्यचकित भएको छु ।

संसारमा धन र पदको दुरुपयोग सुनेको छु । धन र पदले नहुने कुरा पनि हुने, हुने कुरा पनि नहुने हुन्छ तर गुरु आदित्यसँग सो लागू नहुने पाएँ । उहाँलाई त्यसको प्रभाव पार्न सक्ने सामर्थ्य कसैमा हुनै सक्दैन । मलाई धन र पदको भेदभाव नगर्ने यो विश्व

ब्रह्माण्डमा केवल उहाँबाहेक अरू कोही छैन जस्तो लाग्छ । आदिदेव पवित्र मन्दिर हुनुहुन्छ । उहाँ अलौकिक अद्‌भुत क्षमताका धनी, ब्रह्मज्ञानी, ईश्वरीय शक्तिप्राप्त व्यक्ति, शान्तिका प्रतीकका रूपमा हुनुहुन्छ ।

उहाँको दर्शनले आफूलाई नयाँ जीवन प्राप्त गरेको महसुस गरेको छु । मलाई उहाँबाट सकारात्मक भावनातर्फ उन्मुख हुन, हार्डड्रिङ्क्सबाट कोल्डड्रिङ्क्स र मांसाहारबाट शाकाहारतर्फ कदम उठाउने प्रेरणा पनि मिल्यो । अब एक कुशल र असल शिष्य बनी गुरु आदित्यको सेवामा सदैव समर्पित हुन सक्ने क्षमतासहितको आशीर्वाद पाउन आदिदेवको चरणमा छु । यो सानो अनुभूति लेख्न पाउने अवसर आदिदेवबाट प्राप्त भएकोमा गुरुप्रति कृतज्ञता प्रकट गर्दै आफूलाई हृदयदेखि नै सौभाग्यशाली ठानेको छु ।

ॐ आदि ।

यति ठूला गुरु आजको भौतिकवादी युगमा ?

✍ भेषराज लोहनी, शिष्य



मलाई आत्मदर्शन गर्न अर्थात् परमतत्व (जुन अदृश्य शक्ति सर्वव्यापी छ भनिन्छ)सँग मिलन हुन र त्यसको अनुभूतिका लागि मार्गनिर्देशन गर्न एक अनुभवप्राप्त गुरुको आवश्यकता पर्दो रहेछ भन्ने महसुस पहिलेदेखि भइरहेको थियो । म यस्तै गुरुहरूको खोजीमै भौँतारिइरहेको थिएँ । यसै क्रममा २०७१ कात्तिक ३० गते बालज्ञानी गुरु आदित्यको दर्शन पाएँ । बालज्ञानी गुरु आदित्यले चार वर्षकै उमेरमा भूत, भविष्य र वर्तमान कसरी थाहा पाउनुभयो ? सम्पूर्ण शास्त्र तथा भाषाको ज्ञान कसरी प्राप्त भयो होला भन्ने कुरामा म केही हदसम्म अचम्ममा पनि पर्दथें । तर मैले पढेको थिएँ– कतिपय साधकहरू आफ्ना अघिल्ला जन्मका उच्च साधनाका कारण गर्भधारण गर्दादेखि नै होसपूर्वक गर्भप्रवेश गर्छन् र निरन्तर साधनामा रहन्छन् ।

बालज्ञानी गुरु आदित्यलाई अघिल्लो जन्मको उच्च साधनाका कारण एक्कासि ज्ञान प्राप्त भएको हुनुपर्छ जस्तो लाग्यो । यो विषयबारे थप जिज्ञासा राख्दा कसै कसैले उच्च कोटिको आत्मा उहाँमा आएको हो भन्नेसम्मका कुरा पनि गरे । ठूलो भएर, साधना गरेर ज्ञान प्राप्त गर्नु एउटा कुरा, तर यति सानो चार वर्षकै उमेरमा ज्ञान प्राप्त गरेको यस्तो घटना सायद हजारौं वर्षमा घट्छ होला वा

अहिलेसम्म नभएको पनि हुन सक्छ । २०७१ फागुन १० गते गुरूसँग मैले चाहेअनुसार मेरो आध्यात्मिक यात्रा अगाडि बढ्न सकेको छैन, के गर्नुपर्ला भनी सोधेको थिएँ । उहाँले मलाई त्यो बेला "लोभ र मोह त्याग, मेरो होइन हाम्रो भन, प्राप्तिमा होइन, कर्ममा विश्वास गर, दया र धर्म नछोड । अरूको सेवामा आफूलाई समर्पित गर" भनी लेखिदिनुभयो । मलाई यो भगवान् कृष्णले अर्जुनलाई दिएको उपदेश जस्तै लाग्यो ।

गुरूकृपाकै कारण उहाँले छोटो समयमै २०७२ बुद्धपूर्णिमाका दिन म लगायत पाँचजनालाई गुरूदीक्षा दिनुभयो । मैले उहाँको शिष्य बन्ने अहोभाग्य प्राप्त गरेँ । म शिष्य भएपछि निरन्तर सम्पर्कमा रहँदै आएको छु । उहाँका हजारौँ गुरूवाणी सुनेको छु । तर हामीहरू अमृतवाणी सुन्छौ, ताली पिट्छौं, अनि 'वाहवाह' गर्छौं, एकै छिनमा बिर्सन्छौँ । हाम्रा यस्ता गतिविधिले उहाँ साह्रै दुःखी हुनुहुन्छ । हामीले गरेका क्रियाकलापले उहाँलाई प्रत्यक्ष असर गर्दो रहेछ । तर पनि हामीले शुद्धीकरण गर्न सकिरहेका छैनौँ ।

शरीरमा सात चक्र हुन्छन् भनी पढेको थिएँ । २०७२ चैत ११ गते मैले गुरूसँग "आज्ञाचक्र के हो" भनी सोधेको थिएँ । उहाँले "निरन्तर घुमिरहने चक्र, जो स्थिर छ तर परिचालित, जसले जीवनलाई नै कुन मोडमा चलाउने, सत्मार्गमा वा अन्यमा भनी फैसला गराउने चक्र, जसले मस्तिष्कका सूक्ष्म कणलाई एकीकृत बनाई शून्यतामा राख्दछ र सदाचारी एवम् ज्ञानले भरिपूर्ण योग्य आत्मारूपी मानव निर्माण गर्ने चक्र नै आज्ञाचक्र हो । प्रयास जारी राख्नू" भन्ने उत्तर दिनुभएको थियो । त्यो बेला पाँच वर्षको बालकले यस्तो अद्भुत र अचम्मको कुरा लेख्दै हुनुहुन्थ्यो तर म जस्तो शिक्षित र परिपक्व भनाउँदो मानिस आश्चर्य मान्नेभन्दा बढी केही गर्न सक्ने अवस्थामा थिइनँ ।

शिष्यका हरेक राम्रानराम्रा क्रियाकलाप गुरूले सूक्ष्म महसुस गर्नुहुँदो रहेछ । म पनि सकेसम्म सकारात्मक सोच लिई नकारात्मक कुरा मनमा आउन नदिने प्रयासमा छु । गुरूले भने जस्तै तन, मन र

विचार शुद्ध राख्ने प्रयासमा छु । प्रयास गरेमा कुनै कुरा असम्भव छैन भनिन्छ तर अध्यात्म प्रयासले मात्र हुँदो रहेनछ । हरेक क्रियाकलाप साक्षीभावले गर्ने र गुरूकृपा एवम् मार्गदर्शन अचूक अस्त्र रहेछ । म पनि गुरूको मार्गदर्शनबमोजिम अगाडि बढ्न खोज्दैछु । गुरूले प्रयास गर्नुभएको आदियुगको प्रारम्भलाई होस्टेमा हैंसे गर्न प्रयासरत छु ।

ॐ आदि ।

मेरा गुरू

✍ भोलानाथ रेग्मी, शिष्य

ॐ आदि !

मैले गुरूदेवको सान्निध्यमा पुग्ने पहिलो सौभाग्य पाएको दिन २०७१ माघ २३ गते शुक्रबार साढेचार बजे कपनस्थित गुरूदेवको निवासमा हो । त्यो दिनदेखि यो अनुभूति कोर्दाको अवस्थासम्म आइपुग्दा झन्डै १ हजार २ सय २४ दिन बितिसकेका छन् । ती सबै दिन मेरा लागि विशेष बनेका छन् । गुरूदेवसँगको सान्निध्यको अनुभूतिले तिनमा अनौठो कलाकारिता थपेका छन् ।

२०७१ माघ २३ गतेपूर्वको जीवनको रङ र गुरूदेवसँगको सान्निध्यपछिको जीवनको रङ नै फरक छ । मेरो जीवनका प्रत्येक पल आनन्दित र एक किसिमले उत्सवमय बनेका छन् । यसबीचमा धेरै खुसीका क्षणहरू आए, जीवनमा कहिल्यै बिर्सनै नसकिने दुःखका दिन पनि आए, मैले मेरा पूजनीय पिताजीलाई सधैँका लागि गुमाएँ । मेरा परम मित्रलाई अप्रत्यासित दुर्घटनाबाट गुमाएँ तर प्रत्येक पलमा मेरा साथमा मैले जहिले पनि मेरा परम पूज्यलाई पाएँ । सहनै नसकिने दुःखमा हौसला दिँदै र सुखमा मसँग रमाउँदै गरेका मेरा गुरु, मेरा प्रभु सधैँ मेरो साथमा, मेरो हृदयमा भइरहनुभयो ।

मैले मेरो जीवनमा र अझ बढी मैले प्रभुबाट दीक्षा पाएपछि अलौकिक नै अलौकिक अनुभव गरेको छु । मैले आफ्ना यात्राहरू सरल भएको अनुभूति गरेको छु, आफ्नो गन्तव्य छोटिएको अनुभव गरेको छु ।

उहाँको चरणमा शिर राख्दा होस् वा उहाँका कोमल हातहरू स्पर्श गर्दा होस्, उहाँको मधुर मुस्कानको दर्शन गर्दा होस् वा उहाँलाई काखमा लिएर बस्दा होस्, मनले छुट्टै दिव्यता, एउटा अलौकिक शान्ति र अनमोल सुखको अनुभव गर्छ । उहाँले हामीलाई प्रदान गर्न खोज्नुभएको आध्यात्मिक चेतना र अलौकिक साधना प्रभुकै

चाहनाको गतिमा ग्रहण गर्न सक्ने सामर्थ्य नहुँदा वा त्यो खालको चेत नहुँदा अझ भन्ने हो भने सांसारिकताको मोहमा परेर त्यो दिव्य तत्वलाई उपेक्षा गरिरहेको अनुभव हुँदाचाहिँ मन एकतमासले अमिलो हुन्छ । जाग्रत अवस्थामा मन जतिसुकै अमिलो भए पनि सांसारिक मोह कम भएकै छैन, हुन सकेकै छैन । विश्वास छ, कुनै दिन प्रभुको कृपाबाट त्यो अवश्यै प्राप्त हुनेछ ।

मैले यसमा प्रभुको ज्ञानको सामर्थ्य लेखिनँ, लेख्ने मेरो क्षमता छैन । मैले उहाँको समाधि ध्यान, उहाँको असीमित भाषाज्ञान, उहाँको अद्‍भुत अलौकिक कार्य, उहाँको कृपा, उहाँको आध्यात्मिक उचाइ, उहाँको सात्विक चिन्तन र प्राविधिक ज्ञानको सीमातीत सामर्थ्यबारे मैले केही लेख्नै सक्दिनँ । मेरा परम पूज्य गुरु प्रचारमा रमाउनुहुन्न । प्रायः सिद्धात्माहरू प्रचारबाट टाढा रहन रुचाउनुहुन्छ र प्रचारमा रमाउने धेरैले सिद्धत्व प्राप्त गरेका हुँदैनन् ।

वास्तवमा परम पूज्य गुरुदेव त्रिकालदर्शी, अन्तर्यामी र सर्वज्ञाता हुनुहुन्छ । तर समाजले अहिले परिचय दिन खोजे जस्तो उहाँ मान्छेको भविष्य बताउने गुगल ब्वायचाहिँ हुनुहुन्न । उहाँको चेतना र त्रिकालदर्शिता मानवकल्याण, अध्यात्म र राष्ट्रोन्नतिका क्षेत्रमा प्रयोग हुँदैछ, न कि कसैको भाग्य बताउन वा कुनै खेलाडी, प्रतियोगी वा निर्वाचनको भविष्यवाणी गर्न । गुरुदेवको अलौकिक सान्निध्य प्राप्त हुँदा पनि म अझै आध्यात्मिक बन्न सकेको छैन तर अध्यात्मप्रति रुचि बढेको छ, आफूलाई चिन्ने लालसा थपिएको छ र साधकहरूप्रति सम्मान एवम् श्रद्धाभाव पलाएको छ । जीवनलाई सकारात्मक आँखाले हेर्नुपर्छ भन्ने चेतनाको विकास भएको छ । मनमा ईश्वरीय शक्तिमाथि निःशङ्क विश्वास चुलिएको छ । गुरुकृपाको यो स्नेहगाङ्गेयले मेरो पत्थर हृदयमा प्राणको सञ्चार होस्, मूढतामा चेतना भरियोस् र म आध्यात्मिक बन्न सकूँ ।

ॐ आदि ।

मलाई उहाँले धेरै ऋणी बनाउनुभएको छ

✍ क्याप्टेन रामेश्वर थापा, शिष्य

ॐ आदि, नमस्कार,
परमपूज्य बालज्ञानी गुरुप्रति साष्टाङ्ग दण्डवत् प्रणाम !

यो संसार विचित्रको छ । यहाँको वस्तुस्थिति स्वार्थमय र आफूकेन्द्रित छ । यसको परिवर्तन हुन जरुरी छ भन्ने लाग्थ्यो र अहिले पनि लाग्छ । पेसाले हेलिकोप्टर पाइलट भएपछि रेस्क्यु गर्ने धर्म नै हुन्छ । म त्यही गर्न अति मन पराउने र जसरी पनि रेस्क्यु सफल पार्नुपर्छ भन्ने सोच राख्ने गर्थें । समयको अन्तरालमा देशमा लडाइँ भयो । नेपालीहरू आफू आफूमा लड्न थाले, विदेशी सबै तमासा हेर्न थाले । यी बीभत्स लडाइँ या कथित जनयुद्धको म साक्षी बन्न पुगेँ ।

यसै सन्दर्भमा विभिन्न नेता, प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ पदाधिकारी, प्रशासन तथा सुरक्षा निकायसँग प्रत्यक्ष रूपमा साक्षात्कार हुँदै उनीहरूमध्येका घाइतेहरूलाई बचाउने काम गर्दै आइयो । नेतागण र सुरक्षा संयन्त्रका उपल्ला दर्जाका पदाधिकारीहरू खासै त्यति चिन्तित देखिँदैनथे तर आम सर्वसाधारण र बिनाकारण लडाइँ लडिरहेका आफ्नैआफ्ना दाजुभाइ दिदीबहिनीप्रति मेरो श्रद्धा र माया अगाध थियो ।

यी र यस्तै उतारचढावका क्रममा मैले बालगुरुबारे सुन्ने मौका पाएँ । सुनिसकेपछि भेट्न आतुर पनि भएँ । त्यो उहाँकै कृपा थियो, मैले उहाँलाई भेट्न पाएँ । पहिलो भेटमै केही समय उहाँको नजिकै बसेपछि मेरो मन केही हलुका भइसकेको थियो । मेरो आत्माप्रतिको खोजाइ र जीवनमा कुनै संरक्षकको खोजाइ पूर्ण भए जस्तो भान

भइरहेको थियो ।

यति सानो उमेरमा यतिविघ्न राष्ट्रिय, अन्तर्राष्ट्रिय साथै सम्पूर्ण प्राणी जगत्प्रतिको चिन्ता र अभियानप्रति सोच्न सक्ने यी व्यक्ति पक्कै अलौकिक शक्ति हुनुहुन्छ भन्नेमा द्विविधा भएन । उहाँले आफूलाई "म भगवान् होइन, शान्तिदूत हुँ" भन्ने उद्‌गार व्यक्त गर्नुभएपछि त झनै मेरो अनुमान स्पष्ट नहुने कुरै भएन । सोही भेटमा मैले मेरो वर्तमान जीवन, मैले विगतमा बेहोर्नुपरेका समस्या र अब भविष्यमा मैले गर्नुपर्ने कुराको सङ्क्षिप्त मार्गनिर्देशन पाएपछि त म उहाँप्रति जीवनभर ऋणी हुने नै भएँ ।

दुईजना पूर्वप्रधानमन्त्रीहरू र बहालवाला एकजना प्रधानमन्त्रीसमेतलाई राखेर उहाँहरूलाई बालगुरुले दिनुभएको सल्लाह र सुझाव आज स्पष्ट रूपमा प्रमाणित भइसकेको छ । मलाई उहाँले धेरै ऋणी बनाउनुभएको छ । उहाँले मलाई शिष्य बनाएपछि झन् उहाँको अभिभावकत्व प्राप्त भएको महसुस हुन्छ । राम्रो काम जतिसुकै गाह्रो भए पनि गर्न मन लाग्छ र नराम्रो काम केही भयो भने उहाँले थाहा पाइहाल्नुहुन्छ भन्ने अनुभूति हुन्छ । त्यसैले कुनै पनि नराम्रा काम गर्न आँटै आउँदैन ।

यो संसारको संरक्षण गर्नुका साथै समाज, राष्ट्र र सारा जगत्मा सुखमय वातावरण निर्माण गरी प्राणी मात्रको हितका खातिर उहाँको उत्पत्ति भएको मलाई अनुभूति हुन्छ ।

ॐ आदि ।

खण्ड पाँच

बालगुरुद्धारा स्व-लिखित अमृतवाणी



बालगुरुदेवका अमृतवाणी र भावार्थ

"

मेरो लेखाइप्रति गलत र अचम्मित साथै emotional कोही नहुनू । सबैको यथार्थ र सच्चाइ, कोही एकै ठूलो र perfect, सबै माटोबाटै Rising भई आएका हौं र माटोमा नै Lost हुन्छौं।

-बालज्ञानी गुरु आदित्य



बालगुरुदेवका अमृतवाणी र भावार्थ

अन्न र जलले जसरी तनलाई पोषित गर्छ, त्यसरी नै सुभाषित र दिव्य वचनहरूले मन एवम् आत्मालाई परिपोषित गर्छन् । बालज्ञानी गुरुका सुभाषित वाणीहरू त्यो कुँजीसमान छन्, जसले दिव्य र भव्य जीवनयापन गर्ने सूत्रज्ञानको ताल्चा उघार्ने सामर्थ्य राख्छन् । सृष्टि, समाजका बहुसङ्ख्यक क्षेत्रमा उहाँको कलम चलेको छ । गुरु आदित्यको संवादशीलताको माध्यम नै कलम हो । उहाँको कलमले जे लेख्छ, त्यो आफैँमा महावाणी हुन्छ । अहिलेसम्मका उहाँका लेखनहरूबाट यसको पुष्टि हुन्छ । उहाँकै सदिच्छाअनुसार आदित्य प्रतिष्ठानले नियमित सत्सङ्गको शृङ्खला जारी राखेको छ ।

यसबाहेक बालगुरु विभिन्न उत्सव, पर्व, अनुष्ठान, विशेष

> “ मात्र मेरो शरीरले साथ र तिमीहरूको स्व आत्मा-समर्पणको मिश्रण भए स्वर्ग यहीँ बन्छ ।
>
> –*बालज्ञानी गुरु आदित्य*

तिथि एवम् अवसरहरूमा पनि महावाणी लेख्नुहुन्छ । हालसम्म उहाँले सयौँ दिव्य वचनको रचना गरिसक्नुभएको छ । सटीक र सारगर्भित शब्द कुँदिएका गहन ज्ञान र युगसापेक्ष सन्देशहरूले भरिपूर्ण हुन्छन्, उहाँका हरेक महावाणी । बालगुरुद्वारा स्वलिखित महावाणीमध्ये केही वाणीहरू यहाँ सव्याख्या उल्लेख गरिएको छ । पुस्तकका पृष्ठहरूमा एक पृष्ठ एक अमृतवाणी समावेश गर्न उहाँबाट मार्गनिर्देश भएअनुसार अधिकांश पृष्ठमा कम्तीमा एक महावाणीले पुस्तकलाई शोभित गरेको छ ।

आत्मीय पाठकवृन्द ! हृदयलाई द्रवित गर्दै जीवनका तमाम समस्याहरूको चिकित्सा गर्ने र आत्मालाई आह्लादित गर्ने क्षमतायुक्त गुरु आदित्यका दिव्य वाणीहरू स्वाध्यायका भव्य-दिव्य सामग्री हुन् ।

- ***शान्ति चाहन्छौ भने सत्सङ्गको आनन्दलाई महसुस गर***

मानव त के, समस्त चराचर जगत् नै शान्तिको खोजीमा छ । शान्तिका अभिलाषीहरू शान्ति प्राप्त गर्न अनेकौँ उपाय, साधन र मार्गमा भट्किने गर्छन्, जब कि सच्चा शान्ति सत्सङ्ग नामक दिव्य समागममा निहित छ । बालगुरु आदित्य सम्झाउनुहुन्छ कि सत्सङ्ग शान्ति प्राप्त गर्ने उपायमध्ये अत्यन्त सुगम, सुलभ एवम् अमूल्य उपाय हो । भजन, सङ्कीर्तन, नामचर्चा, स्तुति, ज्ञानचर्चा, भक्तिबोध आदिद्वारा भगवतत्त्व या गुरुतत्त्वको चिन्तन एवम् श्रवण गर्नु सत्सङ्ग हो । निष्ठापूर्वक गरिने सत्सङ्गले सिधै हाम्रो अन्तस्करण स्पन्दित हुन्छ र हृदयको अणु अणुमा आनन्दको वर्षा हुन्छ । बालज्ञानी आदित्यको यहाँ उद्धृत स्व-वचनको भाव यही हो ।

गोस्वामी तुलसीदास भन्नुहुन्छ– *सतसंगत मुद मंगल मूला, सोई फल सिधि सब साधन फूला ।* अर्थात् सत्सङ्ग आनन्द र कल्याणको मूल हो । सत्सङ्ग गर्न पाउनु आफैँमा सिद्धि अर्थात् फल हो ।

बाँकी अन्य उपाय त केवल फूल मात्र हुन् । श्रद्धा एवम् भक्तिको गहिराइमा डुबेर गरिने सत्सङ्गद्वारा जुन भाव-ऊर्जा स्पन्दित हुन्छ, त्यसले बाहिर-भित्र सर्वत्र शान्ति नै शान्ति फैलाइदिन्छ ।

- ***बाध्यताभित्र लुकेको यथार्थ सत्य नबुझी मनोभावका भरमा कोही कसैलाई कहिल्यै शङ्का नगर्नू***

शङ्का विध्वंसात्मक ऊर्जा हो भने विश्वास सिर्जनात्मक । पवित्र ग्रन्थ गीताले भनेको छ– *'संशयात्मा विनश्यति'* अर्थात् शङ्का विनाशको झिल्को हो । सत्यतथ्य एवम् बाध्यात्मक वस्तुस्थिति नबुझी आफ्नो मनगढन्ते रीतिले कसैमाथि गरिएको शङ्का आसुरी प्रवृत्ति हो । बालज्ञानी गुरु आदित्यले महावाणीका माध्यमबाट यसो नगर्न सचेत गर्नुभएको छ ।



- ***कमजोर तिमी होइनौ, तिमीभित्रको भय हो***

प्रस्तुत अमृतवाणीमा दुई चरण छन् । पहिलो- "कमजोर तिमी होइनौ" र दोस्रो "कमजोर तिमीभित्रको भय हो ।" ध्रुवसत्यसमान गुरु आदित्यका यी दुई वाक्य अत्यन्त मननीय छन् । "कमजोर तिमी होइन" अर्थात् मौलिक रूपमा कुनै पनि व्यक्ति कमजोर हुँदैन । जोभित्र शुद्ध, बुद्ध, अविनाशी, निर्गुण आत्मा छ, जुन परमात्माको बीजरूप शक्ति हो, त्यो कसरी भयग्रस्त हुन्छ ? आत्मा अविकारी हुन्छ । जहाँ विकार नै उत्पन्न हुँदैन भने त्यहाँ भय, चिन्ता, काम एवम् क्रोधको के प्रभाव ?

तत्वतः मनुष्यको मूल स्वरूप 'अभय'प्रधान छ । आत्मालाई विस्मृत गरी बुद्धि एवम् इन्द्रियद्वारा परिचालित भएपछि नै व्यक्ति भयग्रस्त हुन्छ । कारण के हो भने बुद्धि र इन्द्रिय हरपल विषयवासनातर्फ उन्मुख हुन्छन् । यसबाट विषयवासनाप्रति अनुराग पैदा हुन्छ ।

त्यसमा मिठास आउन थाल्छ । त्यो मिठासले आशक्ति जन्माउँछ । हो, यही आशक्ति कुनै बेला छुट्ला कि भन्ने डरले भयको रूप लिन्छ । यसकारण व्यक्ति अभयरूप हुँदाहुँदै पनि भयद्वारा सताइन्छ ।

- ***सुन्दर स्वर्गको अनुभूति मृत्युपश्चात् होइन, जन्मिनेबित्तिकै जननीको ममतामयी कोमल काखमै अनुभव लिन सकिन्छ । त्यसैले आफ्नो स्वर्गको सम्मान गरौँ । उनीबाट नै प्राप्त यो जीवन उनकै खुसीमा समर्पण गरौँ***



जन्मदातृ आमाको वात्सल्यपूर्ण काख सन्तानका लागि सर्वश्रेष्ठ स्वर्ग हो । स्वर्ग कुनै काल्पनिक दुनियाँ होइन, न त यो मृत्युपछिको कुनै गन्तव्य नै । कतै स्वर्ग छ भने त्यो हो, जन्मदातृ आमाको ममतामयी सुकोमल काख । र, यस्तो अद्भुत स्वर्ग जन्मिनेबित्तिकै देख्न र अनुभव लिन सकिन्छ ।

"भगवान् सबैतिर पुग्न सक्नुहुन्न । त्यसैले आफ्नो प्रतिनिधिस्वरूप उहाँले आमाको रचना गर्नुभएको हो ।" पाश्चात्य विद्वान् रूडयार्ड किपलिङ्को यो उद्गारले आमालाई भगवान्को पर्यायका रूपमा चिनाएको छ । यसबाट पनि सिद्ध हुन्छ– भगवान्को काख स्वतः स्वर्गतुल्य हुन्छ । बालज्ञानी गुरु आदित्यको यहाँ उद्धृत अमृतवाणीको अघिल्लो वाक्यमा लेखिएको छ– "आफ्नो स्वर्गको सम्मान गरौँ ।"

- ***सकारात्मक विचारलाई मात्रै शरीरमा तरङ्गित बनाइराख्ने हो भने मन-मस्तिष्कलाई एकाग्रताले बाँधी आफूलाई ध्यानमा लीन राख्न सक्नुपर्छ***

विचलित, विखण्डित तथा उद्विग्न मन-मस्तिष्क एकाग्र हुँदैन । मन-मस्तिष्क जति जति एकाग्रताबाट विमुख हुन्छ, विचार प्रवाह

त्यति त्यति नै नकारात्मक हुन्छ । यसर्थ एकाग्रता मनको सर्वश्रेष्ठ सद्‌गुण हो । एकाग्रतालाई योगको भाषामा धारणा भनिन्छ । धारणा नै ध्यानको प्रवेशद्वार हो । साथै सकारात्मक विचारधाराको पावरहाउस पनि ।



महर्षि पतञ्जलि योगसूत्रमा लेख्नुहुन्छ– "देशबन्धचित्तस्य धारणा ।" अर्थात्, चित्त वा मन-मस्तिष्कलाई एक निर्दिष्ट ध्येयमा केन्द्रित गर्नु धारणा हो । ज्ञात रहोस्, मन धारणाको अभ्यासमा प्रगाढ हुन थालेपछि ध्यानको यात्रामा अघि बढ्छ । साधक आफ्नो मनलाई धारणाद्वारा स्थिर र अन्तर्मुख गराई जब ध्यानमा लीन हुन सिक्छ, उसका वरिपरि शुभ-विधेयात्मक, कल्याणकारी, दिव्य एवम् सकारात्मक विचारधारको आभामण्डल निर्माण हुन्छ ।

- ***प्रेम यस्तो अमृत हो, जसले मृत्युको आवरणभित्र अनावरण भएको जीवन फर्काउन सक्छ । त्यसैले प्रेम नै जीवन हो***

प्रेम संसारको ज्योति हो । प्रेम नै जीवनको सञ्जीवनी हो । मनुष्य एवम् मनुष्यताको मूलमा रचनात्मक शक्ति नै प्रेम हो । अतः यो अमृतसमान छ ।

यस सन्दर्भमा महात्मा इसाले भन्नुभएको छ– "सबैले एकअर्कोलाई प्रेम गर्नुपर्छ । किनकि प्रेम नै परमेश्वर हो । ईश्वरलाई उसैले जान्दछ, जसले प्रेम गर्न जानेको हुन्छ ।" तात्विक रूपमा प्रेम नै त्यो ऊर्जाशक्ति हो, जसले



जीवनलाई प्राणवान् बनाएको हुन्छ । जहाँ प्रेम हुन्न, त्यहाँ जीवन प्राणहीन हुन्छ । जहाँ अमृतमय प्रेम हुन्छ, त्यहाँ मृत्युको मुखमा उत्सर्जित जीवनसमेत ब्युँतिन्छ । प्रेमतत्वले अन्तर्हृदयमा अमृतानन्द उत्पन्न गर्छ । जसको हृदयमा पवित्र प्रेम जागृत हुन्छ, त्यसले अमर, शाश्वत एवम् परिपूर्ण हुने वरदान प्राप्त गर्छ ।

यस परिप्रेक्ष्यमा बालज्ञानी गुरु आदित्य प्रस्तुत अमृतवाणीका माध्यमबाट अभिव्यक्त गर्दै हुनुहुन्छ– मृत्युले आफ्नो गर्भमा निल्न लागेको जीवनलाई समेत प्रेमतत्वले फर्काउन सक्छ । अतः प्रेमको पर्याय नै जीवन हो ।

- *अज्ञानताको भाइरलले अशान्ति फैलिएको बेला ज्ञानको भ्याक्सिन लगाई शान्तिको बिगुल फुकौँ*

'न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते' अर्थात् ज्ञानसमान पवित्र वस्तु यो सृष्टिमा अर्को छैन । श्रीमद्भगवद्गीताको यो कथनले मनुष्य मात्रलाई ज्ञानको स्पर्श गर्न, ज्ञानमार्गको पथिक हुन, ज्ञानकै उपासना-साधना गर्न र नित्य-निरन्तर ज्ञानपथमा आरूढ हुन प्रेरित गर्छ ।

बालगुरु गुरु आदित्यले सो मर्मलाई आधुनिक परिप्रेक्ष्यमा 'ज्ञानको भ्याक्सिन' शब्दद्वारा अभिव्यक्त गर्नुभएको छ । अनेकौँ रोगबिमारदेखि प्रतिरक्षा गर्न भ्याक्सिन लगाइन्छ । सुस्वास्थ्य र निरोगिता प्राप्त गरिन्छ । यसैगरी ज्ञानको भ्याक्सिन लगाए, यसले त्यस्ता अनेकौँ लौकिक-सांसारिक दुःखपीडाहरूको प्रतिरोध गर्छ । जीवनका तमाम दुःखपीडाको प्रतिरोध हुनु भनेको परिणाममा शान्ति मिल्नु हो । कालापानीमा महामारी फैलिएझैँ यतिबेला अशान्ति फैलिएको छ । अशान्तिको यो भाइरल यत्रतत्र, सर्वत्र व्याप्त छ । यस्तो सघन भाइरलविरुद्ध लड्ने सामर्थ्य केवल आध्यात्मिक ज्ञानबाट मात्रै प्राप्त हुन्छ । र, जहाँ अज्ञानता समाप्त हुन्छ, त्यहाँ अशान्ति समाप्त भई शान्ति नै शान्तिको साम्राज्य स्थापित हुन्छ । आउनुहोस्, हामी सबै मिली शान्तिको बिगुल फुकौँ ।

- *जीवन तब अमूल्य लाग्नेछ, जब तिमी अहङ्कार भुली अरूका लागि जिएको आभास गर्नेछौ*

सेवा, त्याग, समर्पण तथा परोपकारको मार्ग परम पवित्र मार्ग हो । यो नै महानता र मानवताको मार्ग हो । परिपूर्ण समर्पणका साथ अरूको सेवा-उपकारमा समर्पित हुन निराभिमानी हुनुपर्छ । जब अहङ्कार त्यागिन्छ, तब सेवा-उपकार अर्थपूर्ण हुन्छ । यसरी आफ्नो अहङ्कार र अभिमान भुलेर जसले अरूको सेवा-उपकार गर्छ, उसैको जीवन कृतार्थ हुन्छ, धन्य हुन्छ । यस्ता सुकर्ममा समर्पित व्यक्तिको जीवन नै सर्वदा अमूल्य लाग्छ ।

बालगुरु आदित्य यसैलाई नै मानव जीवनको असली सार्थकता मान्नुहुन्छ, जसरी महापुरुषहरूले उद्‌घोष गरेका छन् । भनिएको छ– अहङ्कारको परित्याग गरी लोकका निम्ति जीवनयापन नगरेसम्म जीवन निरर्थकै रहन्छ । अरूको निःस्वार्थ सेवा नै यज्ञ हो, यो नै तप हो, यो नै तीर्थ हो र यो नै सत्कर्म हो ।

- *आधुनिकताको भिडमा संस्कार र सभ्यता भुली आफ्नो अस्मिता आफैँ नलुटाऊ*



धर्तीकै अद्वितीय मानिएका हाम्रा संस्कार र सभ्यताका सूत्रहरू बिर्सनु कदापि उचित हुँदैन भनी बुँझाउनुहुन्छ बालज्ञानी गुरु । यसलाई बिर्सेर यदि कोही अन्ध-आधुनिकताको जहरमा डुब्न खोज्छ भने त्यसलाई विडम्बनाबाहेक अरु के भन्ने ? आफ्नो सभ्यता र संस्कार भुल्नु भनेको हातमा सुनको थाल लिएर भिख माग्ने काम गर्नु जस्तै हो । यस्तो किसिमको अक्षम्य

गल्ती गरेर आफ्नो अस्मिता आफैँ नलुटाऔँ । आफ्नो पहिचान र गरिमालाई आफैँ नकुल्चौँ । स्मरण रहोस्, *'सा प्रथमा संस्कृतिर्विश्ववारा'* अर्थात् कि विश्वका प्रत्येक मानवले आत्मसात् गर्न योग्य केवल पूर्वीय संस्कृति हो ।

- *जीवनमा गरिने हर कार्य कठिन परीक्षा हुन् र भोगिने हर कर्म त्यसैको प्रत्यक्ष प्रतिफल हुन्*

वस्तुतः मानव जीवन कर्म र कर्मफलको रङ्गशाला हो जहाँ हर क्षण हर पल कर्मको खेल चलिरहेको हुन्छ । अर्थात् गीतामा भनिएको छ– न हि *कश्चित्क्षणमपि जातुतिष्ठत्यकर्मकृत्* । अर्थात् बिनाकर्म मनुष्य एक क्षण पनि रहन सक्दैन ।

गीताकै समतुल्य बालज्ञानीको यो कथनको अभिप्रायः यही हो कि रङ्गशालाको खेलजस्तै जीवनरूपी रङ्गशालामा खेलिने कर्मको खेल आफैँमा कठिन परीक्षा हो । किनकि जीवनमा गरिने हरेक कर्म नियम र प्रतिफलको सुनिश्चितताबाट अनुबन्धित हुन्छ । जस्तो खेल त्यस्तै जितहार । त्यसै गरी जस्तो कर्म त्यस्तै प्रतिफल । हामीले गर्ने प्रत्येक कार्य परमात्माले लिनुहुने कार्मिक परीक्षा हो र कार्यको परिणामस्वरूप प्राप्त हुने दण्ड या पुरस्कार उनकै नियमभित्रको नियति हो ।

व्यक्ति चाहेअनुसार कर्म गर्न स्वतन्त्र छ तर कर्मफल भोग्नबाट स्वतन्त्र हुँदैन । पातञ्जल योगसूत्रले यहाँसम्म भनेको छ कि हाम्रो जाति, आयु र भोग हामीले पूर्वमा गरेको कर्मको वर्तमान भोगाइ हो ।

- *तिमीभित्र ईश्वर पक्कै छन्, जो तिम्रो उपस्थितिसँगै अथाह खुसी र मादकताको अनुपम सुगन्ध छर्दै भित्रिन्छ*

जब तिमी मेरा सामु आउँछौ, म तिमीसँगै तिमीभित्र विराजमान ईश्वर पनि यहाँ उपस्थित भएको अनुभव गर्छु । मेरो अनुभव पूर्णतः सत्य हुने गर्छ । किनकि तिमीभित्र पक्कै पनि ईश्वरको वास छ । हरेक जीवधारीको हृदयमा ईश्वरको निवास छ, यो शाश्वत सत्य हो ।

श्वेताश्वतरोपनिषद् ४।१७ मा भनिएको छ–

एष देवो विश्वकर्मा महात्मा सदा जनानां हृदये सन्निविष्टः ।
हृदा मनीषा मनसाभिक्लृप्तो य एतद् विदुरमृतास्ते भवन्ति ॥

अर्थात्- संसारको रचना गर्ने त्यो परमात्मास्वरूप ईश्वर सदैव प्राणीहरूको हृदयमा स्थित छ ।

ईश्वर स्वयम्मा अनेकौं दिव्य विशेषणहरूले युक्त हुनुहुन्छ । सत्यम् शिवम् सुन्दरम् यी तीन विभूतिबाट विभूषित ईश्वरतत्व सर्वदा अखण्ड खुसी र आनन्दका परमस्रोत हुनुहुन्छ । ईश्वर सत्-चित्-आनन्दस्वरूप हुनुभएकाले उहाँ सर्वत्र दिव्य मादकताको सुगन्ध बर्साउनुहुन्छ ।



बालगुरु आदित्यको अमृतवाणीको अभिप्रायः सोही ईश्वरतत्वतर्फ लक्षित छ । गुरु आदित्य भन्दै हुनुहुन्छ– कुनै साधक या शुभचिन्तक जब नजिक आउँछ, ऊभित्रको ईश्वरीय शक्तिको अनुपम सुगन्ध म महसुस गर्छु ।

- ***समर्पणका हर सीमा पार भएपछि मात्र वितृष्णाले भरिएको प्रेमको आशक्तिबाहेक अरू भौतिक वस्तुको मोह रहँदैन***

कुनै व्यक्ति, सत्ता या चेतनाप्रति गरिने निसर्त समर्पण अत्यन्तै महँगो भावपुँजी हो । समर्पण जब पराकाष्ठामा पुग्छ, त्यहाँ सम्पूर्ण इच्छा, कामना, चाहना एवम् आशक्ति तिरोहित हुन्छन् । त्यहाँ केवल एक तत्व बाँकी रहन्छ, त्यो हो निःस्वार्थ र निराशक्त प्रेम, उक्त प्रेमभाव त्यस्तो हुन्छ, जसमा वितृष्णा अर्थात् तृष्णाको नाम-निसाना हुँदैन । त्यहाँ मात्र एक त्यस्तो निर्मल भाव सक्रिय हुन्छ, जसले केवल निर्मल निष्कपट प्रेमको उच्च अभिलाषा राख्छ ।

समर्पणयुक्त निर्मल प्रेम सञ्चारित हुन थालेपछि कुनै पनि

भौतिक वस्तु प्राप्त गर्ने इच्छा बाँकी रहन्न । यस किसिमको प्रेमका अगाडि जुनसुकै भौतिक वस्तु मिथ्या र तुच्छ प्रतीत हुन्छ । भगवान् साईबाबाको यो महावाणीले बालगुरुको अमृतवाणीलाई थप परिपुष्ट गर्छ– जो अरूसँग निःस्वार्थ प्रेम गर्छ, वास्तवमा त्यो नै महान् हो ।

- *सांसारिक भौतिक-विलासी अमृत पिउँदापिउँदै अमृत विष बनेको पत्तै हुन्न, तसर्थ समयमै सचेत बन । विलासी अमृतभन्दा विष सेवन गरे मोक्ष मिल्छ*



बाहिरी संसारका सुख-सुविधा र भोग-विलासका साधनलाई आधुनिक मानवले अमृत ठानेको छ । सो अमृत पिउने काममा अविराम लागिपरेको छ । बालगुरु आदित्य यसरी मतिभ्रममा परेको व्यक्तिलाई प्रस्तुत अमृतवाणीका माध्यमबाट सचेत गराउँदै हुनुहुन्छ कि अमृत ठानेर पिउँदै गरेको चिज कहिले विष बन्ने हो, भन्न सकिन्न ।

माछोले बल्छीमा उनेर फालिएको मासुको टुक्रा मात्रै देख्छ, भित्रको फलामे अङ्कुश देख्दैन । त्यसै गरी सांसारिक भौतिक-विलासी मान्छेहरू विषय-विलासको बाह्य आकर्षणलाई मात्रै हेर्छन्, विषय-विलासभित्र लुकेको सुनिश्चित दुःखपीडालाई देख्दैनन् ।

यस इन्द्रजालबाट जोगिने कुराप्रति सावधान गराउँदै बालगुरुले समयमै सचेत हुन प्रेरित गर्नुभएको छ । बालगुरु अगाडि सम्झाउनुहुन्छ, परिणाममा दुःखपीडा झेल्नुपर्ने क्षणिक छद्म-अमृत पिउनुभन्दा साधनारूपी कठिन विष सेवन गर्नु राम्रो । किनकि यो सुन्दर विषले एकछिन दुःख अनुभव गरे पनि अन्तमा मोक्षरूपी विश्राम दिन्छ ।

- *सङ्कीर्तनको सुभाषित सुगन्धमय अमृतरसको ध्वनिले आन्तरिक विकार मिल्क्याई दिव्य स्वरूपमा विराजमान हुने अदृश्य स्वर्ग आफूभित्रै निर्माण गराउँछ*

भावदेखि महाभावसम्मको यात्रा सङ्कीर्तन हो । प्रगाढ भावपूर्वक गरिएको सङ्कीर्तन ध्यान, ज्ञान र भक्तिको त्रिवेणी हो । सङ्कीर्तनद्वारा सघन दिव्य ऊर्जाको उदय हुन्छ । सङ्कीर्तनले उत्पन्न गर्ने ऊर्जा परम सुगन्धमय हुन्छ, जुन अमृततुल्य ध्वनिले भरिपूर्ण हुन्छ । श्रीमद्भागवतमा भनिएको छ– कलियुगमा दोषै दोषको साम्राज्य छ तर एक महान् गुण पनि छ । त्यो महान् गुण हो– सङ्कीर्तनमय गुण । मनभित्रका समस्त आशक्ति त्याग गरी परमभावमा विचरण गर्ने सामर्थ्यसमेत सङ्कीर्तनद्वारा प्राप्त हुन्छ ।

व्याप्त कलियुगले हाम्रो अन्तर्मनमा अनेकौं विकार उब्जाएको छ । पापको विकार, अनाचारको विकार, कामवासनाको विकार, अहङ्कार र तृष्णाको विकार । बालगुरु आदित्यको यो स्वकथनको भावले यही भन्छ कि यी र यस्ता तमाम आन्तरिक मलविकारलाई मिल्काउने शक्ति सङ्कीर्तनबाट उत्पन्न हुने ध्वनि र ऊर्जामा निहित हुन्छ । यसै अवस्थालाई स्वर्गीय आनन्दको अवस्था भन्न सकिन्छ ।

- *क्रोध शान्त राख्न आवाजरूपी ध्वनिलाई मौनतामय वातावरणमा प्रस्फुटित पार्नुपर्दछ*

क्रोध विवेक र शान्तिको सर्वभयङ्कर शत्रु हो । क्रोधको आवेग उठेका बखत अधिकांश व्यक्ति अपशब्द बोल्न उद्यत हुन्छन् । अपशब्दको दंश असाध्यै विषालु हुन्छ । आत्मीयभन्दा आत्मीय सम्बन्धलाई समेत क्रोधाग्निको ज्वालाले क्षणभरमै नष्ट गरिदिन्छ ।

क्रोधाग्निको ज्वाला शान्त गर्ने एक मात्र उपाय भनेको मौन हो । मौन हृदयको आवाज हो । हृदयको आवाज मुखरित हुनासाथ तर्कबुद्धिबाट उत्पन्त क्रोध शान्त हुन थाल्छ । मौनताबाट उत्पन्न हुने हृदय ध्वनि शब्दको ध्वनिको तुलनामा सहस्र गुणा शक्तिशाली हुन्छ । हेक्का रहोस्, रिसको आगो दन्किएका बेला व्यक्ति यदि मौनधारण गरी

शान्त वातावरण निर्माण गर्न सफल भयो भने त्यसले सबै पक्षलाई शान्ति प्रदान गर्दछ । पञ्चतन्त्रमा उल्लेख छ– *मौनं सर्वार्थसाधनम्* । अर्थात् मौनले सबै काम सिद्ध गर्छ । सामान्य अवस्थामा त मौन सर्वसिद्धिदायक हुन्छ भने क्रोधाग्निले जलाएका बखत यो अझ शक्तिशाली हुन्छ । बालज्ञानीको मार्गदर्शनअनुसार क्रोधका बेला यदि बोल्नै परेको खण्डमा शब्दको ध्वनिलाई मौनताबाट अभिप्रेरित गरी अत्यन्त मृदु हुनुपर्छ । अन्यथा मौन नै उत्तम ।

- *तिमीभित्र सल्किएको त्यो अन्योलपूर्ण शङ्काको दियो मेरो चिता जलाउने अग्नि नबनोस् । गलत शङ्काले तिखारिएको मस्तिष्क अटुट सम्बन्ध टुक्र्याउने धार नबनोस्*

'संशयात्मा विनश्यति' अर्थात् शङ्काले अन्ततः विनाश गराउँछ । शङ्काले लङ्का जलाउँछ भन्ने लोकोक्ति नै छ । बालज्ञानी गुरु आदित्यले आफूप्रति शङ्का नगर्न अपिल गर्नुभएको छ ।

सामान्यतया अलौकिक आत्मा तथा सिद्ध पुरुषलाई सुरुमा जोकसैले असमञ्जसपूर्ण दृष्टिले हेर्छन् । तर जब यथार्थ सुस्पष्ट हुन्छ, त्यहाँ शङ्का समाप्त हुन्छ र समर्पण आरम्भ हुन्छ । जो व्यक्ति सर्वदा निःस्वार्थ प्रेम, ऊर्जा र अपनत्व बाँड्छ, ऊमाथि संशय गर्नु उसको अवमूल्यन गर्नु हो । 'गलत शङ्काले तिखारिएको मस्तिष्क' अमृतवाणीमा प्रयुक्त यो वाक्यांश अत्यन्तै लाक्षणिक र मननीय छ । कसैले पनि यसो गर्नुहुँदैन । अन्यथा शङ्कालु चित्त यदाकदा अटुट एवम् आत्मीय सम्बन्धलाई चर्काइदिने धार पनि बन्न सक्छ ।

- *मेरा वरिपरिका सबै प्राणी मनुष्य, वनस्पति, किराफट्याङ्ग्रा सबै ज्ञान, साधना, ध्यान र प्रेमको अभावको भोकमरीबाट ग्रसित छन्, पीडित छन् । आओ, आजैबाट ती सबै वस्तुको भण्डार मभित्र छ । मलाई लुट, चोर । सबथोक लगी मलाई रित्तो-खाली बनाई जीवन आनन्दित बनाओ*

गुरु आदित्यरचित प्रस्तुत अमृतवाणीमा गहन आध्यात्मिक

चेत भरिएको छ । कुनै साधारण मनुष्यको कण्ठबाट यस्तो वाणी निस्कँदैन । असाधारण-अलौकिक विभूति र सामर्थ्यको विषय हो यो । बालज्ञानी आदित्यले वर्तमानमा जीवित चराचर जगत्को चिन्ता व्यक्त गर्नुभएको छ । वास्तवमै आजको दिनमा मनुष्य प्रेम, ज्ञान, ध्यान र साधनाको भोकमरीबाट आक्रान्त छ । मनुष्यको मात्र के कुरा सम्पूर्ण कीटपतङ्गसहित जीवन-जगत्, वनस्पति जगतमा यी कुराको भोकमरी फैलिरहेको छ । कलियुगको पराकाष्ठा भएर होला यो दुर्दशा झन्झन् बढ्दो क्रममा छ ।

'मभित्र ध्यानको भण्डार छ', 'मभित्र प्रेमको भण्डार छ'- यसो भन्ने महात्मा निश्चय नै सिद्ध योगी हुनुपर्छ । जो स्वयम् योगस्थ छैन, उसले कसरी सारा जगत्लाई ज्ञान, साधना, ध्यान र प्रेम दिने अभिव्यक्ति दिन्छ । जसले वृक्षवनस्पतिदेखि लिएर समस्त प्राणी जगत्लाई यी कुरा लुटाउन आतुर मात्र होइन, सुसमर्थ छ, त्यो पक्कै पनि महान् युगपुरुष हुनुपर्छ । यस्तो कुरा परमहंस सिद्धपुरुषले मात्र गर्छ । ध्यान, ज्ञान, साधना र प्रेमका महासमुद्र भन्न सकिने पूज्य गुरु आदित्य अमृतवाणीलाई पूर्णता दिँदै लेख्नुहुन्छ– "सबथोक लगी मलाई रित्तो-खाली बनाई जीवन आनन्दित बनाओ । मलाई रित्तिन मन छ ।"

- *सत्य वचन वर्तमानमा कठोर हुन्छन् तर भविष्यमा भाग्य बदल्ने स्रोत हुन्छन् । सधैं सत्य बोल । इमानदारीका साथ कर्म गर । न्यायलाई मात्र जीवनदर्शन बनाऊ । ज्ञानलाई जीवनचक्र चलाउने अस्त्र बनाऊ । ध्यानलाई प्राण बचाउने शस्त्र बनाऊ*

बालज्ञानी आदित्यको यो स्व-वचनको भाव विलक्षण छ । "सत्य वचन वर्तमानमा कठोर हुन्छन् तर भविष्यमा भाग्य बदल्ने स्रोत हुन्छन्"– यसको अर्थ सरल र स्पष्ट छ । साँचो बोल्दा तीतो र अप्रिय पनि हुन सक्छ तर वर्तमानमा बोलिएको सत्यले भविष्यमा गएर भाग्य बदल्ने क्षमता राख्छ । सत्य स्वभावैले अप्रिय हुन्छ । यी विविध कारणको एकमेव सारांश यही हो– सधैं सत्य

बोल्नुपर्छ । वेदशास्त्रहरूको निर्देश पनि यही हो- *सत्यम् वद ।* अर्थात् सत्य बोल ।

"इमानदारीका साथ कर्म गर"– यसको सीधा अर्थ हो, बेइमानी पटक्कै नगर । हरेक कार्य इमानदारीका साथ सम्पन्न गर । इमानदार हुनु अर्थात् नीतिको मार्गमा चल्नु, अनीतिको कमाइ नखानु, भ्रष्टाचार नगर्नु हो । अथर्ववेदको उपदेश– *"न रिष्येम कदाचन ।"* अर्थात् अनीतिको अगाडि शिर नभुकाऊ ।

"न्यायलाई मात्र जीवन दर्शन बनाऊ" अर्थात् अन्यायको समर्थन कहिल्यै नगर । सर्वदा न्यायनिष्ठामा विश्वास राख । न्यायले चैन र शान्ति दिन्छ । ईश्वर स्वयम् न्यायकारी हुनुहुन्छ । सिङ्गो जीवनको सिद्धान्त न्यायबाट प्रेरित होस् ।

"ज्ञानलाई जीवनचक्र चलाउने अस्त्र बनाऊ"– जीवनरूपी रथ अगाडि बढ्ने आँखा ज्ञान बन्नुपर्छ । ज्ञानलाई जीवन सञ्चालनको अस्त्र बनाउनु भनेको *तमसोमा ज्योतिर्गमय* अर्थात् अँध्यारोबाट उज्यालोतिर अघि बढ्नु हो । ज्ञानले मुक्तिसम्मको यात्रा तय गर्छ । अतः यसलाई जीवनचक्र चलाउने अस्त्र बनाऊ । "ध्यानलाई प्राण बचाउने शस्त्र बनाऊ" यसको अर्थ हो– जीवनको मूल आधार ध्यान हुनुपर्छ । प्राणले जीवनरक्षा गर्छ । ध्यानलाई तिम्रो जीवनको श्वासप्रश्वास बनाऊ । ध्यान त्यस्तो अस्त्र हो, जसले जीवनमा मानसिक अक्सिजनको वर्षा गराउँछ । त्यसैले ध्यान कहिल्यै नछाडौं यसलाई प्राण बचाउने अस्त्र बनाऔं ।

- ***अन्तर्मनले मागेका सबै वस्तु खाऊ तर खाने बहानामा हत्या नै गरी अरूको आत्मा नखाऊ***

प्रत्येक प्राणी सुखको चाहना राख्छ । भोजनको सुख नचाहने को होला, त्यसमाथि मनुष्य । जिब्रोले निर्वाह गर्ने विभिन्न कार्यमध्ये खानाको स्वाद छुट्याएर अन्तर्मनलाई सुखानुभूति दिनु प्रथम कार्य हो । मनले प्रायः मीठो र स्वादिष्ट भोजन नै खोज्छ । यसरी अन्तर्मनले जे माग्छ, खाऊ भन्नुहुन्छ बालज्ञानी गुरु आदित्य ।

तर सँगसँगै सावधान पनि गराउनुहुन्छ कि खाने बहाना गरेर प्राणी हत्या गरी उसको प्राणलाई आफ्नो आहार नबनाऊ । यसो गर्नु उसको आत्मा नै खानु हो ।



वैज्ञानिक, आध्यात्मिक, धार्मिक, सामाजिक, भावनात्मक एवम् मानवीय यी सबै दृष्टिले गुरु आदित्यको वचन नितान्त ग्राह्य छ । कुनै पनि दृष्टिले मांसाहार हानि नै हानिको खजाना हो । जिब्रोको क्षणिक स्वाद मेटाउन अर्काको हत्या गर्नु झन् कति विवेकसम्मत होला ?

- ***थकाइको विश्राम त समाधिपछि मात्र हो, बिनाविश्राम निरन्तर चल्ने यन्त्र नै जीवन हो***

रचनाका दृष्टिले छोटो तर अर्थबोधका दृष्टिले सुदीर्घ यो अमृतवाणीले जीवन र विश्रामको सटीक चित्रण गरेको छ । "थकाइको विश्राम त समाधिपछि मात्र हो ।" यसमा मुख्य दुई शब्द छन्– विश्राम र समाधि । विश्रामको अर्थ आराम गर्नु हो । जब कि समाधि के हो, यसलाई बुझ्न अलि बढी नै चेतना उघार्नुपर्छ । समाधि शब्द दुई अर्थमा प्रयुक्त हुन्छ– एक, योगद्वारा प्राप्त समाधि र दोस्रो, पार्थिव शरीरको समाप्ति । यी दुवै स्थिति तात्विक रूपले विश्रान्तिको उपल्लो अवस्था हुन् ।



अमृतवाणीले सम्प्रेषित गर्न खोजेको सारसन्देश यो हो– थकाइ मेटाउने विश्राम कि योग समाधिपछि हुन्छ कि त मृत्युपछि हुन्छ । अन्यथा जीवन रहेसम्म निरन्तर क्रियाशील रहिरहनुपर्छ । सही समय देखाउन जसरी घडी निरन्तर चलिरहन्छ, उडेदेखि अवतरण नगरेसम्म जसरी हवाईजहाजको इन्जिन चलि नै रहन्छ, त्यसरी नै यो जीवन अविश्राम-अविराम चल्ने यन्त्र हो । वास्तवमै यो जीवन एक जटिल यन्त्र हो । जीवनको वाहन हाम्रो शरीर हो । यो शरीर धर्तीमा जन्मिएका क्षणदेखि अखण्ड रूपले अविश्राम यन्त्रझैं चली नै रहन्छ ।

- *धर्म, कर्तव्य र आफ्नो दायित्व समयमा निर्वाह गर्नुपर्छ, नत्र समय बितेपछि हतारमा गरेका हर कार्य सहानुभूतिसमान अर्थहीन रहन्छन्*

बालज्ञानी आदित्य वास्तवमै युगद्रष्टा तत्वदर्शी हुनुहुन्छ । प्रस्तुत महावाणीद्वारा उहाँले व्यवहार विज्ञानको महामन्त्र दिनुभएको छ । कतिपय मानिस आफ्नो धर्म, कर्तव्य वा दायित्व समयमा निर्वाह गर्नबाट चुक्छन् र जीवनपर्यन्त पछुताउँछन् । आज गर्नुपर्ने काम भोलिलाई पन्छाउने व्यक्ति नाश भएर जान्छ ।

धर्मपालना, कर्तव्य तथा दायित्व निर्वाह गर्ने मामलामा सदा तत्पर रहनुपर्छ । हतारमा नगरी समयमै पालन गरिएको धर्मलाई युगधर्म भनिन्छ । युगधर्म निर्वाह गर्नेहरू नै प्रकृति र परमात्माको अनुग्रह प्राप्त गर्छन् । छिमेकीको घरमा आगो लाग्दा तुरुन्त आगो निभाउने कार्यमा जुट्नु युगधर्म हो । आगोले धनजन जलाइसकेपछि तम्सिएर कुनै अर्थ रहन्न । त्यस बखत आगो निभाउन तम्सिनु बोक्रे सहानुभूति जस्तो अर्थहीन लाग्छ ।

- *जबसम्म दुई खुट्टामा उभिएको तिम्रो शरीर उठ्दैन, म र मभित्रको ज्ञान जगाएर मात्र आदियुग भित्रिँदैन*

"*उत्तिष्ठत ! जाग्रत प्राप्य वरान्निबोधत*" अर्थात् उठ, जाग र लक्ष्य प्राप्त नहुन्जेलसम्म रोकिने काम नगर । कठोपनिषद्को यो

उत्प्रेरणामन्त्र जस्तै बालगुरु आदित्यले माथिको अमृतवाणीद्वारा महान् उत्प्रेरणा दिनुभएको छ ।

जसको जीवनमा लक्ष्य नै हुँदैन र जो लक्ष्यतर्फ निरन्तर गतिमान् हुँदैन, त्यो शरीरको भार मात्र हो । दुई खुट्टा टेकेर उभिन सक्ने हुँदैमा मनुष्य मनुष्य हुँदैन । एउटा नीतिकथन छ– "कार्य परिश्रमद्वारा मात्रै सिद्ध हुन्छ, मनोरथ मात्रले हुँदैन । सुतेको सिंहको मुखमा मृग आफैँ आएर पस्दैन ।" यो नीति कथनले भने जस्तै बालगुरुले यहाँ जागृतिको अपील गर्नुभएको छ । युग परिवर्तनको उद्देश्य पूर्ण गर्न एक व्यक्तिको प्रयत्न र ज्ञान पर्याप्त हुँदैन । वर्तमान युगमा बाँच्ने हरेकका तर्फबाट जागृतिको प्रयत्न गरिनुपर्छ । भगवान् राम एक्लै पनि रावणसँग लड्न सक्थे । तर उनले बाँदर, लोखर्के र साधारण मनुष्यद्वारा सुसङ्गठित पुरुषार्थ गराए । बुद्धले बोधिज्ञान फैल्याउन लाखौं भिक्षुमण्डलीलाई माध्यम बनाए ।

बालज्ञानीले प्रयुक्त महावाणीमा 'आदियुग' शब्द प्रयोग गर्नुभएको छ । यसको अभिप्रायः अत्यन्तै विस्तृत र महान् छ । सद्‌गुण, सत्ज्ञान र सत्कर्मको चेतनाले भरिपूर्ण मानव बाहुल्य भएको युगलाई आदियुग भन्न खोज्नुभएको छ । आदियुग के हो, यो किन र कसरी आउँछ यसको सुविस्तृत स्वरूप यसै पुस्तकको आदित्य ज्योतिपथ खण्डमा वर्णित छ । आदियुग शब्दसँगै केचाहिँ स्पष्ट छ भने यस युगको आगमनको माध्यम ज्ञान नै हुनेछ । आदियुग भित्र्याउने शस्त्र, अस्त्र र सम्पूर्ण माध्यम केवल ज्ञान हुनेछ । यस सन्दर्भमा बालगुरुले समय समयमा विभिन्न अभिव्यक्तिहरू प्रस्तुत गर्दै आउनुभएको छ ।

सार रूपमा फेरि पनि स्मरणीय कुरा के छ भने युग परिवर्तन भई आदियुग अवश्य आउनेछ । आदियुगको आगमनको सम्पूर्ण माध्यम ज्ञानतत्व नै हुनेछ । आदियुग भित्र्याउन म, तपाईं र हामी प्रत्येक द्विपादधारी मानव जाग्नुपर्नेछ । एक आदित्यदेवको प्रयत्नले मात्रै यसले पूर्णता पाउँदैन । हो, सङ्कल्प, स्वरूप र योजना उहाँकै हुनेछ तर युग परिवर्तनको महायुद्ध भने तपाईं हामी सबै मिलेर लड्नुपर्नेछ ।

- अरूको पूर्णतापूर्ण जीवनदेखि आफूलाई मात्र ईश्वरले हरखुसीबाट विभेद गरेको भनी नसोच । दिव्य प्रतापी ज्योति तिमीभित्र छाडिदिएका छन्, जसले तिम्रो सहनशीलतापूर्ण स्वरूपलाई एकदिन जगत्सामु चिनाउने छ

अरू कसैसँग तुलना गरेर आफूलाई हीन र कमजोर कहिल्यै नठानौँ । अरूचाहिँ पूर्ण र आफूचाहिँ अपूर्ण भनी कदापि नसोचौँ । सर्वशक्तिमान् सर्वव्यापी ईश्वरले आफ्ना कुनै पनि रचनामा रत्तिभर विभेद गरेका छैनन् । किनकि ईश्वर परमन्यायकारी र सूक्ष्मद्रष्टा हुनुहुन्छ । यो तत्वदर्शनलाई वेदले समेत उजागर गरेको छ–

दुहे सायं दुहे प्रातर्दुहे मध्यन्दिनं परि ।
दोहा ये अस्य संयन्ति तान् विद्मानुपदस्वतः ॥

अथर्ववेद ४।११।२२

परमात्मा (ईश्वर) नै एक मात्र त्यो तत्व हो, जो सम्पूर्ण कालमा सम्पूर्ण जीव-पदार्थका स्वामी हो । उसको भण्डारमा कुनै पनि चिजको कमी छैन । अतः हामी सर्वदा ईश्वरसँग सुखको याचना गरौँ ।

ब्रह्मज्ञानी बालगुरुको उल्लिखित अमृतवाणीको सारतत्वसँग समानता राख्ने यो वेदवाणी निकै मननीय छ । जब व्यक्ति धैर्य एवम् सहनशीलताका साथ साधनारत रहन्छ, उसको प्रसिद्धि एकदिन सर्वत्र फैलने छ । समस्त जगत्ले उसलाई एक दिन जान्नेछ । महात्मा बुद्ध यसै रीतिले जगतसामु चिनिनुभयो । रामकृष्ण परमहंस, भगवान् साईँ, चैतन्य महाप्रभु, शक्तिहजुर योगमाया, शिवपुरी बाबालाई आज सारा जगत्ले अनुसरण गर्छ ।

बालज्ञानी आदित्यदेवले यसै गरी हरेक व्यक्तिलाई सम्झाउन चाहनुहुन्छ– सोही चरित्रको दिव्य प्रतापी ज्योति तिमी प्रत्येक मनुष्यभित्र छ । दिव्य प्रतापी ज्योतिको मालिक हुँदाहुँदै तिमी आफूलाई अरूसँग किन तुलना गर्छौ ? किन अरूको भव्यता र पूर्णता देखेर आफू ईश्वरबाट ठगिएको महसुस गर्छौ ?

- ***चेतनशील प्राणीको कुन चेतनाभित्र हत्याहिंसाको क्रूर चेत छिपेको छ, जसले भगवान्‌को नाममा अबोधको बलि दिई क्रूरताको असीम परिचय दिन्छ***



"चेतनशील प्राणीको कुन चेतनाभित्र", वाक्यांशमा प्रयुक्त चेतनशील प्राणीको अर्थ हामी चेतना भएका सबै प्राणी हौँ । हाम्रो चेतनामा हत्या, हिंसा भन्ने चिज छँदै छैन । किनकि हामी प्राणीहरूमा सर्वश्रेष्ठ हौँ । चेतनशील भएको नाताले हामीमा बोध, ज्ञान, समझदारीको अमिट योग्यता छ ।

परमात्माको प्रथम राजकुमार भनिन्छ, मनुष्यलाई । आफ्ना पिताका सबै गुण उसमा नैसर्गिक रूपले विद्यमान छ । भावसंवेदना र करुणा मनुष्यको मौलिक विशेषता हो । मूल रूपमा मानवको चेतनाभित्र क्रूरता, हिंसा, हत्या जस्ता दुर्गुण छँदै छैनन् । यसका बाबजुद हत्याहिंसा गर्नु सरासर मूलमा भुल गर्नु हो ।

आफ्नो मूल स्वभावमा हुँदै नभएको हत्या-हिंसाप्रेरित क्रूर चेतको वशीभूत भई भगवान्‌को नाममा अबोधको बलि दिने काम गर्नुलाई क्रूरता नभने के भन्ने ? यस्तो कार्यमा उद्यत हुनु क्रूरताको परिचायक हो, अहिंसाको हैन भनी सम्झाउनुहुन्छ, बालज्ञानी गुरु आदित्य । अबोध पशुपन्छीलाई भगवान्‌का नाममा बलि दिनु सरासर क्रूरता हो भनी बालज्ञानीले भन्नुभए जस्तै अनेकौँ महापुरुष तथा शास्त्रग्रन्थले पनि यसलाई क्रूर कर्मको संज्ञा दिएका छन् ।

- ***धन प्राप्तिमा होइन, ज्ञान प्राप्तिमा समय व्यतीत गरौँ***

धन र द्रव्यको रागले अन्धो बनेको मानवको आँखा उघार्ने यो आदित्यवाणी अलौकिक छ । धन केही क्षणका लागि तृप्तिदायक

लाग्छ तर यसको गति अन्ततः जडतातिर हुन्छ । जब कि ज्ञानको गति सर्वदा चेतनतातिर हुन्छ । एकदुई लौकिक उपलब्धिबाहेक धनको अन्तिम गन्तव्य दुःख नै हो । तर ज्ञानले वर्तमान लोक, परलोक, सर्वत्र सुखैसुख प्रदान गर्छ । यसर्थ ज्ञान नै असली धन हो ।

यहाँ ज्ञानको अभिप्राय हो, आत्मज्ञान । आत्मज्ञान त्यसलाई भनिन्छ, जसले सारा ताप र दुःखहरूबाट छुटकारा दिलाई सत्–चित्–आनन्दरूपी अक्षय जीवनधन प्राप्त गराउँछ । बालज्ञानी गुरूले सम्झाउने सत्प्रयास गर्नुभएको छ– "तिमी वर्तमान, भूत र भविष्य तीनै काललाई सार्थक बनाउन चाहन्छौ भने धन कमाउन होइन, ज्ञान साधनामा आफ्नो समय बिताऊ । अथर्ववेद (२।११।४) मा भनिएको छ– *सूरिरसि वर्चोधा असि तनूपानोसि ।* अर्थात्- मानव जीवनलाई सार्थक बनाउन हे मनुष्य, ज्ञान प्राप्तिमा लाग । मान्छेले जेलाई धन ठानेको छ र जसको पछि लाग्छ, त्यो तत्वतः नाशवान् छ । अथर्ववेदमा भनिएको छ–*मा गतानामा दीधीथाः ।* अर्थात् संसारका हरेक वस्तु नाशवान् छ, जुन अवश्यम्भावी छ, त्यसका लागि किन रून्छौ ?

- ***कसैको भावनाप्रतिको अपमान अपराधतुल्य हो । सम्मानित हुन सर्वप्रथम कसैको भावनाको कदर गर्न नचुकौं***



मानव भएर मानवकै भावनाको कदर नगर्नु या अपमान गर्नु अमानवीय कृत्य हो । बालज्ञानी आदित्यले यस्तो कृत्यलाई अपराधतुल्य मान्नुभएको छ । अरूको भावनाप्रति सर्वदा सम्मान गर्नु जीवन विद्याको एक उत्तम शील हो । *यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ।* यसको अर्थ हो, व्यक्ति जस्तो भावना राख्छ, त्यस्तै परिणाम

प्राप्त गर्छ । यसको निहितार्थ हो– तिमी अरूको भावना बुझ अनि त्यसको सम्मान गर । तिमी सम्मानित हुनेछौ ।

मानौँ कि कसैले दानदातव्य दिँदा आफ्नो गच्छेअनुसार थोरै रूपैयाँ दिन्छ । तर लिनेले अरूसँग तुलना गरेर थोरै रूपैयाँको निहुँमा अपमानित गर्छ भने त्यो सरासर अपराध हो । भगवान् भावराशि हेर्नुहुन्छ, अर्थराशि होइन । भावनाको अपमान वास्तवमा सर्पको दंशभन्दा पनि पीडादायी हुन्छ । अमृतवाणीको अर्को चरणमा आदित्यदेव लेख्नुहुन्छ– "आफू सम्मानित हुन सर्वप्रथम अरूको भावनाको कदर गर्न नचुकौँ । यसको आशय हो– "भुलेर पनि अरूको भावनाप्रति आघात नपुऱ्याऔँ, ठेस नपुऱ्याऔँ । हामी जति जति अरूको भावनाको सम्मान गर्छौं, त्यति नै स्वयम् आत्मसम्मानित हुन्छौँ ।"

- ***फलामे साङ्लोको जालोभित्र बाँधे पनि यो चञ्चल मन फुत्किन्छ र पुनः भौंतारिन्छ तर आत्म-साधनाको शुभारम्भ मात्रले पनि साधकको वशमा वा कैदमा पर्छ । तसर्थ जीवनलाई मनबाट नभई आत्माबाट चलाऊ***



मनलाई तर्कवितर्कको यन्त्र नबनाएर आत्माप्रेरित विवेकद्वारा जीवन चलाउन बालगुरु आदित्यले प्रस्तुत अमृतवाणीद्वारा प्रेरित गर्नुभएको छ । मन सर्वदा चञ्चल छ । यसको स्वभाव नै चञ्चल हुनु हो । गीतामा भनिएअनुसार मन वेगले उडेको वायुभन्दा पनि तीव्र गतिमा चञ्चल छ । मनलाई वश गर्नु जङ्गली घोडालाई वशमा गर्नुभन्दा अधिक कठिन छ । कठोरभन्दा

कठोर फलामे साङ्लोले बाँधेर जालोभित्र राखे पनि यो मन बाँधिदैन । जति बाँध्न खोज्यो मन त्यति नै फुत्किन्छ र यत्रतत्र भौँतारिन्छ ।

'आत्म-साधनाको शुभारम्भ मात्रले पनि मन साधकको वशमा वा कैदमा पर्छ'– यो परमसत्य कथन प्रयोग गर्न कथिएको छ । मन वशमा गर्न शब्दद्वारा होइन, आत्मसाधनाको प्रयोगद्वारा सर्वथा सम्भव छ । साथै मन स्वभावैले अनेकौँ संस्कार, विकार, विषय र वासनाले ग्रसित हुन्छ । जब कि मनभन्दा पर जुन आत्मतत्व छ, त्यो निर्विकार एवम् शुद्ध-पवित्र छ । मन प्रायः स्वार्थ, अहङ्कार, लोभ, कामना एवम् वासनाबाटै परिचालित हुन्छ । तर आत्मा परमात्माको अंश भएकाले यो सत्यम् शिवम् सुन्दरम् छ । जीवन आत्माको मार्गनिर्देशनमा चल्यो भने यो सन्तुलित, भव्य र दिव्य बन्छ ।

- **नाता पूर्वजन्ममै तय भएको हुन्छ । केवल दृश्यमा रहेकालाई प्रत्यक्ष सम्बोधन गरिन्छ भने अदृश्य सम्बन्धलाई आत्मामा महसुस गरिन्छ, जुन अति नै प्रिय हुन्छन् र कहिल्यै मर्दैनन्, अमर रहन्छन्**



नाता-सम्बन्धको सुगन्ध-गाथा विचित्रको हुन्छ । प्रस्तुत आदित्य कथनको भावार्थ यो हो कि वर्तमानमा व्यक्ति जुन जुन नाता सम्बन्धले आच्छादित हुन्छ, ती सबै पहिले नै निर्धारित भइसकेका हुन्छन् । चाहे त्यो मातापिताको सम्बन्ध होस्, चाहे त्यो पति-पत्नीको सम्बन्ध होस् या चाहे त्यो गुरु-शिष्यको परम पवित्र सम्बन्ध किन नहोस्, त्यो सबै पूर्वजन्ममै तय भइसकेको हुन्छ । सूक्ष्मद्रष्टा तत्वदर्शीहरूको अनुभवअनुसार एकै गुरुबाट दीक्षित भई आत्मकल्याणको साधना गर्ने सयौँ, हजारौँ गुरुभाइ-गुरुबहिनीको आध्यात्मिक साहचर्यको सम्बन्धसमेत माथि नै तय भइसकेको हुन्छ ।

सम्बन्ध दुई प्रकारका हुन्छन्– दृश्य एवम् अदृश्य । दृश्य सम्बन्धको अर्थ हो– हाम्रा प्रत्यक्ष नातागोताका सम्बन्ध– सहोदर सजातीय, सगोत्रीय, सवर्णात्मक, कौटुम्बिक, सपारिवारिक आदि । यीअन्तर्गतका नातागोता छानेर रोज्न पाइँदैन । पूर्वजन्मबाटै निर्धारित भएर वर्तमानमा प्रत्यक्ष रूपमा प्रकट हुन्छन् । नाताअनुसार तिनलाई मातापिता, दाजुभाइ, काका, मामा, सम्धी, छोराछोरी, श्रीमान्-श्रीमती आदि शब्दद्वारा सम्बोधन गरिन्छ ।

अदृश्य सम्बन्ध विशिष्ट तर अप्रत्यक्ष हुन्छ । यस्तो सम्बन्ध अति प्रगाढ हुन्छ, जसलाई आत्माले मात्रै महसुस गर्छ । यस किसिमको सम्बन्धलाई आध्यात्मिक तथा अलौकिक भनिन्छ । यसमा आत्मादेखि आत्मासम्मको प्रगाढता गाँसिएको हुन्छ ।

- *वचन अन्तर्मनको तराजुबाट नापतौल गरेर मात्र अभिव्यक्त गर्दा अमृत बन्छ, नत्र विषसमान हो*

भनिन्छ, पृथ्वीमा तीनओटा मात्रै रत्न छन्– जल, अन्न र प्रियवचन । तथापि मूर्खहरू यो तथ्य बिर्सिएर पत्थर जस्तो जडवस्तुको टुक्रालाई रत्न भन्ने गर्छन् । यो श्रुतिवचनले जस्तै बालज्ञानी आदित्य सम्झाउनुहुन्छ, वाणीशक्ति नै सर्वश्रेष्ठ शक्ति हो । संयमपूर्वक अभिव्यक्त वाणी नै अमृत हो । अनियन्त्रित वचन विषतुल्य हुन्छ । गुरु आदित्यको जस्तै एक महात्माको वचन छ– "पशु बोल्न नसक्नाले कष्ट भोग्छ भने मनुष्य अधिक बोल्नाले ।" बोलीवचनमा असंयम हुँदा जीवनमा सर्वघात विडम्बना प्राप्त हुन्छ । अन्तर्विवेकले नापतौल गरेर बोलेको प्रियवचन अमृततुल्य हुन्छ ।

- *शिष्यको सद्भावभित्र गुरुको खुसी र आशीर्वाद छिपेको हुन्छ*

सनातन परम्परामा गुरु-शिष्यको सम्बन्ध अत्यन्त उच्च कोटीको मानिन्छ । '*गुरु साक्षात् परब्रह्म*' अर्थात् गुरुलाई ब्रह्मस्वरूप प्रतिष्ठा दिइएको छ । गुरु व्यक्ति होइन, चेतनाको संवाहक हो । जुन शिष्यमाथि गुरुको अनुग्रह एवम् आशीर्वाद प्राप्त हुन्छ, ऊ यो भुवनकै

सर्वशौभाग्यशाली व्यक्ति हो ।

निष्ठावान्, आज्ञाकारी एवम् सद्भावसम्पन्न शिष्य गुरुका लागि पनि एक दिव्य संयोग मानिन्छ । सद्गुरुलाई पारसमणिको उपमा दिँदासमेत पूर्ण हुन्न । किनकि पारसमणिले फलामलाई सुन मात्रै बनाउँछ, पारस बनाउन सक्दैन । तर सद्गुरुले आफ्नो चरणकमलको आश्रय दिएर शिष्यलाई आफूसमान बनाउन सक्छ । अतः सद्गुरुका खातिर कुनै उपमै छैन ।" यस्ता महान् गुरुको खुसी र आशीर्वाद शिष्यको सुपात्रताभित्र छिपेको हुन्छ ।

- *यस्तो स्मरणयोग्य सत्कर्म गर्न सद्गुरुको प्रेरणा मिली परलोक प्राप्त होस्, परलोकपछि पनि हर पल, हर उत्सव, हर साधना, हर ध्यान एवम् हर योगमा तिम्रो स्मृति आओस्*

जीवनमा सद्गुरु प्राप्त होस्, सद्गुरुद्वारा सत्कर्म गर्ने प्रेरणा मिलोस् र सत्कर्म गर्दागर्दै परलोक प्राप्त होस् । यस्तो उच्च संयोग मिल्नु परम सौभाग्यको कुरा हो । अमृतवाणीको दोस्रो चरणमा यस्तो अभीप्सा प्रकट गरिएको छ, जसमा परलोकपछि पनि उसको स्मृति अमिट रहोस् । उसलाई हरेक पल एवम् उत्सव-अवसरमा याद गरियोस् । साथै उसको साधनात्मक पुण्य यस्तो होस्, जसलाई हरेक साधना, ध्यान र हरेक योगमा स्मरण गरियोस् ।

सद्गुरुको शरणमा रही सत्कर्ममा लीन हुँदाहुँदै कसैको देहवसान भएको अवस्थामा उक्त शिष्यले अवश्य परलोक प्राप्त गर्छ । सद्गुरुको कृपा एवम् समाधिप्राप्त शिष्य प्रायः गुरुसमान हुन्छ । यस्तो भाग्यशाली सर्वदा अजर-अमर भई प्रातःस्मरणीय भइरहन्छ । वाक्यांशलाई पूर्णता दिँदै लेखिएको छ– परलोकपश्चात् पनि उसलाई सर्वदा र सर्वत्र स्मरण गरून् । ऊ त्यसरी अमर होस् कि हर पल, हर उत्सवमा उसको स्मृति आइरहोस् । साधनाका प्रत्येक क्षण, ध्यानका हरेक पल र योगका प्रत्येक निमेष उसैको स्मरण भइरहोस् । यसरी स्मरण गरिने आत्मा असामान्य हुन्छ, अलौकिक र सुसिद्ध हुन्छ ।

ॐ आदि ।

A451

अमृत रस

- शान्तिद्वारा गरिने कामनाले मात्रै कलियुगको आयु दीर्घायु हुनेछ नत्र अशान्तिमय यो जगत्को अन्त्य हुन एक पल पर्खनुपर्दैन।
- आध्यात्मिक चेतनाको त्यो धारले मात्र मस्तिष्कमा जागृत नकारात्मक कणलाई निष्क्रिय पार्दछ, नतिजास्वरूप सकारात्मक रे शरीरमा भाइब्रेट हुन्छ।
- अरूलाई विस्थापित गराई आफू स्थापित हुन खोजे अस्तित्व लोप हुने निश्चित छ।
- साधनाद्वारा आन्तरिक विकारलाई प्रशोधन गरे बाह्य स्वरूपमा स्वतः निखारता झल्किन्छ।
- शान्ति र प्रेमका अगाडि हर भौतिक तागत निष्क्रिय रहन्छन्।
- नामको भोकले निम्त्याउने रोगले स्वयम्लाई बेनाम बनाई जलाइदिन्छ।
- क्रोधले फैलाएको पोइजनलाई आत्माको एकाग्रताद्वारा प्राप्त अमृत रसले मात्र हटाउन सकिन्छ।
- राष्ट्र तब बन्छ जब प्रशासनिक क्षेत्रका मुकुण्डोधारी व्यक्तिको कडा कानुनद्वारा नकाब उतारिन्छ।

आदित्य



ISBN 978-9937-0-4498-1